C-0. In Public Domain. Digitization by eGangotri.Funding: M

श्रीकृष्णमा सभक्ति समर्पित

पत्रं पुष्पम्

प्रस्तुति

राधारमण उपाध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M
वेद ५५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

Nepal Sanskrit University, Balmeeki Campus. Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

वेद ५५३

श्रीकृष्णमा सभक्ति समर्पित

पत्रं पुष्पम्

प्रस्तुति

राधारमण उपाध्याय

प्रकाशक

गीता समुदय प्रकाशन

वि.सं. २०५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

...0. In Public Domain. Digitization by eGangotri.Funding: MI...

प्रकाशक : **गीता समुदय प्रकाशन**
काठमाडौँ
नेपाल ।

प्रथम संस्करण : वि.सं. २०५६ आषाढ
१००० प्रति

© प्रस्तुतिकर्तामा सुरक्षित

Acc. 23309 / 23301

मूल्य : ११०।-

मुद्रक : पि. यू. प्रिन्टर्स
बत्तीसपुतली,
काठमाडौँ ।
फोन नं. ४-९५३८८, ४-८०४५२

...l Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

कृतज्ञता एवं समर्पण

श्रीविष्णुसहस्रनाम, नारदभक्तिसूत्र तथा कतिपय उद्धरणहरूबारे गीता प्रेसका प्रकाशनहरूबाट र *शाण्डिल्यभक्तिसूत्र*बारे वाराणसेय संस्कृत विश्वविद्यालयको प्रकाशनबाट धेरै मद्दत लिएको छु । ती संस्थाप्रति आभार प्रकट गर्दछु । *शाण्डिल्यभक्तिसूत्र*को पुस्तक हेर्न दिने प्रा. श्रीशिवराज कौण्डिन्यायन, यस पुस्तकको प्रकाशन कार्यमा मद्दत गर्ने डा. श्रीगोविन्द टण्डन, मित्र श्रीशिवप्रसाद शर्मा तथा कम्प्युटर सहयोगी श्रीसुशील श्रेष्ठलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस पुस्तकको प्रकाशन गर्न सघाउने मेरा छोरा सर्वश्री आनन्द, ई. विनोद, मनोज तथा डा. प्रमोद आचार्य, छोरी मिथिला भट्टराई तथा मेरी अर्धाङ्गिनी रुक्मिणी उपाध्याय पनि धन्यवादका पात्र छन् । यस सम्बन्धी सम्पूर्ण कुरामा प्रेरणा, मार्गदर्शन एवं सहयोग प्रदान गर्ने श्रीकुलशेखर शर्माप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अकिञ्चन सिकारुको प्रस्तुत प्रयास 'पत्रं पुष्पम्' को सभक्ति समर्पण स्वीकार होस् । अस्तु ।

विनीत
राधारमण उपाध्याय

निर्जला एकादशी, २०५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding: MIL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्रकाशकको कथन

धर्ममा रुचि र आस्था बढाउने पुस्तक पुस्तिकाहरू प्रकाशित गर्ने क्रममा श्रीराधारमण उपाध्यायद्वारा अनुवाद गरी प्रस्तुत गरिएका पाँच अनुपम पुष्पहरूको संग्रह पाठकहरूसमक्ष राख्न पाउँदा हामीलाई अपार हर्ष लागेको छ। *पत्रं पुष्पम्* शीर्षक यस सङ्ग्रहमा यी पाँच पुष्पहरू छन्– *श्रीविष्णुसहस्रनाम*, *पुरुषसूक्त*, *श्रीसूक्त*, *नारदभक्तिसूत्र* तथा *शाण्डिल्यभक्तिसूत्र*। *श्रीविष्णुसहस्रनाम* बाहेक अरू 'पुष्प'हरू 'समुदय'मा पहिले प्रकाशित भइसकेका छन्। प्रस्तुत सङ्ग्रहमा ती पुष्पहरूमा प्रस्तुतकर्ताले केही संशोधन र परिमार्जन गर्नुभएको छ। पहिलो पुष्प *श्रीविष्णुसहस्रनामस्तोत्र*मा श्रीउपाध्यायले प्रस्तुत गर्नुभएको व्याख्या जगद्गुरु श्रीशङ्कराचार्यद्वारा गरिएको सुन्दर भाष्यमा आधारित छ र यस व्याख्याबाट मात्र पनि हाम्रो सनातन धर्मका बारेमा धेरै ज्ञान प्राप्त गर्न सकिन्छ। अन्य पुष्पहरू पनि हाम्रो धर्मका उज्ज्वल ज्योति हुन् र यिनले पाठकहरूमा आस्था, ज्ञान र भक्ति विकसित गर्न ठूलो योगदान गर्ने छन्। तसर्थ यो पुस्तक समस्त हिन्दुधर्मावलम्बीहरूका लागि पठनीय छ।

श्रीकृष्णमा समर्पित *पत्रं पुष्पम्*को प्रकाशनको अभिभारा गीतासमुदय प्रकाशनलाई दिन योग्य ठान्नुभएकोमा र यसका लागि चाहिने आर्थिक स्रोतको पनि व्यवस्था गरिदिनुभएकोमा हामी विद्वान् श्रीराधारमण उपाध्यायप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछौँ।

अध्यक्ष

गीता समुदय प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

c: In Public Domain. Digitization by eGangotri.Funding: MiL

१

२

३

४

५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

विषयसूची

१.	श्रीविष्णुसहस्रनामस्तोत्र	१
२.	पुरुषसूक्त	१०५
३.	श्रीसूक्त	११२
४.	नारदभक्तिसूत्र	१२०
५.	शाण्डिल्यभक्तिसूत्र	१२८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Funding: MiL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

१

श्रीविष्णुसहस्रनाम

ॐ यस्य स्मरणमात्रेण जन्मसंसारबन्धनात् ।
विमुच्यते नमस्तस्मै विष्णवे प्रभविष्णवे ॥

जसको स्मरण गर्नाले मात्र जन्म-मृत्युरूप संसारबन्धनबाट मुक्त होइन्छ, सबैका उत्पत्तिका कारणभूत उहाँ श्रीविष्णुलाई नमस्कार छ ।

नमः समस्तभूतानामादिभूताय भूभृते ।
अनेकरूपरूपाय विष्णवे प्रभविष्णवे ॥

सम्पूर्ण प्राणीका आदिभूत, पृथिवीलाई धारण गर्ने, अनेक रूपधारी र सर्वसमर्थ श्रीविष्णुलाई प्रणाम छ ।

(महर्षि व्यासरचित लाख श्लोकको महान् ग्रन्थ- महाभारतको सम्पूर्ण वृत्तान्त व्यासशिष्य महर्षि वैशम्पायनले अर्जुनपुत्र अभिमन्युका नाति तथा परीक्षितका पुत्र राजा जनमेजयलाई बताउने क्रममा शरशय्यामा सुतेका भीष्मले युधिष्ठिरलाई उपदेश दिँदै गरेको प्रसङ्गमा- अनुशासनपर्व अन्तर्गत दानधर्मपर्वसम्बन्धी १४९ सौं अध्यायमा श्रीविष्णुको यो दिव्य सहस्रनामस्तोत्र रहेको छ र शाङ्कर भाष्यमा आधारित भावार्थसहित सो स्तोत्र यहाँ प्रस्तुत छ ।)

वैशम्पायन उवाच

महर्षि वैशम्पायनले राजा जनमेजयलाई भने–

श्रुत्वा धर्मानशेषेण पावनानि च सर्वशः ।
युधिष्ठिरः शान्तनवं पुनरेवाभ्यभाषत ॥१॥

अभ्युदय एवं निःश्रेयसको प्राप्तिको लागि कारण भएका सम्पूर्ण विधिरूप धर्म एवं पवित्र (पापनाश गर्ने) धर्म रहस्यहरूलाई सबै प्रकारले सुनेर धर्मपुत्र युधिष्ठिरले शन्तनुका पुत्र भीष्मसित सकल पुरुषार्थको साधन गर्ने, सजिलै गर्न सकिने, थोरै प्रयास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

गर्दा पनि हुने र धेरै फल प्रदान गर्ने धर्मबारे सुन्न बाँकी नै रह्यो भन्ने सम्झेर फेरि प्रश्न गरे ।

युधिष्ठिर उवाच

युधिष्ठिरले सोधे–

किमेकं दैवतं लोके किं वाप्येकं परायणम् ।
स्तुवन्तः कं कमर्चन्तः प्राप्नुयुर्मानवाः शुभम् ॥२॥

समस्त विद्याहरूको स्थान र प्रकाशको हेतु भएर लोकमा रहने तथा 'जसका आज्ञाद्वारा सबै प्राणी प्रवृत्त हुन्छन्' भनी जसका बारेमा भनिन्छ ती देवको हुन् ? (देवकै अर्थमा स्वार्थमा तद्धित प्रत्यय भएको हो दैवत शब्द) यो पहिलो प्रश्न हो ।

अनि, कुन चाहिँ यस लोकमा एकमात्र परायण (प्राप्तव्य स्थान) हुन् जसलाई साक्षात्कार गर्दा (*मुण्डकोपनिषद्* २।२।८ अनुसार) 'ती परावर कार्यकारणरूप परमात्मालाई ज्ञान दृष्टिले देखेपछि जीवको अविद्यारूप हृदयग्रन्थि टुट्दछ, सबै संशय नष्ट हुन्छन् र सम्पूर्ण कर्म क्षीण हुन्छन्' भनिन्छ । जसको ज्ञानले मात्र आनन्दस्वरूप मोक्ष प्राप्त हुन्छ, जसलाई जान्नेलाई कसैबाट डर हुँदैन, जसमा प्रवेश गर्नेले फेरि जन्मनुपर्दैन, जसलाई जानेपछि (*मु.उ.* ३।२।९) 'ब्रह्मलाई जान्ने ब्रह्म नै हुन्छ ।' जसलाई बाहेक गरेर (*श्वेताश्वतरोपनिषद्* ६।१५) 'मोक्षका लागि अर्को मार्ग छैन ।' यसरी लोकमा एकमात्र परायण भनिएका ती को हुन् ? यो दोस्रो प्रश्न हो ।

फेरि कुन देवको स्तुति (गुणकीर्तन) गर्दा र कुन देवको नाना प्रकारले अर्चन अर्थात् बाहिरी एवं भित्री पूजा गर्दा मनुष्यले शुभ अर्थात् स्वर्गादि फलरूप कल्याण प्राप्त गर्न सक्दछ ? यी अरू दुइ प्रश्न भए ।

को धर्मः सर्वधर्माणां भवतः परमो मतः ।
किं जपन्मुच्यते जन्तुर्जन्मसंसारबन्धनात् ॥३॥

सबै धर्महरूमा पूर्वोक्त लक्षणयुक्त कुन धर्म तपाईंको मतमा परम श्रेष्ठ छ ? यो पाँचौ प्रश्न हो ।

अनि कुन जपनीयलाई उच्च, उपांशु र मानस जप गर्नाले जन्मिने स्वभावको जीव जन्म-संसार बन्धनबाट मुक्त हुन्छ ? यहाँ 'जन्तु' शब्दबाट जप, अर्चन र स्तवन आदिमा समस्त प्राणीहरूको यथायोग्य अधिकार सूचित गरिएको छ । 'जन्म' शब्दले अज्ञानबाट प्रतीत हुने अविद्याका कार्यहरूलाई लक्षित गर्दछ र संसार अविद्याको नै नाम हो । जन्म र संसारको बन्धनबाट कसरी मुक्त हुन्छ ? यो छैटौं प्रश्न हो । 'जन्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

संसाररूप बन्धनबाट कसरी जीवले छुटकारा पाउँदछ' यसो भन्नु मोक्षको प्रधानता बताउनु हो । अत: यस वाक्यबाट अन्य फलहरू पनि ग्रहण गरिन्छन् । यहाँ ती एक देव को हुन् ? इत्यादि ६ प्रश्न गरिए। ती मध्ये पछिल्लो अर्थात् अन्तिम जपनीय विषयक छैटौं प्रश्नलाई यस श्लोकबाट समाधान गरिन्छ ।

भीष्म उवाच–

भीष्मले उत्तर दिए। 'भीष्म' भन्नाले मोक्षधर्म आदिका प्रवक्ता, सर्वज्ञ तथा बाहिरी एवं भित्री सबै प्रकारका शत्रुले डराउनुपर्ने हेतु हुन् ।

जगत्प्रभुं देवदेवमनन्तं पुरुषोत्तमम्
स्तुवन्नामसहस्रेण पुरुषः सततोत्थितः ॥४॥

स्थावर- जंगमरूप संसारका प्रभु, ब्रह्मादि देवताका देव, अनन्त-देश काल एवं वस्तुबाट अविच्छिन्न, पुरुषोत्तम-कार्य कारणरूप क्षर एवं अक्षरभन्दा उत्कृष्टलाई हजारौं नामद्वारा गुणहरूको सङ्कीर्तन गरेर निरन्तर तत्पर रहने पुरुष (पूर्ण अथवा पुर-शरीरमा शयन गर्ने व्यक्त जीव) सबै दुःखबाट पार पाउँदछ– (छैटौं श्लोकको अन्तिम पाउ सबैतिर लाग्दछ ।)

आउने श्लोकले चौथो प्रश्नको समाधान गरिन्छ–

तमेव चार्चयन्नित्यं भक्त्या पुरुषमव्ययम् ।
ध्यायंस्तुवन्नमस्यंश्च यजमानस्तमेव च ॥५॥

अनि, तिनी अव्यय-अविनाशी पुरुषको नित्य भजन (तत्परता) अर्थात् भक्तिले युक्त भएर अर्चन (बाहिरी पूजन) गर्नाले र तिनको नै ध्यान (आन्तरिक पूजन) तथा सहस्रनामद्वारा स्तवन एवं नमस्कार गर्नाले अर्थात् पूजन-शेष, स्तुति र नमस्कार गर्नाले यजमान (पूजन गर्ने फलभोक्ता) सबै दुःखबाट पार पाउँदछ ।

अब आउने तीन पाउहरूबाट तेस्रो प्रश्नको उत्तर दिइन्छ–

अनादिनिधनं विष्णुं सर्वलोकमहेश्वरम् ।
लोकाध्यक्षं स्तुवन्नित्यं सर्वदुःखातिगो भवेत् ॥६॥

छ भाव विकार भन्नाले हुनु, जन्म लिनु, बढ्नु, बदलिनु, क्षीण हुनु र नष्ट हुनु, यी ६ देखि रहित, विष्णु (व्यापक) तथा सम्पूर्ण लोकका महेश्वर र देखिने दृश्य वर्गलाई लोक भनिन्छ– त्यसका नियन्ता ब्रह्मादिका पनि स्वामी भएकाले सर्वलोकमहेश्वर र सबै दृश्यवर्गलाई आफ्ना स्वाभाविक ज्ञानबाट साक्षात् देख्ने भएकाले लोकाध्यक्ष हुन्– ती देवलाई निरन्तर स्तुति गर्नाले मनुष्य सबै दुःखबाट पार पाउँदछ । सम्पूर्ण (आध्यात्मिक आधिदैविक र आधिभौतिक) तीनै प्रकारका दुःखलाई पार गर्दछ अर्थात् सर्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

दुःखातीत हुन्छ भनियो । यसरी यहाँ स्तवन, अर्चन र जप यी तीनै कुराको यौटै फल बताइयो ।

ब्रह्मण्यं सर्वधर्मज्ञं लोकानां कीर्तिवर्धनम् ।
लोकनाथं महद्भूतं सर्वभूतभवोद्भवम् ॥७॥

जगत्का सृष्टिकर्ता ब्रह्मा, ब्राह्मण, तप एवं श्रुतिका हितकारी, सबै धर्म जान्ने, प्राणीहरूका कीर्तिलाई आफ्ना शक्तिले प्रविष्ट भएर बढाउने, लोकहरूद्वारा प्रार्थित अथवा अनुतप्त अथवा शासित गर्ने अथवा तिनमा प्रभुत्व राख्ने, आफ्ना समस्त उत्कर्षद्वारा प्रवर्तित भएकाले महद् अर्थात् ब्रह्म तथा महद्भूत अर्थात् परमार्थ सत्य छन् र जसको सन्निधिमात्रबाट समस्त भूतहरूको उत्पत्तिस्थान संसार उत्पन्न हुन्छ– त्यसैले जो समस्त भूतहरूका उद्भव स्थान छन् (ती परमेश्वरको स्तवन गर्नाले मनुष्यले सबै दुःखबाट छुटकारा पाउँदछ) ।

एष मे सर्वधर्माणां धर्मोऽधिकतमो मतः ।
यद्भक्त्या पुण्डरीकाक्षं स्तवैरर्चेन्नरः सदा ॥८॥

सम्पूर्ण विधिरूप धर्महरूमध्ये यो बताउन लागिएको धर्मलाई म सबभन्दा बढी मान्दछु किनभने मनुष्य श्रीपुण्डरीकाक्षको (आफ्नो हृदय कमलमा प्रकाशमान भगवान् वासुदेवको) भक्तिपूर्वक तत्परतासहित गुणसङ्कीर्तनरूप स्तुतिहरूबाट सदा सत्कारपूर्वक अर्चन गर्दछ– यस प्रकारको जो धर्म हो त्यो नै मलाई सबभन्दा बढी मान्य छ, यसरी यस कथनको पहिलोसित सम्बन्ध छ । यस स्तुतिरूप अर्चनको बढी मान्यताको कारण के हो त ? हिंसादि पाप कर्मको अभाव र अन्य पुरुष एवं द्रव्य, देश, काल आदिका नियमहरूको अनावश्यकता नै यसलाई बढी मान्नुपर्ने कारण हो ।

*विष्णुपुराण*मा ६।२।१७ मा भनिएको छ– "सत्ययुगमा ध्यानले, त्रेतामा यज्ञका अनुष्ठानले र द्वापरमा पूजा गर्नाले मनुष्यले जे पाउँदछ त्यो कलियुगमा भगवान् श्रीकृष्णको नाम सङ्कीर्तन गर्नाले नै पाउँदछ ।"

*मनुस्मृति*मा २।८७ मा भनिएको छ– "जपले नै ब्राह्मणले पूर्णसिद्धि प्राप्त गर्दछ भन्ने यस कुरामा सन्देह छैन– अरू कर्म गरोस् अथवा नगरोस् जपबाट पूर्णसिद्धि प्राप्त गर्ने ब्राह्मण 'मैत्र' (सबैको मित्र) भनिन्छ । *महाभारत*मा भनिएको छ– 'सम्पूर्ण धर्महरूमा जप सर्वश्रेष्ठ धर्म भनिन्छ किनभने प्राणीहरूको हिंसा विना नै जपयज्ञ सम्पन्न हुन्छ ।' *गीता*मा १०।२५ मा भगवान्को वचन छ– 'यज्ञमा म जप यज्ञ हुँ ।' यिनै कुरा विचार गरेर भीष्मले 'मलाई समस्त धर्महरूमध्ये यो नै धर्म सबभन्दा बढी मान्य छ' भनेका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

दोस्रो प्रश्नको समाधान गर्दछन्–

परमं यो महत्तेजः परमं यो महत्तपः ।

परमं यो महद्ब्रह्म परमं यः परायणम् ॥९॥

जो सबैका प्रकाशक, परम-उत्तम र महान्-बृहत् चिन्मयप्रकाशक छन् र जसका बारेमा *तैत्तिरीय ब्राह्मणमा* ३।१२।९७ मा 'येन सूर्यस्तपति तेजसेद्धः' अर्थात् जुन तेजबाट प्रकाशित भएर सूर्य तप्द छ; *बृहदारण्यकोपनिषद्* ४।४।१७ मा 'तद्देवो ज्योतिषां ज्योतिः' अर्थात् त्यसलाई देवगण ज्योतिहरूका ज्योति (भन्दछन्), *मुण्डकोपनिषद्*मा २।२।१० मा 'न तत्र सूर्योभाति न चन्द्रतारकम्' अर्थात् न सूर्यको प्रकाश पुग्दछ र न ता चन्द्रमा एवं ताराको इत्यादि *श्रुति* र *गीता*मा १५।१२ मा 'यदादित्यगतं तेजः' अर्थात् सूर्यका अन्तर्गत जुन तेज छ' इत्यादि स्मृतिहरूमा भनिएको छ ।

जो परम तप अर्थात् तपाउने आज्ञा दिनेवाला हो जस्तो कि *बृहदारण्यकोपनिषद्* ३।७।१ मा 'य इमं च लोकं परमं च लोकं सर्वाणि च भूतानि योऽन्तरो यमयति' अर्थात् जो यस लोकलाई परलोकलाई र समस्त प्राणीहरूलाई तिनका भित्र रहेर शासित गर्दछ, यस श्रुतिद्वारा अन्तर्यामी ब्राह्मणमा तिनलाई सबैका नियामक भनिएको छ । *तैत्तिरीयोपनिषद्*मा २।८।१ (*ब्रह्मानन्द*, ८ अनुवाक) मा भनिएको छ–

'भीषास्माद्वातः पवते । भीषोदेति सूर्यः । भीषास्मादग्निश्चेन्द्रश्च । मृत्युर्धावति पञ्चमः' अर्थात् तिनकै भयले वायु चल्दछन्, तिनकै भयले सूर्य उदित हुन्छन् र तिनकै भयले अग्नि, इन्द्र र पाँचौ मृत्यु तपाउँदछ अथवा शासन गर्दछ, अतः त्यो तप हो। उसको ऐश्वर्य अपरिमित छ । अतः त्यो महान छ । श्रुतिहरूमा *माण्डूक्योपनिषद्*मा ६ मा भनिएको छ– 'एष सर्वेश्वरः' अर्थात् ती सर्वेश्वर हुन् ।

जो सत्यादि लक्षणयुक्त परब्रह्म तथा महत्तायुक्त भएका कारण महान् छन् र जो पुनरावृत्तिको शङ्काबाट रहित परमश्रेष्ठ परायण छन् । परम आयन (आश्रय) को नाम परायण हो ।

यहाँ सर्वत्र 'परम' शब्द ग्रहण गरिएकाले सूर्य आदि अन्य तेजको व्यावर्तन (पृथक्करण) गरिएको छ । सर्वत्र 'जुन देव' यो पदको विशेषता बताइएको छ–

'जो देव परम तेज, परम तप, परम ब्रह्म र परम परायण छन् तिनी नै समस्त प्राणीका परम गति हुन् ' यो यस वाक्यको अर्थ हो ।

अब पहिलो प्रश्नको उत्तरमा भनिन्छ–

पवित्राणां पवित्रं यो मङ्गलानां च मङ्गलम् ।

दैवतं देवतानां च भूतानां योऽव्ययः पिता ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

जो पवित्रमा पवित्र गर्ने तीर्थ आदिमा पवित्र छन् । परम पुरुष परमात्मा ध्यान, दर्शन, कीर्तन, स्तुति, पूजा, स्मरण तथा प्रणाम गरिँदा समस्त पापहरूलाई जरैदेखि उखेल्दछन्– त्यसैले उनी परम पवित्र छन् । अथवा-परमात्मा आफ्ना स्वरूपको यथार्थ ज्ञानबाट संसार बन्धनको हेतु भएर रहेको पुण्यपापरूप कर्म तथा त्यसको कारणरूप अज्ञान सबैलाई नष्ट गर्दछन् । अत: ती पवित्रहरूमा पवित्र छन् । यसबारे श्रुति, स्मृति, इतिहास, पुराणका केही भनाई प्रस्तुत गरिन्छन्–

'मोक्षदाता श्रीहरि ध्यान गर्नेलाई सर्वदा रूप, आरोग्य, सम्पूर्ण पदार्थ र प्रासङ्गिक भोग पनि प्रदान गर्दछन् ।'

आफ्नो स्मरण गरिँदा समस्त क्लेशलाई हटाइदिने ती अच्युतलाई नै अरू सबै चिन्तनीयलाई छोडेर किन चिन्तन गरिँदैन ?'

'स्नानादि समस्त कर्म गर्दै श्रीनारायणदेवलाई ध्यान गर्नुपर्दछ । यस्तो स्मरण नै समस्त दुष्कर्मको प्रायश्चित्त हो– यसबारे श्रुतिको यही भनाई हो । (*गरुडपुराण* १।२३०।२८)

'संसाररूप सर्पद्वारा डसिएर वेहोस भएको पुरुषका लागि एकमात्र औषधरूप 'कृष्ण' यो मन्त्र सुनेपछि मुक्ति मिल्दछ ।' अत्यन्त पापी पनि एकै पलका लागि पनि अच्युतको ध्यान गर्दा ठूलो तपस्वी र पङ्क्ति-पावन (श्रोत्रीय एवं सम्पूर्ण ब्राह्मणोचित लक्षणयुक्त ब्राह्मण) हुन्छ ।'

'समस्त शास्त्रमन्थन गर्दा र तिनलाई बरावर विचार गर्दा के निश्चित हुन्छ भने सर्वदा श्रीनारायणको ध्यान गर्नुपर्दछ ।' (*लिङ्गपुराण* २।७।११) ।

'हे विप्र हो ! तिमीहरूले सर्वदा सर्वगुणसम्पन्न भएर एक मात्र श्रीहरिको नै ध्यान गर्नुपर्दछ । सँधै 'ॐ' को जप र श्रीकेशवको ध्यान गर' *हरिवंश* ३।८९।९ । 'ती परावर परमात्माको दर्शन गर्नाले जीवको (अविद्यारूप) हृदयग्रन्थि टुट्दछ, उसका सम्पूर्ण संशय नष्ट हुन्छन् र सबै कर्म क्षीण हुन्छन्' (*मुण्डकोपनिषद्* २।२।८) ।

हे मैत्रेय ! सुवर्ण आदि धातुहरूलाई जसरी अग्निले पगाल्दछन् त्यसैगरी उनको भक्तियुक्त नामसङ्कीर्तन सम्पूर्ण पापलाई अत्युत्तम विलापन (लीन गर्ने) हो । (*विष्णुपुराण* ६।८।२०) ।

'सिंहसित डराएको व्याँसाबाट उसको शिकार छुटे झैं विवश भएर उनको नाम कीर्तन गर्दा पनि मनुष्य समस्त पापहरूबाट तत्काल छुटकारा पाउँदछ' (*विष्णुपुराण* ६।८।१९)

'सत्य युगमा ध्यानद्वारा, त्रेतामा यज्ञानुष्ठानद्वारा र द्वापरमा पूजनद्वारा मनुष्यले प्राप्त गर्ने कुरा कलियुगमा श्रीकेशवको नाम सङ्कीर्तनबाट प्राप्त गर्दछ ।' (*विष्णुपुराण* ६।२।१७) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

'दुष्ट चित्तद्वारा सम्झिइँदा पनि श्रीहरि सबै पाप हरण गर्दछन् जस्तो कि अनिच्छाबाट छोइए पनि आगोले पोल्दछ नै ।' (*बृहद्नारायणोपनिषद्* १।११।१००) 'जानेर अथवा नजानेर जसरी पनि गरिएको श्रीवासुदेवको कीर्तनबाट पानीमा परेको नून झैं समस्त पाप गल्दछन् ।'

'जसमा चित्त लगाउनेले नरक जानु पर्दैन, जसको चिन्तनमा स्वर्ग पनि विघ्न जस्तो हुन्छ, जसमा चित्त लाग्दा ब्रह्मलोक पनि सानो बुझिन्छ र जो अविनाशी प्रभु शुद्धबुद्धि भएका पुरुषका हृदयमा रहेर तिनलाई मुक्ति दिन्छन्– ती अच्युतको चिन्तन गर्दा पापहरू विलीन हुन्छन् भने यसमा आश्चर्य नै के छ र ? (*विष्णुपुराण* ६।८।५७) 'अग्निलाई शान्त गर्न जल र अन्धकार हटाउन सूर्य समर्थ छन् तथा कलियुगमा पापसमूहको शान्तिको उपाय श्रीहरिको नाम सङ्कीर्तन हो ।'

श्रीहरिको नाम नै, नाम नै र नाम नै मेरो जीवन हो, यो बाहेक कलियुगमा अरू कुनै सहारा नै छैन, छैन ।' (*बृ.ना.* १।४१।१५) । 'सर्व व्यापक श्रीवासुदेवको स्तवन गर्दा मनुष्य निष्पाप हुन्छ, श्रीविष्णुको नित्यप्रति पूजन गर्दा समस्त पाप नष्ट हुन्छन् ।' 'जसका हृदयमा समस्त मङ्गलहरूका स्थान भगवान् श्रीहरि विराजमान छन्– तिनलाई कुनै कार्यमा कुनै अमङ्गल हुदैन' (*स्कन्दपुराण* ५।३।१५७।७) ।

'सदा समाहित भएर श्री जनार्दनको चिन्तन गर्नुपर्दछ । यही नै यस (जीवको) परम रक्षा हो । भगवान्मा आश्रित भएकालाई कसले पो कष्ट पुऱ्याउँन सक्तछ र ?'

'हजार पटक गङ्गा-स्नान गर्दा र करोड पटक पुष्करक्षेत्रमा नुहाउदा नष्ट हुने पाप श्रीहरिको स्मरण गर्दा नै नष्ट हुन्छन्' (*गरुडपुराण* १।२३०।१८) ।

'जो पुरुष अविनाशी श्रीनारायणलाई एकै मुहूर्त पनि चिन्तन गर्दछ, त्यसले सबै सिद्धि प्राप्त गर्दछ भने भगवत्परायणले त के पाउँदैन र ? 'जति पनि तप र कर्मरूप प्रायश्चित छन् ती सबमा श्रीकृष्णको स्मरण गर्नुनै सर्वश्रेष्ठ छ' (*विष्णुपुराण* २।६।३९) ।

'मनुष्यलाई नरकको दुःख दिलाउने कलियुगको अति उग्र दोष उहाँको एकै पटक स्मरण गर्दा नै तुरुन्त विलीन हुन्छन्' *वि.पु.* ६।८।२१) । 'श्रीगोविन्द नाम एकै पटक पनि स्मरण गरिँदा अग्निले कपासको थुप्रोलाई डढाए झैं मनुष्यका सैकडौं जन्ममा गरिएका पापका थुप्रा तुरुन्त भस्म हुन्छन् ।'

'जसरी अग्ला-अग्ला लप्का भएका अग्निले हावासित मिलेर सुकेका घाँसका थुप्रालाई जलाउँदछन्, त्यसैगरी चित्तमा रहेका श्रीविष्णुले योगीहरूका समस्त दोषहरूलाई नष्ट गर्दछन् (*वि.पु.* ६।७।७४) । 'विना ध्यान एकै मुहूर्त बित्यो भने डाकाहरूबाट लुटिएको व्यक्तिले झैं अत्यन्त विलाप गर्नुपर्दछ ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: MIt

'हे महामुनि ! समस्त प्राणीका प्रभु जगद्गुरु श्रीजनार्दनको निरन्तर स्मरण गर्दा मनुष्यले सबै दुःख हटाउँदछ र इच्छा गरेका सबै कार्य सिद्ध गर्दछ ।'

'यसरी एकाग्रचित्त भएर श्रीमधुसूदनको स्मरण गर्दै रहनाले मनुष्य जन्म, मृत्यु र जरारूप गोहीहरू भएको संसारसागर पार गर्दछ ।'

यस दोषपूर्ण कलियुगमा पनि विषयासक्त मनुष्य सबै पाप गरेर पनि श्रीगोविन्दको चिन्तन गर्नाले पवित्र हुन्छ ।'

'हे मैत्रेय ! जप, होम र अर्चन आदिमा जसको चित्त श्रीवासुदेवमा लागेको छ उसका लागि इन्द्र पद पनि विघ्नरूप नै हुन्' (*विष्णुपुराण* २।६।४३) ।

'तीनै लोकका स्वामी, अनुपम प्रभावशाली तथा अनेकरूपले प्रकट हुने श्री भगवान्लाई शिर झुकाएर केही प्रणाम गर्नाले मनुष्यका हजारौँ महाकल्पमा, जन्मजन्मान्तरमा गरिएका सम्पूर्ण पाप तुरुन्त नष्ट हुन्छन् ।'

'श्रीकृष्णलाई गरिएको एउटै प्रणाम पनि दश अश्वमेधयज्ञको यज्ञान्त स्नान समान (पवित्रकारी) हुन्छ । त्यसमा पनि दश अश्वमेध गर्नेको पुनर्जन्म हुनसक्तछ तर श्रीकृष्णलाई प्रणाम गर्नेको पुनर्जन्म हुँदैन (*महाभारत शान्ति पर्व* ४७।९१) ।

'अतसीपुष्प वर्णका पीताम्वरधारी श्रीअच्युत भगवान् गोविन्दलाई प्रणाम गर्नेलाई कुनै डर रहँदैन' (*महाभारत*, शान्तिपर्व ४७।९०) । 'भगवान् श्रीचक्रपाणिलाई शठताद्वारा पनि गरिएको नमस्कार पनि संसारका ठूलो वन्धन चुँडाल्ने हुन्छ' इत्यादि श्रुति-स्मृतिद्वारा पवित्रमा पवित्र भन्ने पदको व्याख्या गरियो ।

मङ्गलहरूमा मङ्गल—मङ्गल सुखलाई भन्दछन्, त्यो सुख साधक एवं सुखको ज्ञापन गर्ने पनि हो र ती मङ्गलहरूका पनि परमानन्दरूप परम मङ्गल भएकाले श्रीकृष्ण मङ्गलहरूका मङ्गल हुन् । 'दैवतं देवतानाम्' अर्थात् उहाँ देवहरूका देव हुनुहुन्छ किनभने उहाँ प्रकाशन आदिमा सर्वोत्कृष्टरूपले रहनुभएको छ । अनि, भूत- प्राणीहरूका- अस्तित्व मात्रका-अव्यय-नाशरहित पिता (उत्पन्नकर्ता) हुनुहुन्छ, ती देव- 'स एकं दैवतं लोके' अर्थात् ती मात्र लोकमा एक मात्र देव हुन् भन्ने यस वाक्यको अर्थ हो । एकत्ववारे *श्वेताश्वतरोपनिषद्* ६।११ र ६।१८ मा भनिएको छ—

'एक देव छन्, जो सबै प्राणीमा गूढ, सर्वव्यापी, सबै जीवका अन्तरात्मा, कर्मका अध्यक्ष (कर्मफल विभाग गर्ने), सबै भूतका अधिष्ठान र सबैका साक्षी, सबैलाई चेतना दिने, एक मात्र तथा निर्गुण छन् ।'

'सबभन्दा पहिले ब्रह्मालाई जसले रचना गऱ्यो र उनलाई वेद प्रदान गऱ्यो र ती आत्म-वुद्धि (आत्मज्ञान) प्रकाशित गर्ने देवको म मुमुक्षु शरण लिन्छु ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

यसैगरी *छान्दोग्योपनिषद्* ६।३।२ र ६।२।१ मा भनिएको छ–

'सेयं देवतैक्षत' अर्थात् ती तिनै देवले हेरे ।

'एकमेवाद्वितीयम्' ती एक नै अद्वितीय थिए ।

जीवात्मा र परमात्मामा भेद भएकाले कसरी एकत्व भयो त भनी शङ्का गर्नुपर्दैन, *तैत्तिरीयोपनिषद्* २।६ र *बृहदारण्यकोपनिषद्* १।४।७ मा भनिएको छ– 'तत्सृष्ट्वा तदेवानु प्राविशत्-' अर्थात् त्यसलाई रचेर त्यसैमा प्रविष्ट भए ।' अर्थात् 'स एष इह प्रविष्ट आनखाग्रेभ्य' अर्थात् ती यस (शरीरमा) नङदेखि शिरसम्म प्रविष्ट भए इत्यादि श्रुतिद्वारा अविकारी परमात्माको नै बुद्धि एवं बुद्धिका वृत्तिको साक्षीरूपले प्रवेशको कुरा भनिएकाले जीवात्मा एवं परमात्मामा भेद छैन । एक प्रवेश गर्ने र अर्कोमा प्रवेश हुने भएकाले दुइमा भेद गर्नु ठीक छैन, श्रुति– 'एको देव: बहुधा सन्निविष्ट' अर्थात् एकै देव अनेक प्रकारले स्थित छन् (*तैत्तिरीय आरण्यक* ३।१४) ।

'एक: सन् बहुधा विचार' अर्थात् एकै भए पनि अनेक प्रकारले विचार गरिन्छन्' (*तै.आ.* ३।११) ।

'त्वमेकोऽसिबहूननु-प्रविष्ट' अर्थात् तिमी एक नै धेरैमा अनु प्रविष्ट छौं' (*तै.आ.* ३।१४) । यसबारे *ऋग्वेद* १०।१२१।१-८ मा रहेका 'कस्मै देवाय' भनिएकोमा 'एकस्मै देवाय'- एकै देवलाई-भनिएको हो यहाँ एकार लोप भएको हुँदा तैत्तिरीय श्रुति एक देव प्रतिपादक छन् ।

कठोपनिषद्मा २।२।९-१३ मा भनिएको छ– 'जसरी संसारमा व्याप्त एउटै अग्नि पृथक्-पृथक् आकारका संयोगबाट भिन्नभिन्नरूपका हुन्छन्, त्यसरी नै समस्त प्राणीका एकै अन्तरात्मा भिन्नरूपअनुरूप तथा अनि तिनभन्दा अलग पनि रहेका छन् ।' 'जस्तै एकै विश्वव्यापी वायु भिन्न-भिन्न रूपअनुसार तद्रूप भएका छन्, त्यसरी नै समस्त प्राणीका एकै अन्तरात्मा भिन्न-भिन्नरूपका संयोगबाट उनकै अनुरूप हुन्छन् र अनि तिनभन्दा अलग पनि सर्वत्र व्याप्त छन् ।' जसरी सम्पूर्ण जगत्को नेत्र-सूर्य-दर्शनजन्य वाह्य दोषले लिप्त छैनन् त्यसैगरी समस्त प्राणीका एक अन्तरात्मा परमेश्वर ती सबै दु:खहरूले लिप्त हुँदैनन् । किनभने ती वास्तवमा शरीरभन्दा भिन्न छन् ।' 'समस्त भूत– अस्तित्वको एउटै अन्तरात्मा छन् जो सबैलाई वश गर्ने र आफ्नो एउटै रूपलाई नाना प्रकारको पार्दछन् आफ्नो अन्त:करणमा रहेका ती देवलाई देख्ने देख्ने धीर पुरुषहरूको नित्य सुख पाउँदछन्, अरूले पाउँदैनन् ।'

जो नित्यहरूका नित्य र चेतनहरूका चेतन छन् र जसले एक्लै अनेकका कामना पूर्ण गर्दछन्– तिनलाई जुन धीर पुरुषहरूले आफ्ना अन्त:करणमा रहेको देख्दछन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MH

तिनलाई नै नित्य शान्ति मिल्दछ, अरूलाई मिल्दैन ।"

*बृहदारण्यकोपनिषद्*मा भनिएको छ–

'आरम्भमा यो एक मात्र ब्रह्म थियो- एक्लो भएकाले त्यो भूतियुक्त कर्म गर्न समर्थ भएन' (*बृ.उ.* १।४।११), यस बाहेक अरू कोही द्रष्टा थिएनन्' (*बृ.उ.* ३।७।२३)

*ईशावास्योपनिषद्*मा भनिएको छ–

'त्यो एक छ, न चल्ने, (तर) मनभन्दा बढी वेगवाला' (ई.उ. ४) ।

'एकत्व देख्नेलाई अनि केको शोक र केको मोह ?' (ई.उ. ७) । अन्य श्रुतिहरूको भनाई छ–

'पहिले यो एकमात्र आत्मा नै थियो– अन्य चलफिर गर्ने कुरा थिएन' (*ऐतरेयोपनिषद्* १।१)

'समस्त प्राणीहरूभित्र जो पुरुष छ त्यो मेरो आत्मा हो । यस्तो बुझ्नोस्, (*ऐ.आ.* ३।४।१०)

'एकं सद्विप्रा बहुधा वदन्ति' अर्थात् 'ती एकलाई विप्रहरू नाना प्रकारले भन्दछन्' (*ऋग्वेद* १।१६४।४६) ।

एकं सन्तं बहुधा कल्पयन्ति, द्यावाभूमी जनयन्देव एकः, एको दाधार भुवनानि विश्वा, एक एवाग्निर्बहुधा समिद्धः' (*ऋग्वेद*) ।

'सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम्' अर्थात् हे सोम्य ! पहिले एक मात्र यो अद्वितीय सत् नै थियो ।' (*छान्दोग्योपनिषद्* ६।२।१) ।

*श्रीमद्भगवद्गीता*मा भनिएको छ–

'जो एकत्वमा रहेर सम्पूर्ण भूत-अस्तित्वमा स्थित म परमात्मालाई भज्दछ' त्यो योगी सबै प्रकारले वर्तमान भएर पनि ममा नै रहेको हुन्छ (*गीता* ६।३१) । 'पण्डितहरू विद्या, विनयसम्पन्न ब्राह्मण, गाई, हात्ती, कुकूर र चाण्डालमा समान दृष्टि राख्दछन् ।' (*गीता* ५।१८) । 'हे अर्जुन ! म सम्पूर्ण अस्तित्वका अन्तःकरणमा रहेको तिनको आत्मा हुँ र म नै समस्त प्राणीका आदि, मध्य र अन्त पनि हुँ । (*गीता* १०।२०) 'जब अस्तित्वहरूका पृथक् भावलाई एकत्वमा देखिन्छ र त्यसैबाट सबै अस्तित्वको विस्तार बुझिन्छ– तब ब्रह्म प्राप्त हुन्छ' (*गीता* १३।३०) । 'हे अर्जुन ! जसरी यौटै सूर्यले यो सम्पूर्ण ब्रह्माण्डलाई प्रकाशित गर्दछ, त्यसरी नै यौटै आत्माले सम्पूर्ण क्षेत्रलाई प्रकाशित गर्दछ' (*गीता* १३।३३) । 'अतः सबै धर्म छोडेर केवल एक मेरो नै शरणमा आऊ, म तिमीलाई सबै पापहरूबाट मुक्त पार्दछु, शोक नगर ।' (*गीता* १८।६६) ।

यसैगरी 'हे विप्रगण ! तपाईंहरूले सत्वगुणमा रहेर सर्वदा एक मात्र श्रीहरिको नै ध्यान गर्नुपर्दछ, ॐकारको जप र श्रीकेशवको ध्यान गर्नुहोस्' (*हरिवंश* ३।८९।९)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

'हे पुरुषोत्तम ! निश्चय नै सम्पूर्ण देवतामा एक हजुर नै आश्चर्यरूप एवं धन्य हुनुहुन्छ, हे महाबाहु ! संसारमा हजुर झैँ अर्को कोही छैन' (*हरिवंश*) ।

तैत्तिरीय संहितामा मनुको माहात्म्य बखान गरिएको छ– 'जो मनुले भने त्यो औषधिरूप हो ।' (*तै.सं.* २।१०।२) र मनुको भनाई छ–

समस्त अस्तित्वमा आफ्नो आत्मालाई र आफ्नो आत्मामा समस्त अस्तित्व रहेको देख्ने एवं आत्मयज्ञ गर्ने पुरुषले स्वाराज्य प्राप्त गर्दछ' (*मनुस्मृति* १२।९१) ।

यस सम्बन्धमा *विष्णुपुराण*बाट केही उद्धरणका अर्थ दिइन्छ– संसारको सृष्टि, स्थिति एवं संहार गर्ने ब्रह्मा, विष्णु एवं शिवरूप तीन संज्ञा एक नै श्रीजनार्दनले लिन्छन् ।' (*वि.पु.* १।२।६६) ।

'त्यसैले हे द्विज ! विज्ञानबाहेक अरू कुनै वस्तु केही छैन, यो यौटै विज्ञान नै आ-आफ्ना कर्मका भेदले विभिन्न चित्त भएकालाई विभिन्न प्रकारको प्रतीत हुन्छ ।' 'त्यो ज्ञान शुद्ध, निर्मल, शोकहीन र लोभादि सम्पूर्ण सङ्ग्रहहरूबाट रहित छ, त्यो नै एक मात्र सत् श्रेष्ठ परमात्मा हो र उहाँ नै श्रीवासुदेव हुनुहुन्छ– त्यहाँबाट अलग अरू केही छैन ।' (*वि.पु.* २।१२।४३-४४) । 'समस्त शरीरमा यौटै पुरुष व्याप्त छ भने तपाईं को ? म फलानो हुँ' यसो भन्नु व्यर्थ वचन हो' (*वि.पु.* २।१३।९१) ।

'जसरी दृष्टिदोषबाट यौटै आकाश सेतो, नीलो र अनेक भेद भएको देखिन्छ, त्यसरी नै भ्रान्त-दृष्टि पुरुषलाई यौटै आत्मा अलग-अलग देखिन्छ । 'यहाँ जे पनि छ त्यो अच्युत भगवान् नै हो उहाँ बाहेक अरू केही होइन, त्यो नै म हुँ, त्यो नै तिमी हौ र त्यो आत्मास्वरूप नै यो सबथोक हो- भेद- दृष्टिरूप मोहलाई छोड, ती जड भरतले यसरी भनेपछि ती परमार्थ दृष्टि भएका नृप-श्रेष्ठ रहूगणले भेदभावलाई त्यागे' (*वि.पु.* २।१६।२२-२४) ।

यमराजले आफ्ना दूतहरूसित भने–

'यो सम्पूर्ण संसार र म एकमात्र परमपुरुष परमेश्वर वासुदेव नै हुँ– जसको हृदयस्थ अनन्त भगवान्मा यस्तो दृढ भावना भएको छ– तिनीहरूलाई तिमीहरू टाढैबाट छोडेर हिँड ।' (*वि.पु.* ३।७।३२) । हे देवगण ! पृथिवीमा जे पनि छ त्यो सत्य नै छ, म शिव र तिमीहरू सबै नारायणस्वरूप नै हो ।' 'जो तिनका विभूति छन्– तिनको न्यूनता र अधिकता परस्पर बाध्य-बाधकरूपले रहेका छन् (*वि.पु.* ५।१।३०-३१) । श्रीकृष्णले वलरामसित भन्नुभएको– हे विश्वात्मा । तपाई र म दुवै संसारका यौटै कारण हौं, यस संसारका लागि नै हामी दुई भिन्नरूपले रहेका छौं (*वि.पु.* ५।९।३२) । श्रीकृष्णले शिवसित भन्नुभएको- 'जो अभय तपाईंले दिनुभयो, त्यो सबै मैले पनि दिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MHRD

भयो, हे शङ्कर ! तपाईले आफूलाई मभन्दा बाहेक देख्नु ठीक छैन ।' 'जो म छु, त्यो तपाईं र देवगण, असुर एवं मनुष्यहरूसहितको यो संसार हो ।' 'अविद्याले मोहित चित्त भएका पुरुष नै भदेभाव देख्दछन्' (*वि.पु.* ५।२३।४७-४९) ।

*भविष्योत्तरपुराण*मा महेश्वरको वचन–

'जो मलाई अथवा ब्रह्मालाई श्रीविष्णुभन्दा अलग देख्दछन्' ती कुतर्क बुद्धि भएका मूढ तल नरकमा जाकिएर दु:ख पाउँदछन् जो दुष्टबुद्धि मूढ मलाई र ब्रह्मालाई श्रीविष्णुभन्दा पृथक् देख्दछन् तिनलाई त्यसबाट ब्रह्महत्या जस्तो पाप लाग्दछ ।' यसैगरी *हरिवंश*मा कैलाशयात्रामा महेश्वरको वचन– 'समस्त भावहरूका आदि, मध्य र अन्त तपाईं नै हुनुहुन्छ, यो सम्पूर्ण विश्व तपाईंबाट नै भएको हो र तपाईंमा नै लीन हुन्छ ।' *हरिवंश* ३।८८।५९) । 'हे जनार्दन ! हे सर्व व्यापक देव, म तपाईं र तपाईं नै म हुँ, समस्त त्रिलोकीमा हामी दुवैको शब्द वा अर्थले कुनै प्रकारको भेद छैन ।' 'हे गोविन्द ! संसारमा जुन जुन तपाईंका महान् नाम छन् तिनै मेरा पनि हुन्, यसमा कुनै विचार गर्नु पर्दैन ।' 'हे गोपति ! हे जगन्नाथ ! जो तपाईंको उपासना हो, त्यही मेरो पनि हो, हे देव ! जो तपाईंसित द्वेष गर्दछ, त्यो मसित पनि द्वेष गर्दछ । यसमा सन्देह छैन ।' 'हे देव ! म भूपति पनि तपाईंकै विस्तार हुँ, त्यसैले हे सर्वव्यापक देव ! कहिँ यस्तो कुनै पनि वस्तु तपाईंबाहेक भएको छैन ।' 'जो थियो, जो छ र जो होला त्यो तपाईं नै हुनुहुन्छ । हे जगत्पति ! हे देवेश्वर ! तपाईंबाहेक केही पनि छैन' (*हरिवंश* ३।८८।६०-६४) ।

यी सबै वाक्य एकत्वका प्रतिपादक हुन् ।

त्यस्तै, अनि 'आत्मेति तूपगच्छन्ति ग्राहयन्ति च' अर्थात् परमात्मामा आत्मस्वरूपले नै प्राप्त हुन्छन् र आत्मस्वरूपले नै ग्रहण गर्दछन्' (*ब्रह्मसूत्र* ४।१।३) यहाँ 'आत्मा' भनेर शास्त्रोक्त-लक्षण-विशिष्ट परमात्माको नै प्रतिपादन गर्नु अभीष्ट छ । त्यस्तै जावालशाखाहरू पनि परमात्मा प्रक्रियामा 'त्वं वा अहमस्मि भगवो देवते अहं वै त्वमसि' अर्थात् हे भगवान् ! हे देव ! तिमी नै म हुँ र म नै तिमी हौ' यसो भनेर परमात्मालाई आत्मस्वरूपले स्वीकार गर्दछन् । अरू पनि- 'यदेवेह तदमुत्र यदमुत्र तदन्विह' अर्थात् जो यहाँ छ, त्यही अन्यत्र छ र जो अन्यत्र छ, त्यही यहाँ छ' (*कठोपनिषद्* २।१।१०) । 'यश्चायं पुरुषे । यश्चासावादित्ये । स एक: अर्थात् जो यस पुरुषमा छ र जो यो आदित्यमा छ, त्यो एकै हो' (*तैत्तिरीयोपनिषद्* २।८।१२) । 'तदात्मानमेवावेदहं ब्रह्मास्मीति' अर्थात् 'तव उसले आफूलाई नै ब्रह्म हुँ भनी जान्यो ।' (*बृहदारण्यकोपनिषद्* १।४।१०) । 'तदेतद् ब्रह्मापूर्वमनपरमनन्तरमबाह्यमयमात्मा ब्रह्म' अर्थात् 'त्यो यो ब्रह्म न कारण हो, न कार्य हो, न यसमा कुनै विजातीय द्रव्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

छ र न यसको बाह्य नै केही छ' (*बृहदारण्यकोपनिषद्* २।५।१९)। 'स वा एष महानज आत्माजरोऽमरोऽमृतोऽभयो ब्रह्म' अर्थात् त्यो यो महान् अजन्मा आत्मा जरा, मरण, मृत्यु र भयबाट रहित ब्रह्म नै हो (*बृहदारण्यकोपनिषद्* ४।४।२५) इत्यादि ।

ब्रह्मलाई आत्मस्वरूपले स्वीकार गर्ने अरू पनि धेरै मन्त्रहरू विचारणीय छन् । जस्तै– 'एष त आत्मान्ततर्याम्यमृत' अर्थात् यो तिम्रो अन्तर्यामी अमर आत्मा हो' (*बृहदारण्यकोपनिषद्* ३।७।३-२३) । 'मन्मनसा न मनुते येनाहुर्मनो मतम् तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते' अर्थात् जो मनद्वारा मनन गरिदैन तर जसका कारण मनको मनन गरिएको भनिन्छ; तिमी त्यही ब्रह्मलाई जान, यिनीहरूले उपासना गरेको ब्रह्म होइन (*केनोपनिषद्* १।५) । 'तत्सत्यं स आत्मा तत्त्वमसि' अर्थात् त्यो सत्य छ, त्यही आत्मा हो र त्यही तिमी हौ (*छान्दोग्योपनिषद्* ६।८।७) आदि ।

प्रतिमामा विष्णुदृष्टि गरिए झैं यस्तो एकत्व प्रतीक दर्शन मात्र हुन्छ कि भन्ने कुरा उपयुक्त छैन । किनभने यसबाट परमात्मामा गौणता आउला र वाक्यको रूप पनि बिग्रन जाला– जहाँ प्रतीक दृष्टि अभीष्ट हुन्छ, त्यहाँ केवल एकै पटक भनिन्छ– जस्तो मन ब्रह्म हो, आदित्य ब्रह्म हो इत्यादि तर यहाँ भने 'तिमि म हुँ र म तिमी हो' यसरी (परस्परमा अभेद गरेर) भनिएको छ। अतः प्रतीक श्रुतिबाट विरूपता भएकाले अभेदको नै प्राप्ति हुन्छ, भेद दृष्टिको अपवादबाट पनि यही सिद्ध हुन्छ। जस्तो कि 'जो अन्य देवतालाई ऊ बेग्लै र म वेग्लै हुँ भनी उपासना गर्दछ, त्यसले जानेन र त्यो पशु समान हो।' (*बृहदारण्यकोपनिषद्* १।४।१०), 'जसले यस लोकमा अनेकवत् देख्दछ, ऊ मृत्युबाट मृत्युमा पुग्दछ' (*बृहदारण्यकोपनिषद्* ४।४।१९), 'पर्वत शिखरमा परेको पानी पर्वत भरिपुगे झैं आत्माधर्महरू (देहधारी जीवहरू) लाई विभिन्न देखेर ती उपाधिहरूको नै अनुगमन गर्दछ।' (*कठोपनिषद्* २।१।१४), 'दोस्राबाट निश्चय नै भय हुन्छ' (*बृह.उ.* १।४।२), 'जब यस आत्मामा यसले केही मात्र पनि अन्तर गर्दछ भने तब नै यसलाई भय हुन्छ, यस्तो मान्ने विद्वान्लाई पनि त्यो भेद ज्ञान भयरूप नै हुन्छ' (*तैत्तिरीयोपनिषद्* २।७) र 'जो सबलाई आत्माबाट भिन्न देख्दछ, त्यसको सबैले तिरस्कार गर्दछन्' (*बृह.उ.* २।४।६) इत्यादि अनेक श्रुतिहरू भेददृष्टिको विरोधी छन्। त्यस्तै 'आत्मैवेदं सर्वम्' अर्थात् यो सबै आत्मा नै हो (*छान्दोग्योपनिषद्* ७।२५।२), 'आत्मनि विज्ञाते सर्वमिदं विज्ञातं भवति,' 'इदं सर्वं यदममात्मा' आत्मा जानेपछि सबै जानियो, यो जे पनि छ सबै आत्मा नै हो (*बृहदारण्यकोपनिषद्* २।४।६) र 'ब्रह्मैवेदं विश्वम्' अर्थात् यो सबै ब्रह्म नै हो (*मुण्डकोपनिषद्* २।२।११) यस्तो श्रुति छ । त्यस्तै स्मृतिमा–

'हे पाण्डव ! जसलाई जानेर फेरि तिमी यसरी मोहित हुने छैनौ र जसद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIE

तिमी सम्पूर्ण अस्तित्वलाई आफ्ना आत्मामा र ममा पनि देख्नेछौ *(गीता ४।३५)* ।

'जसद्वारा सम्पूर्ण अस्तित्वमा एक अविनाशी भाव देखिन्छ र त्यस आत्मतत्त्वलाई विभिन्न अस्तित्वमा अभिन्नरूपले रहेको वुभिन्छ– त्यस ज्ञानलाई सात्त्विक ज्ञान जान' *(गीता १८।२०)*। यसरी भगवान्‌ले पनि अद्वैत आत्मदर्शनलाई नै सम्यग्दर्शन हो भनी वताउनुभएको छ । अत: आत्मस्वरूप ईश्वरमा नै मन स्थिर पार्नुपर्दछ ।

अनि 'तपाईं भूतात्मा, इन्द्रियात्मा, प्रधानात्मा, आत्मा एवं परमात्मा हुनुहुन्छ, यसरी तपाईं एक्लै पाँच प्रकारले स्थित हुनुहुन्छ' *(विष्णुपुराण* ५।१८।५०) अनि 'अथवा हे अर्जुन ! यो सवै जानेर के लाभ ? म आफ्ना एक अंशवाट नै यस सम्पूर्ण जगत्‌मा प्रविष्ट भएर रहेको छु' *(गीता* १०।४२) । अविद्यारूप उपाधिका सम्वन्धमा पनि यो प्रमाणवाद छ– 'यौटै महान् आत्मा हो, त्यसैलाई अहङ्कार भनिन्छ र त्यसलाई नै तत्वज्ञानी जीव अथवा अन्तरात्मा भनेर वर्णन गर्दछन् ।'

*विष्णुपुराण*मा भनिएको छ– विभेदजनक अज्ञानको आत्यन्तिक नाश भएपछि आत्मा एवं ब्रह्मको भेद, जो सर्वथा असत्य हो, कसले गर्ला ? *(वि.पु.* ६।७९६) । 'हे राजन् ! आत्मा एवं परमात्माको विभाग अज्ञान कल्पित नै हो, त्यो अज्ञान नष्ट हुँदा जीव र ब्रह्मको विभाग अभागरूप नै हो ।'

*विष्णुधर्म*मा भनिएको छ– 'जसरी कुनै एक घटाकाश धूलो वा धुवाँले व्याप्त हुँदा त्यसभन्दा टाढाको अन्य घटाकाश कहिँ पनि र कहिल्यै पनि मलिन हुँदैनन्, त्यसरी नै अनेक द्वन्द्ववाट कुनै एक जीव मलिन हुँदा अन्य जीव कहिल्यै र कहिँ पनि मलिन हुन सक्तैनन् ।'

*ब्रह्मयाज्ञवल्क्य*मा भनिएको छ– 'जसरी यौटै आकाश घट आदि उपाधिद्वारा पृथक्-पृथक् प्रतीत हुन्छ, त्यसरी नै जलपात्रमा प्रतिविम्वित सूर्य समान यौटै आत्मा अनेक उपाधिमा अनेक प्रकारको देखिन्छ ।' त्यस्तै क्षर (जडवर्ग) र आत्मा (चेतन) यी दुवैलाई एकै देवले शासन गर्दछन्' *(श्वेताश्वतरोपनिषद्* ५।१)। 'स एकधा भवति' अर्थात् त्यो एकै प्रकारको छ *(छान्दोग्योपनिषद्* ७२६।२) । 'ऐतदात्म्यमिदं सर्वम्' अर्थात् यो सवै यसैको रूप हो *(छान्दोग्योपनिषद्* ६।८।७)। *बृहदारण्यकोऽपनिषद्* एवं अन्य श्रुतिमा भनिएको छ– 'त्यो त्यहाँ सवतिर व्याप्त छ । त्यो यी दिव्य नेत्रवाट मनद्वारा नै यी भोगहरूलाई देखेर रमण गर्दछ ।' 'अविकारी परमात्मा नै यो आफ्नो आत्मारूप जीव हो ।', 'त्यही नै यो यसमा अनुप्रविष्ट छ ।', त्यो आत्मा हो- यसरी उपासना गरियोस्; त्यो यो ब्रह्म अपूर्व छ ।' 'यो आत्मावाहेक कोही अन्य द्रष्टा वा अन्य विज्ञाता छैन; यो जो विज्ञानमय हो, त्यही महान् अज आत्मा हो' र 'अन्य देवताको उपासना जसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

गर्दछ' इत्यादि ।

याज्ञवल्क्यको कथन छ– 'जसरी तताइएको फलामबाट झिल्का निक्लन्छन् त्यसैगरी आत्माबाट अनेक जगत् प्रकट हुन्छन् ।' *ब्रह्मपुराण*मा भनिएको छ– 'त्यो अजन्मा नै शरीर ग्रहण गरेका कारण 'जन्मिएको' भनिन्छ ।'

त्यस्तै 'जसरी रातका वेला घरका बीचमा रहेको डोरीको टुक्रा सर्प देखिन्छ र तिमिर रोगले पीडित आँखा हुनेलाई आकाशमा यौटै चन्द्रमा दुइ देखिन्छ, त्यसरी नै यौटै नित्योदित स्वयं ज्योति सर्वगामी परमपुरुष परमात्मा समस्त उपाधिमा रहेर प्रकाशित हुन्छन् । त्यो अहङ्काररूप अविवेकको कारण नै 'म कर्ता हु' भन्ने मान्दछ ।' 'एवमेवायं पुरुष: प्राज्ञेनात्मना संपरिष्वक्त' अर्थात् यसरी यो पुरुष प्राज्ञात्माका साथ मिलेर (*बृहदारण्यकोपनिषद्* ४।३।२१) ।

'सता सोम्य तदा सम्पन्नो भवति' अर्थात् हे सोम्य ! तव त्यो सत्‌सित युक्त हुन्छ (*छान्दोग्योपनिषद्* ६।८।१) ।

त्यसैगरी श्रीहरि आफ्ना मायाले आफैँलाई मोहित गरेर द्वैतरूप मायाका कारण आफैँलाई गुणयुक्त अनुभव गर्नुहुन्छ ।

अनि, क्षेत्रज्ञ पनि मलाई नै जान (*गीता* १३।२) 'माथि जाँदै अथवा रहँदै' (*गीता* १५।१०), 'ज्ञान-अज्ञानद्वारा ढाकिएको छ' (*गीता* ५।१५), 'अव्यक्तबाट विशेष (पञ्चभूत) पर्यन्त सबै अविद्यारूप नै मानिन्छन्, यो सबै अन्धकारमय थियो' (*मनुस्मृति* १।५) । 'वाणीको विलास मात्र हो' (*छान्दोग्योपनिषद्* ६।१।४) 'जहाँ द्वैत भए जस्तो हुन्छ, त्यहिँ अन्यले अन्यलाई देख्दछ, जहाँ उसका लागि सबै आत्मस्वरूप नै भइसकेको छ, त्यहाँ कसले कसलाई हेरोस् र सुँघोस्' (*बृहदारण्यकोपनिषद्* २।४।१४) । 'यस्मिन् सर्वाणि *भूतान्यात्मैवाभूद्* विजानत: । तत्र को मोह: क: शोक एकत्वमनुपश्यत:' अर्थात् जुन अवस्थामा सबै अस्तित्व आत्मास्वरूप हुन्छन् त्यहाँ एकत्व देख्ने ती ज्ञानीलाई के मोह के शोक हुन्छ र ? (*ईशावास्योपनिषद्* ७) । 'यत्र नान्यत् पश्यति नान्यद् विजानाति' अर्थात् जहाँ अरू कुरा देख्दैन र अरू कुरा जान्दैन (*छान्दोग्योपनिषद्* ७।२४।१) ।

'मृत्यो: स मृत्युमाप्नोति य इह नानेव पश्यति' अर्थात् यस लोकमा जो अनेकवत् देख्दछ, त्यो मृत्युबाट मृत्यु प्राप्त गर्दछ र 'भेदोऽयमज्ञाननिबन्धन: नेह नानास्ति किञ्चन' अर्थात् यो भेद अज्ञानको कारण हो, यहाँ विविधता केही छैन (*कठोपनिषद्* २।१।१० र ११) । 'विश्वतश्चक्षु' अर्थात् सबैतिर आँखा भएको (*श्वेताश्तरोपनिषद्* ३।३)। 'यो योनिमधितिष्ठत्येको विश्वानि रूपाणि योनीश्च सर्वा' अर्थात् जो योनिमूलमा स्थित छ, त्यो एउटै नै सम्पूर्णरूप एवं योनिहरू हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

). In Public Domain. Digitization by eGangotri.Funding: N

'अजामेकां लोहितशुक्लकृष्णां बह्वी: प्रजा: सृजमानां सरूपा: । अजो ह्येको जुषमाणोऽनुशेते जहात्येनां भुक्तभोगामजोन्य:' अर्थात् अजा- बाख्रोको रूपकले प्रकृति र पुरुषको वर्णन गरिएको छ, अजन्मा भएकाले मूल प्रकृतिको नाम अजा हो, रज: सत्व र तम यी क्रमश: उसका लोहित, शुक्ल र कृष्ण वर्ण हुन्, बद्ध पुरुष नै उसलाई सेवन गर्ने अज बोको र मुक्त पुरुष त्यसलाई त्याग्ने अज हो । आफै जस्तो धेरै प्रजा उत्पन्न गर्ने एक लोहित, श्वेत र कृष्ण वर्ण अजालाई सेवन गर्ने एक अज उसलाई पछ्याउँदछ र अर्को चाहिँ उसलाई भोगेर त्याग गर्दछ (*श्वेताश्वतरोपनिषद्* ४।५) ।

'एको हि रुद्रो न द्वितीयाय तस्थु' अर्थात् एकै रुद्र थिए अर्को थिएन (*श्वेता.उ.* ३।२) । 'देवात्मा शक्तिं विदधे' अर्थात् देवात्मशक्तिलाई धारण गरे, 'न तु तद् द्वितीयमस्ति ततोन्यद् विभक्तं यत् पश्येत्' अर्थात् (सुषुप्तिमा) ऊभन्दा दोस्रो (वुद्धिरूप प्रमाता) अन्य (इन्द्रियरूप करण) अथवा पृथक् (विषय) केही छैन जसलाई उसले देखोस् (*बृहदारण्यकोपनिषद्* ४।३।२३) ।

गौडपादकारिका ३।३१, १।१७ र ३।२९ मा भनिएको छ– 'यो जो सबै चराचर द्वैत छ, सबै मनको दृश्य हो, मनको अमनीभाव हुँदा द्वैत उपलब्ध नै हुँदैन ।' 'प्रपञ्च यदि हुन्थ्यो भने अवश्य निवृत्त हुन्थ्यो यसमा सन्देह छैन तर द्वैत केवल माया मात्र हो, परमार्थबाट त अद्वैत नै छ ।' र 'जसरी स्वप्नमा मन मायाद्वारा नै द्वैतको स्फुरण गर्दछ, त्यसरी मायावश मन नै जागृतिमा द्वैतको स्फुरण गर्दछ' इत्यादि ।

'स्वप्नादि विषय समान सम्पूर्ण अस्तित्व दृश्यरूप हुन्, अत: तर्कद्वारा पनि प्रपञ्चको मनोमात्रतानै जान ।'

'द्वितीयाद् वै भयं भवति' अर्थात् 'दोस्रावाट निश्चय नै भय हुन्छ' (*बृहदारण्यकोपनिषद्* १।४।२) । 'ज्ञाते त्वात्मनि नास्त्येतत् कार्यकारणतात्मन: एको देव: सर्वभूतेषु गूढ' अर्थात् आत्मा जानेपछि यो आत्माको कार्यकारणता रहँदैन, एउटै देव सबै अस्तित्वमा छिपेका छन् (*श्वेताश्वतरोपनिषद्* ६।११) । 'असङ्गो ह्ययं पुरुष' अर्थात् यो पुरुष असङ्ग नै छन् (*बृहदारण्यकोपनिषद्* ४।३।१५) ।

विष्णुपुराण १।१७।८४, १।१७।९० र १।१८।३७ मा भनिएको छ– 'यो सम्पूर्ण जगत् सर्वभूत विष्णुको नै विस्तार हो, अत: विचक्षण पुरुषले यसलाई आत्माका समान अभेदरूपले हेर्नुपर्दछ; 'हे दैत्यगण ! तिमीहरू सर्वत्र समतामा पुग किनभने समता नै श्रीअच्युतको आराधना हो' र 'हे तात ! सर्वभूतमय विश्वरूप परमात्मा जगदीश्वर श्रीगोविन्दमा शत्रुमित्रको कुरा कहाँ हुन्छ र ?'

'तत्त्वमसि' अर्थात् तिमी त्यही हौ (*छान्दोग्योपनिषद्* ६।८) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: M

'अहं ब्रह्मास्मि' अर्थात् म ब्रह्म हुँ (*बृहदारण्यकोपनिषद्* १।४।१०)। 'इदं सर्वं यदयमात्मा' अर्थात् यो जे छ सबै आत्मा हो (*बृहदारण्यकोपनिषद्* २।४।६)। 'अयमात्मा ब्रह्म' अर्थात् यो आत्मा ब्रह्म हो (*बृहदारण्यकोपनिषद्* २।५।१९)। 'तरति शोकमात्मविद्' अर्थात् आत्मज्ञानीले शोकबाट पार पाउँदछ (*छान्दोग्योपनिषद्* ७।१।३) 'तत्र को मोह: क: शोक एकत्वमनुश्यत' अर्थात् एकत्व देख्नेलाई के को मोह के को शोक (*ईशवास्योनिषद्* ७) इत्यादि श्रुति, स्मृति, इतिहास, *पुराण* एवं लौकिक कुराबाट बुझिन्छ।

सिद्ध भएको अर्थमा पनि वेदको प्रमाण मान्नुपर्दछ किनभने श्रेष्ठ पुरुषहरूको यस्तो भनाई छ– (प्रभाकर मतको खण्डन गरेर र शास्त्रीय विधानबारेमा नहुष-उपाख्यानलाई उद्धृत गरेर श्रीशङ्करले अरू छलफलको प्रसङ्ग दिनुभएको छ, बढी विस्तार होला भनी ती प्रसङ्ग यहाँ दिइएनन्।)

सहस्रनामजपअनुरूप मानस स्नानबारे *महाभारत*मा बताइएको छ– 'जसमा देवता र वेद पूर्ण एकतामा प्राप्त भए। त्यस परम पवित्र मानसतीर्थ गएर त्यहाँ स्नान गरेर अमर होस्।' 'जो मनुष्य मानसतीर्थमा ज्ञानसरोवरभित्र रागद्वेषरूप मल हटाउने ध्यानरूप जलमा स्नान गर्दछ– त्यसले परम गति पाउँदछ।' 'सरस्वती रजोमयी, यमुना तमोमयी र गङ्गा सत्त्वस्वरूपा छन्, अत: यी निर्गुण ब्रह्मसम्म पुग्दैनन्।' 'आत्मा नदी हो, त्यो संयमरूप जलले भरिएको छ, सत्य त्यसको जलाशय हो, शील तट हो र दया तरङ्ग हो, हे पाण्डुपुत्र ! त्यहाँ स्नान गर। जलबाट अन्त:करण शुद्ध हुनसक्तैन। स्मृतिको भनाई छ– 'श्रीविष्णुको चिन्तन मानसिक स्नान हो।' 'ब्राह्मणले कुनै कर्म गरोस् अथवा नगरोस् केवल जपबाट नै शुद्ध हुन्छ। यसमा संशय छैन, त्यसैले ब्राह्मण मैत्र (सबको मित्र) भनिन्छन्, (*मनुस्मृति* २।८७)। 'जप सम्पूर्ण धर्ममा श्रेष्ठ भनिन्छ किनभने जप यज्ञ प्राणी-हिंसाविना नै सम्पन्न हुन्छ।' 'यज्ञानां जपयज्ञोऽस्मि' अर्थात् यज्ञमा म जपयज्ञ हुँ' (*गीता* १०।२४)। 'अपवित्र: पवित्रो वा सर्वावस्थां गतोऽपि वा। य: स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तर: शुचि:' अर्थात् अपवित्र होस् अथवा पवित्र होस्, सबै अवस्थामा रहेको भए पनि जो श्रीकमलनयन भगवानको स्मरण गर्दछ त्यो बाहिर र भित्र पनि पवित्र हुन्छ (*पद्मपुराण* ९।८०।१२)। यसरी जपयज्ञको महत्त्व उल्लेख गरिएको छ।

जुन एक देवताको स्तुति गरियो– उनको लक्षण भनिन्छ–

यत: सर्वाणि भूतानि भवन्त्यादि युगागमे।
यस्मिंश्च प्रलयं यान्ति पुनरेव युगक्षये ॥११॥

सत्ययुग आउँदा कल्पको आदिमा जसबाट सम्पूर्ण अस्तित्व उत्पन्न हुन्छ र फेरि युगको क्षय महाप्रलय हुँदा जसमा विलीन अर्थात् नाश हुनजान्छ। (यहाँ 'एव' भन्नाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

). In Public Domain. Digitization by eGangotri.Funding: N

अवधारण अर्थात् 'अर्कामा होइन' भन्ने अर्थमा प्रयोग भएको छ र शब्दको प्रयोगले सृष्टि र संहारका बीचमा पनि जसमा स्थिर रहन्छ भन्ने कुराको अर्थ गरिएको छ)। श्रुतिमा *तैत्तिरीयोपनिषद्* ३।१ मा भनिएको छ– 'यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति यत् प्रयन्त्यभिसंविशन्ति' अर्थात् जसबाट यी अस्तित्वहरू उत्पन्न हुन्छन्, उत्पन्न भएका जीवित रहन्छन् र फेरि मरेर जसमा प्रवेश हुन्छन्।

तस्य लोकप्रधानस्य जगन्नाथस्य भूपते।
विष्णोर्नामसहस्रं मे श्रृणु पापभयापहम् ॥१२॥

हे पृथिवीपति ! यस्तो लक्षणद्वारा बताइएका ती देव जो लोक प्रधान लोकन (प्रतीति) का कारणरूप विद्यास्थानहरूबाट प्रतिपादित जगन्नाथ संसारका स्वामी अर्थात् मायाशवल र निर्लेप परमात्मा तथा विष्णु व्यापनशील छन्, तिनको सहस्रनाम जो अशुभ कर्म जनित पाप र संसाररूप भयलाई हटाउँदछन् ती नामहरू मबाट सुन अर्थात् एकाग्र मनले अवधारण गर। *(विष्णुधर्मोत्तरपुराण)* 'हे द्विजश्रेष्ठ ! यौटै समस्त ब्रह्मका नामहरूका लोकोपकारक विस्तार सुन, हे द्विजोत्तम ! ती नामका अलग-अलग भेद गर्नमा तिनका निमित्त शक्ति नै कारण छन् र त्यसैले तिनको उच्चारणबाट फल पनि भिन्न-भिन्न नै सिद्ध हुन्छन्, हे पुरुषसिंह ! परमात्माका जो नाम जस्तो शक्ति भएको छ, त्यो त्यही सौम्य वा क्रूर वस्तुको साधक हो। यी वचनबाट यद्यपि परब्रह्ममा शब्दप्रवृत्तिका हेतुभूत, षष्ठी, गुण, क्रिया, जाति र रुढी यी निमित्त शक्तिहरू हुनु असम्भव छ, तथापि सर्वात्मक हुनाका कारण सगुण एवं सविकार ब्रह्ममा ती शब्द प्रवृत्तिका हेतुहरूका सम्भावना हुनाले सम्पूर्ण परमपुरुष परमात्मामा लाग्दछन्। त्यहाँ–

यानि नामनि गौणानि विख्यातानि महात्मनः।
ऋषिभिः परिगीतानि तानि वक्ष्यामि भूतये ॥१३॥

जो नाम गौण-गुणसम्बन्धी-गुणका कारणप्रवृत्त छन् र तिनमा पनि जो विख्यात र प्रसिद्ध छन् तथा मन्त्र एवं मन्त्राद्रष्टाद्वारा परिगीत अर्थात् सर्वत्र भगवत्कथाहरूमा गाइएका छन्, ती महान् आत्मा- अचिन्त्य प्रभाव देवका ती समस्त नामहरूलाई पुरुषार्थ चतुष्टयको चाहना गर्नेहरूको भूति अर्थात् पुरुषार्थ सिद्धिका लागि वर्णन गर्दछु।

लिङ्गपुराण १।७०।९६ अनुसार 'यी पुरुष (सुषुप्तिमा ब्रह्म भाव) प्राप्त हुन्छन्, (स्वप्नमा विना इन्द्रियका विषयहरू) ग्रहण गर्दछन् र (जागृतिमा) यहाँ विषयभोग गर्दछन् तथा निरन्तर वर्तमान रहन्छन्– त्यसैलाई आत्मा भनिन्छ।' यो वाक्यबाट यी देव नै महात्मा हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

अथ सहस्रनाम

यी सहस्रनाममा आएका आदित्य आदि शब्दका अर्थान्तरमा प्रसिद्ध सूर्य आदि अर्थ पनि भगवान्का नै विभूति हुनाले उहाँसित तिनीहरूको अभेद सम्बन्ध छ। त्यसैले ती शब्दका प्रसिद्ध अर्थ ग्रहण गर्दा पनि भगवान्को नै स्तुति हुन्छ। जस्तो कि भनिएको छ–

'भूतात्मा, इन्द्रियात्मा, प्रधानात्मा, आत्मा र परमात्मा– यी सबै हजुर नै हुनुहुन्छ, हजुर एउटै नै यी पाँच रूपमा स्थित हुनुहुन्छ।' (*विष्णुपुराण* ५।१८।५०)। 'नक्षत्रगण विष्णु हुन्, भुवन विष्णु हुन् तथा वन, पर्वत, नदी र दिशाहरू पनि विष्णु नै हुन्, हे विप्रवर्य, जे छ र जे छैन त्यो सबै नै एक मात्र उहाँ हुनुहुन्छ।' (*विष्णुपुराण* २।१२।३८)।

'आदित्यानामहं विष्णु, अर्थात् आदित्यहरूमा म विष्णु हुँ (*गीता* १०।२१)। यहाँदेखि अथवा 'वहुनैतेन किं ज्ञातेन तवार्जुन। विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् अर्थात्'हे अर्जुन ! यी सबै धेरै जानेर के ? म आफ्ना एक अंशले यो सम्पूर्ण जगत्लाई व्याप्त गरेर रहेको छु (*गीता* १०।४२) पर्यन्त यही कुरा छ।

श्रुतिमा पनि 'ब्रह्मैवेदं विश्वमिदं वरिष्ठम्' अर्थात् यो सम्पूर्ण विश्व परमोत्कृष्ट ब्रह्म नै हो (*मुण्डकोपनिषद्* २।२।११) र 'पुरुष एवेदं विश्वम्' अर्थात् यो विश्व पुरुष नै हो। (*मुण्डकोपनिषद्* २।१।१०) मा भनिएको छ। विष्णु आदि शब्दको पुनरुक्ति हुँदा पनि वृत्तिका भेदले अर्थको भेद हुनाका कारण तिनमा पुनरुक्ति दोष रहँदैन र 'श्रीपति' 'माधव' आदि शब्दका वृत्ति एक हुँदा पनि शब्दभेद हुनाले तिनको पुनरुक्ति दोष हुँदैन। अर्थको एकता हुँदा पनि यहाँ पुनरुक्ति दोष हुदैन। किनभने यी सहस्रनाम- 'एक देव को हुन्' भनी सोधिँदा एक देवताविषयक उत्तरमा आएका हुन्। जहाँ पुलिङ्ग शब्द प्रयोग छ त्यहाँ विष्णु, स्त्रीलिङ्ग शब्द प्रयोगमा देवता र नपुंसकलिङ्ग प्रयोगमा ब्रह्मको विशेषण भएको छ।

'यतः सर्वाणि भूतानि' (*विष्णुसहस्रनाम* ११) देखि लिएर संसारको उत्पत्ति, स्थिति र लयका कारणरूप ब्रह्मलाई नै एक देवता रूपबाट भनिएकाले (निरुपाधिक र सोपाधिक) दुवै प्रकारका ब्रह्म पहिलो 'विश्व' शब्दले बताइन्छन्।

ॐ विश्वं विष्णुर्वषट्कारो भूतभव्यभवत्प्रभुः।
भूतकृद्भृतभृद्भावो भूतात्मा भूतभावनः ॥१४॥

विश्व अर्थात् जगत्का कारण भएकाले ब्रह्मलाई 'विश्वम्' भनिन्छ, पहिले यहाँ कार्यभूत विरञ्चि आदि नामहरूबाट पनि श्रीविष्णुको स्तुति उत्पन्न हुनसक्तछ भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

). In Public Domain. Digitization by eGangotri.Funding: N

कुरा देखाउन 'विश्वम्' यो कार्य शब्दले कारण (ब्रह्म) को ग्रहण गरिएको छ। अथवा यो विश्व वास्तवमा परम-पुरुष परमात्माभन्दा भिन्न छैन, त्यसैले ब्रह्मलाई 'विश्वम्' भनिएको हो। 'ब्रह्मैवेदं विश्वमिदं वरिष्ठम्' अर्थात् यो विश्व परमोत्कृष्ट ब्रह्म नै हो (मु.उ. २।२।११) र 'पुरुष एवेदं विश्वम्' अर्थात् यो सबै पुरुष नै हो' (मु.उ. २।१।१०) इत्यादि श्रुतिबाट पनि वास्तवमा ब्रह्मभन्दा अतिरिक्त अरू केही पनि सत्य छैन। अथवा प्रवेश गर्दछ– अतः ब्रह्म विश्व हो, जस्तो कि भनिएको छ– 'तत् सृष्ट्वा तदेवानु प्राविशत्' अर्थात् त्यसलाई सृष्टि गरेर त्यसैमा प्रविष्ट भयो। (*तैत्तिरीयोपनिषद्* २।६)। अनि संहारका वेला सबै अस्तित्व यसमा प्रवेश गर्दछन्। अतः ब्रह्म नै विश्व हो– 'यत् प्रयन्त्यभिसंविशन्ति' अर्थात् जसमा मरेर प्रविष्ट हुन्छन् (*तैत्तिरीयोपनिषद्* ३।१)। यसरी त्यो कार्यरूप समस्त जगत्मा प्रविष्ट छ र समस्त जगत् उसमा प्रवेश गर्दछ– अतः दुवै प्रकारले ब्रह्म विश्वम् हो।

कठोपनिषद् १।२।१४ 'धर्मबाट अलग छ र अधर्मबाट पनि अलग छ' भनी थालेर *कठोपनिषद्* १।२।१५ एवं १।२।१६ मा यस्तो भनिएको छ– 'सबै वेद जुन पदको प्रतिपादन गर्दछन् तथा सबै तपले जसलाई प्राप्त गराउँदछन्, जसको इच्छाले ब्रह्मचर्यको आचरण गर्दछन्– त्यस पदलाई म तिमिसित वर्णन गर्दछु, त्यो 'ॐ यत्ति नै हो।' 'यो अक्षर नै ब्रह्म हो, यो अक्षर नै परमश्रेष्ठ छ, यस अक्षरलाई जानेर जसले जुन वस्तुको इच्छा गर्दछ त्यसलाई त्यो प्राप्त हुन्छ।'

*प्रश्नोपनिषद्*मा पनि 'हे सत्यकाम ! यो 'ॐकार' नै पर एवं अपर ब्रह्म' (*प्र.उ.* ५।२) हो भन्दै भनिएको छ– 'ॐ' यो तीन मात्रा भएको अक्षरबाट परमपुरुषको जो ध्यान गर्दछ (त्यो मुक्त हुन्छ)' (प्र.उ. ५।५)। यजुर्वेदीय आरण्यकमा पनि भनिएको छ– 'ओमितीदं सर्वम्' अर्थात् ॐ यही नै सबथोक हो।

छान्दोग्योपनिषद् २।२३।३ मा भनिएको छ– 'जसरी सबै पात शङ्कुले (पातका नसा) व्याप्त छन्, त्यसरी नै ॐकारले सम्पूर्ण वाणी व्याप्त छ, यो सबैथोक ॐकार नै हो। *माण्डूक्योपनिषद्*मा पनि 'ॐ यो अक्षर नै सबैथोक हो' यसरी थालेर (*मा.उ.* १) 'प्रणव नै अपर ब्रह्म हो र प्रणव नै परब्रह्म भनिन्छ, त्यो अपूर्व अनन्तर एवं अबाह्य (उसको पूर्व, पछिल्लो र बाहेक नभएको) हो र उसको कुनै पनि कार्य पनि छैन, त्यो प्रणव अव्यय हो।' 'प्रणव नै सबको आदि, मध्य र अन्त हो, प्रणवलाई यस्तो जानेर त्यसपछि उसैमा प्राप्त हुन्छ।' 'प्रणवलाई नै सबैका हृदयमा रहेको ईश्वर जान, सर्वव्यापक ॐकारलाई जानेपछि धीर पुरुष शोक गर्दैन।' 'जसले मात्राहीन एवं अनन्त मात्रायुक्त द्वैतशून्य कल्याणस्वरूप ॐकारलाई जान्यो, त्यही मुनि हो र अरू कोही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

होइन' (*माण्डूक्यकारिका* १।२६-२९)। 'त्यो ॐ नै ब्रह्म हो' इत्यादि श्रुति कथन छ। 'जो ॐ अर्थात् यस एकाक्षर ब्रह्मलाई उच्चारण गरेर मलाई स्मरण गर्दै शरीर त्यागदछ, त्यो परम गतिमा प्राप्त हुन्छ' (*गीता* ८।१३)। जुन अक्षर (ॐ) लाई वेद जान्नेहरू बखान गर्दछन्, जसमा विरक्त यतिजन प्रवेश गर्दछन् र जसलाई प्राप्त गर्ने इच्छाले ब्रह्मचर्यको आचरण गर्दछन्, त्यो पद तिमिलाई सङ्क्षेपमा बताउँदछु' (*गीता* ८।११)।

'हे कुन्तीपुत्र! जलमा म रस हुँ, चन्द्र एवं सूर्यमा प्रकाश हुँ, समस्त वेदमा प्रणव हुँ, आकाशमा शब्द हुँ र पुरुषहरूमा पुरुषत्व हुँ' (*गीता* ७।८)। 'म महर्षिहरूमा भृगु हुँ, वाणीमा एक अक्षर (ॐ) हुँ, यज्ञमा जपयज्ञ हुँ र स्थावरहरूमा हिमालय हुँ' (*गीता* १०।२५)।

'तीन अक्षर भएको ब्रह्म (ॐकार) आदिमा छ, जसमा वेदत्रयी स्थित छन्, एकाक्षर ॐकार नै परब्रह्म हो र प्राणायाम नै परम तप हो' (*अत्रिस्मृति* १।११)। 'तीनै वेद प्रणवबाट आरम्भ हुन्छन् र प्रणवमा नै समाप्त हुन्छन्, सम्पूर्ण वाणी मात्र प्रणवरूप हो, त्यसैले प्रणवको अभ्यास गरियोस्' (*अत्रिस्मृति* १।९)। इत्यादि स्मृतिहरूबाट पनि 'विश्व शब्दले ॐकारको नै निरूपण गरिएको छ, वाच्य एवं वाचकको आत्यान्तिक भेद नहुने भएकाले विश्व अर्थात् ॐकार नै ब्रह्म हो भन्ने अर्थ हुन्छ।

'सर्वं खल्विदं ब्रह्म तज्जलानिति शान्त उपासीत' अर्थात् यो सबै निःसन्देह ब्रह्म नै हो किनभने उसैमा उत्पन्न, लीन र चेष्टा गर्दछ। यसरी शान्तभावले उपासना गरियोस् (*छान्दोग्योपनिषद* ३।१४।१)।

विश्वलाई शान्त भएर समत्वका साथ ब्रह्मभावले हेर्न *विष्णुधर्म* ३।२५५।४४, *गीता* ६।१२, *महाभारत* वनपर्व १४७८-९, *विष्णुपुराण* १।१७।८२-८५, *विष्णुपुराण* १।१७।९९, *विष्णुपुराण* १।१९।४-९ *विष्णुपुराण* १।१९।३५-३७, *विष्णुपुराण* १।१९।४५-४९ र *गीता* ७।१९ मा उपदेश गरिएको छ। अथवा हिंसा आदिले रहित भएर विश्वमात्रको स्तुति र नमस्कार आदि गर्नुपर्दछ। यो कुरा देखाउन ब्रह्म 'विश्व' शब्दले बताइएका छन्।

विष्णुपुराण ३।७।२०,३।७।२४-२५,३।७।३२ र *गीता* ११।५५ तथा *विष्णुपुराण* ३।७।२६ इत्यादिका वचनहरूबाट वैष्णवका लक्षण बताइएका हुनाले विष्णुभक्तले हिंसादि दोषहरूबाट टाढा रहेर श्रीविष्णुका स्तुति, नमस्कार आदि गर्नुपर्ने कुरा सिद्ध हुन्छ।

श्रद्धापूर्वक नमस्कार आदि गर्नुपर्दछ भनी श्रुति, स्मृतिमा विधान गरिएको छ– जस्तै 'श्रद्धया देयमश्रद्धयामदेयम्, अर्थात् श्रद्धापूर्वक दिनुपर्दछ' अर्थात् अश्रद्धाले होइन' (*तैत्तिरीयोपनिषद्* १।११।३)। 'श्रद्धयाग्निः समिद्ध्यते' अर्थात् श्रद्धाले अग्नि प्रज्वलित गरिन्छ। श्रुतिको कथन छ। स्मृतिहरूमा *महाभारत* शान्तिपर्व २६४।१३,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

). In Public Domain. Digitization by eGangotri.Funding: N

विष्णुसहस्रनाम ।१३२ । *हरिवंश* ३।७२।३७-३९ *गीता* १७।२८ मा यही कुरा भनिएको छ ।

'ॐ तत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृत' अर्थात् ॐ तत्सत् यो ब्रह्मको तीन प्रकारको नाम वताइएको छ । यो श्रीकृष्णवचनवाट (*गीता* १७।२३) स्तुति र नमस्कार आदि कर्म यदि असात्त्विक एवं गुणहीन भए पनि ब्रह्मका यी तीन नामको श्रद्धापूर्वक प्रयोग गर्नाले गुणयुक्त एवं सात्विक हुन्छन् ।

यी पूजा, स्तुति र नमस्कारादि श्रीविष्णुलाई आत्मरूपले चिन्तन गरी गर्नुपर्दछ, यो कुरा *महाभारत* कर्मकाण्डमा, *विष्णुधर्म*मा, *गीता* ६।३१ मा तथा *विष्णुपुराण*मा उल्लेख गरिएको छ । श्रीवासुदेवको निन्दा भएको स्थानमा वास वस्नु हुँदैन । *श्वेताश्वतरोपनिषद्* ६।२३, *विष्णुधर्म* ६।८।१९-२१, *पद्मपुराण* ६।८०।१६१ र *महाभारत* शान्तिपर्व ४७।९१ मा उल्लेखित वचनहरूवाट श्रद्धाभक्तियुक्त भएर गरिने नाम सङ्कीर्तनको महिमा स्पष्ट हुन्छ। स्मरण एवं ध्यान पनि श्रुतिले वताएअनुसार नामसङ्कीर्तन अन्तर्गत नै रहेको सिद्ध हुन्छ ।

*विष्णुपुराण*को अन्तमा महर्षि पराशरको उपसंहार गर्दाको भनाई–

'यस्मिन्न्यस्तमतिर्न याति नरकं स्वर्गोऽपि यच्चिन्तने
विघ्नो यत्र निवेशितात्ममनसो ब्राह्मोऽपि लोकोऽल्पकः ।
मुक्तिं चेतसि यः स्थितोऽमलधियां पुंसां ददात्यव्ययः
किं चित्रं यदघं प्रयाति विलयं तत्राच्युते कीर्तिते ॥

जसमा दत्तचित्त भएको पुरुष नरकगामी त हुँदैहुँदैन, स्वर्ग पनि जसका चिन्तनमा विघ्नरूप छ तथा जसमा चित्त लगाएको मनुष्यका लागि ब्रह्मलोक पनि तुच्छ हुन्छ र जो अविनाशी प्रभु शुद्ध चित्त भएका पुरुषका अन्तःकरणमा रहेर तिनलाई मोक्ष प्रदान गर्दछन् ती श्रीअच्युतको कीर्तन गर्नाले यदि पाप नष्ट हुन्छन् भने यसमा आश्चर्य के छ ?

महाभारतको अन्तमा महर्षि व्यासको उपसंहार गर्दाको भनाई– 'आलोकच सर्वशास्त्राणि विचार्य च पुनः पुनः । इदमेकं सुनिष्पन्नं ध्येयो नारायणः सदा ।, अर्थात्

समस्त शास्त्र मन्थन गरेर तिनमा वरावर विचार गर्दा सदा श्रीनारायणको ध्यान गर्नुपर्दछ भन्ने एउटै कुरा मात्र सिद्ध हुन्छ ।

*हरिवंश*मा (३।८९।९) कैलासयात्राका प्रसङ्गमा भगवान् श्रीशिवले पनि भन्नुभएको छ–

'हरिरेकः सदाध्येयो भवद्भिः सत्त्वसंस्थितैः ।
ओमित्येवं सदा विप्राः पठत ध्यात केशवम् ॥'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सत्त्वगुणमा रहेर निरन्तर एक श्रीहरिको नै ध्यान तपाईंहरूले गर्नुपर्दछ, हे विप्रगण ! 'ॐ' को सदा जप र श्रीकेशवको सदा ध्यान गर्नुहोस् ।' यी सबै कथनका अभिप्रायबाट नै 'एष मे सर्वधर्माणां धर्मोधिकतमो मत' अर्थात् सवै धर्ममा यो धर्म नै मलाई अधिक मान्य छ भनी अधिकता बताइएको छ । यसैगरी 'किमेकं दैवतं' अर्थात् लोकमा एक देव को हो ? भन्नेदेखि लिएर 'किं जपन्मुच्यते जन्तु' अर्थात् जीव कसको जप गर्नाले मुक्त हुन्छ सम्मका ६ प्रश्नका उत्तरमा 'यत सर्वाणि' अर्थात् जसबाट सबै अस्तित्व उत्पन्न भए यी प्रश्नोत्तरद्वारा जो ब्रह्म बताइए ती 'विश्व' शब्दले भनिए– यस्तो व्याख्या गरियो ।

अब 'त्यो विश्व को हो ?' यस्तो जिज्ञासामा बताइन्छ– 'श्री विष्णु' *ऋग्वेदमा* पनि 'तमु स्तोतार:पूर्व्यं यथाविद ऋतस्य गर्भं जनुषा पिपर्तन । आस्य जानन्तो नाम चिद्विवक्तन महस्ते विष्णो सुमतिं भजामहे' अर्थात् 'हे स्तुतिकर्ताहरू ! सत्यका सारभूत ती पुराणपुरुषलाई नै यथार्थ जानेर जन्मको समाप्ति गर, यी श्रीविष्णुका नामहरूलाई जान्दै तिनको उच्चारण पनि गर्दै रहू, अरू तिनको जय गरून् अथवा नगरून् परन्तु हामी त हे श्रीविष्णु ! हजूरको सुन्दर तेज एवं सुमतिलाई भज्दछौँ ।' श्रुतिको यो अभिप्राय हो । श्रुतिबाट सम्यक् ज्ञानको प्राप्तिका लागि श्रीविष्णुका नाम सङ्कीर्तनको विधान गरिएको छ ।

वेवेष्टि अर्थात् जो व्याप्त हुन्छ उसको नाम विष्णु हो, (व्याप्ति अर्थको वाचक नुक् प्रत्ययान्त 'विष्' धातुको रूप 'विष्णु' बन्दछ– यसको अर्थ 'देशकालवस्तुरूप त्रिविध परिच्छेदरहित' हो ।

यस विषयमा भनिएको छ–

'हे पार्थ ! आकाश मबाट व्याप्त छन् र मेरो विस्तार पनि धेरै छ, हे पार्थ यसै विस्तारका कारण म विष्णु भनिन्छु' (*महाभारतशान्ति पर्व* ३४१।४२-४३) 'जे पनि संसारमा देखिन्छ वा सुनिन्छ– सबै थोकलाई बाहिर र भित्रबाट व्याप्त गरेर श्रीनारायण रहनुभएको छ' (*बृहन्नारायणोपनिषद्* १३।१।२) । 'सबै अस्तित्वमा रहेका, एक, एकाकार, कारकरूप, शोकमोहादिरहित, परब्रह्म श्रीनारायण श्रीविष्णुको ध्यान गर्नाले दु:ख पाइँदैन ।' (*आत्मबोधोपनिषद्* १) अथवा नुक् प्रत्यायान्त 'विश' धातुको रूप 'विष्णु' हो जस्तो कि 'ती महात्माको शक्ति यस सम्पूर्ण विश्वमा प्रवेश भएको छ, त्यसै हुनाले ती श्रीविष्णु भनिन्छन् किनभने 'विश्' धातुको अर्थ प्रवेश गर्नु हो । (*विष्णुपुराण* ३।१।४५) ।

जसको उद्देश्यबाट यज्ञमा 'वषट्' गरिन्छ, तिनलाई 'वषट्कार' भन्दछन्, अथवा 'यज्ञो वै विष्णु' अर्थात् यज्ञ नै विष्णु हुन् (*तैत्तिरीय संहिता* १।७।४) । यस श्रुतिअनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

). In Public Domain. Digitization by eGangotri.Funding: N

जुन यज्ञमा वषट् क्रिया हुन्छ, त्यो यज्ञ वषट्कार हो । अथवा जुन वषट्कारादि मन्त्ररूपबाट देवताहरूलाई प्रसन्न गरिन्छ, त्यो वषट्कार हो । अथवा 'प्रजापतिश्च वषट्कारश्च, यस श्रुतिको तथा-

चतुर्भिश्च चतुर्भिश्च द्वाभ्यां पञ्चभिरेव च ।
हूयते च पुनर्द्वाभ्यां स मे विष्णुः प्रसीदतु ॥

अर्थात् चार (ओश्रावय), चार (अस्तु श्रौषट्), दुई (यज), पाँच (ये यजामहे) र दुई (वषट्) अक्षर भएका मन्त्रहरूबाट जसको यजन गरिन्छ, ती श्रीविष्णु मउपर प्रसन्न होऊन् । यस स्मृतिका अनुसारका देव नै वषट्कार हुन् ।

भूत, भव्य (भविष्यत्) र भवत् (वर्तमान) इनको नाम भूतभव्यभवत् हो । ती देवताका सन्मात्र प्रतियोगिक ऐश्वर्य (जो ऐश्वर्य केवल सत्तामात्र नै हो) । काल भेदलाई उपेक्षा गरेर रहन्छ, अतः ती 'प्रभु' हुन् । रजोगुणको आश्रय लिएर यी ब्रह्मारूपले भूत-अस्तित्वको रचना गर्दछन्, अतः भूतकृत् हुन् । तमोगुणलाई लिएर रुद्ररूपले अस्तित्वलाई काट्दछन् अर्थात् तिनको हिंसा गर्दछन्, अतः भूतकृत् हुन् ।

सत्त्वगुणका आश्रयबाट अस्तित्वलाई भरण, पालन, धारण अथवा पोषण गर्दछन्, अतः भूतभृत् हुन् ।

प्रपञ्चरूपबाट उत्पन्न हुन्छन् अथवा केवल हुन्छन् नै, अतः भाव हुन्, उत्पन्न हुनुको नाम भाव हो अथवा सत्ता मात्रलाई पनि भाव भनिन्छ । 'एष त आत्मान्तर्याम्यमृत' अर्थात् 'यो तिम्रो आत्मा अन्तर्यामी एवं अमर छ (*बृहदारण्यकोपनिषद्* ३।७।३) यस श्रुतिअनुसार भूतहरूका आत्मा अर्थात् अन्तर्यामी भएकाले भूतात्मा हुन् ।

भूतहरूको अस्तित्वको भावना गर्दछन् अथवा उनको उत्पत्ति वा वृद्धि गर्दछन्, अतः भूतभावन हुन् ।

पूतात्मा परमात्मा च मुक्तानां परमा गतिः ।
अव्ययः पुरुषः साक्षी क्षेत्रज्ञोऽक्षर एव च ॥१५॥

भूतकृत् आदि नाम अघि बताइएकाले भगवान्मा ती गुणको अधीनता रहेको छ कि भन्ने दोष हटाउन अब पूतात्मा अर्थात् पवित्रस्वरूप भनेर त्यो दोषलाई प्रतिषेध गरिन्छ । पवित्र आत्मा जसको छ– बहुव्रीही समास वा 'पवित्र र आत्मा पनि' कर्मधारय समास पनि हुन सक्तछ । 'केवलो निर्गुणश्च' अर्थात् ती केवल र निर्गुण छन् (*श्वेताश्वतरोपनिषद्* ६।११) । यस श्रुतिबाट पनि यही कुरा सिद्ध हुन्छ । पुरुषको गुणसितको सम्बन्ध स्वैच्छिक मानिन्छ ।

जो परम श्रेष्ठ छ र आत्मा पनि हो– परमात्मा जो कार्यकारणभन्दा भिन्न र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

नित्य शुद्ध-बुद्ध मुक्त स्वभावका छन् ।

मुक्त पुरुषहरूका जो परम गति, सर्वश्रेष्ठ गति अर्थात् गन्तव्य देव- 'मुक्तानां परमागतिः' अर्थात् मुक्तहरूका परम गति भनिन्छन् किनभने त्यहाँ पुगेकाले फेरि फर्कनुपर्दैन, 'मामुपेत्य तु कौन्तेय 'पुनर्जन्म न विद्यते' अर्थात् हे कौन्तेय ! ममा प्राप्त भएपछि फेरि पुनर्जन्म हुँदैन, (*गीता* ८।१६) भन्ने श्रीभगवान्को वचन छ ।

जो बित्दैन अर्थात् जसको व्यय-विनाश वा विकार हुँदैन ती अव्यय हुन् 'अजरोऽमरोऽव्ययः' अर्थात् अजर छ, अमर छ र ऊ अव्यय छ श्रुतिको यो कथन छ ।

पुर-शरीर हो र त्यसमा शयन गर्नेलाई पुरुष भनिन्छ– 'ती महात्मा यी पूर्वोक्त भावले युक्त नौ द्वार भएको पवित्र पुरलाई व्याप्त गरेर शयन गर्दछन् । त्यसैले उहाँ पुरुष भनिनुहुन्छ' (*महाभारत, शान्ति* २१०।३७) । अथवा, 'अस्' धातुका अक्षरहरूलाई उल्टा गरेर 'पुरा' शब्दका साथ जोडेर पुरा अर्थात् पहिलेदेखि नै 'आसीत्' थिए- यस्तो पदच्छेद मानेर यो 'पुरुष' शब्द सिद्ध हुन्छ, श्रुतिमा भनिएको पनि छ– 'पूर्वमेवाहमिहासमिति तत् पुरुस्य पुरुषत्वम्' अर्थात् म यहाँ पहिले पनि थिएँ, यही त्यस पुरुषको पुरुषत्व हो ।

अथवा पुरुष अर्थात् धेरै उत्कर्षशाली सत्त्वहरूमा (जीवहरू) सीदति रहेको छ, अथवा, धेरै फल सनोति-दिन्छ, अथवा, धेरै भुवनहरूलाई संहारका वेला स्यति अन्त गर्दछ, अथवा, पूर्णत्वका कारण अथवा पूर्ण गर्नाका कारण, अथवा रहनाका कारण ती पुरुष हुन्– 'पुरणात्सदनाच्चैव ततोऽसौ पुरुषोत्तम' अर्थात् पूर्ण गर्नाले अथवा स्थित हुनाले ती पुरुषोत्तम हुन् (पाँचौवेद-*महाभारत* उद्योग. ७०।११) ।

साक्षात् अर्थात् विना कुनै व्यवधान आफ्नै स्वरूप भएको ज्ञानद्वारा सबैथोक देख्ने भएकाले उहाँ साक्षी हुनुहुन्छ (*'साक्षाद्रष्टरि संज्ञायाम्' पा.सू.* ५।२।९१) पाणिनिवचनद्वारा इनिप्रत्यय ।

क्षेत्र-शरीर भनिन्छन्, अतः क्षेत्रज्ञ, ('आतोकनुपसर्गे कः' *पा.सू.* ३।२।३ ले कप्रत्ययः) - 'क्षेत्रज्ञं चापि मां विद्धि' अर्थात् 'क्षेत्रज्ञ पनि मलाई नै जान (*गीता* १३।२) श्रीभगवान्को यस्तो वचन छ– 'शरीरहरू नै क्षेत्र हुन्, शुभाशुभ फल तिनको वीज हुन्, ती योगात्माले तिनीहरूलाई जान्दछन्, त्यसैले ती क्षेत्रज्ञ भनिन्छन्' (*महाभारत* शान्ति. ३५१।६) । जो क्षर अर्थात् क्षीण हुँदैनन् ती अक्षर अर्थात् परमात्मा हुन्, 'अश्' वा 'अशू' धातुका अन्तमा 'सर' प्रत्यय हुँदा 'अक्षर' रूप बन्दछ । 'एव' शब्दले 'तत्त्वमसि- त्यो तिमी नै हौ' (*छान्दोग्योपनिषद्* ६।८) यो श्रुतिअनुसार परमार्थतःक्षेत्रज्ञ र अक्षर अभेद छन् र 'च' शब्दले दुवैको व्यावहारिक भेद पनि देखाइएको हो किनभने प्रसिद्धि प्रामाणिक हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

). In Public Domain. Digitization by eGangotri.Funding: N

योगो योगविदां नेता प्रधानपुरुषेश्वरः ।
नारसिंहवपुः श्रीमान् केशवः पुरुषोत्तमः ॥१६॥

'मनसहित समस्त ज्ञानेन्द्रियहरूलाई रोकेर गरिने क्षेत्रज्ञ एवं परमात्माको एकत्व भावनालाई योग भनिन्छ ।' त्यस योगद्वारा प्राप्य हुनाले परमात्माको नाम पनि योग हो। जो योगलाई वुझ्दछन्, जान्दछन्, विचार गर्दछन् वा प्राप्त गर्दछन् ती योगविद्हरूका नेता– ती ज्ञानीहरूका योगक्षेमादि निर्वाह गर्नाले नेता भएकालाई योगविदां नेता (योगवेत्ताहरूका नेता) भनिन्छ, श्रीभगवान्ले भन्नुभएको छ– 'तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम्' अर्थात् 'म ती नित्ययुक्तहरूको योगक्षेम वहन गर्दछु ।' (*गीता* ९।२२) । प्रधान-प्रकृति-माया र पुरुष जीव ती दुइका स्वामी प्रधान पुरुषेश्वर हुनुहुन्छ। जसमा नर (मनुष्य) र सिंह दुवैको अवयव देखिन्छन् त्यस्तो वपु-शरीर जसको छ' उहाँ नारसिंहवपु हुनुहुन्छ ।

जसका वक्षःस्थलमा सर्वदा 'श्रीवस्दछिन्' उहाँ श्रीमान् हुनुहुन्छ ।

जसको केश सुन्दर छन् उहाँ केशव भनिनुहुन्छ– यहाँ 'केशाद्वोऽन्यतरस्याम्' (*पा.सू.* ५।२।१०९) यो *पाणिनिसूत्र*बाट प्रशंसा अर्थमा 'व'प्रत्यय भएको छ। अथवा, क (ब्रह्मा), अ (विष्णु) र ईश (शिव) - यी तीन मूर्तिहरू नै 'केश' हुन्– यी जसका अधीन छन्, उहाँ भगवान् केशव हुनुहुन्छ। अथवा केशीको वध गर्ने भएकाले केशव हुनुहुन्छ। 'हे जनार्दन ! हजुरका हातबाट यो दुष्टात्मा केशी मारियो, त्यसैले हजुर लोकमा केशव नामले प्रख्यात हुनुहुनेछ' (*विष्णुपुराण* ५।१६।२३ मा श्रीकृष्णप्रति नारदको वचन)। यो शब्द पृषोदरादि गणमा भएकाले यस 'केशव' शब्दको रूपसिद्धि भएको छ । 'पृषोदरादीनि यथोपदिष्टम्' (*पा.सू.* ६।३।१०९) यो पाणिनीसूत्र छ। पृषोदर आदि शब्द शिष्ट पुरुषहरूले व्यवहार गरेअनुसार नै शुद्ध हुन्छन्, महाभाष्यकारका भनाईअनुसार 'जहाँ वर्णका लोप, आगम अथवा विकार सुनिन्छन् तर तिनको शास्त्रीय निरूपण छैन भने ती शब्द पृषोदर शब्द समान भनिन्छन्' अर्थात् पृषोदर-पृषत् टाटेपाटे र उदर-पेट भएको प्राणी, वलाहक– वारिवाहक, जीमुत, श्मशान, उलूखल, पिशाच आदि शब्द यस गणमा पर्दछन्। केशव-केशीको वध गर्ने अर्थमा केशीवधक हुनुपर्दथ्यो तर पृषोदरादि समान भएकाले 'ई'को स्थानमा 'अ' र 'वध' का स्थानमा 'व' कल्पना गरेर 'केशव' रूप सिद्ध गरिएको छ र यसरी अन्य अर्थमा पनि केशव शब्दको प्रयोग शुद्ध छ ।

पुरुषहरूका उत्तमलाई पुरुषोत्तम भनिन्छ– 'म क्षरभन्दा पर र अक्षरभन्दा पनि उत्तम छु, त्यसैले लोक एवं वेदमा पुरुषोत्तम नामले प्रसिद्ध छु' (*गीता* १५।१८) । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

श्रीभगवान्को वचन छ । जाति, गुण एवं क्रियाको अपेक्षाले कसैलाई समुदायबाट पृथक्करण हुँदाखेरी सामर्थ्य नरहेकोले हुने षष्ठी समासको प्रतिषेध– 'न निर्धारणे' (*पा.सू.* २।२।१०) अनुसार हुँदैन, जस्तो कि मनुष्यहरूमा क्षेत्रिय शूरतम, गाईमा काली गाई सम्पन्नक्षीरतमा र घोडामा दौडने शीघ्रतम आदि हुन्थ्यो ।

सर्वः शर्वः शिवः स्थाणुर्भूतादिर्निधिरव्ययः ।
सम्भवो भावनो भर्ता प्रभवः प्रभुरीश्वरः ॥१७॥

महर्षि व्यासका अनुसार 'असत् एवं सत्को उत्पत्ति, स्थिति र प्रलयका स्थान भएका तथा सर्वदा सबैलाई जान्ने भएकाले उहाँलाई सर्व भनिन्छ' (*महाभारत* , उद्योगपर्व ७०।११।

समस्त प्रजालाई शीर्ण– प्रलयकालमा संहार गर्ने वा गराउने भएकाले उहाँ शर्व हो । तीनै गुणबाट रहित भएकाले, शुद्ध हुनाले– 'स ब्रह्मा स शिवः' (*कैवल्योपनिषद्* ८) । यसरी अभेद भएका उहाँ शिवरूपले हरिको नै स्तुति हुन्छ । स्थिर भएकाले उहाँ स्थाणु हुनुहुन्छ ।

भूतहरू अर्थात् अस्तित्वका आदिकारण भएकाले भूतादि हुनुहुन्छ ।

प्रलयकालमा उहाँमा सबै स्थित हुन्छन् त्यसैले उहाँ निधि हुनुहुन्छ– 'कर्मण्यधिकरणे च' (*पा.सू.* ३।३।९३) द्वारा किप्रत्ययः, निधिकै विशेषण हो अव्यय, अविनश्वर निधि भन्ने अर्थ हो ।

आफ्ना इच्छाले समीचीन- राम्ररी उत्पन्न हुने भएकाले उहाँ सम्भव हुनुहुन्छ– 'धर्म संस्थापनार्थाय संभवामि युगेयुगे' अर्थात् धर्म स्थापना गर्न युगयुगमा उत्पन्न हुन्छु (*गीता* ४।८) । तथा 'दुष्टको विनाश र साधुको रक्षा गर्न आफ्ना इच्छाले म गर्भदुःखरहित भएर उत्पन्न हुन्छु ।' सबै भोक्ताहरूका फलहरू उत्पन्न गर्ने भएकाले उहाँ भावन हुनुहुन्छ । सबै फलहरूका दान गर्ने कुरा 'फलमत उपपत्तेः' (*ब्रह्मसूत्र* ३।२।३८) यहाँ प्रतिपादन गरिएको छ ।

अधिष्ठानरूपले प्रपञ्चको भरण गर्नाले उहाँ भर्ता हुनुहुन्छ । समस्त महाभूत उहाँबाट नै राम्ररी उत्पन्न हुन्छन् त्यसैले उहाँ प्रभव अथवा, उहाँको भव अर्थात् जन्म प्रकृष्ट (दिव्य) भएकाले उहाँ प्रभव हुनुहुन्छ । सबै क्रियामा उहाँको सामर्थ्यको आधिक्य भएकाले उहाँ प्रभु हुनुहुन्छ । उहाँको ऐश्वर्य उपाधिरहित छ– अतः उहाँ ईश्वर हुनुहुन्छ– 'एष सर्वेश्वर' अर्थात् उहाँ सर्वेश्वर हो (*माण्डूक्योपनिषद्* ६) भन्ने श्रुति कथन छ ।

स्वयम्भूः शम्भुरादित्यः पुष्कराक्षो महास्वनः ।
अनादिनिधनो धाता विधाता धातुरुत्तमः ॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: N

स्वयं नै हुने भएकाले स्वयम्भू– 'स एव स्वयमुद्‌वभौ' (*मनुस्मृति* १।७), अथवा सबैका माथि वा स्वयं हुने भएकाले स्वयम्भू अथवा जसका माथि वा जो माथि हुने भएकाले दुवै हिसावले हुनाका कारण उहाँ स्वयम्भू हुनुहुन्छ– 'परिभूः स्वयम्भू' अर्थात् 'सबतिर हुने अथवा, स्वयं हुने' (*ईशावास्योपनिषद्* ८) भन्नाले पनि यसको व्याख्या हुन्छ। अथवा स्वयम्भू (परमात्मा) स्वयं स्वतन्त्र हुनुहुन्छ, परतन्त्र होइन त्यसैले उहाँ स्वयम्भू हुनुहुन्छ– 'पराञ्चि खानि व्यतृणत् स्वयम्भू' अर्थात् स्वयम्भू (परमात्माले) इन्द्रियहरूलाई बहिर्मुख बनाएर नष्ट पारे' (*कठोपनिषद्* २।१।१)।

भक्तका लागि शं अर्थात् सुखको भावना उत्पत्ति गर्ने भएकाले उहाँ शम्भु हुनुहुन्छ।

आदित्यमण्डलको अन्तःस्थ हिरण्यमय पुरुष भएकाले अथवा बार आदित्य अर्थात् शक्र, अर्यमा, धाता, त्वष्टा, पूषा, विवस्वान्, सविता, मित्र, वरुण, अंशुमान्, भग र विष्णु-मध्येका श्रीविष्णु भएकाले उहाँ आदित्य हुनुहुन्छ– 'आदित्यानामहं विष्णुः' (*गीता* १०।२१)। अथवा भगवान् श्रीविष्णु अदिति अर्थात् अखण्डिता पृथिवीका पति भएकाले आदित्य हुनुहुन्छ। 'इयं वा अदितिः' अर्थात् यी अदिति हुन् 'महीं देवीं विष्णुपत्नीम्' अर्थात् 'विष्णुपत्नी भगवती पृथिवीलाई' भन्ने कुरा श्रुतिमा छ। अथवा जसरी एकै आदित्य अनेक जलपात्रमा प्रतिविम्बित भएर अनेक जस्तो देखिन्छन्' त्यसरी नै एकै आत्मा अनेक शरीरमा अनेक झैँ देखिने भए जस्तै आदित्यका समताका कारण उहाँ आदित्य भनिनुहुन्छ।

पुष्कर अर्थात् कमलद्वारा उपमा गरिने आँखा भएकाले उहाँ पुष्कराक्ष हुनुहुन्छ।

उहाँको वेदरूप अति महान् स्वर-घोष भएकाले उहाँ महास्वान हुनुहुन्छ– 'अस्य महतो भूतस्य निःश्वसितमेतद् ऋग्वेदो यजुर्वेद' अर्थात् यी महाभूतका ऋग्वेद एवं यजुर्वेद श्वास-प्रश्वास हुन् (*बृहदारण्यकोपनिषद्* २।४।१०), यहाँ 'सन्महत् ...(*पा.सू.* २।१।६१) ले समास 'आन्महतः समानाधिकरणजातीययोः' (*पा.सू.* ६।३।४६) ले आत्व गरेको छ। जसको आदि-जन्म र निधन-विनाश यी दुवै छैनन्। त्यसैले उहाँ अनादिनिधन हुनुहुन्छ।

अनन्त (शेष नाग) आदि रूपले विश्वलाई धारण गरेकाले उहाँ धाता हुनुहुन्छ।

कर्म र तिनका फलहरूलाई सृष्टि गर्ने भएकाले उहाँ विधाता हुनुहुन्छ। अनन्तादिहरूलाई पनि धारण गर्ने अथवा विशेषरूपले सबैलाई धारण गर्ने भएकाले उहाँ धातुरुत्तम हुनुहुन्छ। यो समानाधिकरणरूपले विशेषणसहित एक नाम हो। तात्पर्य के हो भने चित् धातु पृथ्वी आदि समस्त धातुमा (धारण गर्नेहरू) श्रेष्ठ छ। अथवा धाता-ब्रह्माभन्दा पनि श्रेष्ठ भएकाले व्यधिकरणरूपले विशेषणसहित एक नाम हो। अथवा दुइ नाम सम्झिइने हो भने कार्यकारणरूप सम्पूर्ण प्रपञ्चलाई धारण गर्ने भएकाले चेतनलाई नै 'धातु' भनिएको हो र उहाँ समस्त उत्कृष्ट पदार्थमा अत्यन्त श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

हुनाले उत्तम हुनुहुन्छ भनिएको हो ।

अप्रमेयो हृषीकेशः पद्मनाभोऽमरप्रभुः ।
विश्वकर्मा मनुस्त्वष्टा स्थविष्ठः स्थविरो ध्रुवः ॥१९॥

शब्दादिरहित भएकाले श्रीभगवान् प्रत्यक्ष प्रमाणको विषय हुनुहुन्न, व्याप्त लिङ्गको अभाव भएकाले उहाँ अनुमानको पनि विषय होइन, भागरहित भएकाले सादृश्यको पनि अभाव भएका कारण उहाँ उपमानद्वारा सिद्ध हुनुहुन्न, उहाँ विना कुनै अनुपपद्यमान नहुने भएकाले उहाँ अर्थापत्ति प्रमाणका विषय हुनुहुन्न र भावरूप मानिएकाले तथा अभावका पनि साक्षी भएकाले अभावनामक छैटौं प्रमाणद्वारा पनि उहाँ जानिनु हुन्न । त्यस्तै प्रमाणजन्य अतिशयको अभाव भएकाले उहाँ शास्त्र-प्रमाणद्वारा पनि ज्ञातव्य हुनुहुन्न। त्यसो भए उहाँमा शास्त्रयोनित्व कसरी हुन्छ त ? भन्दा के भनिन्छ भने प्रमाणादिको पनि साक्षी भएकाले ती प्रकाशस्वरूप श्रीभगवान् प्रमाणका विषय नहुँदा पनि अध्यस्त जगत्को अनात्मरूपले वाधित गर्नाले शास्त्रप्रमाणित हुनुहुन्छ त्यसैले अथवा साक्षी भएकाले उहाँ अप्रमेय हुनुहुन्छ ।

हृषीक भनेका इन्द्रियहरू हुन् तिनको क्षेत्रज्ञरूप स्वामी अथवा इन्द्रियहरू जसका वशमा छन् ती परमात्मालाई हृषीकेश भनिन्छ । अथवा जुन सूर्यरूप र चन्द्ररूपका भगवान्का जगत्का प्रीतिकारक किरणरूप केश हृष्ट अर्थात् प्रफुल्लित छन्' उहाँ हृषीकेश हुनुहुन्छ। 'सूर्य-रश्मिर्हरिकेशः पुरस्तात्' अर्थात् सूर्यका किरणहरूका अगाडि हरिका केश छन् भन्ने श्रुतिको पनि कथन छ। (यहाँ हृष्ट केशका स्थानमा हृषीकेश शब्द पृषोदरादि गणमा भएकाले रूपसिद्ध छ)। मोक्ष धर्ममा *महाभारत,* शान्ति ३४२।६६-६७ मा भनिएको छ–

'सूर्य एवं चन्द्रमा आफ्ना केश नामका किरणहरूद्वारा संसारलाई जगाउँदै र सुताउँदै ऊभन्दा अलग्गै उदित हुन्छन् ।' 'तिनलाई जगाउनु र सुताउनुले संसारलाई हर्ष हुन्छ, हे पाण्डुनन्दन ! यसरी अग्नि एवं चन्द्रमाले गरेका कर्म गर्नाले लोकभावन वरदायक महेश्वर हृषीकेश भनिनुहुन्छ ।'

जसका नाभिमा जगत्को कारणरूप पद्म रहेको छ, उहाँ श्रीभगवान् पद्मनाभ हुनुहुन्छ– 'अजस्य नाभावध्येकमर्पितम्' अर्थात् अजको नाभिमा एक (पद्म) अर्पित् छ यस्तो श्रुति कथन छ । पृषोदरादि भएकाले पद्म-नाभिको सट्टा पद्मनाभ शब्दको रूपसिद्धि हुन्छ।

अमर देवताहरूका प्रभु भएकाले उहाँ अमरप्रभु हुनुहुन्छ । विश्व अर्थात् समस्त जसको कर्म अर्थात् क्रिया हो, उहाँलाई विश्वकर्मा भनिन्छ। अथवा गरिन्छ भन्नाले जगत् कर्म हो– त्यो विश्वरूप कर्म जसको हो, उहाँलाई विश्वकर्मा भनिन्छ। अथवा विचित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: N

निर्माण शक्तियुक्त भएकाले उहाँ विश्वकर्मा हुनुहुन्छ। अथवा त्वष्टा अर्थात् विश्वकर्मा समान भएकाले उहाँको नाम विश्वकर्मा हो । मनन गर्नाले उहाँ मनु हुनुहुन्छ– 'नान्योऽतोऽस्ति मन्ता' अर्थात् उहाँभन्दा पृथक अरू कोही मननकर्ता छैन (*बृहदारण्यकोपनिषद्* ३।७।२३) अथवा मन्त्र वा प्रजापतिरूप उहाँ मनु हुनुहुन्छ ।

संहारका वेला समस्त अस्तित्वलाई तनु (क्षीण) पार्ने हुनाले उहाँ त्वष्टा हुनुहुन्छ । यहाँ तनूकरण अर्थको त्वक्ष् धातुबाट तृच् प्रत्यय भएको छ ।

अतिशय स्थूल अर्थात् ठूलो भएकाले उहाँ स्थविष्ठ हुनुहुन्छ । पुरानोको नाम स्थविर हो। बह्वृच भन्दछन्– 'त्वेकं ह्यस्य स्थविरस्य नाम' अर्थात् यी स्थविरको एक नाम हो । अथवा आयुवाचक स्थविरसित (वृद्धावस्था) यसको तात्पर्य छ । स्थविरध्रुव विशेषणयुक्त एक नाम हो । स्थिर भएकाले उहाँ ध्रुव हुनुहुन्छ ।

अग्राह्यः शाश्वतःकृष्णो लोहिताक्षः प्रतर्दनः ।
प्रभूतस्त्रिककुब्धाम पवित्रं मङ्गलं परम् ॥२०॥

कर्मेन्द्रियद्वारा ग्रहण गर्न नसकिने भएकाले उहाँ अग्राह्य हुनुहुन्छ– 'यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह' अर्थात् जसलाई प्राप्त नगरेर मनसहित वाणी फर्किन्छिन् (*तैत्तिरीयोपनिषद्* २।९)। शश्वत् अर्थात् सबै कालमा हुने भएकाले उहाँ शाश्वत हुनुहुन्छ– 'शाश्वतं शिवमच्युतम्' अर्थात् शाश्वत शिव र अच्युत हुनुहुन्छ (*ना.उ.* १३।१)।

सच्चिदानन्दस्वरूप भगवान् नै श्रीकृष्ण हुनुहुन्छ– 'कृष्' शब्द सत्ता वाचक हो र 'ण' आनन्दको । श्रीविष्णुमा यी दुवै भाव छन्, अतः उहाँ सर्वदा कृष्ण भनिनुहुन्छ ।' (व्यासवचन) *महाभारत,* उद्योग ७०।५) । अथवा कृष्ण वर्ण हुनाले उहाँ कृष्ण हुनुहुन्छ 'हे पार्थ ! म कालो फलामे हलो भएर पृथिवीलाई जोत्दछु र मेरो वर्ण कृष्ण छ, त्यसैले हे अर्जुन ! म कृष्ण हुँ (*महाभारत* शान्ति ३४२।७९) । जसका लोहित (राता) नेत्र छन् उहाँ लोहिताक्ष भनिनुहुन्छ– 'असावृषभो लोहिताक्ष' अर्थात् ती श्रेष्ठ र राता आँखा भएका छन् (श्रुतिः) । प्रलय कालमा भूत अर्थात् अस्तित्वलाई तर्दना अर्थात् हिंसा गर्ने भएकाले उहाँ प्रतर्दन हुनुहुन्छ । ज्ञान, ऐश्वर्य आदि गुणहरूद्वारा सम्पन्न भएकाले उहाँ प्रभूत हुनुहुन्छ। माथि, तल र बीचको हिसाबले तीनै ककुभका दिशाका धाम, आश्रय भएकाले उहाँ त्रिककुब्धाम हुनुहुन्छ । यो एक नाम हो ।

जसद्वारा पवित्र गरिन्छ अथवा जसले पवित्र गर्दछ, ती ऋषि वा देवताको नाम पवित्र छ । यहाँ 'पुव संज्ञायाम्' *पा. सू.* ३।२।१८५ र 'कर्तरि चर्षिदेवतयोः' *पा.सू.* ३।२।१८६ द्वारा 'पू' धातुबाट इत्र प्रत्यय भएको छ। कल्याणरूप भएकाले श्रीभगवान्को नाम मङ्गल हो– 'जो स्मरण मात्रले पुरुषका अशुभ हटाएर शुभको विस्तार गर्दछन् ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ब्रह्मलाई ज्ञानीहरू मङ्गल सम्झिन्छन्' (*विष्णुपुराण*)। समस्त भूतहरू अर्थात् अस्तित्वभन्दा उत्तम भएकाले ब्रह्म पर हुनुहुन्छ। यसरी 'मङ्गलं परम्' यो विशेषण युक्त एक नाम हो।

ईशानः प्राणदः प्राणो ज्येष्ठः श्रेष्ठः प्रजापतिः ।
हिरण्यगर्भो भूगर्भो माधवो मधुसूदनः ॥२१॥

सर्वभूत-अस्तित्वका नियन्ता भएकाले श्रीभगवान् ईशान हुनुहुन्छ।

प्राणहरूलाई दिनुहुन्छ वा चेष्टा गराउनुहुन्छ, अतः उहाँ प्राणद हुनुहुन्छ। 'कोह्येवान्यत् कः प्राण्यात्' अर्थात् (ईश्वर नभए) कसले अपान वा प्राण क्रिया गराउला (*तैत्तिरीयोपनिषद्* २।७)। अथवा कालरूपले प्राणहरूलाई दलित वा खण्डित गराउने हुनाले उहाँ प्राणद हुनुहुन्छ। अथवा प्राणहरूलाई दीप्त वा शोधन गर्नुहुन्छ अथवा प्राणहरूलाई दिनुहुन्छ, उच्छिन्न अर्थात् नष्ट गर्नुहुन्छ त्यसैले उहाँ प्राणद हुनुहुन्छ।

प्राणन अर्थात् श्वास-प्रश्वास लिनेको नाम प्राण हो। यसरी क्षेत्रज्ञ वा परमात्माको नाम प्राण हो। 'प्राणस्य प्राणम्' अर्थात् उहाँ प्राणका पनि प्राण (*बृहदारण्यकोपनिषद्* ४।४।१८) अथवा उहाँ मुख्य प्राण हुनुहुन्छ।

अधिक वृद्धलाई जेष्ठ भनिन्छ। यहाँ 'ज्यच' *पा.सू.* ५।३।६१ का अधिकारमा 'वृद्धस्य च' *पा. सू.* ५।३।६२ द्वारा वृद्ध शब्दलाई ज्य आदेश भएको छ।

सबभन्दा अधिक प्रशंसनीयको नाम श्रेष्ठ हो। यहाँ 'प्रशस्यस्य श्रः' *पा.सू.* ५।३।६० द्वारा प्रशस्यलाई 'श्र' आदेश भएको छ। अथवा– 'प्राणो वाव ज्येष्ठश्च श्रेष्ठश्च' अर्थात् प्राण नै ज्येष्ठ र श्रेष्ठ हो (*छान्दोग्योपनिषद्* ५।१।१)। अथवा मुख्य प्राण– 'श्रेष्ठश्च' (*ब्रह्मसूत्र* २।४।८) को अधिकरणमा यो कुरा सिद्ध छ। अथवा सबैको कारण हुनाले परमात्माको नाम ज्येष्ठ र सबभन्दा अतिशय भएकाले श्रेष्ठ नाम हो।

ईश्वररूपले सबै प्रजाका पति हुनाले उहाँ प्रजापति हुनुहुन्छ।

ब्रह्माण्डरूप हिरण्यमय अण्डाभित्र व्याप्त भएकाले सृष्टिकर्ता ब्रह्मा हिरण्यगर्भ हुनुभएकाले र उनको आत्मस्वरूप हुँदा भगवान् हिरण्यगर्भ हुनुहुन्छ– 'हिरण्यगर्भः समवर्तताग्रे अर्थात् पहिले हिरण्यगर्भ नै थिए (*ऋग्वेद* १०।१२१।१)। पृथिवी जसका गर्भमा छन् अर्थात् उहाँ भूगर्भ हुनुहुन्छ। मा अर्थात् लक्ष्मी धव अर्थात् पति भएकाले उहाँ माधव हुनुहुन्छ। अथवा मधुविद्या (*बृहदारण्यकोपनिषद्*मा भनिएको) द्वारा जान्न योग्य भएकाले उहाँ माधव हुनुहुन्छ। अथवा महर्षि व्यासले भने झैँ– 'हे भारत! मौन, ध्यान र योगले तिमी भगवान् माधवको साक्षात्कार गर' (*महाभारत, उद्योग* ७०।४)

मधु नामको असुरलाई मारेकाले उहाँ मधुसूदन भनिनुहुन्छ– 'श्रीपुरुषोत्तमले ब्रह्मालाई आदर दिँदै कानेगुजीबाट उत्पन्न मधु असुरलाई मार्नुभयो, हे तात, त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

). In Public Domain. Digitization by eGangotri.Funding: N

वधको कारण नै देवता, दानव, मनुष्य र ऋषिहरू श्रीजनार्दनलाई मधुसूदन भन्दछन्' (*महाभारत*, भीष्म. ६७।१४-१६)।

ईश्वरो विक्रमी धन्वी मेधावी विक्रमः क्रमः ।
अनुत्तमो दुराधर्षः कृतज्ञः कृतिरात्मवान् ॥२२॥

श्रीभगवान् सर्वशक्तिमान् हुनाले ईश्वर हुनुहुन्छ। विक्रम शूरवीरता हो र शूरवीरतायुक्त भएकाले उहाँ विक्रमी हुनुहुन्छ। धनु उहाँको छ, अत: उहाँ धन्वी हुनुहुन्छ। यहाँ 'व्रीह्यादिभ्यश्च' *पा.सू.* ५।२।११६ द्वारा इनि प्रत्यय भएको छ– 'रामः शस्त्रभृतामहम्– शस्त्र' धरीहरूमा म राम हुँ।' (*गीता* १०।३१)।

मेधा धेरै ग्रन्थ धारण सामर्थ्य जसको छ त्यस्तो मेधावी उहाँ हुनुहुन्छ। यहाँ 'अस्माया मेधास्रजो विनिः' *पा.सू.* ५।२।१२१ द्वारा विनिप्रत्यय भएको छ।

उहाँले जगत् विश्व नाघ्नुभएको थियो, अत: उहाँ विक्रम हुनुहुन्छ। अथवा, वि- पक्षी (गरुड) द्वारा गमन गर्नाले उहाँ विक्रम हुनुहुन्छ।

क्रमण गर्नु भनेको नाघ्नु, दौडनु वा क्रम (विस्तार) हुनुको कारण क्रम हुनुहुन्छ– 'क्रान्ते विष्णुम्, अर्थात् गोडाका गतिमा श्रीविष्णुको भावना गर्नु (*मनुस्मृति* १२।१२१)।

जसभन्दा उत्तम अरू कोही छैन भन्नाले उहाँ अनुत्तम हुनुहुन्छ– 'यस्मात् परं नापरमस्ति किञ्चित्' अर्थात् जसभन्दा श्रेष्ठ अरू कोही छैन (*ना.उ.* १२।३) भन्ने श्रुति वचन छ 'न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यः' अर्थात् हजुर बराबर कोही छैन भने बढी त कहाँबाट हुनु (*गीता* ११।४३) स्मृतिको कथन छ।

दैत्यादिहरूबाट दबाइन नसकिने भएकाले उहाँ दुराधर्ष हुनुहुन्छ। प्राणीहरूका पुण्य र अपुण्य रूप गरिएका कर्म जान्ने भएकाले उहाँ कृतज्ञ हुनुहुन्छ। अथवा पत्रपुष्पादि थोरै भए पनि चढाउनेलाई मोक्ष दिने भएकाले उहाँ कृतज्ञ हुनुहुन्छ।

पुरुषका प्रयत्न वा क्रियाको नाम कृति हो, सर्वात्मक भएकाले वा तिनको आधार भएकाले कृति शब्दद्वारा लक्षित हुँदा उहाँ कृति हुनुहुन्छ। आफ्नै महिमामा स्थित हुनाले उहाँ आत्मवान् हुनुहुन्छ– 'स भगवः कस्मिन् प्रतिष्ठित इति। स्वे महिम्नि' अर्थात् हे भगवान्! उहाँ केमा प्रतिष्ठित हुनुहुन्छ ? आफ्ना महिमामा (*छान्दोग्योपनिषद्* ७।२४।१)।

सुरेशःशरणं शर्म विश्वरेताः प्रजाभवः ।
अहः संवत्सरो व्यालः प्रत्ययः सर्वदर्शनः ॥२३॥

सुर अर्थात् देवताका ईश (स्वामी) भएकाले श्रीभगवान् सुरेश हुनुहुन्छ। अथवा यहाँ सुपूर्वक 'रा-दाने' धातु हुदा शुभ कुरा दिनेका ईश (स्वामी) हुनाले उहाँ सुरेश हुनुहुन्छ।

दीनहरूको दुःख हरण गर्ने भएकाले उहाँ शरण हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

परमानन्दस्वरूप भएकाले उहाँ शर्म हुनुहुन्छ ।

विश्वको कारण हुनाले उहाँ विश्वरेता हुनुहुन्छ ।

जसबाट सम्पूर्ण प्रजा उत्पन्न हुन्छन् उहाँ प्रजाभव हुनुहुन्छ ।

प्रकाशस्वरूप हुनाले उहाँ अह हुनुहुन्छ ।

कालस्वरूपले स्थित श्रीविष्णु संवत्सर भनिनुहुन्छ । व्याल (सर्प) झैं पक्रिन नसकिने भएकाले उहाँ व्याल हुनुहुन्छ । प्रतीति प्रज्ञालाई भनिन्छ, प्रतीतिरूप भएकाले उहाँ प्रत्यय हुनुहुन्छ– 'प्रज्ञानं ब्रह्म' अर्थात् प्रज्ञान नै ब्रह्म हो (*ऐतरेयोपनिषद्* ३।५।३)।

सर्वरूप हुनाले सबै जसका दर्शन अर्थात् दृष्टिमा छन्, अत: उहाँ सर्वदर्शन हुनुहुन्छ– 'विश्वतश्चक्षु' अर्थात् सबैतिर नेत्र भएका (*श्वेताश्वतरोपनिषद्* ३।३) र 'विश्वाक्षम्' अर्थात् सम्पूर्ण इन्द्रिय भएका (*ना.उ.* १३।१) ।

अजः सर्वेश्वरः सिद्धः सिद्धिः सर्वादिरच्युतः ।
वृषाकपिरमेयात्मा सर्वयोगविनिःसृतः ॥२४॥

श्रीभगवान् जन्म लिनुहुन्न, अत: उहाँ अज हुनुहुन्छ– 'न जातो न जनिष्यते, न उत्पन्न भएको न हुने (श्रुति कथन) र 'म न कहिल्यै उत्पन्न भएँ, न हुन्छु र न हुँला, म समस्त भूत- अर्थात् अस्तित्वको क्षेत्रज्ञ भएकाले 'अज' भनिन्छु' (*महाभारत,* शान्ति. ३४२।७४) ।

समस्त ईश्वरहरूका पनि ईश्वर भएकाले उहाँ सर्वेश्वर हुनुहुन्छ– 'एष सर्वेश्वर' अर्थात् यी सर्वेश्वर (*माण्डूक्योपनिषद्* ६) ।

नित्य-सिद्धिस्वरूप भएकाले उहाँ सिद्ध हुनुहुन्छ ।

समस्त वस्तुहरूमा संवित् (ज्ञान) रूप भएकाले अथवा, सबभन्दा श्रेष्ठ भएकाले अथवा, सबैका फलरूप भएकाले उहाँ सिद्धि हुनुहुन्छ। (स्वर्गादिफल नाशवान् भएकाले वास्तवमा फल होइनन् ।)

सबै भूत अर्थात् अस्तित्वका आदिकारण भएकाले उहाँ सर्वादि हुनुहुन्छ। आफ्नो स्वरूपशक्तिबाट कहिल्यै च्युत नभएका, नहुँदा र नहुने भएकाले उहाँ अच्युत हुनुहुन्छ– 'शाश्वतं शिवमच्युतम्' अर्थात् उहाँ नित्य कल्याणस्वरूप एवं अच्युत हुनुहुन्छ (*ना.उ.* १३।१) श्रुति कथन र 'म पहिल्यै कहिले च्युत नभएकाले यस कर्मद्वारा म अच्युत भए' भगवान्को वचन छ ।

श्रीविष्णुसहस्रनामको पहिलो शतक सम्पन्न भयो ।

समस्त कामनाका वर्षा गर्नाले धर्मलाई वृष भनिन्छ, क अर्थात् जलबाट पृथ्वीलाई उद्धार गरेकाले वराह भगवान्को नाम कपि हो, यसरी वृष (धर्म) रूप र कपि (वराह) रूप भएका कारण उहाँ वृषाकपि हुनुहुन्छ– 'कपि वराह वा श्रेष्ठलाई भनिन्छ र वृष धर्मको नाम हो, काश्यप प्रजापतिले त्यसैले मलाई वृषाकपि भनेका थिए (*महाभारत, शान्ति.* ३४२।८९) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

D. In Public Domain. Digitization by eGangotri.Funding: N

जसको आत्मा (स्वरूप) लाई 'यत्ति' भनी नाप्न सकिन्न अर्थात् उहाँ अमेयात्मा हुनुहुन्छ ।

सम्पूर्ण सम्बन्धहरूबाट रहित भएकाले उहाँ सर्वयोगविनि:सृत हुनुहुन्छ– 'असङ्गो ह्ययं पुरुष' अर्थात् यी पुरुष असङ्ग नै छन् (*बृहदारण्यकोपनिषद्* ४।३।१५) अथवा, नाना प्रकारका शास्त्रोक्त योग (साधन) द्वारा जानिने भएकाले उहाँ सर्वयोग विनि:सृत हुनुहुन्छ ।

वसुर्वसुमनाः सत्यः समात्मा सम्मितः समः ।
अमोघः पुण्डरीकाक्षो वृषकर्मा वृषाकृतिः ॥२५॥

श्रीभगवान्मा सबै भूत अर्थात् अस्तित्त्व वस्दछन् वा सबै भूतमा उहाँ वस्नुहुन्छ । अत: उहाँ वसु हुनुहुन्छ, वा- 'वसूनां पावकश्चास्मि' अर्थात् वसुहरूमा म अग्नि हुँ (*गीता* १०।२३) भनिएकाले उहाँ वसु हुनुहुन्छ ।

धनवाचक वसुशव्दबाट प्रशस्तता (श्रेष्ठता) लक्षित हुन्छ, अत: मन प्रशस्त भएकाले उहाँ वसुमना हुनुहुन्छ । रागद्वेषादिअविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश यी पाँच क्लेश (*पातञ्जल योगदर्शन*, साधनपादसूत्र ३) र मद आदि उपक्लेशहरूबाट अदूषित भएकाले उहाँको मन प्रशस्त छ ।

सत्यस्वरूप भएकाले परमात्मा सत्य हुनुहुन्छ– 'सत्यं ज्ञानमनन्तं ब्रह्म अर्थात् ब्रह्म सत्य, ज्ञान र अनन्तरूप छन् (*तैत्तिरीयोपनिषद्* २।१।१) अथवा, सत् (मूर्त) र त्यत् (अमूर्त) स्वरूप भएकाले उहाँ सत्य हुनुहुन्छ । 'सच्चत्यच्चाभवत्' अर्थात् मूर्तामूर्तरूप भए (*तैत्तिरीयोपनिषद्* २।६।१) । अथवा सत् प्राण हो, त् अन्न हो र य सूर्य हो । अत: प्राण अन्न र सूर्यरूप भएकाले उहाँ सत्य हुनुहुन्छ– 'सदिति प्राणास्तीत्यन्नं यमित्यसावादित्य:' (*ऐतरेय आरण्यक* २।१।५।६) अथवा, सत्पुरुषका लागि साधुस्वरूप भएकाले उहाँ सत्य हुनुहुन्छ ।

जसको आत्मा मन सम अर्थात् रागद्वेषादिले दूषित छैन– उहाँ समात्मा हुनुहुन्छ । अथवा समस्त भूत अर्थात् अस्तित्वमा सम एक आत्मा भएकाले उहाँ समात्मा हुनुहुन्छ- 'सम आत्मेति विद्यात्' अर्थात् आत्मा सम छ– यस्तो जान (श्रुति कथन) ।

सबै पदार्थद्वारा परिच्छिन्न अथवा अपरिच्छिन्न भएकाले उहाँ सम्मित वा असम्मित हुनुहुन्छ ।

सबै कालमा समस्त विकारहरूदेखि रहित भएकाले उहाँ सम हुनुहुन्छ । अथवा मा लक्ष्मीसहित विराजमान भएकाले उहाँ सम हुनुहुन्छ ।

पूजा, स्तुति वा स्मरण गरिँदा सम्पूर्ण फल दिनुहुने भएकाले उहाँ अमोघ हुनुहुन्छ । अथवा अव्यर्थ सङ्कल्प भएका हुनाले उहाँ अमोघ हुनुहुन्छ– 'सत्यसङ्कल्प' अर्थात् उहाँ सत्यसङ्कल्प हुनुहुन्छ (*छान्दोग्योपनिषद्* ८।७।१)। हृदयस्थ (पुण्डरीक) कमलमा प्राप्त,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

व्याप्त र त्यहाँ लक्षित हुने भएकाले उहाँ पुण्डरीकाक्ष हुनुहुन्छ– 'यत्पुण्डरीकं पुरमध्यसंस्थम्' अर्थात् जो हृदय कमल पुर (शरीर) का मध्यमा स्थित छन् (श्रुति कथन)। अथवा, उहाँका दुवै नेत्र पुण्डरीक-कमल समान छन्- अतः उहाँ पुण्डरीकाक्ष हुनुहुन्छ।

जसका कर्म धर्म रूप छन् उहाँ वृषकर्मा हुनुहुन्छ।

धर्मका लागि नै जसको आकृति (शरीर) धारण भएको छ, उहाँ वृषाकृति हुनुहुन्छ– 'धर्म संस्थापनार्थाय संभवामि युगयुगे' अर्थात् धर्म संस्थापनाका लागि म युग-युगमा जन्म लिन्छु (*गीता* ४।८) भगवान्‌को वचन छ।

रुद्रो बहुशिरा बभ्रुर्विश्वयोनिः शुचिश्रवाः।
अमृतः शाश्वतस्थाणुर्वरारोहो महातपाः ॥२६॥

संहार कालमा प्रजाहरूलाई संहार गर्दै उहाँ रुवाउनुहुन्छ– त्यसैले श्रीभगवान्‌लाई रुद्र भनिन्छ। अथवा, रुद्-वाणीलाई 'रा' दान गर्ने, वाणी दिने भएकाले उहाँ रुद्र हुनुहुन्छ। अथवा रु दुःख वा दुःख कारणलाई द्रावित वा हटाउने भएकाले रुद्र कहलाउनुहुन्छ। अथवा रोदन वा द्रावण (टाढा भगाउने) गर्ने भएकाले उहाँ रुद्र भनिनुहुन्छ। 'रु दुःखको नाम हो र दुःख वा दुःखका हेतुलाई भगाउने भएकाले परम कारण भगवान् शिव रुद्र भनिनुहुन्छ' (*शिवपुराण* ६।९।१४)। अभेद भएकाले शिव र विष्णु एकै हुनुहुन्छ।

धेरै शिर भएकाले उहाँ बहुशिरा हुनुहुन्छ– 'सहस्रशीर्षा पुरुषः' (*पुरुषसूक्त* १)।

लोकलाई भरण गर्ने भएकाले उहाँ बभ्रु हुनुहुन्छ।

विश्वका कारण भएकाले उहाँ विश्वयोनि हुनुहुन्छ। उहाँका श्रवहरू अर्थात् नामहरू पवित्र भएकाले वा उहाँको कीर्ति पवित्र भएकाले उहाँ शुचिश्रवा हुनुहुन्छ।

उहाँको मृत अर्थात् मरण छैन, त्यसैले उहाँको नाम अमृत हो– 'अजरोऽमर' (*बृहदारण्यकोपनिषद्* ४।४।२५)।

उहाँ शाश्वत (नित्य) र स्थाणु (स्थिर) भएकाले शाश्वतस्थाणु हुनुहुन्छ।

उहाँको आरोह (काख) वर (श्रेष्ठ) भएकाले उहाँ वरारोह हुनुहुन्छ। अथवा, उहाँमा आरुढ हुनु वर (उत्तम) भएकाले उहाँ वरारोह हुनुहुन्छ– 'न च पुनरावर्तते' अर्थात् ऊ फेरि फर्कँदैन (*छान्दोग्योपनिषद्* ८।१५।१) तथा- यद्‌गत्वा न निवर्तन्ते तद्धाम परमं मम' अर्थात् जहाँ गएर फेरि फर्किँदैन, त्यो मेरो परमधाम हो (*गीता* १५।६)।

उहाँको सृष्टि विषयक तप (ज्ञान) अति महान् भएकाले उहाँ महातपा हुनुहुन्छ– 'यस्य ज्ञानमयं तप' अर्थात् जसको ज्ञानमय तप छ (*मुण्डकोपनिषद्* १।१।९)। अथवा, उहाँको ऐश्वर्यरूप वा प्रतापरूप तप महान् भएकाले उहाँ महातपा हुनुहुन्छ।

सर्वगः सर्वविद्‌भानुर्विष्वक्सेनो जनार्दन :।
वेदो वेदविदव्यङ्गो वेदाङ्गो वेदवित् कविः ॥२७॥

श्रीभगवान् कारणरूपले सर्वत्र व्याप्त हुनुभएकाले उहाँ सर्वत्र जानुहुन्छ– त्यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

उहाँ सर्वग हुनुहुन्छ ।

सबै कुरा जान्ने वा प्राप्त गर्ने भएकाले उहाँ सर्ववित् र भासित (प्रकाशित) भएकाले उहाँ भानु हुनुहुन्छ– 'तमेव भान्तमनुभाति सर्वम्' अर्थात् उहाँ नै भासित भएकाले यो सबै भासित हुन्छ (*कठोपनिषद्* २।२।१५) भन्ने श्रुति तथा 'यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम्' अर्थात् जो सूर्यमा रहेको तेज सम्पूर्ण संसारलाई भासित गर्दछ (*गीता* १५।१२) भन्ने । स्मृति कथन छ– सर्ववित् पनि र भानु पनि भएकाले उहाँ सर्वविद्भानु हुनुहुन्छ ।

'विष्वक्' यो अव्ययको अर्थ 'सबै' हो, उहाँको युद्ध उद्योगमा नै दैत्य सेना सर्वत्र भागाभाग गर्ने भएकाले उहाँको नाम विष्वक्सेन हो ।

जन अर्थात् दुर्जनहरूलाई अर्दन गर्ने (मार्ने अथवा तमोमय नरकादि लोकमा पठाउने) भएकाले उहाँ जनार्दन हुनुहुन्छ । अथवा, जन-भक्तजन उहाँबाट अभ्युदय निःश्रेयसरूप परम पुरुषार्थ अर्दन (याचना गर्ने) भएकाले उहाँ जनार्दन हुनुहुन्छ । वेदरूप भएकाले उहाँ वेद हुनुहुन्छ । अथवा ज्ञान प्राप्त गराउने भएकाले उहाँ वेद हुनुहुन्छ– 'तिनमा कृपा गरेर म आत्मभावले स्थित भई तिनको अज्ञानजन्य अन्धकारलाई प्रकाशमय ज्ञान दीपकबाट नष्ट गर्दछु (*गीता* १०।११)

वेद एवं वेदार्थलाई यथावत् जान्ने भएकाले उहाँ वेद्वित् हुनुहुन्छ– 'वेदान्तकृद् वेदविदेव चाहम्' अर्थात् म वेदान्त बनाउने र वेद जान्ने-वेदवित् पनि म हुँ (*गीता* १५।१५) र 'शास्त्रसहित सम्पूर्ण वेद, सम्पूर्ण वेद्यपदार्थ, सबै यज्ञ र सम्पूर्ण पूजनीय देव श्रीकृष्ण नै हुनुहुन्छ, हे राजन् । श्रीकृष्णलाई तत्वतः जो ब्राह्मण जान्दछन् तिनले सबै यज्ञ समाप्त गरे (*महाभारत*) ।

ज्ञानादिले पूर्ण (कुनै प्रकारले अधूरो नभएकाले) उहाँ अव्यङ्ग हुनुहुन्छ । अथवा, व्यङ्ग अर्थात् व्यक्ति नभएकाले उहाँ अव्यङ्ग हुनुहुन्छ– 'अव्यक्तोऽयम्' (*गीता* २।२५) ।

वेद जसका अङ्गरूप छन्– उहाँ वेदाङ्ग हुनुहुन्छ ।

उहाँ वेदहरू विचार गर्नुहुन्छ, त्यसैले वेदवित् भनिनुहुन्छ । क्रान्तदर्शी अर्थात् सबैलाई देख्ने भएकाले उहाँ कवि हुनुहुन्छ अर्थात् 'नान्योऽतोऽस्ति द्रष्टा' अर्थात् उहाँभन्दा भिन्न अर्को द्रष्टा छैन (*बृहदारण्यकोपनिषद्* ३।७।२३) र 'कविर्मनीषी' अर्थात् उहाँ कवि र मनीषी' (*ईशावास्योपनिषद्* ८) हुनुहुन्छ ।

लोकाध्यक्षः सुराध्यक्षो धर्माध्यक्षः कृताकृतः ।
चतुरात्मा चतुर्व्यूहश्चतुर्दंष्ट्रश्चतुर्भुजः ॥२८॥

लोकहरूलाई निरीक्षण गर्नुहुन्छ अर्थात् सबै लोकहरूलाई प्रधानरूपले देख्नुहुने भएकाले श्रीभगवान् लोकाध्यक्ष हुनुहुन्छ ।

लोकपाल आदि सुर-देवताका अध्यक्ष भएकाले उहाँ सुराध्यक्ष हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

धर्म र अधर्मलाई अनुरूप फल दिन साक्षात् हेर्नुहुन्छ । अत: उहाँ धर्माध्यक्ष हुनुहुन्छ । कार्यरूपले कृत र कारणरूपले अकृत भएकाले उहाँ कृताकृत हुनुहुन्छ ।

सृष्टि आदिका लागि चार पृथक विभूतिहरू- आत्मा अर्थात् मूर्ति हुने भएकाले उहाँ चतुरात्मा हुनुहुन्छ– 'ब्रह्मा, दक्षादि प्रजापति गण, काल तथा सम्पूर्ण जीव-यी श्रीविष्णुका सृष्टिका हेतुभूत चार विभूति हुन्, हे द्विज । विष्णु, मनु आदि काल र सम्पूर्ण भूत अर्थात् अस्तित्व यी स्थितिका हेतुभूत श्रीविष्णुका विभूति हुन्, तथा रुद्र, काल, मृत्यु आदि र समस्त जीव यी श्री जनार्दनका प्रलयकारी चार विभूति हुन्' (*विष्णुपुराण* १।२२।३१-३३) ।

'जसको स्वरूप विख्यात छ– उहाँ श्रीजनार्दन आफ्ना चार व्यूह बनाएर वासुदेव आदि मूर्तिहरूद्वारा सृष्टि आदि गर्नुहुन्छ ।' यो व्यास-वचनअनुसार उहाँ चतुर्व्यूह हुनुहुन्छ ।

चार दाह्रा हुने नृसिंहरूप उहाँ चतुर्दंष्ट्र हुनुहुन्छ । अथवा सादृश्य भएकाले सिंगलाई पनि दंष्ट्र भनिने भएकाले 'चत्वारिशृङ्गा' (*ऋग्वेद*) अनुसार उहाँ चतुर्दंष्ट्र हुनुहुन्छ ।

चार हात भएकाले उहाँ चतुर्भुज हुनुहुन्छ ।

भ्राजिष्णुर्भोजनं भोक्ता सहिष्णुर्जगदादिज : ।
अनघो विजयो जेता विश्वयोनि : पुनर्वसु : ॥२९॥

श्रीभगवान् एकरस प्रकाशस्वरूप हुनुभएकोले भ्राजिष्णु हुनुहुन्छ ।

भोज्यरूप भएकाले प्रकृति-मायालाई भोजन भनिन्छ र (मायारूपबाट) उहाँ भोजन हुनुहुन्छ ।

ती प्रकृतिलाई पुरुषरूपले उहाँले भोग गर्ने भएकाले उहाँ भोक्ता हुनुहुन्छ ।

हिरण्यक्षहरूलाई सहन गर्ने, तल पार्ने भएकाले उहाँ सहिष्णु हुनुहुन्छ ।

हिरण्यगर्भरूपले जगत्को आदिमा स्वयं उत्पन्न हुने भएकाले उहाँ जगदादिज हुनुहुन्छ ।

अघ अर्थात् पापरहित भएकाले उहाँ अनघ हुनुहुन्छ– 'अपहतपाप्मा अर्थात् पापहीन '*छान्दोग्योपनिषद्* (८।७।१) ।

ज्ञान, वैराग्य र ऐश्वर्य आदि गुणद्वारा विश्वलाई जित्ने भएकाले उहाँ विजय हुनुहुन्छ ।

स्वभावले नै सबै भूत-अस्तित्वलाई जित्ने, उत्कर्ष प्राप्त गर्ने भएकाले उहाँ जेता हुनुहुन्छ ।

विश्व उहाँको योनि हो । अथवा, विश्व एवं योनि दुवै-विश्वयोनि उहाँ हुनुहुन्छ ।

क्षेत्रज्ञरूपले पुन: पुन: शरीरहरूमा बस्नुहुने भएकाले उहाँ पुनर्वसु हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

उपेन्द्रो वामनः प्रांशुरमोघः शुचिरूर्जितः ।
अतीन्द्रः सङ्ग्रहः सर्गो धृतात्मा नियमो यमः ॥३०॥

श्रीभगवान् अनुजका रूपले इन्द्र समीप जानुभएकाले उहाँ उपेन्द्र हुनुहुन्छ । अथवा उपल्लो इन्द्र भएकाले उहाँ उपेन्द्र हुनुहुन्छ । 'गाईहरूले हजुरलाई मेरो उपर मेरा इन्द्र वनाएका हुनाले हे कृष्ण ! लोकमा हजुरलाई उपेन्द्र भनेर देवगण गान गर्ने छन्' (*हरिवंश* २।१९।४६) । वामनरूपले वलिसित याचना गरेका हुनाले उहाँ वामन हुनुहुन्छ । अथवा, राम्ररी भजनीय भएकाले उहाँ वामन हुनुहुन्छ– 'मध्ये वामनमासीनं विश्वेदेवा उपासते' अर्थात् मध्यमा रहेका वामनलाई विश्वेदेव उपासना गर्दछन् (*कठोपनिषद्* २।२।३) । उहाँ नै तीनै लोक नाघ्दा प्रांशु हुनुभयो– वलिको सङ्कल्प जल हातमा झर्नासाथ वामन अवामन हुनुभयो, तव प्रभुले सर्वदिवरूप देखाउनुभयो । पृथिवी उहाँका चरण, आकाश शिर र सूर्यचन्द्र नेत्र भए (*हरिवंश* ३।७१।४३-४४) र यस्तो विश्वरूप देखाएर 'पृथिवी नाघ्दा सूर्यचन्द्र उनको स्तनमा समीप भए, फेरि आकाश नाघ्दा ती उहाँका नाभिमा पुगे र स्वर्ग नाप्दा उहाँका घुँडासम्म नै रहे' (*हरिवंश* ३।७२।२९) ।

जसका चेष्टा मोघ (व्यर्थ) छैन, उहाँ अमोघ हुनुहुन्छ ।

स्मरण, स्तुति र पूजन गर्नेलाई पवित्र पार्ने हुनाले उहाँ शुचि हुनुहुन्छ– 'अस्य स्पर्शश्च महान् शुचि, अर्थात् यिनको स्पर्श पनि महान् सूचि हो' (वैदिक मन्त्र ।)

अत्यन्त वलशाली भएकाले उहाँ ऊर्जित हुनुहुन्छ ।

आफ्ना स्वभावसिद्ध ज्ञान-ऐश्वर्यादिका कारण उहाँ इन्द्रभन्दा पनि अतिशय भएकाले अतीन्द्र कहलाइनुहुन्छ ।

प्रलयमा सबैको सङ्ग्रह गर्ने भएकाले उहाँ सङ्ग्रह हुनुहुन्छ ।

सृज्य (जगत्) रूप भएकाले अथवा सृष्टिका कारण भएकाले उहाँ सर्ग हुनुहुन्छ । जन्मादिले रहित भई आफ्नो स्वरूपलाई एकरूपले धारण गर्ने भएकाले उहाँ धृतात्मा हुनुहुन्छ । आ-आफ्ना अधिकारमा प्रजालाई नियमित गर्ने भएकाले उहाँ नियम हुनुहुन्छ । अन्त:करणमा रहेर नियमन गर्ने भएकाले उहाँ यम हुनुहुन्छ ।

वेद्यो वैद्यः सदायोगी वीरहा माधवो मधुः ।
अतीन्द्रियो महामायो महोत्साहो महाबलः ॥३१॥

नि:श्रेयस (कल्याण) चाहनेहरूले जान्नेयोग्य रूपका भएकाले श्रीभगवान् वेद्य हुनुहुन्छ । सबै विद्या जान्ने भएकाले उहाँ वैद्य हुनुहुन्छ । सदा प्रकट रहने स्वरूपका भएकाले उहाँ सदायोगी हुनुहुन्छ । धर्मरक्षार्थ वीर-असुर योद्धाहरूलाई मार्ने भएकाले उहाँ वीरहा हुनुहुन्छ । मा अर्थात् विद्याका पति भएकाले उहाँ माधव हुनुहुन्छ– 'श्रीहरिकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

विद्याको नाम मा हो र हजुर उहाँका स्वामी हुनुहुन्छ, त्यसैले हजुर माधव हुनुहुन्छ, धव स्वामीवाचक हो' (*हरिवंश* ३।८८।४९) ।

मधु (मह) ले अत्यन्त प्रसन्नता दिए भैँ उहाँ पनि त्यसैगरी मधु हुनुहुन्छ। शब्दादि विषयले रहित भएकाले उहाँ इन्द्रियका विषय न हुनु भएकाले उहाँ अतीन्द्रिय हुनुहुन्छ। 'अशब्दमस्पर्शम्' अर्थात् उहाँ अशब्द र अस्पर्श (*कठोपनिषद्* १।३।१५) हुनुहुन्छ। मायावी माथि पनि माया गर्ने भएकाले उहाँ महामाय हुनुहुन्छ– 'मम माया दुरुत्यया' अर्थात् मेरी माया अति दुष्कर छन् (*गीता* ७।१४) ।

जगत्को उत्पत्ति, स्थिति र प्रलयका लागि तत्पर रहनाले उहाँ महोत्साह हुनुहुन्छ। बलवानहरूमा पनि अधिक बलवान भएकाले उहाँ महाबल हुनुहुन्छ ।

महाबुद्धिर्महावीर्यो महाशक्तिर्महाद्युतिः ।
अनिर्देश्यवपुः श्रीमानमेयात्मा महाद्रिधृक् ॥३२॥

श्रीभगवान् बुद्धिमानहरूमा पनि महान् बुद्धिमान भएकाले महाबुद्धि हुनुहुन्छ। संसार उत्पत्तिका कारणरूप अविद्या उहाँको महान् वीर्य भएकाले उहाँ महावीर्य हुनुहुन्छ ।

उहाँको शक्ति सामर्थ्य अति महान् भएकाले उहाँ महाशक्ति हुनुहुन्छ । उहाँको बाहिरी र भित्री द्युति महान् भएकाले उहाँ महाद्युति हुनुहुन्छ । 'स्वयं ज्योतिः' (*बृ.उ.* ४।३।९) र 'ज्योतिषां ज्योतिः' (*बृ.उ.* ४।४।१६) हुनुहुन्छ। अज्ञेय भएकाले 'यो त्यो' भनी अर्कालाई देखाउन नसकिनेलाई अनिर्देश्य भनिन्छ र उहाँ स्वयं वेद्य भएकाले उहाँको वपु-स्वरूप अनिर्देश्य हुँदा उहाँ अनिर्देश्यवपु हुनुहुन्छ । जसको ऐश्वर्यरूपा समग्र श्री छन् यसैले उहाँ श्रीमान् हुनुहुन्छ ।

जसको आत्मा-बुद्धि सबै प्राणीद्वारा अनुमान गर्न नसकिने हुँदा उहाँ अमेयात्मा हुनुहुन्छ। अमृत मन्थन एवं गौसंरक्षणका वेला मन्दराचल एवं गोवर्द्धन पर्वतलाई धारण गरेकाले उहाँ महापर्वत धारक महाद्रिधृक् हुनुहुन्छ, 'ष्' अन्त शब्द हो ।

महेष्वासो महीभर्ता श्रीनिवासः सतां गतिः ।
अनिरुद्धः सुरानन्दो गोविन्दो गोविदां पतिः ॥३३॥

श्रीभगवान्को इष्वास अर्थात् धनु महान् भएकाले उहाँ महेष्वास हुनुहुन्छ । प्रलयकालिक एकार्णव अर्थात् एकै समुद्रमा डुबेकी देवी तथा पृथिवीलाई धारण गर्ने उहाँ महीभर्ता हुनुहुन्छ। उहाँका वक्षःस्थलमा कहिल्यै नष्ट नहुने श्रीनिवास गर्ने भएकाले उहाँ श्रीनिवास हुनुहुन्छ ।

सज्जन अर्थात् वैदिक साधुजनको पुरुषार्थ साधन हेतु भएकाले उहाँ सतांगति हुनुहुन्छ ।

प्रादुर्भाव हुँदा कसैबाट पनि निरुद्ध (रोकिनु) नभएकाले उहाँ अनिरुद्ध हुनुहुन्छ । सुर अर्थात् देवताहरूलाई आनन्दित पार्ने भएकाले उहाँ सुरानन्द हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

'मैले पहिले नष्ट भई पाताल पुगेकी पृथिवीलाई भेटेथें- त्यसैले देवताहरूले मलाई वाणीहरूद्वारा 'गोविन्द' भनी स्तुति गरेका थिए' (*महाभारत*, शान्ति. ३४२।७०) यो मोक्ष धर्मवचनद्वारा उहाँको नाम गोविन्द भयो। त्यस्तै 'म देवताको इन्द्र हुँ र हजुर गाईका इन्द्र हुनुहुन्छ, त्यसैले भूमण्डलमा लोकहरूले हजुरलाई 'गोविन्द' भनेर सधैं स्तुति गर्लान्' (*हरिवंश* २।१९।४५)। अनि त्यस्तै 'गौ यो वाणी हो र हजुर त्यसलाई प्राप्त गराउने भएकाले हे देव ! हजुरलाई मुनिजन 'गोविन्द' भन्दछन्' *हरिवंश* ३।८८।५०)।

गौ वाणीलाई भन्दछन्– तिनलाई जान्नेलाई गोविद् भनिन्छ, ती गोविद्हरूका विशेषरूपले पति भएकाले उहाँ 'गोविदां पति' हुनुहुन्छ।

मरीचिर्दमनो हंसः सुपर्णो भुजगोत्तमः।
हिरण्यनाभः सुतपाः पद्मनाभः प्रजापतिः ॥३४॥

श्रीभगवान् तेजस्वीहरूका पनि परम तेज भएकाले मरीचि हुनुहुन्छ– 'तेजस्तेजस्विनामहम्, अर्थात् म तेजस्वीहरूको तेज हुँ (*गीता* १०।३६)।

आफ्ना अधिकारमा प्रमाद गर्ने प्रजालाई वैवस्वत अर्थात् यमरूपले दमन गर्ने भएकाले उहाँ दमन हुनुहुन्छ। 'अहं सः' अर्थात् म त्यो हुँ' यसरी तादात्म्य भावले भावना गर्नेहरूको संसारभय नष्ट गर्ने भएकाले उहाँ हंस हुनुहुन्छ, पृषोदरादि भएकाले शब्दरूप ठीक छ। अथवा, सबै शरीरहरूमा हन्ति जान्छन् भनिएकाले उहाँ हंस हुनुहुन्छ 'हंसः शुचिषद्' अर्थात् आकाशमा हिँड्ने सूर्य (*कठोपनिषद्* २।५।२) हुनुहुन्छ। धर्म र अधर्मरूप सुन्दर पखेटा भएकाले सुपर्ण उहाँ हुनुहुन्छ– 'द्वा सुपर्णा' अर्थात् दुई पक्षी (*मुण्डकोपनिषद्* ३।१।१)। अथवा सुन्दर पखेटा भएका हुनाले उहाँ गरुडरूप सुपर्ण हुनुहुन्छ। 'सुपर्णः पततामस्मि' अर्थात् पक्षीहरूमा म गरुड हुँ (*गीता*) भन्ने भगवद्वचन छ।

भुजाहरूद्वारा हिँड्नेहरूमा उत्तम भएकाले (शेष, वासुकि आदि) उहाँ भुजगोत्तम हुनुहुन्छ।

उहाँको नाभि हिरण्य सुवर्ण झैं कल्याणमय भएकाले अथवा हितकारी एवं रमणीय नाभि भएकाले उहाँ हिरण्यनाभ हुनुहुन्छ।

वदरिकाश्रममा नरनारायण रूपले सुन्दर तप गर्ने भएकाले उहाँ सुतपा हुनुहुन्छ 'मनसश्चेन्द्रियाणां च ह्यैकाग्र्यं परमं तप' अर्थात् मन र इन्द्रियको एकाग्रता नै परम तप हो' (*ब्रह्म.* १३०।१८) भन्ने स्मृति-कथन छ।

पद्म (कमल) झैं सुन्दर वाटुलो नाभि भएकाले अथवा सबका हृदय पद्मको नाभि-मध्यमा प्रकाशित भएकाले उहाँ पद्मनाभ हुनुहुन्छ। पृषोदरादि हुँदा शब्दरूप ठीक छ। प्रजाहरूका पति-पालक भएकाले उहाँ प्रजापति हुनुहुन्छ।

अमृत्युः सर्वदृक् सिंहः सन्धाता सन्धिमान् स्थिरः।
अजो दुर्मर्षणः शास्ता विश्रुतात्मा सुरारिहा ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

श्रीभगवान्‌मा मृत्यु अर्थात् विनाश नभएका कारण उहाँ अमृत्यु हुनुहुन्छ। आफ्ना स्वाभाविक ज्ञानद्वारा प्राणीका कर्म र अकर्म देख्ने भएकाले उहाँ सर्वदृक हुनुहुन्छ। हिंसन गर्ने भएकाले उहाँ सिंह हुनुहुन्छ। पृषोदरादि भएकाले शब्दरूप ठीक छ।

श्रीविष्णुसहस्रनामको दोस्रो शतक सम्पन्न भयो।

पुरुषहरूलाई उनका कर्मफलसित संयुक्त गर्ने भएकाले उहाँ सन्धाता हुनुहुन्छ। कर्मफल भोग्ने पनि उहाँ नै भएकाले उहाँ सन्धिमान् हुनुहुन्छ। सदा एकरूप भएकाले उहाँ स्थिर हुनुहुन्छ।

अजति (भक्तका हृदयमा जाने) अथवा (दुष्टहरूलाई फ्याँक्ने) भएकाले उहाँ अज हुनुहुन्छ। दानव आदिबाट मर्षण अर्थात् सहन गर्न नसकिने भएकाले उहाँ दुर्मर्षण हुनुहुन्छ।

श्रुति-स्मृति आदिबाट सबैलाई अनुशासन गर्नुहुने भएकाले उहाँ शास्ता हुनुहुन्छ। उहाँले सत्य ज्ञानादिरूप आत्मालाई विशेषरूपमा श्रवण (ज्ञान) गर्नुभएकाले उहाँ विश्रुतात्मा हुनुहुन्छ।

सुर (देवताहरू) का शत्रु मार्ने भएकाले उहाँ सुररिहा हुनुहुन्छ।

गुरुर्गुरुतमो धाम सत्यः सत्यपराक्रमः।
निमिषोऽनिमिषः स्रग्वी वाचस्पतिरुदारधीः ॥३६॥

सबै विधाका उपदेष्टा भएकाले अथवा, सबैका जन्मदाता भएकाले श्रीभगवान् गुरु हुनुहुन्छ। ब्रह्मादिलाई पनि ब्रह्म-विद्या प्रदान गर्ने भएकाले उहाँ गुरुतम हुनुहुन्छ– 'यो ब्रह्माणं विदधाति पूर्वम् (*श्वेता.* उ. ६।१८) जो पहिले ब्रह्मालाई उत्पन्न गर्दछ-उनलाई वेदोपदेश दिन्छ।'

उहाँ धाम ज्योति हुनुहुन्छ– 'नारायणपरो ज्योतिः-नारायण परमज्योति' (*ना.* उ. १३।१) अथवा, सम्पूर्ण कामनाका आश्रय भएकाले उहाँ धाम ज्योति हुनुहुन्छ– 'परमं ब्रह्म परंधाम' अर्थात् परम ब्रह्म र परम धाम हुनुहुन्छ (*श्रुति*)। सत्यवचनरूप धर्मस्वरूप भएकाले उहाँ सत्य हुनुहुन्छ– 'तस्मात् सत्यं परमं वदन्ति' अर्थात् त्यसैले सत्यलाई परम भनिन्छ। अथवा सत्यका पनि सत्य भएकाले उहाँ सत्य हुनुहुन्छ – 'प्राणा वै सत्यं तेषामेष सत्यम्' अर्थात् प्राण सत्य छन् उहाँ तिनका पनि सत्य हुनुहुन्छ (*बृहदा.* उ. २।३।६)।

अमोघ पराक्रम भएकाले उहाँ सत्य-पराक्रम हुनुहुन्छ।

योगनिद्रामा रहेका उहाँका आँखा बन्द हुनाले उहाँ निमिष हुनुहुन्छ। नित्य प्रवुद्धस्वरूप भएकाले उहाँ अनिमिष हुनुहुन्छ। अथवा मत्स्यरूप अथवा आत्मरूप भएकाले उहाँ अनिमिष हुनुहुन्छ।

सर्वदा भूततन्मात्ररूप वैजयन्ती माला धारण गर्ने भएकाले उहाँ स्रग्वी हुन्छ। वाक् अर्थात् विद्याका पति-वाचस्पति– उहाँको बुद्धि सबै पदार्थलाई प्रत्यक्ष गर्ने भएकाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

उहाँ उदारधी हुनुहुँदा वाचस्पतिरुदारधी यो उहाँको एक नाम हो ।

अग्रणीर्ग्रामणीः श्रीमान् न्यायो नेता समीरणः ।
सहस्रमूर्धा विश्वात्मा सहस्राक्षः सहस्रपात् ॥३७॥

मुक्ति चाहनेहरूलाई अग्र उत्तम स्थानमा लग्ने भएकाले श्रीभगवान् अग्रणी हुनुहुन्छ। भूतग्राम-अस्तित्व समूहको नेतृत्व गर्ने भएकाले उहाँ ग्रामणी हुनुहुन्छ। उहाँको श्री (कान्ति) सर्वाधिक भएकाले उहाँ श्रीमान् हुनुहुन्छ । प्रमाणका आश्रय बनेको अभेदवोधक तर्क न्याय भएकाले उहाँ न्याय हुनुहुन्छ । जगत्रूप यन्त्रलाई चलाउने भएकाले उहाँ नेता हुनुहुन्छ । स्वासरूपले प्राणीहरूलाई चेष्टा गराउने भएकाले उहाँ समीरण हुनुहुन्छ । उहाँका हजारौँ शिर भएकाले उहाँ सहस्रमूर्धा हुनुहुन्छ ।

विश्वका आत्मा भएकाले उहाँ विश्वात्मा हुनुहुन्छ ।

उहाँका हजारौँ अक्षि (आँखा) वा अक्ष (इन्द्रिय) भएकाले उहाँ सहस्राक्ष हुनुहुन्छ। उहाँका हजारौँ पाद (चरण) भएकाले उहाँ सहस्रपात् हुनुहुन्छ– 'सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात्' अर्थात् पुरुष हजारौँ शिर, नेत्र र चरण भएका छन् (पुरुषसूक्त १)।

आवर्तनो निवृत्तात्मा संवृतः सम्प्रमर्दनः ।
अहःसंवर्तको वह्निरनिलो धरणीधरः ॥३८॥

संसारचक्रलाई आवर्तन गर्ने (घुमाउने) श्रीभगवान्को स्वभाव भएकाले उहाँ आवर्तन हुनुहुन्छ । उहाँको आत्मा-स्वरूप-संसारबन्धनवाट निवृत्त भएकाले उहाँ निवृत्तात्मा हुनुहुन्छ । ढाक्ने अविद्याद्वारा संवृत (ढाकिएका) भएकाले उहाँ संवृत हुनुहुन्छ । आफ्ना रुद्र, काल आदि विभूतिद्वारा सबैलाई सबैतिरवाट मर्दन गर्ने भएकाले उहाँ संप्रमर्दन हुनुहुन्छ ।

राम्ररी दिन प्रवर्तन गर्ने सूर्यरूप भएकाले उहाँ अहः संवर्तक हुनुहुन्छ। हवि वहन गर्ने अग्निरूप भएकाले उहाँ वह्नि हुनुहुन्छ ।

कोही निश्चित निवासस्थान नभएकाले अथवा, अनादि भएकाले अथवा, ग्रहण नगर्ने भएकाले अथवा, चेष्टा गर्ने भएकाले उहाँ अनिल हुनुहुन्छ ।

शेष तथा दिग्गज आदि रूपले र वराहरूपले पृथिवी धारण गर्ने भएकाले उहाँ धरणीधर हुनुहुन्छ ।

सुप्रसादः प्रसन्नात्मा विश्वधृग् विश्वभुग् विभुः ।
सत्कर्ता सत्कृतः साधुर्जह्नुर्नारायणो नरः ॥३९॥

अपकार गर्ने शिशुपाल आदिलाई पनि मोक्ष दिने उहाँको प्रसादकृपा अति सुन्दर हुनाले उहाँ सुप्रसाद हुनुहुन्छ ।

उहाँको अन्तःकरण रज एवं तमद्वारा दूषित नभएकाले उहाँ प्रसन्नात्मा हुनुहुन्छ । अथवा उहाँ करुणार्द्रस्वभावका हुनुभएकाले अथवा कारुणिक अर्थात् प्रसन्न स्वभावका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

भएकाले उहाँ प्रसन्नात्मा हुनुहुन्छ। अथवा उहाँ सबै कामना प्राप्त भएको हुनुभएकाले प्रसन्नात्मा हुनुहुन्छ।

विश्वधारण गर्ने भएकाले उहाँ विश्वधृक् हुनुहुन्छ– 'ञिधृषा-प्रागल्भ्ये।' विश्वभक्षण गर्ने अथवा भोग्ने अथवा पालन गर्ने भएकाले उहाँ विश्वभुक् हुनुहुन्छ। हिरण्यगर्भ आदि रूपले विविध हुने भएकाले उहाँ विभु हुनुहुन्छ। 'नित्यं विभुम्' अर्थात् नित्य विभु (*मुण्डकोपनिषद्* १।५।६) हुनुहुन्छ। सत्कार गर्ने अर्थात् पूजा गर्ने भएकाले उहाँ सत्कर्ता हुनुहुन्छ। पूजितहरूबाट पनि पूजित भएकाले उहाँ सत्कृत हुनुहुन्छ।

न्यायतर्फ प्रवृत्तता भएकाले उहाँ साधु हुनुहुन्छ। अथवा, समस्त साध्यभेदको साधन गर्ने अथवा, उपादान कारण हुँदा उहाँ साध्यमात्रका साधक भएकाले साधु हुनुहुन्छ।

संहारका वेला जन (जीवहरू) हरूलाई अपह्नव (लय) वा अपनयन (वहन) गर्ने भएकाले उहाँ जह्नु हुनुहुन्छ। अथवा, अज्ञानीलाई त्याग्ने र भक्तलाई परमपदमा लग्ने भएकाले उहाँ जह्नु हुनुहुन्छ।

नर आत्मालाई भनिन्छ, त्यसबाट उत्पन्न आकाश आदि नार भए, ती कार्यरूप नारलाई कारणरूपले व्याप्त गर्ने उहाँ तिनीहरूको अयन (घर) हुनुभएकाले उहाँको नाम श्रीनारायण हो– 'जे पनि देखिने सुनिने जगत् छ– त्यो सबैलाई वाहिर एवं भित्रबाट व्याप्त गरेर श्रीनारायण रहनुभएको छ' (*ना. उ.* १३।१-२) तथा 'तत्त्वहरू नरबाट उत्पन्न भएका छन्, त्यसैले नार भनिन्छन्। ती पहिले भगवान्‌का अयन थिए, त्यसैले उहाँलाई श्रीनारायण भनिन्छ। (*महाभारत*) अथवा प्रलयकालमा नार अर्थात् जीवहरूका अयन हुनाले उहाँ नारायण हुनुहुन्छ– 'यत्प्रयन्त्यभिसंविशन्ति' अर्थात् जसमा सबै जीव मरेर प्रवेश गर्दछन्' (*तैत्तिरीयोपनिषद्* ३।१)। तथा 'नराणामयनं यस्मात्तस्मान्नारायणः स्मृत' अर्थात् नारहरूका अयन भएकाले उहाँ नारायण हुनुहुन्छ (*ब्रह्मवैवर्तपुराण*)। तथा 'अप् (जल) नार भनिन्छ, किनभने त्यो नर (परमात्माको) पुत्र हो, पहिले त्यो नार नै परमात्माको अयन थियो त्यसैले उहाँ नारायण भनिनुहुन्छ (*मनुस्मृति* १।१०) तथा, हे भव्य मति भएका विरक्त यतिहरू सुन्नुहोस्, म हात उठाएर जोडदार ढङ्गले के उपदेश गर्दछु भने 'ॐ नारायण नमः' यो मन्त्र संसाररूपी घोर सर्पविषलाई नाश गर्दछ (*नारसिंह पुराण*)।

नयन गर्ने (लाने) भएकाले सनातन परमात्मा नर भनिनुहुन्छ। यस्तो महर्षि व्यासको वचन भएको हुनाले उहाँ नर हुनुहुन्छ।

असंख्येयोऽप्रमेयात्मा विशिष्टः शिष्टकृच्छुचिः।
सिद्धार्थः सिद्धसङ्कल्पः सिद्धिदःसिद्धिसाधनः ॥४०॥

श्रीभगवान्‌मा नामरूप भेद अर्थात् सङ्ख्या नभएकाले उहाँ असङ्ख्येय हुनुहुन्छ। उहाँको आत्मा स्वरूप अप्रमेय (नाप जोख गर्न नसकिने र अनुमान गर्न नसकिने)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

भएकाले उहाँ अप्रमेयात्मा हुनुहुन्छ ।

सबभन्दा अतिशय भएकाले उहाँ विशिष्ट हुनुहुन्छ ।

शिष्ट भनेको शासन गर्नु हो, शासन गर्ने भएकाले उहाँ शिष्टकृत् हुनुहुन्छ । अथवा, उहाँ शिष्ट (साधुजन) लाई गर्ने (पालन गर्ने) भएकाले शिष्टकृत हुनुहुन्छ । यहाँ 'कृ' धातुको अर्थ पालन गर्ने भएको 'कुरुकाष्ठानि' मा 'काठ गर' भन्दा काठ ल्याउ भन्ने अर्थ आए झैँ धातुहरू विशिष्टार्थ बोधार्थक भएकाले हो । मलहिन भएकाले उहाँ शुचि हुनुहुन्छ । उहाँको इच्छित अर्थ सिद्ध अर्थात् निर्वृत्त (सम्पन्न) भएकाले उहाँ सिद्धार्थ सत्यकाम हुनुहुन्छ– सत्यकामः (*छान्दोग्योपनिषद्* ८।७।१)।

उहाँको सङ्कल्प सिद्ध अर्थात् पूर्ण भएकाले उहाँ सिद्धसङ्कल्प हुनुहुन्छ– 'सत्यसङ्कल्पः' (*छा. उ.* ८।७।१) ।

उहाँ कर्ताहरूलाई तिनका अधिकारअनुसार सिद्धि (फल) दिनुहुन्छ, त्यसैले उहाँ सिद्धिद हुनुहुन्छ ।

सिद्धिरूप क्रियाका साधक भएकाले उहाँ सिद्धिसाधन हुनुहुन्छ ।

वृषाही वृषभो विष्णुर्वृषपर्वा वृषोदरः ।
वर्धनो वर्धमानश्च विविक्तःश्रुतिसागरः ॥४१॥

वृष भनेको धर्म वा पुण्य हो, प्रकाशस्वरूपतामा समान भएकाले सो वृष अह अर्थात् दिन हो, त्यसैले द्वादशाह आदि यज्ञलाई वृषाह भनिन्छ, ती द्वादशाह आदि यज्ञ श्रीभगवान्मा स्थित भएकाले उहाँ वृषाही हुनुहुन्छ । वृषाह शब्दमा 'राजाहः सखिभ्यष्टच्' *पा. सू.* ५।४।९१ द्वारा समासान्त टच् प्रत्यय भएको छ ।

भक्तहरूका लागि कामनाहरूको वर्षा गर्नुहुने भएकाले उहाँ वृषभ हुनुहुन्छ । सबैतिर पुग्ने (व्याप्त हुने) 'विष्णुर्विक्रमणात्' (*महाभारत,* उद्योग ७०।१३) भन्ने महर्षि व्यासको उक्ति छ– उहाँ विष्णु हुनुहुन्छ ।

परमधाममा चढ्न चाहनेहरूका लागि वृष (धर्म) रूप पर्व (सिँढी) भनिएकाले उहाँ वृषपर्वा हुनुहुन्छ । बढाउने भएकाले उहाँ वर्धन हुनुहुन्छ ।

उहाँको उदरले प्रजाको वर्षा नै जस्तो गर्ने भएकाले उहाँ वृषोदर हुनुहुन्छ । प्रपञ्चरूपले वढाउने भएकाले उहाँ वर्धमान हुनुहुन्छ । यसरि बढे पनि पृथक रहनुहुने भएकाले उहाँ विविक्त हुनुहुन्छ । समुद्रमा जल झैँ उहाँमा श्रुतिहरू राखिएका हुनाले उहाँ श्रुतिसागर हुनुहुन्छ ।

सुभुजो दुर्धरो वाग्मी महेन्द्रो वसुदो वसुः ।
नैकरूपो बृहद्रूप : शिपिविष्टः प्रकाशनः ॥४२॥

श्रीभगवान्का जगत् रक्षा गर्ने भुजा अति सुन्दर भएकाले उहाँ सुभुज हुनुहुन्छ । अरूले धारण गर्न नसकिने पृथिवी आदि लोकधारीहरूलाई पनि धारण गर्ने र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

अरूद्वारा स्वयं चाँहि धारण नहुने भएकाले उहाँ दुर्धर हुनुहुन्छ । अथवा ध्यानका वेला मुमुक्षुहरूद्वारा अति कठिनताका साथ हृदयमा धारण गरिने भएकाले उहाँ दुर्धर हुनुहुन्छ । उहाँबाट ब्रह्ममयी वाणी निक्लने भएकाले उहाँ वाग्मी हुनुहुन्छ । उहाँ महान् तथा इन्द्रपनि अर्थात् ईश्वरका पनि ईश्वर भएकाले महेन्द्र हुनुहुन्छ । वसु अर्थात् धन दिने भएकाले उहाँ वसुद हुनुहुन्छ। 'अन्नादो वसुदान' अर्थात् उहाँ अन्नको भोक्ता एवं वसुका दाता (*बृहदा.उ.* ४।४।२४) हुनुहुन्छ । दिइने त्यो वसु पनि उहाँ नै भएकाले उहाँ वसु हुनुहुन्छ। अथवा आत्मस्वरूपलाई मायाद्वारा ढाक्ने भएकाले उहाँ वसु हुनुहुन्छ। अथवा अन्तरिक्षमा नै वस्ने अन्यत्र होइन, यसरी आफ्नो असाधारण वासका कारण उहाँ वायुरूपले वसु हुनुहुन्छ– 'वसुरन्तरिक्षसत्' अर्थात् अन्तरिक्षमा रहने वसु (*कठोपनिषद्* २।५।२) । उहाँको एउटै रूप नहुनाले उहाँ नैकरूप हुनुहुन्छ– 'इन्द्रो मायाभिःपुरुरूप ईयते' अर्थात् इन्द्र (परमात्मा) मायाबाट अनेक रूपको चेष्टा गर्दछन् (*बृह.उ.* २।५।१९) श्रुति कथन र 'ज्योतींषि विष्णु' अर्थात् ज्योतीहरू विष्णु हुन्' (*विष्णु पु.* २।१२।३८) स्मृति कथन छ। उहाँका वराह आदि रूप बृहत् अर्थात् महान् भएकाले उहाँ बृहद्रूप हुनुहुन्छ। शिपि पशुलाई भनिन्छ, पशुहरूमा यज्ञरूपले प्रतिष्ठित भएकाले यज्ञमूर्ति उहाँ शिपिविष्ट हुनुहुन्छ– यज्ञो वै विष्णुः पशवः शिपिर्यज्ञ एव पशुषु प्रतितिष्ठति' अर्थात् यज्ञ नै विष्णु हुन्, पशुलाई शिपि भनिन्छ, यज्ञ नै पशुमा स्थित हुन्छन्, (*तैत्तिरीय संहिता* १।७।४)। अथवा शिपि किरणलाई भनिन्छ, किरणमा रहेकाले उहाँ शिपिविष्ट हुनुहुन्छ। 'शितलता तथा श्रीविष्णुका शयनका कारण जललाई 'शि' भनिन्छ, त्यसको पान तथा रक्षा गर्ने भएकाले रश्मि (किरण) हरूको नाम शिपि भयो र तिनमा प्रविष्ट भएकाले श्रीविश्वेश्वर लोकमा शिपिविष्ट भनिनुहुन्छ।' सबैलाई प्रकाशन गर्ने भएकाले उहाँ प्रकाशन हुनुहुन्छ ।

ओजस्तेजोद्युतिधरः प्रकाशात्मा प्रतापनः ।
ऋद्धः स्पष्टाक्षरो मन्त्रश्चन्द्राशुर्भास्करद्युतिः ॥४३॥

प्राण एवं बललाई ओज, शौर्यादि गुणलाई तेज र दीप्ति (कान्ति) लाई द्युति भनिन्छ, ती सबैलाई श्रीभगवान्ले धारण गर्नुहुने भएकाले उहाँ ओजस्तेजोद्युतिधर हुनुहुन्छ । अथवा ओज र तेज दुई नाम हुन्– 'बलं बलवतां चाहम्' अर्थात् म बलवानहरूको बल हुँ (*गीता* ७।११) एवं 'तेजस्तेजस्विनामहम्' अर्थात् म तेजस्वीहरूको तेज हुँ (*गीता* ७।१०) र ज्ञानस्वरूप दीप्ति धारण गर्ने भएकाले उहाँ द्युतिधर हुनुहुन्छ । उहाँको आत्मा (शरीर) प्रकाशस्वरूप भएकाले उहाँ प्रकाशात्मा हुनुहुन्छ। सविता आदि आफ्ना विभूतिहरूद्वारा विश्व तप्त गर्ने हुनाले उहाँ प्रतापन हुनुहुन्छ । धर्म, ज्ञान र वैराग्य आदिले सम्पन्न भएकाले उहाँ ऋद्ध हुनुहुन्छ । उहाँको ॐकाररूपअक्षर स्पष्ट (उदात्त) भएकाले उहाँ स्पष्टाक्षर हुनुहुन्छ। उहाँ ऋक्साम र यजुरूप मन्त्र हुनुहुन्छ। अथवा, मन्त्रवोध्य भएकाले मन्त्र हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

संसार तापरूप सूर्यतापबाट सन्तप्त चित्त भएकाहरूलाई चन्द्रकिरण समान आह्लादित गर्ने भएकाले उहाँ चन्द्रांशु हुनुहुन्छ । सूर्य तेजसमान धर्म भएकाले उहाँ भास्करद्युति हुनुहुन्छ ।

अमृतांशूद्भवो भानुः शशविन्दुः सुरेश्वर : ।
औषधं जगतः सेतुः सत्यधर्मपराक्रमः ॥४४॥

अमृतका लागि समुद्र मन्थन गर्दा कारणरूप श्रीभगवान्बाट अमृतांशु अर्थात् चन्द्रमाको उत्पत्ति भएकाले उहाँ अमृतांशूद्भव हुनुहुन्छ ।

भासित भएकाले उहाँ भानु हुनुहुन्छ– 'तमेव भान्तमनु भाति सर्वम्' अर्थात् उहाँ भासित हुँदा सबै भासित- प्रकाशित अर्थात् हुन्छन् (*कठोपनिषद्* २।५।१५) ।

शश (खरायो) को झैँ चिह्न भएकाले चन्द्रमा शशविन्दु भए, चन्द्र समान सम्पूर्ण प्रजा पोषण गर्ने भएकाले उहाँ शशविन्दु हुनुहुन्छ– 'पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः (*गीता* १५।१३) ।'

सुर (देवता) एवं शुभ दाताहरूका ईश्वर भएकाले उहाँ सुरेश्वर हुनुहुन्छ ।

संसार-रोगका औषधि हुनाले उहाँ औषध हुनुहुन्छ ।

संसारसागर पार गर्ने हेतु तथा सेतु झैँ वर्णाश्रम नमिल्नुका कारण भएकाले उहाँ जगत्का सेतु हुनुहुन्छ– 'एष सेतुर्विधरण एषां लोकानामसम्भेदाय' अर्थात् यी लोकका परस्पर असम्भेदपनका लागि उहाँ नै यी लोकलाई धारण गर्ने सेतु हुनुहुन्छ (*बृहदारण्यकोपनिषद्* ४।४।२२) ।

उहाँका धर्म-ज्ञानादि गुण र पराक्रम सत्य भएकाले उहाँ सत्यधर्मपराक्रम हुनुहुन्छ ।

भूतभव्यभवन्नाथः पवनः पावनोऽनलः ।
कामहा कामकृत् कान्तः कामः कामप्रदः प्रभुः ॥४५॥

भूत, भविष्य र वर्तमानका भूत अर्थात् अस्तित्व समूहका श्रीभगवान् नाथ हुनुहुन्छ– उहाँसित प्रार्थना गरिन्छ वा तिनलाई तपाउनुहुन्छ वा तिनका ईश्वर हुनुहुन्छ वा तिनलाई शासन गर्नुहुन्छ, त्यसैले उहाँ भूतभव्यभवन्नाथ हुनुहुन्छ । पवित्र गर्ने भएकाले उहाँ पवन हुनुहुन्छ– 'पवनः पवतामस्ति' पवित्रकर्ताहरूमा म पवन हुँ (*गीता* १०।३१) ।

चलाउने भएकाले उहाँ पावन हुनुहुन्छ– 'भीषास्माद्वातः पवते' अर्थात् इनका डरले वायु चल्दछ अन अर्थात् प्राणहरूलाई आत्मभावले ग्रहण गर्ने भएकाले जीवको नाम अनल हो, अथवा– 'अगन्धमरसम्' अर्थात् अगन्ध र अरस (श्रुति-वचन) भएअनुसार- नञ् पूर्वक गन्धवाची णल् धातुबाट रूपसिद्ध भएको अनल नाम उहाँको हो । अथवा उहाँको अलं अर्थात् पर्याप्तभाव (अन्त) नभएकाले उहाँ अनल हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

मुमुक्षु एवं हिंसकका कामना नष्ट गर्ने भएकाले उहाँ कामहा हुनुहुन्छ। सात्त्विक भक्तका कामना पूरा गर्ने भएकाले उहाँ कामकृत् हुनुहुन्छ। अथवा काम अर्थात् प्रद्युम्नका जनक भएकाले उहाँ कामकृत् हुनुहुन्छ । अथवा काम कर्तन गर्ने भएकाले उहाँ कामकृत् हुनुहुन्छ ।

अत्यन्त रूपवान् भएकाले उहाँ कान्त हुनुहुन्छ ।

पुरुषार्थको आकाङ्क्षा राख्नेहरूले कामना गरिने भएकाले उहाँ काम हुनुहुन्छ । अथवा क-ब्रह्मा, अ-विष्णु र म-महादेव= काम-त्रिदेवरूप भएकाले उहाँ काम हुन्छ। प्रकर्ष अर्थात् अतिशयतारूपले भक्तलाई कामना प्रदान गर्ने भएकाले उहाँ कामप्रद हुनुहुन्छ ।

प्रकर्षले हुने भएकाले उहाँ प्रभु हुनुहुन्छ ।

युगादिकृद् युगावर्तो नैकमायो महाशनः
अदृश्यो व्यक्तरूपश्च सहस्रजिदनन्तजित् ॥४६॥

युगादि कालभेदका कर्ता भएकाले अथवा युगादिका आरम्भ गर्ने भएकाले श्रीभगवान् युगादिकृत हुनुहुन्छ ।

श्रीविष्णुसहस्रनामको तेस्रो शतक सम्पन्न भयो ।

कालरूपले उहाँ सत्ययुग आदि युगलाई आवर्तन गर्नुहुने भएकाले उहाँ युगावर्त हुनुहुन्छ ।

जसको एकै माया छैनन् तर धेरै माया उहाँ धारण गर्नुहुन्छ, त्यसैले उहाँ नैकमाय हुनुहुन्छ । यहाँ 'न लोपो नञ:' ६।३।७३ *पा.सू.*द्वारा नकारलोप हुँदैन किनभने ञकारानुबन्धबाट रहित 'न' पनि प्रतिषेध अर्थमा रहेको छ ।

कल्पका अन्तमा सबैलाई ग्रसने भएकाले उहाँको महान् अशन (भोजन) हुँदा उहाँ महाशन हुनुहुन्छ । सबै ज्ञानेन्द्रियका विषय नभएकाले उहाँ अदृश्य हुनुहुन्छ । स्थूलरूपले उहाँको स्वरूप व्यक्त भएकाले उहाँ व्यक्तरूप हुनुहुन्छ । अथवा स्वयंप्रकाश भएकाले योगीहरूका लागि उहाँ व्यक्तरूप हुनुहुन्छ । युद्धमा हजारौं देवशत्रुहरूलाई जित्ने भएकाले उहाँ सहस्रजित् हुनुहुन्छ । अचिन्त्यशक्ति भएकाले युद्ध एवं क्रीडा आदिमा सर्वत्र समस्त भूत अर्थात् अस्तित्वलाई जित्ने भएकाले उहाँ अनन्तजित् हुनुहुन्छ ।

इष्टोऽविशिष्टः शिष्टेष्टः शिखण्डी नहुषो वृषः ।
क्रोधहा क्रोधकृत्कर्ता विश्वबाहुर्महीधरः ॥४७॥

परमानन्दस्वरूप भएकाले प्रिय इष्ट अथवा यज्ञद्वारा पूजित भएकाले श्रीभगवान् इष्ट हुनुहुन्छ ।

सबैका अन्तर्यामी भएकाले उहाँ अविशिष्ट हुनुहुन्छ। शिष्ट अर्थात् विद्वान्हरूका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

इष्ट भएकाले उहाँ शिष्टेष्ट हुनुहुन्छ, अथवा उहाँलाई शिष्टजन, इष्ट (प्रिय) भएकाले उहाँ शिष्टेष्ट हुनुहुन्छ– 'प्रियो हि ज्ञानिनोऽत्यर्थमहं सच मम प्रिय' अर्थात् म ज्ञानीलाई धेरै प्रिय र ज्ञानी पनि मलाई धेरै प्रिय छन् (*गीता* ७।१७) अथवा शिष्टद्वारा इष्ट (पूजित) भएकाले उहाँ शिष्टेष्ट हुनुहुन्छ। शिखण्ड (मयुरपंख) कलाप (शिरोभूषण) हुने उहाँ गोपवेषधारी भएकाले शिखण्डी हुनुहुन्छ। भूत (अस्तित्व) लाई मायाबाट बाँध्ने भएकाले उहाँ नहुष हुनुहुन्छ। 'कामनाहरूको वर्षा गर्ने भएकाले धर्मलाई वृष भनिन्छ, अतः मलाई पनि उत्तम वृष भनी बुझ' (*महाभारत, शान्ति* ३४२।८८) यसरी उहाँ धर्मरूप वृष हुनुहुन्छ।

साधुहरूका क्रोध नष्ट गर्ने भएकाले उहाँ क्रोधहा हुनुहुन्छ। असाधुमाथि क्रोध गर्ने भएकाले उहाँ क्रोधकृत् हुनुहुन्छ।

गरिने कर्म भएकाले जगत् कर्म भयो, त्यसका उहाँ कर्ता हुनुहुन्छ– 'यो वै वलाक एतेषां पुरुषाणां कर्ता यस्य वै तत् कर्म स वेदितव्य' अर्थात् यी पुरुषका हे वलाके ! कर्ता जो छ, त्यसको जो यो कर्म हो, त्यसलाई जान्नुपर्दछ भन्ने (*कौ.उ.* ४।१८)। श्रुति-कथन छ। अथवा क्रोध गर्ने दैत्यादिका कर्ता अर्थात् छेदक भएकाले उहाँको नाम क्रोधकृत्कर्ता हो। सबैका आलम्बन (आश्रय) भएकाले अथवा सबै उहाँका बाहु भएकाले अथवा उहाँका बाहु सबैतिर भएकाले– 'विश्वतो बाहुः' (*श्वेता: उ.* ३।३) अनुसार उहाँ विश्वबाहु हुनुहुन्छ। मही-पूजा अथवा पृथिवीलाई धारण गर्ने भएकाले उहाँ महीधर हुनुहुन्छ।

अच्युतः प्रथितः प्राणः प्राणदो वासवानुजः।
अपां निधिरधिष्ठानमप्रमत्तः प्रतिष्ठितः ॥४८॥

छ भावविकाररहित भएकाले श्रीभगवान् अच्युत हुनुहुन्छ– 'शाश्वतं शिवमच्युतम्' (*ना.उ.* १३।१)। जगत् उत्पत्ति आदि कर्मका कारण प्रसिद्ध भएकाले उहाँ प्रथित हुनुहुन्छ। हिरण्यगर्भरूपले प्रजालाई जीवन दिने भएकाले उहाँ प्राण हुनुहुन्छ– 'प्राणो वा अयमस्ति' (बह्वृचःश्रुतिः)। सुर एवं असुरलाई क्रमशः प्राण एवं बल दिने अथवा नष्ट गर्ने भएकाले उहाँ प्राणद हुनुहुन्छ। कश्यपद्वारा अदितिबाट वासव (इन्द्र) का अनुजरूपमा उत्पन्न भएकाले उहाँ वासवानुज हुनुहुन्छ। जसमा अप् (जल) खानी झैं भएर रहन्छ, त्यस (समुद्र) लाई अपांनिधि भनिने तथा समुद्र उहाँको विभूति भएकाले उहाँ अपांनिधि हुनुहुन्छ– 'सरसामस्मि सागर' अर्थात् म तलाउमा समुद्र हुँ (*गीता* १०।२४)।

उपादान कारणरूपले सबै भूत अर्थात् अस्तित्व अर्थात् ब्रह्ममा स्थित भएकाले उहाँ अधिष्ठान हुनुहुन्छ– 'मत्स्थानि' अर्थात् सर्वभूतानि अर्थात् सबै अस्तित्व ममा नै स्थित छन् (*गीता* ९।४)। अधिकारीहरूलाई तिनको कर्म अनुसारको फल दिन कहिल्यै प्रमाद (चूक) नगर्ने भएकाले उहाँ अप्रमत्त हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

उहाँ आफ्नै महिमामा स्थित हुनुभएकाले प्रतिष्ठित हुनुहुन्छ– 'स भगवः कस्मिन् प्रतिष्ठित इति। स्वे महिम्नि' अर्थात् हे भगवन्! ती केमा रहेका छन्?, आफ्ना महिमामा (*छा.उ.* ७।२४।१)।

स्कन्दः स्कन्दधरो धुर्यो वरदो वायुवाहनः।
वासुदेवो बृहद्भानुरादिदेवः पुरन्दरः ॥४९॥

श्रीभगवान् स्कन्द अर्थात् अमृतरूपले बग्ने भएकाले अथवा वायुरूपले सुकाउने भएकाले स्कन्द हुनुहुन्छ।

स्कन्द अर्थात् धर्मपथलाई धारण गर्ने भएकाले उहाँ स्कन्दधर हुनुहुन्छ। समस्त भूत अस्तित्वका जन्मादिरूप धुर (बोझ) धारण गर्ने भएकाले उहाँ धुर्य हुनुहुन्छ। इच्छित वर दिने अथवा श्रुतिअनुसार गाई नै वर भएकाले (यजमानरूपले दक्षिणामा गाई दिने भएकाले) उहाँ वरद हुनुहुन्छ।

आवह, प्रवह, अनुवह, संवह, विवह, परावह र परिवह- यी सात वायुलाई चलाउने भएकाले उहाँ वायुवाहन हुनुहुन्छ।

बस्ने, बसाउने वा ढाक्ने भएकाले उहाँ वासु र दिव्य गर्ने, क्रीडा गर्ने, जित्ने, इच्छा गर्ने, व्यवहार गर्ने, प्रकाशित हुने, स्तुति गरिने र जाने भएकाले उहाँ देव तथा यसरी वासु पनि देव पनि भएकाले उहाँ वासुदेव हुनुहुन्छ– 'म सूर्य समान भएर आफ्ना किरणले सम्पूर्ण जगत्लाई ढाक्तछु र समस्त भूत-अस्तित्वको निवास पनि हुँ, त्यसैले वासुदेव भनिन्छु' (*महाभारत,* शान्ति. ३४१।४१)। तथा 'समस्त अस्तित्वलाई बसाउनाले वसुरूप हुनाले र देवताहरूका उद्भव स्थान हुनाले भगवान्लाई श्रीवासुदेव जान्नुपर्दछ' (*महाभारत, उद्योग.* ७०।३)। तथा 'ती परमात्मा यस सम्पूर्ण लोकमा सर्वत्र सबै वस्तुमा बस्ने भएकाले उहाँलाई विद्वानहरू वासुदेव भन्दछन्' (*विष्णुपुराण* १।२।१२)। तथा 'सबै अस्तित्व ती परमात्मामा बस्दछन् र सबै अस्तित्वमा सर्वात्मा बस्नुहुन्छ। त्यसैले उहाँ वासुदेव भनिनुहुन्छ' (*विष्णुपुराण* ६।५।८०)।

'जसको सूर्य एवं चन्द्रमा आदिमा जाने अति बृहत् (महान्) भानु (किरण) छन् र जो ती (किरणहरू) द्वारा सम्पूर्ण जगत्लाई प्रकाशित गर्दछन्, ती परमात्मालाई बृहद्भानु भनिन्छ।' अतः उहाँ बृहद्भानु हुनुहुन्छ। उहाँ आदि कारण तथा देव (द्योतन गुणयुक्त) पनि भएकाले आदिदेव हुनुहुन्छ।

देव शत्रुका पुर (शहर) ध्वंस गर्ने भएकाले उहाँ पुरन्दर हुनुहुन्छ। यहाँ 'वाच पुरन्दरौ च' *पा.सू.* ६।३।६९ द्वारा शब्दको निपातन भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अशोकस्तारणस्तारः शूरः शौरिर्जनेश्वरः ।
अनुकूलः शतावर्तः पद्मी पद्मनिभेक्षणः ॥५०॥

शोकादि छ ऊर्मीबाट रहित भएकाले श्रीभगवान् अशोक हुनुहुन्छ । संसार सागरबाट तार्ने भएकाले उहाँ तारण हुनुहुन्छ। गर्भ, जन्म, जरा, मृत्युरूप भयबाट तार्ने भएकाले उहाँ तार हुनुहुन्छ। विक्रम गर्नाले उहाँ शूर हुनुहुन्छ। शूरका सन्तान अर्थात् वसुदेवका पुत्र हुनाले उहाँ शौरि हुनुहुन्छ । जन अर्थात् जीवका ईश्वर भएकाले उहाँ जनेश्वर हुनुहुन्छ। उहाँ सबैका आत्मरूप हुनुहुन्छ र आफ्नो प्रतिकूल कोही पनि नजाने भएकाले उहाँ अनुकूल हुनुहुन्छ । धर्मरक्षार्थ उहाँका सैयौं आवर्तन अर्थात् अवतार भएकाले उहाँ शतावर्त हुनुहुन्छ । अथवा प्राणरूपले (हृदयस्थानबाट निक्लिने) शय नाडीहरूलाई आवर्तन गर्ने भएकाले उहाँ शतावर्त हुनुहुन्छ ।

उहाँका हातमा पद्म (कमल) भएकाले उहाँ पद्मी हुनुहुन्छ। उहाँका ईक्षण अर्थात् नेत्र पद्म समान भएकाले उहाँ पद्मनिभेक्षण हुनुहुन्छ ।

पद्मनाभोऽरविन्दाक्षः पद्मगर्भःशरीरभृत् ।
महर्द्धिर्ऋद्धो वृद्धात्मा महाक्षो गरुडध्वजः ॥५१॥

हृदयरूप पद्मको नाभि अर्थात् कर्णिकाका बीचमा रहनुभएकाले श्रीभगवान् पद्मनाभ हुनुहुन्छ ।

उहाँका आँखा अरविन्द अर्थात् कमल समान भएकाले उहाँ अरविन्दाक्ष हुनुहुन्छ । हृदयरूप पद्म अर्थात् कमलका मध्यमा उपासना गरिने भएकाले उहाँ पद्मगर्भ हुनुहुन्छ। अन्न वा प्राणरूपले देहधारीहरूका शरीरको पोषण गर्दै धारण गर्ने भएकाले उहाँ शरीरभृत् हुनुहुन्छ। अथवा आफ्ना मायाले शरीरधारण गर्ने भएकाले उहाँ शरीरभृत् हुनुहुन्छ। उहाँको ऋद्धि अर्थात् विभूति महान् भएकाले उहाँ महर्द्धि हुनुहुन्छ। प्रपञ्चरूपले वर्तमान हुनाले उहाँ ऋद्ध हुनुहुन्छ ।

उहाँको आत्मा (देह) बृद्ध अर्थात् पुरातन भएकाले उहाँ बृद्धात्मा हुनुहुन्छ । उहाँका दुई वा धेरै आँखा महान् भएकाले उहाँ महाक्ष हुनुहुन्छ। उहाँको ध्वजामा गरुडको चिह्न भएको हुनाले उहाँ गरुडध्वज हुनुहुन्छ ।

अतुलः शरभो भीमः समयज्ञो हविर्हरिः ।
सर्वलक्षणलक्षण्यो लक्ष्मीवान् समितिञ्जयः ॥५२॥

श्रीभगवान्‌का कोही तुलना अर्थात् उपमा नभएकाले उहाँ अतुल हुनुहुन्छ– 'न तस्य प्रतिमास्ति यस्य नाम महद्यश' अर्थात् जसको नाम नै महान् यश हो, ती परमात्माको कुनै तुलना छैन (*श्वेता.* उ. ४।१९)। तथा 'न त्वत्समोऽस्त्यभ्यधिकःकुतोऽन्य' अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

हजुर बराबर त कोही छैन भने बढी को हुनसक्तछ ? (*गीता* ११।४३)।

शीर्यमाण (नाशवान्) भएकाले शरीरलाई शर भनिन्छ, ती शरीरमा प्रत्यगात्मारूपले भासने हुनाले उहाँलाई शरभ भनिन्छ ।

उहाँसित सबै भय मान्दछन्– त्यसैले उहाँ भीम हुनुहुन्छ। यहाँ 'भीमादयोऽपादाने' *पा. सू.* ३।४।७४ द्वारा भीमशब्द निपातन भएको छ । अथवा सन्मार्गमा रहनेहरूका लागि उहाँ अभीम हुनुहुन्छ ।

सृष्टि, स्थिति र संहारका समय जान्ने भएकाले अथवा छ समय (ऋतु) जान्ने भएकाले उहाँ समयज्ञ हुनुहुन्छ। अथवा समस्त भूत (अस्तित्व) मा समभाव राख्नु नै उहाँको श्रेष्ठ यज्ञ (पूजा) भएकाले उहाँ समयज्ञ हुनुहुन्छ– 'समत्वमाराधनमच्युतस्य' अर्थात् समत्व श्रीअच्युतको आराधना हो (*विष्णुपुराण* १।१७।९०) भन्ने प्रह्लादको वचन छ। यज्ञमा हविको भाग हरण गर्ने भएकाले उहाँ हविर्हरि हुनुहुन्छ– 'अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च' अर्थात् सबै यज्ञको भोक्ता एवं प्रभु मनै हुँ (*गीता* ९।२४)। अथवा हविद्वारा हवन गरिने भएकाले उहाँ हवि हुनुहुन्छ । 'अबध्नन् पुरुषं पशुम्' अर्थात् 'पुरुषरूप पशुलाई बाँधे' (*पुरुषसूक्त*, १५) यसबाट उहाँको हवनीयत्व प्रतिपादन भयो र स्मरण मात्रले (पुरुषका पाप वा जन्ममरणरूप) संसारहरण गर्ने भएकोले अथवा हरित (श्याम) वर्णका भएकाले उहाँ श्रीहरि हुनुहुन्छ। 'म आफ्नो स्मरण गर्नेहरूका पाप एवं यज्ञहरूमा हविको भाग हरण गर्दछु तथा मेरो अतिसुन्दर हरित वर्ण छ, त्यसैले म हरि भनिन्छु' (*महाभारत*, शान्ति., ३४२।६८) ।

सब लक्षण अर्थात् प्रमाणबाट जो लक्षण अर्थात् ज्ञान हुन्छ– त्यसलाई सर्वलक्षण भनिन्छ र त्यस ज्ञानमा जो साधु अर्थात् परम उत्तम छ ती परमात्मा नै परमार्थस्वरूप भएकाले सर्वलक्षणलक्षण्य हुनुहुन्छ ।

उहाँका वक्षःस्थलमा लक्ष्मी नित्य निवास गर्नुहुने भएकाले उहाँ लक्ष्मीवान् हुनुहुन्छ । समिति अर्थात् युद्ध जित्ने भएकाले उहाँ समितिञ्जय हुनुहुन्छ ।

विक्षरो रोहितो मार्गो हेतुर्दामोदरः सहः ।
महीधरो महाभागो वेगवानमिताशनः ॥५३॥

उहाँको क्षर अर्थात् नाश नभएकाले श्रीभगवान् विक्षर हुनुहुन्छ ।

आफ्ना इच्छाले रोहित वर्ण (मूर्ति) अथवा रोहितनामक मत्स्यविशेषको स्वरूपधारण गर्ने भएकाले उहाँ रोहित हुनुहुन्छ । मुमुक्षुहरूले ती परमात्माको मार्गण अर्थात् खोज गर्ने भएकाले उहाँ मार्ग हुनुहुन्छ। अथवा उहाँ साधनरूपबाट नै परमानन्द प्राप्त हुने भएकाले उहाँ मार्ग हुनुहुन्छ। संसारका निमित्त एवं उपादान कारण उहाँ नै हुनुभएकाले

6309 / 301

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

उहाँ हेतु हुनुहुन्छ। दम आदि साधनद्वारा जो मति उदार अर्थात् उत्कृष्ट हुन्छ र त्यसै मतिद्वारा जानिने भएकाले उहाँ दामोदर हुनुहुन्छ– 'दमाद्दामोदरोविभु' अर्थात् दमका कारण उहाँलाई दामोदर भनिन्छ (*महाभारत, उद्योग* ७०।८)। अथवा यशोदाद्वारा दाम (दाम्लो) ले उदरप्रदेश बाँधिएका हुनाले उहाँ दामोदर हुनुहुन्छ। 'व्रजवासीहरूले ती दुवै (यमलार्जुन) का बीचमा पुगेका बालकलाई दाम्लोले उदरप्रदेशमा कस्सिएर बाँधिएका र थोरै दाँत भएका मुखले मन्द-मन्द मुस्कुराहट गर्दैगरेका देखे, त्यहाँदेखि दाम (दाम्लोले) बाँधिएका कारण उहाँ दामोदर भनिनुभयो (*ब्रह्मपुराण* ७६।१३-१४)। अथवा 'दाम लोकहरूको नाम हो, ती लोक पेटमा हुने रमानिवास श्रीधर देवलाई त्यसैकारण दामोदर भनिन्छ' भन्ने व्यास वचन छ। सबैलाई होच्याउने अथवा सहन गर्ने भएकाले उहाँ सह हुनुहुन्छ।

पर्वतरूप भएर मही (पृथ्वी) धारण गर्ने भएकाले उहाँ महीधर हुनुहुन्छ– 'वनानि विष्णुर्गिरयो दिशश्च' अर्थात् वन, पर्वत र दिशा विष्णु नै हुन् (*विष्णुपुराण* २।१२।३८)। स्वेच्छाले देहधारण गरेर भागजन्य महान् अर्थात् उत्कृष्ट भोजन (परम ऐश्वर्य) भोग्ने हुनाले अथवा अवतारहरूमा उहाँको भाग अर्थात् भाग्य महान् भएकाले उहाँ महाभाग हुनुहुन्छ।

वेग भनेको जव अर्थात् तीव्रगति हो तीव्र गतिका भएकाले उहाँ वेगवान् हुनुहुन्छ। 'अनेजदेकं मनसो जवीय' अर्थात् आत्मा न चट्पटाउने भए पनि एक तथा मनभन्दा पनि अधिक वेगवान् छ (*ईशावास्योपनिषद्* ४)।

संहारका वेला विश्वलाई खाने भएकाले उहाँ अमिताशन हुनुहुन्छ।

उद्भवः क्षोभणो देवः श्रीगर्भः परमेश्वरः।
करणं कारणं कर्ता विकर्ता गहनो गुहः ॥५४॥

प्रपञ्चहरूको उत्पत्तिको उपादान कारण भएकाले अथवा, भव अर्थात् संसारका उपर भएकाले श्रीभगवान् उद्भव हुनुहुन्छ।

सृष्टिका वेला प्रकृति एवं पुरुषमा प्रविष्ट भएर तिनलाई क्षुब्ध गरेका हुनाले उहाँ क्षोभण हुनुहुन्छ। 'श्रीहरिले सृष्टिका वेला आफ्ना इच्छाले विकारी प्रकृति एवं अविकारी पुरुषमा प्रविष्ट भएर तिनलाई क्षुब्ध पार्नुभयो (*विष्णुपुराण* १।२।२९)।

सृष्टि आदिसित क्रीडा गर्ने, दैत्य आदिलाई जित्न चाहने, सबै भूत अर्थात् अस्तित्वहरूमा व्यवहार गर्ने, अन्तरात्मारूपले प्रकाशित हुने, स्तुत्य पुरुषहरूबाट स्तवन गरिने र सर्वत्र गमन गर्ने भएकाले उहाँ देव हुनुहुन्छ। 'एको देव' अर्थात् एक देव (*श्वेताश्वतरोपनिषद्* ६।११) को यस मन्त्रवर्णबाट सिद्ध हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: M

उहाँको उदर गर्भमा जगत्‌रूपा 'श्री'विभूति रहनुभएकाले उहाँ श्रीगर्भ हुनुहुन्छ । परम एवं ईशनशील पनि भएकाले उहाँ परमेश्वर हुनुहुन्छ– 'समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम्' अर्थात् सबै अस्तित्वमा समभावले रहने परमात्मा (*गीता* १३।२७)। संसारको उत्पत्तिका सर्वाधिक साधन भएकाले उहाँ करण हुनुहुन्छ। जगत्‌का उपादान एवं निमित्त कारण भएकाले उहाँ कारण हुनुहुन्छ । स्वतन्त्र भएकाले उहाँ कर्ता हुनुहुन्छ । विचित्र भुवनलाई रचना गर्ने उहाँ नै भगवान् श्रीविष्णु विकर्ता हुनुहुन्छ। उहाँको स्वरूप, सामर्थ्य वा चेष्टा जान्न नसकिने भएकाले उहाँ गहन हुनुहुन्छ। आफ्ना मायाले स्वरूप आदिलाई ग्रस्त गर्ने अथवा छेक्ने भएकाले उहाँ गुह हुनुहुन्छ– 'नाहं प्रकाशः सर्वस्य योगमायासमावृत' अर्थात् योगमायाद्वारा आवृत भएकाले म सबैलाई प्रकट हुन्न (*गीता* ७।२५) । यस्तो भगवद्‌वाणी छ ।

व्यवसायो व्यवस्थानः संस्थानः स्थानदो ध्रुवः ।
परर्द्धिः परमस्पष्टस्तुष्टः पुष्टः शुभेक्षणः ॥५५॥

ज्ञानमात्रस्वरूप भएकाले श्रीभगवान् व्यवसाय हुनुहुन्छ । उहाँमा सबैको व्यवस्था भएकाले उहाँ व्यवस्थान हुनुहुन्छ। अथवा लोकपाल आदिका आधिकारहरूलाई, जरायुज, अण्डज, उद्भिज आदि जीवहरूलाई, ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र अवान्तर वर्णहरूलाई; ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र सन्न्यास आश्रमहरूलाई तथा तिनका धर्म आदिलाई विभक्त गरेर रचना गर्नुहुने भएकाले उहाँ व्यवस्थान हुनुहुन्छ । यहाँ बहुल उच्चारित भएकाले 'कृतल्युटो बहुलम्' *पा.सू.* ३।३।११३ द्वारा ल्युट प्रत्यय भएको छ ।

उहाँमा भूत-अस्तित्वहरूको प्रलयरूप स्थिति भएकाले अथवा उहाँ त्यस प्रलयको समीचीन स्थान भएकाले उहाँ संस्थान हुनुहुन्छ। ध्रुव आदिलाई कर्मअनुरूप स्थान दिने भएकाले उहाँ स्थानद हुनुहुन्छ । अविनाशी भएकाले उहाँ ध्रुव हुनुहुन्छ ।

उहाँको ऋद्धि (विभूति) परा (श्रेष्ठ) भएकाले उहाँ परर्द्धि हुनुहुन्छ। उहाँकी मा अर्थात् लक्ष्मी परा अर्थात् श्रेष्ठ भएकाले उहाँ परम हुनुहुन्छ । अथवा अन्यका आश्रयविना नै सिद्ध भएकाले श्रेष्ठ एवं ज्ञानस्वरूप भएकाले उहाँ परमस्पष्ट हुनुहुन्छ । एकमात्र परमानन्दस्वरूप भएकाले उहाँ तुष्ट हुनुहुन्छ। सर्वत्र परिपूर्ण भएकाले उहाँ पुष्ट हुनुहुन्छ।

उहाँको ईक्षण अर्थात् दर्शन शुभ, शुभकर, मोक्षार्थीलाई मोक्षदिने, भोगार्थीलाई भोग दिने, सबै सन्देह हटाउने, पापीलाई पवित्र पार्ने, हृदयको ग्रन्थिलाई विच्छेद गर्ने, सबै कर्महरू नाश गर्ने तथा अविद्या हटाउने भएकाले उहाँ शुभेक्षण हुनुहुन्छ– 'भिद्यते हृदयग्रन्थि' अर्थात् हृदयग्रन्थि टुट्‌दछ (*मुण्डकोपनिषद्* २।२।८) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

रामो विरामो विरतो मार्गो नेयो नयोऽनयः ।
वीरः शक्तिमतां श्रेष्ठो धर्मो धर्मविदुत्तमः ॥५६॥

नित्यानन्दस्वरूप श्रीभगवान्मा योगीहरू रमण गर्दछन्, अतः उहाँ राम हुनुहुन्छ– 'नित्यानन्दस्वरूप चिदात्मामा योगीहरू रमण गर्ने भएकाले ती चिदात्मा परब्रह्म 'राम' यस पदले भनिन्छन्' (*पद्मपुराण*) । अथवा आफ्नै इच्छाले रमणीय शरीर धारण गर्ने दशरथ पुत्र नै राम हुनुहुन्छ ।

उहाँमा प्राणीहरूको विराम अर्थात् अवसान वा अन्त हुने हुँदा उहाँ विराम हुनुहुन्छ । विषयसेवनमा उहाँको राग नरहने भएकाले उहाँ विरत हुनुहुन्छ । जसलाई जानेर योगी मुमुक्षुहरू अमर हुन्छन् उहाँ नै बाटो अर्थात् मार्ग हुनुहुन्छ– 'नान्यःपन्थाविद्यतेऽयनाय, अर्थात् आत्मज्ञानबाहेक मोक्षको अर्को बाटो छैन (*श्वेता.उ.* ६।१५) । मार्ग अर्थात् सम्यक् ज्ञानले जीवलाई उहाँ परमात्मामा पुऱ्याउने भएकाले उहाँ नेय हुनुहुन्छ । लग्ने ती (सम्यक् ज्ञानरूप) नेता नय पनि उहाँ नै हुनुहुन्छ । यसरी मार्ग, नेय र नय त्रिरूपरूपमा उहाँलाई कल्पना गरिन्छ ।

उहाँका कुनै अरू नेता नभएकाले उहाँ अनय हुनुहुन्छ ।

***श्रीविष्णुसहस्रनामको* चौथो शतक सम्पन्न भयो ।**

विक्रमशाली भएकाले उहाँ वीर हुनुहुन्छ ।

ब्रह्मा आदि शक्तिमान्हरूमा पनि शक्तिमान् भएकाले उहाँ शक्तिमतां श्रेष्ठ हुनुहुन्छ । समस्त भूत-अस्तित्व धारण गर्ने भएकाले उहाँ धर्म हुनुहुन्छ अर्थात् 'अणुरेष धर्म' अर्थात् यो धर्म अति सूक्ष्म छ (*कठोपनिषद्* १।१।२१) । अथवा धर्मद्वारा नै आराधना गरिने भएकाले उहाँ धर्म हुनुहुन्छ ।

श्रुति एवं स्मृतिहरू उहाँका आज्ञास्वरूप हुनाले उहाँ नै समस्त धर्मवेत्ताहरूमा उत्तम भएकाले उहाँ धर्मविदुत्तम हुनुहुन्छ ।

वैकुण्ठः पुरुषः प्राणः प्राणदः प्रणवः पृथुः ।
हिरण्यगर्भः शत्रुघ्नो व्याप्तो वायुरधोक्षजः ॥५७॥

विविधा कुण्ठा भन्नाले गतिको अवरोध बुझिन्छ, विकुण्ठाका कर्ता श्रीभगवान् वैकुण्ठ हुनुहुन्छ किनभने जगत्को आरम्भमा छरिएका भूतहरूलाई एकआपसमा मिलाएर तिनको गतिलाई उहाँले रोक्नुहुन्छ । 'मैले पृथिवीलाई जलसित, आकाशलाई वायुसित र वायुलाई तेजसित मिलाएको थिएँ, त्यसैले ममा वैकुण्ठता छ । (*महाभारत,* शान्ति. ३४२।८०) । अथवा 'विगता कुण्ठा यस्य स विकुण्ठो विकुण्ठ एव वैकुण्ठ' अप्रतिबद्ध भएकाले उहाँ वैकुण्ठ हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सबभन्दा पहिले भएकाले अथवा सबै पाप उच्छेद गर्ने भएकाले उहाँ पुरुष हुनुहुन्छ– 'ती जो सबभन्दा पहिले थिए, सबै पाप भस्म गर्दछन्, त्यसैले पुरुष हुन्' (*बृहदारण्यकोपनिषद्* १।४।१)। अथवा 'ती यी पुरुष सबै पुर (शरीरमा) शयन गर्ने हुन्' (*बृहदा.उ.* २।५।१८) अतः उहाँ पुरुष हुनुहुन्छ।

क्षेत्रज्ञरूपले जीवित रहने अथवा प्राणवायुरूपले चेष्टा गर्ने भएकाले उहाँ प्राण हुनुहुन्छ– 'श्वसनस्वरूपी भएर चेष्टा गर्नुहुन्छ' (*विष्णुपुराण*)। प्रलय आदिका वेला प्राणीका प्राणखण्डन गर्ने भएकाले उहाँ प्राणद हुनुहुन्छ।

ॐ भनेर स्तुति अथवा प्रणाम गर्ने उहाँ ॐकार प्रणव हुनुहुन्छ– 'त्यसैले 'ॐ' भनेर प्रणाम गर्दछन्' (श्रुतिकथन) छ। अथवा प्रणाम गरिने भएकाले उहाँ नै प्रणव हुनुहुन्छ। 'उहाँलाई वेद्ले प्रणाम गर्दछन्, त्यसैले उहाँ प्रणव हुनुहुन्छ' (सनत्कुमारको) वचन छ।

प्रपञ्चरूपले विस्तृत भएकाले उहाँ पृथु हुनुहुन्छ। हिरण्यगर्भ (ब्रह्मा) को उत्पत्तिका कारण हिरण्यमय अण्डा उहाँको वीर्यबाट उत्पन्न भएकाले उहाँ त्यसको गर्भ अर्थात् हिरण्यगर्भ हुनुहुन्छ। देवशत्रु हन्ता भएकाले उहाँ शत्रुघ्न हुनुहुन्छ।

कारणरूपले सबै कार्य व्याप्त गर्नाले उहाँ व्याप्त हुनुहुन्छ। वाति अर्थात् गन्ध गर्ने भएकाले उहाँ वायु हुनुहुन्छ– 'पुण्यो गन्धः पृथिव्यां च 'पृथिवीमा पुण्य गन्ध म हुँ' (*गीता* ७।९)। कहिल्यै तल (आफ्नो स्वरूपभन्दा) क्षीण नहुने उहाँ अधीक्षज हुनुहुन्छ' (*महाभारत*, उद्योग. ७०।१०)। अथवा द्यौ (आकाश) अक्ष र पृथिवी अधः हो, उहाँ तिनका मध्यमा विराटरूपले प्रकट हुनुहुन्छ, त्यसैले उहाँ अधोक्षज हुनुहुन्छ। अथवा अक्षगण (इन्द्रिय) का अधोमुख अन्तर्मुख हुँदा प्रकट हुने भएकाले उहाँ अधोक्षज हुनुहुन्छ। 'इन्द्रिय अधोमुख हुँदा तिनलाई भित्रतिर प्रवृत्त गर्दा उहाँको ज्ञान हुने भएकाले उहाँ अधोक्षज भनिनु हुन्छ।

ऋतुःसुदर्शनः कालः परमेष्ठी परिग्रहः।
उग्रः संवत्सरो दक्षो विश्रामो विश्वदक्षिणः ॥५८॥

श्रीभगवान् ऋतुशब्दद्वारा कालरूपले लक्षित हुनुभएकाले उहाँ ऋतु हुनुहुन्छ। उहाँको दर्शन अर्थात् ज्ञान अति सुन्दर अर्थात् निर्वाणरूप फल दिने भएकाले उहाँ सुदर्शन हुनुहुन्छ। अथवा उहाँका नेत्र अति सुन्दर अर्थात् पद्मपत्र समान विशाल भएकाले उहाँ सुदर्शन हुनुहुन्छ। अथवा भक्तहरूलाई सजिलै देखिने भएकाले उहाँ सुदर्शन हुनुहुन्छ।

सबैको कलना (गणना) गर्ने भएकाले उहाँ काल हुनुहुन्छ– 'कालः कलयतामहम्' अर्थात् कलना (गणना) गर्नेमा म काल हुँ (*गीता* १०।३०)। हृदयाकाशभित्र आफ्नो परमप्रकृष्ट महिमामा स्थित रहने स्वभाव भएकाले उहाँ परमेष्ठी हुनुहुन्छ। परमेष्ठी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

विभ्राजते परमेष्ठीरूपले सुशोभित हुनुहुन्छ (मन्त्रवर्ण)।

सर्वगत भएकाले शरणार्थीहरूद्वारा सबैतिरबाट ग्रहण गरिने वा सबैतिरबाट जानिने वा भक्तहरूद्वारा समर्पित पत्रपुष्पादि ग्रहण गर्ने भएकाले उहाँ परिग्रह हुनुहुन्छ।

सूर्य आदिको पनि भयको कारण भएकाले उहाँ उग्र हुनुहुन्छ 'भीषादेति सूर्य' अर्थात् इनको डरले सूर्य हिड्दछन् (*तैत्तिरीयोपनिषद्* २।८)। उहाँमा सबै भूत (अस्तित्व) बस्ने भएकाले उहाँ संवत्सर हुनुहुन्छ। जगत्रूपले वर्धमान हुने सबै कार्य शीघ्र गर्ने भएकाले उहाँ दक्ष हुनुहुन्छ। भोक, प्यास आदि ६ ऊर्मीद्वारा तरङ्ग भएको संसारसागरमा अविद्या आदि महाक्लेश एवं मद आदि उपक्लेशद्वारा वशमा परेका विश्राम चाहनेहरूलाई विश्राम अर्थात् मोक्ष दिने भएकाले उहाँ विश्राम हुनुहुन्छ।

सबभन्दा दक्ष अर्थात् समर्थ अथवा समस्त कार्यमा कुशल भएकाले अथवा बलिका यज्ञमा दक्षिणारूपमा समस्त विश्व नै उहाँलाई दक्षिणामा मिलेकाले उहाँ विश्वदक्षिण हुनुहुन्छ।

विस्तारः स्थावरस्थाणुःप्रमाणं बीजमव्ययम्।
अर्थोऽनर्थो महाकोशो महाभोगो महाधनः ॥५९॥

श्रीभगवान्मा समस्त लोकहरू विस्तारित हुने भएकाले उहाँ विस्तार हुनुहुन्छ। स्थितिशील भएकाले उहाँ स्थावर र पृथिवी आदि स्थितिशील पदार्थ उहाँमा रहेकाले उहाँ स्थाणु हुनुहुन्छ यसरी स्थावर पनि र स्थाणु पनि हुँदा उहाँ स्थावरस्थाणु हुनुहुन्छ।

संवित्स्वरूप भएकाले उहाँ प्रमाण हुनुहुन्छ।

विना अन्यथा भावले नै संसारका कारण भएकाले उहाँ उनका बीजमव्ययम् हुनुहुन्छ। यो विशेषणसहितको एक नाम हो। सुखस्वरूप भएकाले सबैद्वारा प्रार्थना गरिने भएकाले उहाँ अर्थ हुनुहुन्छ। आप्त (पूर्ण) काम भएकाले उहाँको कुनै अर्थ प्रयोजन नरहँदा उहाँ अनर्थ हुनुहुन्छ। अन्नमय आदि महान् कोश उहाँका आच्छादक भएकाले उहाँ महाकोश हुनुहुन्छ। उहाँको सुखरूप महान् भोग भएकाले उहाँ महाभोग हुनुहुन्छ। उहाँको भोग साधनरूप महान् धन भएकाले उहाँ महाधन हुनुहुन्छ।

अनिर्विण्णः स्थविष्ठोऽभूर्धर्मयूपो महामखः।
नक्षत्रनेमिर्नक्षत्री क्षमः क्षामः समीहनः ॥६०॥

सम्पूर्ण कामना उहाँलाई प्राप्त भएकाले उहाँलाई निर्वेद अर्थात् उदासीनता हुँदैन। त्यसैले श्रीभगवान् अनिर्विण्ण हुनुहुन्छ।

वैराजरूपले स्थित भएकाले उहाँ स्थविष्ठ हुनुहुन्छ– 'अग्निर्मूर्धा चक्षुषी चन्द्रसूर्यौ' अर्थात् अग्नि उहाँको शिर र चन्द्रसूर्य उहाँका आँखा हुन् (*मुण्डकोपनिषद्* २।१।४)। अजन्मा भएकाले उहाँ अभूः हुनुहुन्छ। अथवा भएकाले उहाँ भूः हुनुहुन्छ। (यहाँ 'भू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सत्तायाम् ।' धातुको सम्पदादि गणका कारण प्रत्यय भएको छ) । अथवा उहाँ 'भू' पृथिवीरूप- हुनुहुन्छ। यूपमा पशु बाँधिए झैं आराधनारूप धर्म उहाँमा बाँधिने हुँदा धर्मयूप हुनुहुन्छ। उहाँमा समर्पित मख (यज्ञ) निर्वाणरूप फल दिँदै महान् हुने भएकाले उहाँ महामख हुनुहुन्छ।

'नक्षत्र एवं तारासहित चन्द्रसूर्य आदि ग्रहगण वायुपाशरूप बन्धनद्वारा ध्रुवसित बाँधिएका छन् ।' यो वचनअनुसार ज्योतिश्चक्रका साथ सम्पूर्ण नक्षत्रमण्डललाई घुमाउँदै रहेको ध्रुवतारामय शिशुमारचक्र पुच्छदेशमा रहेको छ। त्यस शिशुमारको हृदय (मध्य) मा ज्योतिश्चक्रको नेमि (केन्द्र) को समान प्रवर्तकरूपले श्रीविष्णु वर्तमान हुनुभएकाले उहाँ नक्षत्रनेमि भनिनुहुन्छ। *स्वाध्याय ब्राह्मण*मा शिशुमारवर्णनप्रसङ्गमा 'विष्णु उसका हृदय' भन्ने श्रुति कथन छ। चन्द्ररूप भएकाले उहाँ नक्षत्री हुनुहुन्छ– 'नक्षत्राणामहं शशि' अर्थात् नक्षत्रमा म चन्द्र हुँ (*गीता* १०।२१) ।

समस्त कार्यमा समर्थ भएकाले अथवा सहन गर्ने भएकाले उहाँ क्षम हुनुहुन्छ– 'क्षमया पृथिवीसम' अर्थात् क्षमामा पृथ्वी समान (*वाल्मीकिरामायण* १।१।१८) । समस्त विकार क्षीण हुँदा उहाँ आत्मभावले स्थित भइरहनु हुने भएकाले उहाँ क्षाम हुनुहुन्छ। यहाँ 'क्षायो मः' *पा.सू.* ८।२।५३ अनुसार निष्ठाको 'क्त' को मकारादेश भएको छ। सृष्टि आदिका लागि सम्यक् ईहा (चेष्टा) गर्ने भएकाले उहाँ समीहन हुनुहुन्छ।

यज्ञ इज्यो महेज्यश्च क्रतुः सत्रं सतां गतिः ।
सर्वदर्शी विमुक्तात्मा सर्वज्ञो ज्ञानमुत्तमम् ॥६१॥

सर्वयज्ञरूप भएकाले अथवा यज्ञरूपले समस्त देवताहरूको तुष्टिकारक भएकाले श्रीभगवान् यज्ञ हुनुहुन्छ– 'यज्ञो वै विष्णु' अर्थात् यज्ञ नै विष्णु हुन् (*तैत्तिरीयसंहिता* १।७।४) । उहाँ नै यष्टव्य (पूज्य) भएकाले इज्य हुनुहुन्छ। जो पवित्र यज्ञद्वारा देव एवं पितृको यजन गर्दछन्, ती सर्वदा स्वयं आफ्ना आत्मा अर्थात् श्रीविष्णुको यजन गर्दछन्' (*हरिवंश* ३।४०।२७) ।

सबै यष्टव्य देवतामध्ये मोक्षफलदाता भएकाले उहाँ नै सर्वाधिक यष्टव्य हुँदा महेज्य हुनुहुन्छ।

यूपसहित यज्ञ क्रतु भनिने र उहाँ तत्रूप भएकाले क्रतु हुनुहुन्छ। विधिरूप धर्म प्राप्त गराउने अर्थात् सत्र अथवा, सत् (कार्यरूप जगत्) बाट रक्षा गर्ने भएकाले उहाँ सत्र हुनुहुन्छ।

सत् (मुमुक्षुहरू) का अनन्य गति भएकाले उहाँ सतांगति हुनुहुन्छ । स्वाभाविक बोधद्वारा सबै प्राणीका सबै कर्म-अकर्म देख्ने भएकाले उहाँ सर्वदर्शी हुनुहुन्छ। स्वभावतः नै उहाँको आत्मा मुक्त भएकाले अथवा उहाँ विमुक्त पनि र आत्मा पनि भएकाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विमुक्तात्मा हुनुहुन्छ– 'विमुक्तश्च विमुच्यते, अर्थात् मुक्त नै मुक्त हुन्छ (*कठोपनिषद्* २।५।१)। जो सर्व छ र ज्ञाता पनि छ। त्यसैले परमात्मा सर्वज्ञ हुनुहुन्छ– 'सर्वं यदयमात्मा अर्थात् यो जे पनि छ। सबै आत्मा नै हो (*बृहदा.उ.* २।४।६)।

'ज्ञानम् उत्तमम्' यो विशेषणसहितको एक नाम हो, जो प्रकृष्ट (सर्वोत्तम), अनन्त (नित्यसिद्ध), अनवच्छिन्न (देश, काल एवं वस्तुको सीमाभन्दा पर) र सबैको अत्यन्त साधक ज्ञान हो। त्यो नै उहाँ भएकाले उहाँ ज्ञानमुत्तमम् हुनुहुन्छ– 'सत्यं ज्ञानमनन्तं ब्रह्म-ब्रह्म सत्य, ज्ञान एवं अनन्तरूप छ (*तैत्तिरीयोपनिषद्* २।१)॥

सुव्रतः सुमुखः सूक्ष्मः सुघोषः सुखदः सुहृत्।
मनोहरो जितक्रोधो वीरबाहुर्विदारणः ॥६२॥

श्रीभगवान्को व्रत शुभ भएकाले उहाँ सुव्रत हुनुहुन्छ– 'सकृदेव प्रपन्नाय तवास्मीति च याचते। अभयं सर्वभूतेभ्यो ददाम्येतद् व्रतं मम' अर्थात् एकै पल्ट पनि मेरा शरणमा आएर म हजुरको हुँ भनी प्रार्थना गर्नेलाई म सबै प्राणीबाट अभय दिन्छु। (*वाल्मीकिरामायण* ६।१८।३३)।

सुन्दर मुख भएकाले उहाँ सुमुख हुनुहुन्छ– 'उहाँ प्रसन्न वदन... (*विष्णुपुराण* ६।७।८०)। अथवा वनवासका वेला पनि सुमुख (प्रसन्नवदन) भएकाले दशरथपुत्र श्रीराम सुमुख हुनुहुन्छ। 'श्रीमान् रामले आफ्ना पिताको वचन अर्थात् वनवास जाने वचनलाई राज्याभिषेकभन्दा पनि अधिक प्रिय मानेर पहिले मनले र त्यसपछि वाणीले पनि स्वीकार गर्नुभयो। उहाँले भन्नुभयो– यी चौध वर्ष वनमा घुमेर म परम प्रसन्न भएर हजुरको वचन पालन गर्नेछु। भगवान् श्रीराम त्यस वेला वन जान तयार हुनुहुन्थ्यो र पृथिवीको राज्य त्याग्दै हुनुहुन्थ्यो। तैपनि सबै लोकेच्छाबाट पार पुगेका योगी झैं उहाँको चित्त कत्ति पनि व्यथित भएन। (*वाल्मीकिरामायण* २।२४।१६-१७ र २।१९।३३)। अथवा समस्त विद्याका उपदेशक भएकाले उहाँ सुमुख हुनुहुन्छ। 'यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्च प्रहिणोति तस्मै' अर्थात् जो पहिले ब्रह्माको सृष्टि गर्दछन् र उनलाई वेद प्रदान गर्दछन् (*श्वेता. उ.* ६।१८)। शब्दादि स्थूल कारणबाट रहित भएकाले उहाँ सूक्ष्म हुनुहुन्छ अर्थात् शब्दादि विषय नै आकाशादि भूतका उत्तरोत्तर अर्थात् एकपछि अर्को स्थूलताका कारण हुन् र श्रीभगवान्मा तिनको अभाव भएकाले उहाँ सूक्ष्म हुनुहुन्छ– 'सर्वगतं सुसूक्ष्मम्-सर्वगत र अतिसूक्ष्म' (*मुण्डकोपनिषद्* १।१।६)। उहाँको वेदरूप सुन्दर घोष छ अथवा उहाँको मेघ समान गम्भीर घोष भएकाले उहाँ सुघोष हुनुहुन्छ।

सदाचारीलाई सुख दिने अथवा दुराचारीलाई सुख खण्डन गर्ने भएकाले उहाँ सुखद हुनुहुन्छ। प्रत्युपकारसित निरपेक्ष रही उपकार गर्ने भएकाले उहाँ सुहृत् हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Funding: M

अत्यन्त आनन्दस्वरूप भएकाले मनलाई हरण गर्ने उहाँ मनोहर हुनुहुन्छ– 'यो वै भूमा तत् सुखं नाल्पे सुखमस्ति' अर्थात् जो भूमा छ निश्चय नै त्यही सुख हो, थोरैमा सुख छैन (*छान्दोग्योपनिषद्* ७।२३।१) ।

वेदको मर्यादा स्थापित गर्न नै उहाँ देवशत्रु मार्नुहुन्छ, क्रोधले होइन, त्यसैले उहाँले क्रोधलाई जित्नुभएकाले उहाँ जितक्रोध हुनुहुन्छ ।

देवशत्रु मारेर वेदमर्यादा स्थापित गर्ने उहाँका बाहु अति विक्रमशाली भएकाले उहाँ वीरबाहु हुनुहुन्छ ।

अधार्मिकहरूलाई विदीर्ण गर्नुहुने भएकाले उहाँ विदारण हुनुहुन्छ ।

स्वापनः स्ववशो व्यापी नैकात्मा नैककर्मकृत् ।
वत्सरो वत्सलो वत्सी रत्नगर्भो धनेश्वरः ॥६३॥

प्राणीहरूलाई सुताउने अर्थात् जीवहरूलाई मायाद्वारा आत्मज्ञानरूप जागृतिबाट रहित पार्ने हुनाले श्रीभगवान् स्वापन हुनुहुन्छ ।

जगत्को उत्पत्ति, स्थिति र लयका कारण भएकाले उहाँ स्वतन्त्र हुनुहुँदा उहाँ स्ववश हुनुहुन्छ ।

आकाश समान सर्वव्यापी भएकाले उहाँ व्यापी हुनुहुन्छ– 'आकाशवत् सर्वगतश्च नित्य' अर्थात् आकाश समान सर्वगत एवं नित्य (श्रुति-कथन)। अथवा कारणरूपले सबै कार्यहरूलाई व्याप्त गर्ने भएकाले उहाँ व्यापी हुनुहुन्छ । जगत्को उत्पत्ति आदिमा नैमित्तिक शक्तिहरूलाई प्रकट गर्ने विभूतिहरूद्वारा नाना प्रकारले रहनुभएकाले उहाँ नैकात्मा हुनुहुन्छ ।

संसारको उत्पत्ति, सम्पत्ति (उन्नति) र विपत्ति आदि अनेक कर्म गर्ने भएकाले उहाँ नैककर्मकृत् हुनुहुन्छ ।

सबै कुरा उहाँमा नै बसेको हुनाले उहाँ वत्सर हुनुहुन्छ। यहाँ 'वत्सांसाभ्यां कामबले' *पा.सू.* ५।२।९८ द्वारा लच् प्रत्यय भएको छ । वत्सहरूलाई पालन गर्ने भएकाले उहाँ वत्सी हुनुहुन्छ । भक्तस्नेही भएकाले उहाँ वत्सल हुनुहुन्छ । अथवा उहाँ जगत्पिता हुनुभएकाले प्रजा उहाँका वत्सस्वरूप भए, त्यसैले उहाँ वत्सी हुनुहुन्छ । रत्नगर्भरूप हुने समुद्र रत्नगर्भ भए झैँ उहाँ रत्नगर्भ हुनुहुन्छ ।

धनका स्वामी भएकाले उहाँ धनेश्वर हुनुहुन्छ ।

धर्मगुब्धर्मकृद्धर्मी सदसत्क्षरमक्षरम् ।
अविज्ञाता सहस्रांशुर्विधाता कृतलक्षणः ॥६४॥

धर्मको गोपन (रक्षा) गर्ने भएकाले श्रीभगवान् धर्मगुप् हुनुहुन्छ– 'धर्मसंस्थापनार्थाय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

संभवामि युगे-युगे' अर्थात् धर्म स्थापनाका लागि म युग युगमा अवतारलिन्छु (*गीता* ४।८)। धर्म र अधर्मदेखि रहित भएर पनि धर्मको मर्यादा स्थापित गर्न धर्म नै उहाँले गर्नुहुने भएकाले उहाँ धर्मकृत् हुनुहुन्छ।

धर्मधारण गर्ने भएकाले उहाँ धर्मी हुनुहुन्छ।

सत्यस्वरूप परब्रह्म नै उहाँ सत् हुनुहुन्छ– 'सदेव सोम्येदम्' अर्थात् हे सोम्य! यो सत् नै पहिले थियो (*छान्दोग्योपनिषद्* ६।२।१)।

प्रपञ्चरूपले अपरब्रह्म नै उहाँ असत् हुनुहुन्छ– 'वाचारम्भणं विकारो नामधेयम्' अर्थात् विकार केवल नाम मात्र एवं वाणीको विलास नै हो (*छा.उ.*) ६।१।४)। सबै भूत अर्थात् अस्तित्व क्षर एवं कूटस्थ अक्षर उहाँ नै हुनुहुन्छ– 'क्षरःसर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते' (*गीता* १५।१६)।

आत्मामा कर्तृत्व आदि विकल्प-विज्ञान कल्पित छन्, तिनको वासनाले ढाकिएको जीव विज्ञाता हो, त्यसबाट विलक्षण श्रीविष्णु अविज्ञाता हुनुहुन्छ। सूर्य आदिका किरण वास्तवमा उहाँका नै हुन्, त्यसैले उहाँ नै मुख्य सहस्रांशु हुनुहुन्छ– 'येन सूर्यस्तपति तेजसेद्ध' अर्थात् जुन तेजबाट प्रज्वलित भएर सूर्य तप्त हुन्छन् (*तैत्तिरीयब्राह्मण* ३।१२।७९।७) भन्ने श्रुति-कथन र 'यदादित्यगतं तेज' अर्थात् आदित्यमा भएको तेज' (*गीता* १५।१२) भन्ने स्मृति कथन छ।

समस्त भूत अर्थात् अस्तित्व धारण गर्ने शेष, दिग्गज एवं पर्वतहरूलाई विशेषरूपले धारण गर्ने भएकाले उहाँ विधाता हुनुहुन्छ। नित्यसिद्ध चैतन्यस्वरूप भएकाले उहाँ कृतलक्षण हुनुहुन्छ। अथवा उहाँले लक्षण अर्थात् शास्त्रहरूलाई सृष्टि गर्नुभएकोले उहाँ कृतलक्षण हुनुहुन्छ– 'वेदाः शास्त्राणि विज्ञानमेतत् सर्वं जनार्दनात्' अर्थात् वेद, शास्त्रहरू र यो सम्पूर्ण विज्ञान श्रीजनार्दनबाट नै भएका छन् (*विष्णुसहस्रनाम* १३९) भनी भनिएको छ। अथवा उहाँले नै समस्त भाव पदार्थका सजातीय-विजातीय भेदहरूको विभाग गर्ने लक्षण (चिह्न) बनाउनुभएको हो, त्यसैले उहाँ कृतलक्षण हुनुहुन्छ। अथवा आफ्ना वक्षःस्थलमा श्रीवत्सरूप लक्षण (चिह्न) धारण गर्नुहुने भएकाले उहाँ कृतलक्षण हुनुहुन्छ।

गभस्तिनेमिः सत्त्वस्थः सिंहो भूतमहेश्वरः।
आदिदेवो महादेवो देवेशो देवभृद्गुरु :॥६५॥

गभस्ति (किरण) का चक्रका बीचमा सूर्यरूपले रहनुभएकाले श्रीभगवान् गभस्तिनेमि हुनुहुन्छ।

प्रकाशस्वरूप सत्त्वगुणमा प्रधानताले रहने अथवा सबै प्राणीमा रहने भएकाले–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

...Public Domain. Digitization by eGangotri.Funding: M...

उहाँ सत्त्वस्थ हुनुहुन्छ ।

सिंह समान पराक्रमी भएकाले उहाँ सिंह हुनुहुन्छ । अथवा 'सत्यभामा भामा'झैं 'नृ' लोप भएको उहाँ- नृसिंह हुनुहुन्छ ।

भूत (अस्तित्व)का महान् ईश्वर अथवा (भूत सत्यरूपबाट उहाँ नै अति महान् ईश्वर भएकाले उहाँ भूतमहेश्वर हुनुहुन्छ ।

सवै भूतलाई आदान (ग्रहण) गर्ने भएकाले 'आदि' र 'देव' पनि भएकाले उहाँ आदिदेव हुनुहुन्छ ।

सवै भाव छोडेर आफ्नो महान् ज्ञान एवं ऐश्वर्यले महिमान्वित भएकाले उहाँ महादेव हुनुहुन्छ ।

देवताहरूमा प्रधान भएकाले उंहाँ देवहरूका ईश अर्थात् देवेश हुनुहुन्छ । देवताहरूलाई पालन गर्ने इन्द्र देवभृत् र उनका पनि शासक भएकाले उहाँ देवभृद्‌गुरु हुनुहुन्छ । अथवा, देवताहरूलाई भरण गर्नाले वा सवै विद्याका वक्ता भएकाले उहा देवभृद्‌गुरु हुनुहुन्छ ।

उत्तरो गोपतिर्गोप्ता ज्ञानगम्यः पुरातनः ।
शरीरभूतभृद्भोक्ता कपीन्द्रो भूरिदक्षिणः ॥६६॥

जन्मरूप संसारवन्धनबाट उत्तीर्ण (मुक्त) भएकाले श्रीभगवान् उत्तर हुनुहुन्छ– 'विश्वस्मादिन्द्र उत्तर' इन्द्र (परमेश्वर) सवैभन्दा श्रेष्ठ हुनुहुन्छ (श्रुतिकथन) । गाई पाल्ने गोपवेषधारीश्रीकृष्ण गोपति हुनुहुन्छ । अथवा गो पृथिवी अथवा इन्द्रियहरूको पनि नाम हुँदा तिनका स्वामी भएकाले उहाँ गोपति हुनुहुन्छ ।

सवै भूत अर्थात् अस्तित्वका पालनकर्ता उहाँ जगत्‌रक्षक भएकाले गोप्ता हुनुहुन्छ । कर्म अथवा ज्ञान र कर्म (दुवै एक साथ) द्वारा न जान्न सकिने तर ज्ञानले जानिने भएकाले उहाँ ज्ञानगम्य हुनुहुन्छ ।

कालद्वारा अपरिच्छिन्न हुँदा सबभन्दा पहिले पनि उहाँ रहेका हुनुहुँदा पुरातन हुनुहुन्छ । शरीरका निर्माण तत्त्वहरूलाई प्राणरूपले पालन गर्ने भएकाले उहाँ शरीरभूतभृत् हुनुहुन्छ । पालन गर्ने भएकाले अथवा निरतिशय आनन्दपुञ्जको संभोग गर्ने भएकाले उहाँ भोक्ता हुनुहुन्छ ।

श्रीविष्णुसहस्रनामको पाँचौं शतक सम्पन्न भयो ।

कपि वराहलाई भनिन्छ र कपि तथा इन्द्र पनि भएकाले वराहरूपधारी उहाँ कपीन्द्र हुनुहुन्छ । अथवा कपि अर्थात् वानर आदिको इन्द्र (स्वामी) श्रीराम कपीन्द्र हुनुहुन्छ । धर्म-मर्यादा देखाउँदै यज्ञ गर्दा उहाँका धेरै दक्षिणा हुने हुँदा उहाँ भूरिदक्षिण हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सोमपोऽमृतपः सोमःपुरुजित् पुरुसत्तमः ।

विनयो जयः सत्यसन्धो दाशार्हः सात्वतां पतिः ॥६७॥

सबै यज्ञमा यष्टव्य देवतारूपले सोम पान गर्ने भएकाले श्रीभगवान् सोमप हुनुहुन्छ। अथवा यजमानरूपले धर्म-मर्यादा देखाउँदै सोमपान गर्नुहुने भएकाले उहाँ सोमप हुनुहुन्छ।

आफ्नो आत्मारूप अमृतरस पान गर्ने भएकाले उहाँ अमृतप हुनुहुन्छ। अथवा असुरहरूद्वारा हरण हुँदै रहेको अमृतलाई रक्षा गरेर देवताहरूलाई पिलाएर स्वयं पनि पिएकाले उहाँ अमृतप हुनुहुन्छ। सोमरूपले औषधिको पोषण गर्दै रहने सोम अथवा उमाका साथ शिवरूपले नै रहने भएकाले उहाँ सोम हुनुहुन्छ।

पुरु (धेरै) लाई जित्ने भएकाले उहाँ पुरुजित् हुनुहुन्छ। विश्वरूप भएकाले पुरु र उत्कृष्ट भएकाले उहाँ सत्तम हुनुहुँदा पुरु पनि र सत्तम पनि भएकाले उहाँ पुरुसत्तम हुनुहुन्छ।

दुष्टलाई विनय अर्थात् दण्ड दिने भएकाले उहाँ विनय हुनुहुन्छ। सबै भूत (अस्तित्व) हरूलाई जित्ने भएकाले उहाँ जय हुनुहुन्छ।

उहाँका सन्धा अर्थात् सङ्कल्प सत्य भएकाले सत्यसन्ध हुनुहुन्छ– 'सत्यसङ्कल्प' (*छान्दोग्योपनिषद्* ८।१।५)।

दाश दानलाई भनिन्छ, उहाँ दानयोग्य भएकाले अथवा दाशार्ह कुलमा उत्पन्न भएकाले उहाँ दाशार्ह हुनुहुन्छ। सात्वत्नामक तन्त्रलाई रच्ने अथवा व्याख्या गर्नेहरूका पति अर्थात् योगक्षेम गर्ने उहाँ भएकाले उहाँ सात्वतांपति हुनुहुन्छ। 'तत्करोति तदाचष्टे' (चुरादि गणसूत्र) द्वारा णिच् प्रत्यय भई क्विप् प्रत्यय भएपछि णिलोप हुँदा सात्वत् पद बनेको हुन्छ। अथवा सात्वतवंशीय यादवहरूका अथवा (वैष्णवहरूका) स्वामी भएकाले उहाँ 'सात्वतां' पति हुनुहुन्छ।

जीवो विनयितासाक्षी मुकुन्दोऽमितविक्रमः ।

अम्भोनिधिरनन्तात्मा महोदधिशयोन्तकः ॥६८॥

क्षेत्रज्ञरूपले प्राण धारण गर्ने भएकाले श्रीभगवान् जीव हुनुहुन्छ। विनयीपन विनयिता हो। प्रजाहरूको विनयितालाई साक्षात् देख्ने भएकाले उहाँ विनयितासाक्षी हुनुहुन्छ। अथवा गति अर्थको 'नी' धातुको रूप विनयिता हो र साक्षात् नदेख्ने अर्थात् आत्माबाहेक अन्य वस्तु नदेख्नेलाई असाक्षी भनिन्छ र यसरी विनयिता र असाक्षी यी दुइ नाम पनि हुनसक्तछ। त्यसैले उहाँ विनयिता असाक्षी हुनुहुन्छ।

मुक्ति दिने हुनाले उहाँ मुकुन्द हुनुहुन्छ। यहाँ मुक्तिदको सट्टा वृषोदरादि भएकाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Funding: M

मुकुन्द शब्द रूपसिद्ध छ। अक्षरको समानता र निरुक्तिका वचनबाट निरुक्तिकारहरूले मुकुन्द भनेका छन्। उहाँका विक्रम अर्थात् तीन पाद विक्षेप अमित-अपरिमित भएकाले उहाँ अमितविक्रम हुनुहुन्छ। अथवा उहाँको विक्रम शूरता अमित भएकाले उहाँ अमितविक्रम हुनुहुन्छ। अम्भ अर्थात् देव आदि उहाँमा निधिमा रहेकाले उहाँ अम्भोनिधि हुनुहुन्छ– 'तानि वा एतानि चत्वार्यम्भांसि। देवा मनुष्या: पितरोऽसुरा' अर्थात् ती वा यी चार देव, मनुष्य, पितृ र असुर अम्भ हुन् भन्ने (श्रुति कथन) छ। अथवा, उहाँ सागररूप भएकाले अम्भोनिधि हुनुहुन्छ सरसामस्मि सागर अर्थात् म सरोवरमा सागर हुँ (*गीता* १०।२४)। देश, काल एवं वस्तुद्वारा अपरिच्छिन्न भएकाले उहाँ अनन्तात्मा हुनुहुन्छ। समस्त भूत अर्थात् अस्तित्वलाई संहार गरेर एउटै समुद्ररूप जगत् पारेर महोदधि (समुद्र) मा सुत्ने भएकाले उहाँ महोदधिशय हुनुहुन्छ।

भूत अर्थात् अस्तित्वलाई अन्त गर्ने भएकाले उहाँ अन्तक हुनुहुन्छ। यहाँ 'तत्करोति तदाचष्टे' चुरादि गणसूत्रद्वारा णिच् भएपछि 'ण्वुल्तृचौ' *पा.सू.* ३।१।१३३ द्वारा ण्वुल् प्रत्यय र ण् ल्को इत्संज्ञालोप पछि 'युवोरनाकौ' *पा.सू.* ७।१।१ द्वारा 'वु' मा अकादेश भएको छ।

अजो महार्हः स्वाभाव्यो जितामित्रः प्रमोदनः।
आनन्दो नन्दनो नन्दः सत्यधर्मा त्रिविक्रमः ॥६९॥

अ अर्थात् श्रीविष्णुबाट उत्पन्न भएका काम अज भएकाले श्रीभगवान् अज हुनुहुन्छ। मह भनेको पूजा हो, पूजायोग्य भएकाले उहाँ महार्ह हुनुहुन्छ। नित्य अर्थात् निष्पन्नरूपका हुनाले उहाँ स्वभावैले उत्पन्न हुनुहुन्न, त्यसैले उहाँ स्वाभाव्य हुनुहुन्छ। भित्री शत्रु रागद्वेष आदि र बाहिरी शत्रु रावण आदि अमित्र जितेका हुनाले उहाँ जितामित्र हुनुहुन्छ। आफ्नो आत्मारूप अमृतरस आस्वादन गर्नाले नित्य प्रमुदित हुने अथवा आफ्ना ध्यानमात्रले ध्यानीहरूलाई प्रमुदित गर्ने भएकाले उहाँ प्रमोदन हुनुहुन्छ। उहाँको आनन्दस्वरूप भएकाले उहाँ आनन्द हुनुहुन्छ– 'एतस्यैवानन्दस्यान्यानि भूतानि मात्रामुपजीवन्ति' अर्थात् यस आनन्दको मात्राको आश्रय लिएर अन्य प्राणी जीवित रहन्छन् (*बृहदारण्यकोपनिषद्* ४।३।३२)।

आनन्दित गर्ने भएकाले उहाँ नन्दन हुनुहुन्छ। सबै सिद्धिद्वारा सम्पन्न भएकाले उहाँ नन्द हुनुहुन्छ। अथवा, उहाँमा विषयजन्य सुखको अभाव भएकाले उहाँ आनन्द हुनुहुन्छ– 'यो वै भूमा तत्सुखं नाल्पे सुखमस्ति' अर्थात् जो भूमा (पूर्णता) छ, त्यही सुख हो, अल्पमा सुख छैन' (*छान्दोग्योपनिषद्* ७।२३।१)। उहाँका ज्ञान आदि धर्म सत्य भएकाले उहाँ सत्यधर्मा हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

तीन पाइला चाल्दा तीनै लोकमा क्रान्त (व्याप्त) भएकाले उहाँ त्रिविक्रम हुनुहुन्छ। 'त्रीणि पदा विचक्रमे' अर्थात् तीन पाइला चलाए (श्रुति कथन) छ। अथवा उहाँले तीनै लोक क्रमण (लङ्घन) गर्नुभएकाले उहाँ त्रिविक्रम हुनुहुन्छ– 'मुनि श्रेष्ठहरूले 'त्रि' शब्दबाट तीन लोक भने, तिनलाई तीन पटक उल्लंघन गरेका हुनाले हजुरको नाम त्रिविक्रम भनेर प्रसिद्ध छ' (*हरिवंश* ३।८८।५१)।

महर्षिः कपिलाचार्यः कृतज्ञो मेदिनीपतिः।
त्रिपदस्त्रिदशाध्यक्षो महाशृङ्गः कृतान्तकृत् ॥७०॥

श्रीभगवान्को 'महर्षि कपिलाचार्य' विशेषणसहितको एक नाम हो। महान् एवं ऋषि पनि भएकालाई महर्षि भनिन्छ। कपिलाचार्य समग्र वेद देख्ने भएकाले महर्षि हुनुहुन्छ। अरूचाहिँ वेदको केवल एक छेउ देख्ने भएकाले ऋषि हुन्। यी कपिल नै सांख्यरूप शुद्ध तत्त्वविज्ञानका आचार्य भएकाले कपिलाचार्य हुन्– 'शुद्धात्मतत्त्वविज्ञानं सांख्यमित्यभिधीयते' अर्थात् शुद्ध आत्मतत्त्व विज्ञानलाई सांख्य भनिन्छ (स्मृति-कथन)। 'ऋषिं प्रसूतं कपिलम्' अर्थात् ऋषिरूपले उत्पन्न कपिललाई (*श्वेता.उ.* ५।२) तथा 'सिद्धानां कपिलो मुनि' अर्थात् सिद्धमा म कपिल मुनि हुँ (*गीता* १०।२६)। कृतचाहिँ कार्यरूप जगत्लाई र ज्ञचाहिँ आत्मालाई भनिन्छ, कृत पनि र ज्ञ पनि उहाँ भएकाले उहाँ कृतज्ञ हुनुहुन्छ।

मेदिनी अर्थात् पृथिवीका पति भएकाले उहाँ मेदिनीपति हुनुहुन्छ। उहाँका तीन पाउ भएकाले उहाँ त्रिपद हुनुहुन्छ– 'त्रीणि पदा विचक्रमे' भन्ने श्रुतिकथन छ। गुणावेशबाट जाग्रत्, स्वप्न र सुषुप्ति यी तीन दशा (अवस्था) उत्पन्न भए। तिनका अध्यक्ष (साक्षी) भएकाले उहाँ त्रिदशाध्यक्ष हुनुहुन्छ। उहाँले मत्स्यरूप भएर आफ्ना महाशृङ्गमा नाउ बाँधेर प्रलय समुद्रमा क्रीडा गर्नुभएकाले उहाँ महाशृङ्ग हुनुहुन्छ।

कृत (कार्यरूप जगत्) लाई अन्त (संहार) गर्ने भएकाले अथवा कृतान्त (मृत्यु) लाई रचने वा कर्तन (काट्ने) गर्ने भएकाले उहाँ कृतान्तकृत् हुनुहुन्छ।

महावराहो गोविन्दः सुषेण कनकाङ्गदी।
गुह्यो गभीरो गहनो गुप्तश्चक्रगदाधरः ॥७१॥

श्रीभगवान् महान् पनि र वराह पनि भएकाले महावराह हुनुहुन्छ। उहाँलाई गो अर्थात् वाणीद्वारा प्राप्त गरिने अथवा वेदान्त वाक्यद्वारा जानिने भएकाले उहाँ गोविन्द हुनुहुन्छ– 'गोभिरेव यतो वेद्यो गोविन्दः समुदाहृत' अर्थात् वाणीहरूद्वारा नै वेद्य भएकाले उहाँ गोविन्द भनेर कहलाइनुभएको छ *(श्रीविष्णुतिलक)*। उहाँका गणरूप सुन्दर सेना भएकाले उहाँ सुषेण हुनुहुन्छ। उहाँको कनकमय (अङ्गद) भुजबन्द भएकाले उहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0 In Public Domain. Digitization by eGangotri.Funding: M

कनकाङ्गदी हुनुहुन्छ । गोपनीय उपनिषद् विद्याद्वारा बोध्य भएकाले अथवा गुहा अर्थात् हृदयाकाशमा छिपेका हुनाले उहाँ गुह्य हुनुहुन्छ ।

ज्ञान, ऐश्वर्य, बल र पराक्रम आदिका कारण गम्भीर भएकाले उहाँ गम्भीर हुनुहुन्छ । कठिनताले प्रवेश गर्न योग्य भएकाले अथवा तीनै अवस्थाका भाव एवं अभावका साक्षी भएकाले उहाँ गहन हुनुहुन्छ ।

वाणी एवं मनका अविषय भएकाले उहाँ गुप्त हुनुहुन्छ' अर्थात् 'एष: सर्वेषु भूतेषु गूढात्मा न प्रकाशते' अर्थात् सबै भूत-अस्तित्वमा छिपेको यो आत्मा प्रकाशित हुँदैन (*कठोपनिषद्* १।३।१२) ।

'मनस्तत्त्वात्मकं चक्रं बुद्धितत्त्वात्मिकां गदाम् । धारयन् लोकरक्षार्थमुक्तश्चक्रगदाधर' अर्थात् मन तत्त्वरूप चक्र र बुद्धि तत्त्वरूप गदालाई लोकरक्षाका लागि धारण गर्नाले उहाँ चक्रगदाधर भनिहुन्छ । यस उक्तिअनुसार उहाँ चक्रगदाधर हुनुहुन्छ ।

वेधा: स्वाङ्गोऽजित: कृष्णो दृढ: सङ्कर्षणोऽच्युत: ।
वरुणो वारुणो वृक्ष: पुष्कराक्षो महामना: ॥७२॥

श्रीभगवान् विधान गर्नुहुन्छ, त्यसैले उहाँ वेधा हुनुहुन्छ । यहाँ पृषोदरादि भएकाले शब्दरूप सिद्ध भएको छ ।

कार्य गर्दा स्वयं नै अङ्ग (सहकारी) भएकाले उहाँ स्वाङ्ग हुनुहुन्छ ।

कुनै पनि अवतार कसैबाट न जितिएका हुनाले उहाँ अजित हुनुहुन्छ । कृष्णद्वैपायन रूपमा उहाँ कृष्ण हुनुहुन्छ– 'कृष्णद्वैपायन व्यासलाई प्रभु नारायण नै बुझ, पुण्डरीकाक्षबाहेक *महाभारत*का रचयिता अर्को को हुनसक्तछ ?' (*विष्णुपुराण* ३।४।५) । उहाँका स्वरूप सामर्थ्य आदिको कहिल्यै पनि प्रच्युति अर्थात् ह्रास नहुनेभएकाले उहाँ दृढ हुनुहुन्छ ।

संहारका वेला एकैसाथ प्रजाको आकर्षण गर्ने भएकाले सङ्कर्षण एवं आफ्ना पदबाट च्युत नहुने अच्युत हुनाले उहाँ 'सङ्कर्षणोऽच्युत' विशेषणसहितको एक नाम- हुनुहुन्छ ।

आफ्ना किरणलाई संवरण (संकोच) गर्ने भएकोले सायंकालिक सूर्य वरुण हुन्– 'इयं मे वरुण श्रुधि हवम्' अर्थात् हे वरुण ! मेरो यो आह्वान सुन । (वेदमन्त्र) । उहाँ वरुण हुनुहुन्छ । वरुणपुत्र वसिष्ठ वा अगस्त्य वारुण हुन् र उहाँ वारुण हुनुहुन्छ ।

वृक्ष झैँ अचलपनका साथ रहेकाले उहाँ वृक्ष हुनुहुन्छ– 'वृक्ष इव स्तब्धो दिवि तिष्ठत्येक' अर्थात् स्वर्गमा वृक्ष झैँ स्तब्ध एक (परमात्मा स्थित छन् (*श्वेता.उ.* ३।९) ।

उपपद 'पुष्कर' भएको व्याप्ति अर्थको 'अक्षु' धातुबाट 'कर्मण्यण्' *पा.सू.* ३।२।१ द्वारा अण् प्रत्यय हुँदा पुष्कराक्ष शब्द बन्दछ । अथवा हृदयकमलमा चिन्तन गरिँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

चित्स्वरूपले प्रकाशित हुने अथवा कमल समान नेत्र भएकाले उहाँ पुष्कराक्ष हुनुहुन्छ। सृष्टि, स्थिति र अन्त कर्म मनले नै उहाँले गर्ने हुनाले उहाँ महामना हुनुहुन्छ– 'मनसैव जगत्सृष्टि संहारं च करोति य' अर्थात् मनले नै जगत्को उत्पत्ति र संहार उहाँ गर्नुहुन्छ। (*विष्णुपुराण*)।

भगवान् भगहानन्दी वनमाली हलायुधः।
आदित्यो ज्योतिरादित्यः सहिष्णुर्गतिसत्तमः ॥७३॥

'समग्र ऐश्वर्य, धर्म, यश, श्री, ज्ञान र वैराग्य यी ६ को नाम भग हो, श्रीविष्णुमा यो भग भएकाले उहाँ भगवान् हुनुहुन्छ (*विष्णुपुराण* ६।५।७४) तथा 'उत्पत्ति, प्रलय, भूत अर्थात् अस्तित्वको गति एवं अगति तथा विद्या र अविद्यालाई जान्ने भगवान् भनिनुहुन्छ' (*विष्णुपुराण* ६।५।७८)। संहारका वेलामा ऐश्वर्य आदिलाई हनन् गर्ने भएकाले उहाँ भगहा हुनुहुन्छ। सुखरूप भएकाले अथवा समस्तसम्पत्ति सम्पन्न भएकाले उहाँ आनन्दी हुनुहुन्छ। भूत तन्मात्ररूप वैजयन्तीनामक वनमाला धारण गर्ने भएकाले उहाँ वनमाली हुनुहुन्छ। हलो आयुध (शस्त्र) हुने वलभद्रस्वरूप उहाँ हलायुध हुनुहुन्छ। कश्यपद्वारा अदितिका गर्भवाट वामनरूपले उत्पन्न भएकाले उहाँ आदित्य हुनुहुन्छ। सूर्यमण्डलान्तर्गत ज्योतिमा रहेकाले उहाँ ज्योतिरादित्य हुनुहुन्छ। शीतोष्णादि द्वन्द्व सहने भएकाले उहाँ सहिष्णु हुनुहुन्छ। उहाँ गति एवं सर्वश्रेष्ठ पनि हुनुभएकाले गतिसत्तम हुनुहुन्छ।

सुधन्वा खण्डपरशुर्दारुणो द्रविणप्रदः।
दिविस्पृक्सर्वदृग्व्यासो वाचस्पतिरयोनिजः ॥७४॥

श्रीभगवान्का इन्द्रियादिमय सुन्दर शार्ङ्गधनु भएकाले उहाँ सुधन्वा हुनुहुन्छ। शत्रु खण्डन गर्नाले परशुरामस्वरूप उहाँको परशु खण्ड भनिने हुँदा उहाँ खण्डपरशु हुनुहुन्छ। अथवा उहाँको परशु अखण्ड भएकाले उहाँ अखण्डपरशु हुनुहुन्छ। सन्मार्ग विरोधीका लागि दारुण अर्थात् कठोर भएकाले उहाँ दारुण हुनुहुन्छ। भक्तहरूलाई द्रविण अर्थात् इच्छित धन दिने भएकाले उहाँ द्रविणप्रद हुनुहुन्छ। दिवि अर्थात् स्वर्गमा स्पर्श गर्ने भएकाले उहाँ दिविस्पृक् हुनुहुन्छ। उहाँ सर्वदृक् अर्थात् सम्पूर्ण ज्ञान विस्तार गर्ने व्यास भएकाले सर्वदृग्व्यास हुनुहुन्छ। अथवा जो सर्व छ र दृक् छ, त्यो सर्वाकार ज्ञान नै सर्वदृक् हो। अथवा सबैका दृष्टि भएकाले उहाँ सर्वदृक् हुनुहुन्छ। उहाँले ऋग्वेदादि विभागवाट वेदलाई चार भागमा विभक्त गर्नुभयो, फेरि शाखाभेदले तिनीहरूमध्ये पहिलो वेद *ऋग्वेद*लाई एक्काइस भाग गर्नुभयो, दोस्रो वेद *यजुर्वेद*लाई एक शय एक भाग गर्नुभयो, *सामवेद*लाई हजार भाग गर्नुभयो र *अथर्ववेद*लाई नौ शाखाभेद गर्नुभयो। यसैगरी अरू पनि *पुराण* आदिको विभाग गर्नुभयो। त्यसैले उहाँ ब्रह्मा अर्थात् व्यास हुनुहुन्छ। वाक्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अर्थात् विद्याका पति भएकाले उहाँ वाचस्पति एवं जननीबाट जन्म नलिएकाले उहाँ अयोनिज हुनुहुँदा उहाँ वाचस्पतिरयोनिज विशेषणसहितको एक नाम हुनुहुन्छ ।

त्रिसामा सामगः साम निर्वाणं भेषजं भिषक् ।
संन्यासकृच्छमः शान्तो निष्ठा शान्तिः परायणम् ॥७५॥

देवव्रतनामक तीन सामद्वारा सामगायकहरूबाट स्तुति गरिने भएकाले श्रीभगवान् त्रिसामा हुनुहुन्छ। उहाँ सामगान गर्नुहुन्छ, त्यसैले उहाँ सामग हुनुहुन्छ। उहाँ *सामवेद* भएकाले साम हुनुहुन्छ । 'वेदानां सामवेदोऽस्मि' अर्थात्‌वेदमा म *सामवेद* हुँ (*गीता* १०।२२) भगवान्‌को वचन छ । सबै दुःखदेखि रहित परमानन्दस्वरूप उहाँ ब्रह्म नै निर्वाण हुनुहुन्छ । संसाररूप रोगको औषधि भएकाले उहाँ भेषज हुनुहुन्छ । *गीता*मा संसाररूप रोगबाट छुटाउने परविद्याको उपदेश गरिएको छ, त्यसैले उहाँ भिषक् हुनुहुन्छ। 'भिषक्तमं त्वा भिषजां शृणोमि' अर्थात् मैले हजुरलाई वैद्यमा सबभन्दा ठूलो वैद्य सुनेको छु (श्रुति कथन) । मोक्षका लागि चतुर्थाश्रम (सन्न्यास) को रचना गर्नुभएकाले अथवा नर-नारायणरूपले स्वयं सन्न्यासग्रहण गर्नुभएकोले उहाँ सन्न्यासकृत् हुनुहुन्छ । सन्न्यासीहरूका प्रधानरूपले ज्ञान-साधन शमको उपदेश दिइएको हुनाले उहाँ शम हुनुहुन्छ । यतिको धर्म शम हो; वनवासीको नियम हो; गृहस्थको दान हो र ब्रह्मचारीहरूको गुरुशुश्रुषा नै परम धर्म हो (स्मृति-कथन) । यहाँ शमशब्दबाट 'तत्करोति तदाचष्टे' (चुरादि गणसूत्र) द्वारा णिच र पचादि मानेर अच् प्रत्यय हुँदा 'शम' पद सिद्ध हुन्छ। अथवा सबै भूत-अस्तित्वलाई शमन गर्ने भएकाले उहाँ शम हुनुहुन्छ। विषय सुखमा अनासक्त भएकाले उहाँ शान्त हुनुहुन्छ । 'निष्कलं निष्क्रियं शान्तम्' अर्थात् परब्रह्म कलारहित, क्रियारहित एवं शान्त हुनुहुन्छ '*श्वेता.उ.* ६।१९) । प्रलयकालमा भूत अर्थात् अस्तित्व सर्वथा उहाँमा नै रहने भएकाले उहाँ निष्ठा हुनुहुन्छ । समस्त अविद्याको निवृत्ति नै शान्ति हो र त्यो शान्ति ब्रह्मरूप नै हो । उहाँ शान्त हुनुहुन्छ । पुनरावृत्तिको शङ्कारहित परम उत्कृष्ट अयन अर्थात् स्थान भएकाले उहाँ परायण हुनुहुन्छ। यदि 'परायणम्' को सट्टा 'परायणः' पुँल्लिङ्ग पाठ भए बहुव्रीहिसमास हुँदा- 'परं अयनं यस्य स' अर्थात् 'जसको अयन निवासस्थान परम (उत्कृष्ट) हो उहाँ भन्ने विग्रह हुन्छ ।

शुभाङ्गः शान्तिदः स्रष्टा कुमुदः कुवलेशयः ।
गोहितो गोपतिर्गोप्ता वृषभाक्षो वृषप्रियः ॥७६॥

सुन्दर शरीर भएकाले श्रीभगवान् शुभाङ्ग हुनुहुन्छ। रागद्वेषादिबाट मुक्तिरूप शान्ति दिने हुनाले उहाँ शान्तिद हुनुहुन्छ । सृष्टि थाल्दा उहाँले सबै भूत अर्थात् अस्तित्वको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

रचना गर्नुभएकोले उहाँ स्रष्टा हुनुहुन्छ। कु अर्थात् पृथिविमा मुदित हुनाले उहाँ कुमुद हुनुहुन्छ। कु अर्थात् पृथ्वीलाई वलन अर्थात् घेर्ने भएकाले जललाई कुवल भनिन्छ। त्यहाँ शयन गर्ने भएकाले उहाँ कुवलेशय हुनुहुन्छ। यहाँ 'शयवासवासिष्वकालात्' *पा.सू.* ६।३।१८ द्वारा सप्तमीको अलुक् (लोपाभाव) भएको छ। अथवा कुवल अर्थात् बदरीफल (बयर) को बीचमा सुत्ने तक्षक पनि उहाँकै विभूति भएकोले श्रीहरि कुवलेशय हुनुहुन्छ अथवा कु अर्थात् पृथिवीको आश्रय लिने भएकाले सर्पको उदर कुवल भनिन्छ त्यसमा-शेषनागका उदरमा शयन गर्ने भएकाले उहाँ कुवलेशय भनिनुहुन्छ। गाईहरूको वृद्धिका लागि गोवर्धन धारण गर्नुभई गो-हितकारी भएकाले अथवा गो-भूमिको भार उतार्ने इच्छाले शरीर ग्रहण गर्नुभएकाले उहाँ गोहित हुनुहुन्छ। गो-भूमि आदिका पति भएकाले उहाँ गोपति हुनुहुन्छ।

जगत्को रक्षक भएकाले उहाँ गोप्ता हुनुहुन्छ। अथवा मायाद्वारा आफ्नो आत्मालाई ढाक्ने भएकाले उहाँ गोप्ता हुनुहुन्छ। उहाँका अक्षि आँखा सकल कामना बर्षाउने भएकाले उहाँ वृषभाक्ष हुनुहुन्छ। अथवा वृषभ धर्मलाई भनिन्छ धर्म उहाँको दृष्टि भएकाले उहाँ वृषभाक्ष हुनुहुन्छ। उहाँलाई वृष अर्थात् धर्म प्रिय भएकाले उहाँ वृषप्रिय हुनुहुन्छ। यहाँ 'वा प्रियस्य' (वार्तिक- 'सप्तमी विशेषणे बहुव्रीहौ' *पा.सू.* २।२।३५ सित सम्बन्धित) द्वारा प्रिय शब्दको पर नियात भएको छ। अथवा वृष पनि प्रिय पनि भएकाले उहाँ वृषप्रिय हुनुहुन्छ।

अनिवर्ती निवृत्तात्मा संक्षेप्ता क्षेमकृच्छिवः।
श्रीवत्सवक्षाः श्रीवासः श्रीपतिः श्रीमतां वरः ॥७७॥

देवासुर सङ्ग्राममा पछाडि नफर्कने भएकाले अथवा धर्मप्रिय हुँदा धर्मबाट विमुख नहुने भएकाले श्रीभगवान् अनिवर्ती हुनुहुन्छ।

उहाँको आत्मा अर्थात् मन स्वभावैले विषयहरूबाट निवृत्त (फर्केको) भएकाले उहाँ निवृत्तात्मा हुनुहुन्छ।

संहारका वेला विस्तृत जगत्लाई सूक्ष्मरूपले सङ्क्षिप्त पार्नुहुने भएकाले उहाँ सङ्क्षेप्ता हुनुहुन्छ।

प्राप्त भएको पदार्थको रक्षा (क्षेम) गर्ने भएकाले उहाँ क्षेमकृत् हुनुहुन्छ। उहाँको नामस्मरणमात्रले पवित्र पार्ने भएकाले उहाँ शिव हुनुहुन्छ।

श्रीविष्णुसहस्रनामको छैटौं शतक सम्पन्न भयो।

उहाँका वक्षःस्थलमा श्रीवत्सनामक चिह्न भएकाले उहाँ श्रीवत्सवक्षाः हुनुहुन्छ। उहाँको वक्षःस्थलमा कहिल्यै नष्ट नहुने श्रीवस्तु हुने भएकाले उहाँ श्रीवास हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Funding: M

अमृतमथनको वेला सबै सुर-असुर आदिलाई छोडेर श्रीले उहाँलाई पतिरूपले वरण गरेकी हुनाले उहाँ श्रीपति हुनुहुन्छ। अथवा श्री पराशक्तिका पति भएकाले उहाँ श्रीपति हुनुहुन्छ– 'परास्य शक्तिर्विविधैवश्रूयते' अर्थात् उहाँकी (परमेश्वरकी) पराशक्ति अनेक प्रकारकी सुनिन्छिन् (*श्वेता.उ.* ६।८)। ऋक्, यजुः र सामरूपा श्री हुने ब्रह्मा आदि श्रीमान्हरूमा प्रधान भएका हुनाले उहाँ श्रीमतां वर हुनुहुन्छ– 'ऋचः सामानि यजूंषि। सा हि श्रीस्मृता सताम्, अर्थात् ऋक्, साम र यजुः नै सज्जनका अमर श्री हुन्' (श्रुति-कथन)।

श्रीदः श्रीशः श्रीनिवासः श्रीनिधिः श्रीविभावनः।
श्रीधरः श्रीकरः श्रेयः श्रीमाँल्लोकत्रयाश्रयः ॥७८॥

श्रीभगवान् भक्तहरूलाई श्री दिनुहुन्छ, त्यसैले उहाँ श्रीद हुनुहुन्छ। श्रीका ईश भएकाले उहाँ श्रीश हुनुहुन्छ। श्रीमान्हरूमा नित्य निवास गर्ने हुनाले उहाँ श्रीनिवास हुनुहुन्छ। यहाँ श्रीशब्दले श्रीमान्हरू लक्षित हुन्छन्। सर्वशक्तिमान उहाँमा सम्पूर्ण श्री खानी झैँ रहेका छन्, त्यसैले उहाँ श्रीनिधि हुनुहुन्छ। समस्त भूतलाई कर्मानुसार विविधा श्रीदिने भएकाले उहाँ श्रीविभावन हुनुहुन्छ। सम्पूर्ण भूतकी जननी श्रीलाई धारण गर्नाले उहाँ श्रीधर हुनुहुन्छ। स्मरण, स्तवन र अर्चन गर्ने भक्तहरूलाई श्रीयुक्त पार्ने भएकाले उहाँ श्रीकर हुनुहुन्छ। कहिल्यै नष्ट नहुने सुख प्राप्ति नै श्रेय हो र त्यो परमात्माको नै स्वरूप भएकाले उहाँ श्रेय हुनुहुन्छ।

श्रीहरू उहाँमा भएकाले उहाँ श्रीमान् हुनुहुन्छ। तीनै लोकका आश्रय भएकाले उहाँ लोकत्रयाश्रय हुनुहुन्छ।

स्वक्षः स्वङ्गः शतानन्दो नन्दिर्ज्योतिर्गणेश्वरः।
विजितात्मा विधेयात्मा सत्कीर्तिश्छिन्नसंशयः ॥७९॥

श्रीभगवान्का अक्षि (आँखा) कमल समान सुन्दर भएकाले उहाँ स्वक्ष हुनुहुन्छ। उहाँका अङ्ग सुन्दर भएकाले उहाँ स्वङ्ग हुनुहुन्छ। उहाँ एउटै परमानन्दस्वरूप भएर पनि उपाधि भेदले सैयौं प्रकारको हुनुहुन्छ, त्यसैले उहाँ शतानन्द हुनुहुन्छ– 'एतस्यैवानन्दस्यान्यानि भूतानि मात्रामुपजीवन्ति' यो आनन्दको मात्राको सहाराले अन्य प्राणी जिउँदछन्' (*बृहदा.* ४।३।३२)।

परमानन्दस्वरूप भएकाले उहाँ नन्दी हुनुहुन्छ।

ज्योतिर्गण अर्थात् नक्षत्र समूहका ईश्वर भएकाले उहाँ ज्योतिर्गणेश्वर हुनुहुन्छ– 'तमेव भान्तमनुभाति सर्वम्, अर्थात् उहाँ प्रकाशमानलाई हेरेर सबै प्रकाशमान हुन्छन् (*कठोपनिषद्* २।२।१५)। तथा- 'यदादित्यगतं तेज' अर्थात् आदित्यमा रहेको तेज (*गीता* १५।१२)। उहाँले आत्मा अर्थात् मन जितेको हुनाले उहाँ विजितात्मा हुनुहुन्छ। उहाँको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

आत्मा अर्थात् स्वरूपलाई विधिरूपमा कसैले पनि भन्न नसक्ने भएकाले उहाँ अविधेयात्मा हुनुहुन्छ ।

उहाँको कीर्ति सती अर्थात् सत्य भएकाले उहाँ सत्‌कीर्ति हुनुहुन्छ । हातमा राखिएको अमलालाई झैं सबै थोक साक्षात् गर्ने उहाँलाई कुनै संशय नहुने भएकाले उहाँ छिन्नसंशय हुनुहुन्छ ।

उदीर्णः सर्वतश्चक्षुरनीशः शाश्वतस्थिरः ।
भूशयो भूषणो भूतिर्विशोकः शोकनाशनः ॥८०॥

सबै भूत अर्थात् अस्तित्वभन्दा उत्कृष्ट हुनाले श्रीभगवान् उदीर्ण हुनुहुन्छ । आफ्नो चैतन्यस्वरूपले सबैतिर सबैलाई देख्ने भएकाले उहाँ सर्वतश्चक्षु हुनुहुन्छ अर्थात् 'विश्वतश्चक्षु' अर्थात् उहाँ सबैतिर आँखा भएका हुनुहुन्छ (*श्वेता.उ.* ३।३) । उहाँका कोही ईश नभएकाले उहाँ अनीश हुनुहुन्छ । 'न तस्येशे कश्चन' अर्थात् उहाँका कोही ईश्वर छैनन्' (*ना.उ.* २) । शाश्वत् (नित्य) भएर पनि कहिल्यै विकार नहुने भएकाले उहाँको एक नाम शाश्वतस्थिर छ ।

लङ्का जाने बाटो खोज्दा समुद्रतटका भूमिमा सुतेकाले उहाँ भूशय हुनुहुन्छ । स्वेच्छाले धेरै अवतार लिएर पृथिवीलाई भूषित गर्नुभएकाले उहाँ भूषण हुनुहुन्छ । भवन भनेको हुनु अर्थात् सत्ता अथवा विभूतिरूप भएकाले उहाँ भूति हुनुहुन्छ । अथवा समस्त विभूतिका कारण भएकाले उहाँ भूति हुनुहुन्छ । परमानन्दस्वरूप भएकाले उहाँमा शोक विगत हुँदा उहाँ विशोक हुनुहुन्छ । आफ्नो स्मरणमात्रले भक्तका शोक नष्ट गर्ने भएकाले उहाँ शोकनाशन हुनुहुन्छ ।

अर्चिष्मानर्चितः कुम्भो विशुद्धात्मा विशोधनः ।
अनिरुद्धोऽप्रतिरथः प्रद्युम्नोऽमितविक्रमः ॥८१॥

उहाँका अर्चि (किरण) बाटै सूर्यचन्द्रादि अर्चिष्मान भएकाले श्रीभगवान् अर्चिष्मान हुनुहुन्छ ।

विरञ्ची आदि सम्पूर्ण लोकहरूद्वारा अर्चित (पूजित) भएकाले उहाँ अर्चित हुनुहुन्छ । कुम्भ (घडा) झैं सबै थोक उहाँमा प्रतिष्ठित भएकाले उहाँ कुम्भ हुनुहुन्छ । तीनै गुणद्वारा अतीत भएकाले उहाँ विशुद्ध आत्मा हुनुहुँदा विशुद्धात्मा हुनुहुन्छ । स्मरणमात्रले पाप नाश गर्ने हुनाले उहाँ विशोधन हुनुहुन्छ । वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्ध यी चार व्यूहमा चौथो व्यूह अर्थात् अनिरुद्ध उहाँ हुनुहुन्छ अथवा शत्रुद्वारा नरोकिने उहाँ अनिरुद्ध हुनुहुन्छ । उहाँका कोही प्रतिरथ अर्थात् प्रतिपक्ष (विरुद्ध पक्ष) नभएकाले उहाँ अप्रतिरथ हुनुहुन्छ । उहाँको द्युम्न (धन) प्रकृष्ट (श्रेष्ठ) भएकाले अथवा तेस्रो व्यूह अर्थात् प्रद्युम्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Funding: M

उहाँ हुनुहुन्छ । उहाँको विक्रम (पुरुषार्थ अथवा पाइला) अपरिमित भएकाले अथवा उहाँको विक्रम अहिंसित अर्थात् अप्रतिहत भएकाले उहाँ अमितविक्रम हुनुहुन्छ ।

कालनेमिनिहा वीरः शौरिः शूरजनेश्वरः

त्रिलोकात्मा त्रिलोकेशः केशवः केशिहा हरिः ॥८२॥

श्रीभगवान्ले कालनेमि असुरलाई हनन गर्नुभएकाले उहाँ कालनेमिनिहा हुनुहुन्छ। शूर भएकाले उहाँ वीर हुनुहुन्छ । शूर कुलमा उत्पन्न भएकाले उहाँ शौरि हुनुहुन्छ ।

अतिशय शौर्यका कारण इन्द्रादि शूरहरूलाई पनि शासन गर्ने भएकाले उहाँ शूरजनेश्वर हुनुहुन्छ। अन्तर्यामीरूपले तीनै लोकका आत्मा भएकाले अथवा तीनै लोक पारमार्थिक हिसाबले उहाँभन्दा अलग नभएकाले उहाँ त्रिलोकात्मा हुनुहुन्छ । उहाँका आज्ञाले तीनै लोक आ-आफ्ना काममा लागेका हुनाले उहाँ त्रिलोकेश हुनुहुन्छ। सूर्यादिमा व्याप्त किरण केश भनिन्छन्, ती केश युक्त भएकाले उहाँ केशव हुनुहुन्छ– 'मेरा प्रकाशित हुने किरण केश भनिन्छन्, त्यसैले सर्वज्ञ द्विज श्रेष्ठहरू मलाई केशव भन्दछन्। *(महाभारत, शान्ति.* ३।४१।४८) । अथवा, ब्रह्मा, विष्णु र शिव नामका शक्तिहरू केश हुन्, तिनीहरूले युक्त भएकाले उहाँ केशव हुनुहुन्छ – 'त्रयः केशिन' अर्थात् तीन केश भएका' (श्रुति कथन) र 'मेरा दुई केश पृथिवी तलमा छन्' (*विष्णुपुराण* ५।१।६१) । यहाँ केश शब्दलाई शक्तिको पर्यायरूपमा प्रयोग गरिएको छ । त्यस्तै 'क' ब्रह्माको नाम हो, म (शिव) सबै देहधारीको ईश हुँ, हामी दुवै हजुरका अंशबाट उत्पन्न भएका छौँ, त्यसैले हजुर केशव नाम भएको हुनुभयो' (*हरिवंश* ३।८८।४८) । उहाँले केशी नामको असुरलाई मार्नुभएकाले उहाँ केशिहा हुनुहुन्छ ।

अविद्या अर्थात् कारणसहित संसारको हरण गर्ने भएकाले उहाँ हरि हुनुहुन्छ ।

कामदेवः कामपालः कामी कान्तः कृतागमः ।

अनिर्देश्यवपुर्विष्णुर्वीरोऽनन्तो धनञ्जयः ॥८३॥

धर्म, अर्थ, काम, मोक्ष, यी धर्मादि पुरुषार्थ चतुष्टय चाहनेले कामना गरिएकाले उहाँ काम तथा काम एवं देव पनि भएकाले कामदेव हुनुहुन्छ । कामीहरूका कामनाहरूको पालन गर्ने भएकाले उहाँ कामपाल हुनुहुन्छ। स्वभावतः पूर्णकाम भएकाले उहाँ कामी हुनुहुन्छ ।

परम सुन्दर देहधारण गरेकाले उहाँ कान्त हुनुहुन्छ। अथवा द्वि-परार्धको अन्तमा 'क' ब्रह्माको अन्त (लय) पनि उहाँबाटै हुने भएकाले उहाँ कान्त हुनुहुन्छ। श्रुति, स्मृति आदि आगम (शास्त्र) कृत (रचना गरेको) उहाँले हुनाले उहाँ कृतागम हुनुहुन्छ– 'श्रुतिस्मृती ममैवाज्ञे' श्रुति एवं स्मृति मेरै आज्ञा हुन् (भगवद्वचन) तथा - 'वेदाःशास्त्राणि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विज्ञानमेतत् सर्वं जनार्दनात्' (*विष्णुसहस्रनाम* १३९)।

गुणादिबाट अतीत भएकाले उहाँको रूप 'यो अथवा त्यस्तो' भनेर निर्दिष्ट गर्न नसकिने भएकाले उहाँ अनिर्देश्यवपु हुनुहुन्छ। उहाँको प्रचुर कान्ति पृथिवी एवं आकाशलाई व्याप्त गरेर रहेका हुनाले उहाँ श्रीविष्णु हुनुहुन्छ– 'हे पार्थ! मेरो प्रचुर कान्ति पृथिवी एवं आकाश व्याप्त गरेर रहेका हुनाले अथवा सर्वत्र क्रमण (गमन) गर्ने भएकाले म विष्णु भनिन्छु' (*महाभारत,* शान्ति. ३४१।४२,४३)। गति आदिले युक्त भएकाले उहाँ वीर हुनुहुन्छ। 'वी' धातु गति, व्याप्ति, जनन, कान्ति, फ्यानु र खानु अर्थमा धातुपाठ गरिएको यहाँ उल्लेख गरिन्छ। व्यापी, नित्य, सर्वात्मा तथा देश, काल र वस्तुले अपरिच्छिन्न भएकाले उहाँ अनन्त हुनुहुन्छ– 'सत्यं ज्ञानमनन्तं ब्रह्म' अर्थात् ब्रह्म सत्य, ज्ञान एवं अनन्त छन् (*तैत्तिरीयोपनिषद्* २।१)। अथवा 'गन्धर्व, अप्सरा, सिद्ध, किन्नर, सर्प एवं चारण आदिले अविनाशी उहाँका गुणहरूको अन्त पाउन नसक्ने भएकाले उहाँ अनन्त हुनुहुन्छ' (*विष्णुपुराण* २।५।२४)। दिग्विजयमा धेरै धन जितेकाले अर्जुन धनञ्जय भए, र 'पाण्डवमा म धनञ्जय हुँ' (*गीता* १०।३७)। यो भगवद्वचन हुनाले उहाँ धनञ्जय हुनुहुन्छ।

ब्रह्मण्यो ब्रह्मकृद् ब्रह्मा ब्रह्म ब्रह्मविवर्धनः।
ब्रह्मविद् ब्राह्मणो ब्रह्मी ब्रह्मज्ञो ब्राह्मणप्रियः ॥८४॥

'तपो वेदाश्च विप्राश्च ज्ञानं च ब्रह्मसंज्ञितम्' अर्थात् तप, वेद, ब्राह्मण र ज्ञान यी ब्रह्म भनिन्छन्। तिनका हितकारी भएकाले श्रीभगवान् ब्रह्मण्य हुनुहुन्छ। तप आदिका कर्ता भएकाले उहाँ ब्रह्मकृत् हुनुहुन्छ। ब्रह्मारूपले सबै सृष्टि गर्ने भएकाले उहाँ ब्रह्मा हुनुहुन्छ। बढेका र बढाउने भएकाले उहाँ सत्यादि लक्षण विशिष्ट ब्रह्म हुनुहुन्छ– 'सत्यं ज्ञानमनन्तं ब्रह्म, अर्थात् ब्रह्म सत्य, ज्ञान र अनन्तरूप छन् (*तैत्तिरीयोपनिषद्* २।१) तथा 'समस्त भेददेखि रहित, सत्ता मात्र, वाणीको अविषय र स्वयंवेद्य (स्वयं जान्नुपर्ने) ज्ञानलाई ब्रह्म भनिन्छ' (*विष्णुपुराण* ६।७।५३)। ब्रह्म अर्थात् तप आदि बढाउने भएकाले उहाँ ब्रह्मविवर्धन हुनुहुन्छ। वेद एवं वेदार्थलाई यथावत् जान्ने भएकाले उहाँ ब्रह्मवित् हुनुहुन्छ। ब्राह्मणरूपले समस्त लोकहरूका प्रति 'वेदमा यो छ' भनी प्रवचन गर्ने भएकाले उहाँ ब्राह्मण हुनुहुन्छ। ब्रह्मका शेषभूत (तप, वेद, मन, प्राण आदि) ब्रह्म भनिन्छन् र ती उहाँमा नै हुँदा उहाँ ब्रह्मी हुनुहुन्छ।

ब्रह्म अर्थात् आफ्नो आत्मभूत वेदहरूलाई जान्ने भएकाले उहाँ ब्रह्मज्ञ हुनुहुन्छ। ब्राह्मणहरूका प्रिय भएकाले अथवा उहाँका प्रिय ब्राह्मणहरू भएकाले उहाँ ब्राह्मणप्रिय हुनुहुन्छ– 'मार्दै, सराप्दै, रूखो बोल्दै गरेको ब्राह्मणलाई यथायोग्य प्रणाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri. Funding: M

नगर्ने मानिस ब्रह्म दावानलद्वारा दग्ध पापी भएकाले वध्य र दण्ड्य हुनुहुन्छ, त्यो मेरो मानिस हुन सक्तैन' (भगवद्वचन) । तथा 'प्रज्वलित अग्निलाई जसरी अरणिले प्रकट गर्दछ, त्यसरी नै ती देवलाई पृथ्वीका ब्राह्मणहरूको रक्षाका लागि देवी देवकीले वसुदेवबाट जन्माइन्' (*महाभारत, शान्ति.* ४७।२९) ।

महाक्रमो महाकर्मा महातेजा महोरगः ।

महाक्रतुर्महायज्वा महायज्ञो महाहविः ॥८५॥

श्रीभगवान्‌का क्रम अर्थात् पादविक्षेप (पाइला) महान् भएकाले उहाँ महाक्रम हुनुहुन्छ– 'शं नो विष्णुरुरुक्रम' अर्थात् उरुक्रम (ठूलो पाइला भएका) विष्णुले हामीलाई शान्ति दिनुहोस् (*शुक्लयजुर्वेद.* ३६।९) भन्ने श्रुति कथन छ । उहाँका जगत्‌को उत्पत्ति आदि महान् कर्म भएकाले उहाँ महाकर्मा हुनुहुन्छ । जसका तेजले सूर्य आदि तेजस्वी भए, उहाँका ती तेज महान् भएकाले उहाँ महातेजा हुनुहुन्छ– 'येन सूर्यस्तपति तेजसेद्धः' अर्थात् जुन तेजबाट प्रज्वलित भएर सूर्य तप्दछन् (*तैत्तिरीय ब्राह्मण* ३।१२।९।७) तथा 'जो तेज सूर्यमा स्थित भएर सम्पूर्ण जगत्‌लाई प्रकाशित गर्दछ र जो तेज चन्द्र एवं अग्निमा पनि छ, त्यो तेज मेरो नै भनी बुझ (*गीता* १५।१२) । अथवा क्रौर्य, शौर्य आदि महान् गुणहरूद्वारा उहाँ अलङ्कृत हुनुभएकाले उहाँ महातेजा हुनुहुन्छ ।

उहाँ महान् उरग (सर्प- वासुकि) हुनुभएकाले महोरग हुनुहुन्छ 'सर्पाणामस्मि वासुकि' अर्थात् सर्पहरूमा म वासुकि हुँ (*गीता* १०।२८) । महान् जो क्रतु (यज्ञ) हो, सो महाक्रतु- 'यथाश्वमेधः क्रतुराट्' अर्थात् जस्तो यज्ञराज अश्वमेध (*मनुस्मृति* ११।२६०) । सो यज्ञ पनि उहाँ नै भएकाले यो महाक्रतु नाम पनि उहाँको नै भनी गाइन्छ । उहाँ महान् पनि र लोकसङ्ग्रहका लागि यज्ञ अनुष्ठान गर्ने पनि भएकाले उहाँ महायज्वा हुनुहुन्छ ।

उहाँ महान् पनि र यज्ञ पनि भएकाले उहाँ महायज्ञ हुनुहुन्छ– 'यज्ञानां जपयज्ञोऽस्मि अर्थात् यज्ञहरूमा म जपयज्ञ हुँ (*गीता* १०।२५) । उहाँ महान् पनि र हवि पनि भएकाले ब्रह्मात्मामा नै ब्रह्मभावले सम्पूर्ण जगत्‌को हवन गरिने भएकाले उहाँ महाहवि हुनुहुन्छ ।

अथवा महाक्रतु आदि नामहरूमा 'महान् छ क्रतु जसको' यस्तो अर्थ हुने बहुव्रीहिसमास भएको हुनसक्तछ ।

स्तव्यः स्तवप्रियः स्तोत्रं स्तुतिः स्तोता रणप्रियः ।

पूर्णः पूरयिता पुण्यः पुण्यकीर्तिरनामयः ॥८६॥

श्रीभगवान् सबैद्वारा स्तुति गरिने र स्वयं कसैका स्तोता नभएकाले उहाँ स्तव्य हुनुहुन्छ । स्तुति प्रिय भएकाले उहाँ स्तवप्रिय हुनुहुन्छ । जसबाट स्तुति गरिन्छ, त्यो स्तोत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

पनि गुणसंकीर्तनरूप पनि उहाँ नै हुनुहुन्छ। स्तवन क्रिया अर्थात् स्तुति उहाँ नै हुनुहुन्छ। सर्वरूप भएकाले स्तोता पनि उहाँ नै हुनुहुन्छ। उहाँ रण अर्थात् युद्ध मन पराउने प्रिय भएकाले लोकरक्षार्थ पाँच महा आयुध–पाञ्चजन्य शङ्ख, सुदर्शनचक्र, कौमोदकी गदा, शार्ङ्ग धनुष र नन्दक खड्गहरू निरन्तर धारण गर्ने भएकाले उहाँ रणप्रिय हुनुहुन्छ। सकल कामना र शक्तिहरूले सम्पन्न भएकाले उहाँ पूर्ण हुनुहुन्छ। पूर्ण मात्र होइन, सम्पत्तिहरूले सबैलाई पूर्ण गरिदिने, उहाँ पूरयिता हुनुहुन्छ। स्मरणमात्रले पापक्षय गर्ने भएकाले उहाँ पुण्य हुनुहुन्छ। उहाँको कीर्ति पुण्यमयी भएकाले भगवत्कीर्तिले जनहरूलाई पुण्य प्रदान गर्ने भएकाले उहाँ पुण्यकीर्ति हुनुहुन्छ।

कर्मद्वारा उत्पन्न आन्तरिक एवं बाह्य व्याधिद्वारा पीडित नहुने भएकाले उहाँ अनामय हुनुहुन्छ।

मनोजवस्तीर्थकरो वसुरेता वसुप्रदः।
वसुप्रदो वासुदेवो वसुर्वसुमना हविः ॥८७॥

सर्वगत भएकाले मनको वेग झैं वेग भएकाले श्रीभगवान् मनोजव हुनुहुन्छ। उहाँ चौध तीर्थ अर्थात् विद्या एवं वेदबाह्य विद्याहरूका सिद्धान्तका कर्ता तथा वक्ता भएकाले उहाँ तीर्थकर हुनुहुन्छ। हयग्रीवरूपले मधुकैटभ मारेर ब्रह्मालाई सृष्टिको आदिमा सबै श्रुतिहरू र अन्य विद्याको पनि उहाँले उपदेश गर्नुभयो र वेद अर्थात् विद्याभन्दा बाहेकका विद्या देवशत्रुहरूलाई ठग्न उपदेश दिनुभयो भनी पौराणिकहरू भन्दछन्।

वसु अर्थात् सुवर्ण उहाँको रेतस् (वीर्य) भएकाले उहाँ वसुरेता हुनुहुन्छ– 'देवले पहिले जल रचेर त्यसमा वीर्य छोड्नुभयो, त्यो ब्रह्माको उत्पत्तिको परम कारण सुवर्णमय अण्डा भयो' (महर्षि व्यासको वचन)। उहाँ प्रकर्षले (खूबै) वसु (धन) दिनुहुने भएकाले वसुप्रद हुनुहुन्छ। साक्षात् धनाध्यक्ष त उहाँ नै हुनुहुन्छ, अरू त उहाँका कृपाले नै धनाध्यक्ष भएका हुन्। वसु अर्थात् मोक्षरूप उत्कृष्ट फल दिने भएकाले उहाँ वसुप्रद हुनुहुन्छ। उहाँ दोस्रो वसुप्रद भन्नाले–'विज्ञानमानन्दं ब्रह्म रातिर्दातुः परायणं तिष्ठमानस्य तद्विद' अर्थात् ब्रह्म विज्ञान र आनन्दस्वरूप छन्, ती धन दिने (कर्म परायण अज्ञानी) तथा ब्रह्ममा स्थित ज्ञानीका पनि परायण हुन् (*बृहदा.उ.* ३।९।२८) अथवा देवशत्रुहरूका वसु (धन) लाई प्रकर्षले खण्डित पार्ने भएकाले उहाँ वसुप्रद हुनुहुन्छ। वसुदेवका पुत्र भएकाले उहाँ वासुदेव हुनुहुन्छ।

उहाँमा सबै भूत अर्थात् अस्तित्व बस्दछन् अथवा सबै भूतमा उहाँ बस्नुहुन्छ, त्यसैले उहाँ वसु हुनुहुन्छ।

समस्त पदार्थमा सामान्य भावले बस्नेलाई वसु भनिन्छ। त्यस्तो मन उहाँको भएकाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

o in Public Domain. Digitization by eGangotri. Funding: M

उहाँ वसुमना हुनुहुन्छ ।

'ब्रह्मार्पणं ब्रह्म हवि' अर्थात् ब्रह्मलाई अर्पण गरिन्छ, ब्रह्म नै हवि हुन्' (*गीता* ४।२४) । श्रीभगवान्का नै वचन भएकाले उहाँ हवि हुनुहुन्छ ।

सद्गतिः सत्कृतिः सत्ता सद्भूतिः सत्परायणः ।

शूरसेनो यदुश्रेष्ठः सन्निवासः सुयामुनः ॥८८॥

'अस्ति ब्रह्मेति चेद् वेद सन्तमेनं ततो विदु' अर्थात् 'ब्रह्म छन्' यस्तो जान्यो भने विज्ञहरू त्यसलाई सन्त मान्दछन् (*तैत्तिरीयोपनिषद्* २।६) । यो श्रुतिअनुसार जो सन्त छन्–तीद्वारा प्राप्य हुने भएकाले श्रीभगवान् सद्गति हुनुहुन्छ । अथवा उहाँको गति अथवा बुद्धि श्रेष्ठ भएकाले उहाँ सद्गति हुनुहुन्छ । जगत्को उत्पत्ति आदि उहाँका श्रेष्ठ कृति भएकाले उहाँ सत्कृति हुनुहुन्छ ।

***श्रीविष्णुसहस्रनाम*को सातौँ शतक सम्पन्न भयो ।**

सजातीय, विजातीय र स्वगतभेददेखि रहित अनुभूतिको नाम अर्थात् सत्ता उहाँ हुनुहुन्छ– 'एकमेवाद्वितीयम्' अर्थात् एउटै नै अद्वितीय थिएँ (*छान्दोग्योपनिषद्* ६।२।१) ।

उहाँ चिदात्मक सत्स्वरूप परमात्मा नै अबाधित तथा धेरै प्रकारले भासित भएकाले सद्भूति हुनुहुन्छ, अर्को छैन । प्रतीतिको बाध्यमान भएकाले अन्य सत् अथवा असत् केही पनि छैन । यहाँ श्रुति अथवा युक्तिद्वारा प्रपञ्चको बाध नै विवक्षित छ ।

तत्त्वदर्शी सज्जनका परम श्रेष्ठ अयन (स्थान) भएकाले उहाँ सत्परायण हुनुहुन्छ । हनूमान् आदि शूरवीर सैनिकहरू भएको शूरसेना उहाँको हुनाले उहाँ शूरसेन हुनुहुन्छ । यदुवंशीका प्रधान भएकाले उहाँ यदुश्रेष्ठ हुनुहुन्छ । सत् अर्थात् विद्वान्हरूका आश्रय भएकाले उहाँ सन्निवास हुनुहुन्छ । उहाँका यामुन अर्थात् यमुनासम्बन्धी देवकी, वसुदेव, नन्द, यशोदा, बलभद्र र सुभद्रा आदि परिवेष्टा सुन्दर छन्, त्यसैले उहाँ सुयामुन हुनुहुन्छ । अथवा उहाँका यमुना तटवर्ती गोपवेषधारी परिवेष्टा वा पद्म एवं आसन अति सुन्दर भएकाले उहाँ सुयामुन हुनुहुन्छ ।

भूतावासो वासुदेवः सर्वासुनिलयोऽनलः ।

दर्पहा दर्पदो दृप्तो दुर्धरोऽथापराजितः ॥८९॥

श्रीभगवान्मा मुख्यरूपले सबै भूत-अस्तित्व रहने भएकाले उहाँ भूतावास हुनुहुन्छ अर्थात्'हजुरमा भूतहरू (अस्तित्वमा रहेका) सबै बस्ने हुनाले हजुर भूतवास हुनुहुन्छ' (*हरिवंश* ३।८८।५३) ।

मायाद्वारा जगत् आच्छादित गर्ने भएकाले उहाँ वासु र उहाँ नै देव भएकाले वासुदेव हुनुहुन्छ– 'सूर्य जसरी किरणद्वारा ढाक्तछन्, त्यसरी नै सम्पूर्ण जगत्लाई आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विभूतिद्वारा म ढाक्तछु' (*महाभारत,* शान्ति. ३४१।४१) । सबै असु अर्थात् प्राण (जीवरूप) उहाँका आश्रयमा लीन हुने भएकाले उहाँ सर्वासुनिलय हुनुहुन्छ ।

अलं भनेको पर्याप्ति अर्थात् समाप्ति हो, उहाँमा शक्ति एवं सम्पत्तिको पर्याप्ति नहुने भएकाले उहाँ अनल हुनुहुन्छ ।

धर्मविरुद्ध मार्गमा रहनेको दर्प नष्ट गर्ने भएकाले उहाँ दर्पहा हुनुहुन्छ । धर्ममार्गमा रहनेहरूलाई दर्प (गौरव) दिनुहुने भएकाले उहाँ दर्पद हुनुहुन्छ । अथवा दर्पं द्यति अर्थात् दर्पलाई दलन गर्ने भएकाले उहाँ दर्पद हुनुहुन्छ ।

आफ्नो आत्मारूप अमृतरसको आस्वादन गर्नाले नित्य प्रमुदित हुने भएकाले उहाँ दृप्त हुनुहुन्छ । समस्त उपाधिदेखि रहित भएकाले उहाँलाई प्रणिधान आदिमा धारणा गर्न नसकिने भए पनि उहाँका कृपावाट कसैकसैले हजारौँ जन्मका भावनाका योगद्वारा आफ्ना हृदयमा वडो कठिनताले धारणा गर्दछन्, त्यसैले उहाँ दुर्धर हुनुहुन्छ । 'अव्यक्तमा मन लगाउनेहरूलाई अधिक क्लेश हुन्छ, देहाभिमानीहरूलाई अव्यक्त गति कठिनताले प्राप्त हुन्छ' (*गीता* १२।५) भन्ने भगवद्वचन छ । रागादि आन्तरिक शत्रुहरू र दानवादि बाह्य शत्रुद्वारा पराजित नहुनेभएकाले उहाँ अपराजित हुनुहुन्छ ।

विश्वमूर्तिर्महामूर्तिर्दीप्तमूर्तिरमूर्तिमान् ।
अनेकमूर्तिरव्यक्तः शतमूर्तिः शताननः ॥९०॥

सर्वात्मक हुनाले विश्व नै उहाँको मूर्ति भएकाले श्रीभगवान् विश्वमूर्ति हुनुहुन्छ । शेष-शय्यामा शयन गर्ने उहाँको मूर्ति महान् भएकाले उहाँ महामूर्ति हुनुहुन्छ । दीप्त ज्ञानमय मूर्ति उहाँको भएकाले अथवा स्वेच्छाले ग्रहण गरिएको तैजसी (हिरण्यगर्भरूप) उहाँको मूर्ति दीप्त भएकाले उहाँ दीप्तमूर्ति हुनुहुन्छ । कर्मजन्य मूर्ति उहाँको नभएकाले उहाँ अमूर्तिमान् हुनुहुन्छ । अवतारहरूमा स्वेच्छाले लोकोपकारी अनेक मूर्ति उहाँले धारण गर्नुहुने भएकाले उहाँ अनेकमूर्ति हुनुहुन्छ । यद्यपि अनेक मूर्तिका भएर पनि यस्तै भनी व्यक्ति गर्न नसकिने भएकाले उहाँ अव्यक्त हुनुहुन्छ । ज्ञानस्वरूप उहाँका अनेक वैकल्पिक मूर्ति भएकाले उहाँ शतमूर्ति हुनुहुन्छ । उहाँ विश्व आदि मूर्ति भएका हुनाले उहाँ शतानन अर्थात् शय मुखवाला हुनुहुन्छ ।

एको नैकः सवः कः किं यत्तत्पदमनुत्तमम् ।
लोकबन्धुर्लोकनाथो माधवो भक्तवत्सलः ॥९१॥

पारमार्थिक हिसावले सजातीय, विजातीय र स्वगतभेददेखि शून्य भएकाले श्रीभगवान् एक हुनुहुन्छ– 'एकमेवाद्वितीयम्' अर्थात् एक नै अद्वितीय थिए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri. Funding: M

(छान्दोग्योपनिषद् ६।२।१) ।

मायाद्वारा बहुरूपका भएकाले उहाँ नैक हुनुहुन्छ– 'इन्द्रो मायाभिः पुरुरूप ईयते' अर्थात् इन्द्र (ईश्वर) मायाद्वारा धेरै रूपका प्रतीत हुन्छन् (बृहदा.उ. २।५।१९) ।

सोम अभिषव गरिने यज्ञलाई सव भनिन्छ र उहाँ सव हुनुहुन्छ ।

क शब्द सुखवाचक हो । सुखरूपबाट स्तुति गरिने भएकाले उहाँ क हुनुहुन्छ– 'कं ब्रह्म' अर्थात् सुखरूप ब्रह्म (छा.उ. ४।१०।५) ।

सर्व पुरुषार्थरूप भएकाले ब्रह्म नै विचार गर्न योग्य भएकाले उहाँ किम् हुनुहुन्छ ।

स्वतः सिद्ध वस्तुवाचक 'यत्' शब्दबाट ब्रह्मको निर्देश गरिने भएकाले उहाँ यत् हुनुहुन्छ– 'यतो वा इमानि भूतानि जायन्ते' अर्थात् जसबाट यी सबै भूत (अस्तित्व) उत्पन्न हुन्छन् (तैत्तिरीयोपनिषद् ३।१) ।

ब्रह्म तनन अर्थात् विस्तार गर्ने भएकाले उहाँ तत् हुनुहुन्छ– 'ॐ तत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधःस्मृत' अर्थात् ॐ, तत् र सत् यी तीन नाम ब्रह्मका भनिन्छन् (गीता १७।२३) ।

मुमुक्षुहरूद्वारा प्राप्त गरिने भएको ब्रह्म पद हुन्, त्यहाँभन्दा श्रेष्ठ अरू केही नभएकाले ती अनुत्तम हुन् । यसरी पदमनुत्तमम् यो विशेषणसहितको उहाँको एक नाम हो ।

आधारभूत उहाँमा सबै लोक बाधिएकाले उहाँ लोकका बन्धु हुँदा लोकबन्धु हुनुहुन्छ । अथवा लोकका जनक भएकाले पिता समान अर्को कोही बन्धु नहुने भएकाले अथवा बन्धुहरूको कर्म अर्थात् श्रुतिस्मृतिका हिताहितोपदेश उहाँले गर्नुभएकाले उहाँ लोकबन्धु हुनुहुन्छ । उहाँ लोकहरूद्वारा नाथित- याचित अथवा तिनीहरूको नियमन, आश्वासन अथवा शासन गर्नुहुने भएकाले उहाँ लोकनाथ हुनुहुन्छ । मधुवंशमा उत्पन्न भएकाले उहाँ माधव हुनुहुन्छ ।

भक्तप्रति स्नेहयुक्त भएकाले उहाँ भक्तवत्सल हुनुहुन्छ ।

सुवर्णवर्णो हेमाङ्गो वराङ्गश्चन्दनाङ्गदी ।
वीरहा विषमः शून्यो घृताशीरचलश्चलः ॥९२॥

श्रीभगवान्को वर्ण सुवर्ण समान भएकाले उहाँ सुवर्णवर्ण हुनुहुन्छ– 'यदा पश्यः पश्यते रुक्म वर्णम्' अर्थात् जब द्रष्टा सुवर्ण जस्तो वर्ण भएकालाई देख्दछन् (मुण्डकोपनिषद् ३।१।३) ।

उहाँको अङ्ग सुवर्ण समान भएकाले उहाँ हेमाङ्ग हुनुहुन्छ– 'य एषोऽन्तरादित्ये हिरण्मयःपुरुष' अर्थात् यी जो आदित्यभित्र सुवर्णमय पुरुष छन् (छान्दोग्योपनिषद् १।६।६) । उहाँको अङ्ग वर अर्थात् सुन्दर भएकाले उहाँ वराङ्ग हुनुहुन्छ । आह्लादित पार्ने चन्दन आदि एवं अङ्गद अर्थात् भुजबन्धहरूले विभूषित भएकाले उहाँ चन्दनाङ्गदी हुनुहुन्छ । धर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

रक्षाका लागि हिरण्यकशिपु आदि दैत्य वीरहरूलाई हनन गर्ने भएकाले उहाँ वीरहा हुनुहुन्छ ।

सबैभन्दा विलक्षण हुनुभएकोले उहाँ समान कोही नभएकोले उहाँ विषम हुनुहुन्छ– 'हजुर समान कोही छैन भने बढी हुने को होला ?' (*गीता* ११।४३) । सबै विशेषणदेखि रहित भएकाले उहाँ शून्य समान शून्य हुनुहुन्छ । उहाँका आशिष अर्थात् प्रार्थना घृत अर्थात् विगलित भएकाले उहाँ घृताशी हुनुहुन्छ । स्वरूप, सामर्थ्य र ज्ञानादि गुण विचलित नहुने भएकाले उहाँ अचल हुनुहुन्छ । वायुरूपले चल्नुहुने भएकाले उहाँ चल हुनुहुन्छ ।

अमानी मानदो मान्यो लोकस्वामी त्रिलोकधृक् ।
सुमेधा मेधजो धन्यः सत्यमेधा धराधरः ॥९३॥

शुद्ध ज्ञानस्वरूप श्रीभगवान्‌लाई अनात्मवस्तुहरूमा आत्माभिमान नभएकाले उहाँ अमानी हुनुहुन्छ ।

आफ्ना मायाद्वारा सबैलाई अनात्मामा आत्माभिमान दिनुहुन्छ अथवा भक्तहरूलाई मानआदर दिनुहुन्छ अथवा तत्त्ववेत्ताहरूलाई अनात्म वस्तुहरूमा आत्माभिमानको खण्डन उहाँ गर्नुहुन्छ, त्यसैले उहाँ मानद हुनुहुन्छ । उहाँ सबैका ईश्वर हुँदा उहाँ सबैका माननीय, पूजनीय भएकाले मान्य हुनुहुन्छ । चौध लोकका स्वामी भएकाले उहाँ लोकस्वामी हुनुहुन्छ । तीनै लोक धारण गर्ने भएकाले उहाँ त्रिलोकधृक् हुनुहुन्छ । उहाँको मेधा अर्थात् प्रज्ञा सुन्दर भएकाले उहाँ सुमेधा हुनुहुन्छ । यहाँ 'नित्यमसिच् प्रजामेधयोः' *पा.सू.* ५।४।१२२ द्वारा समासान्त असिच् प्रत्यय भएको छ ।

मेधमा अर्थात् यज्ञमा उत्पन्न (प्रकट) हुनुहुने भएकाले उहाँ मेधज हुनुहुन्छ । कृतार्थ हुनुभएकाले उहाँ धन्य हुनुहुन्छ ।

उहाँको मेधा सत्य अर्थात् अमोघ भएकाले उहाँ सत्यमेधा हुनुहुन्छ । शेष आदि आफ्ना समस्त अंशहरूद्वारा समस्त पृथिवीलाई धारण गर्ने भएकाले उहाँ धराधर हुनुहुन्छ ।

तेजोवृषो द्युतिधरः सर्वशस्त्रभृतां वरः ।
प्रग्रहो निग्रहो व्यग्रो नैकशृङ्गो गदाग्रजः ॥९४॥

आदित्यरूपले सदा तेज अर्थात् जलको वर्षा गर्नुहुने भएकाले श्रीभगवान् तेजोवृष हुनुहुन्छ । द्युति अर्थात् देहगत कान्ति धारण गर्ने भएकाले उहाँ द्युतिधर हुनुहुन्छ । समस्त शस्त्रधारीहरूमा श्रेष्ठ भएकाले उहाँ सर्वशस्त्रभृतां वर हुनुहुन्छ । भक्तहरूद्वारा समर्पित पत्रपुष्पादि ग्रहण गर्ने भएकाले उहाँ प्रग्रह हुनुहुन्छ अथवा विषयरूपी वनमा दौडने इन्द्रियरूपी दुर्दम्य घोडाहरूलाई डोरी जस्तो आफ्नो कृपाद्वारा बाँध्ने उहाँ प्रग्रह (डोरी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

जस्तै प्रग्रह हुनुहुन्छ। यहाँ 'रश्मौ च' *पा.सू.* ३।३।५३ भनी पाणिनिको कथनबाट प्रग्रह शब्दसिद्ध हुन्छ अर्थात् यस सूत्रले रश्मि (डोरी र किरण) अर्थमा प्रपूर्वक ग्रह धातुबाट वैकल्पिक घञ् प्रत्यय हुँदा प्रग्राह रूप बन्दछ र घञ्का अभावमा 'ग्रहवृहनिश्चिगमश्च' *पा.सू.* ३।३।५८ द्वारा अप् प्रत्यय गरेर प्रग्रह बन्दछ।

आफ्ना अधीन पारेर सबैको निग्रह गर्ने भएकाले उहाँ निग्रह हुनुहुन्छ। उहाँको अग्र अर्थात् अन्त-(नाश) विगत (नभएको) हुनाले उहाँ विअग्र हुनुहुन्छ। अथवा भक्तहरूलाई इच्छित फल दिन व्यग्र भएकाले उहाँ व्यग्र हुनुहुन्छ।

चतुःशृङ्ग (चार सिंग भएको) हुनाले उहाँ नैकशृङ्ग हुनुहुन्छ– 'चत्वारि शृङ्गा त्रयोऽस्य यादा द्वे शीर्षे सप्त हस्तासोऽस्य त्रिधा बद्धो वृषभो रो र वीति महादेवो मर्त्यां आविवेश' अर्थात् ती चार सिङ्ग, तीन पाउ, दुई शिर र सात हात भएका, तीन ठाउँमा बाँधिएका वृषभरूप महान् देव बराबर शब्द गर्दै मनुष्यहरूमा प्रवेश गरेका छन्। व्याकरण महाभाष्यको प्रथम आह्निकमा शब्दानुशासनको प्रयोजन बताउँदै महर्षि पतञ्जलिले उपर्युक्त श्रुतिलाई (*तैत्तिरीय आरण्यक* १।१०।१७) शब्दब्रह्मको प्रतिपादन गर्ने मानेका छन्। त्यसैले यसरी यसको व्याख्या गरिएको छ– यसका (वृषभरूपी शब्दब्रह्मका) चार सिंग (नाम, आख्यात, उपसर्ग र निपात) छन्, तीन पाउ (भूत, भाविष्यत् र वर्तमान काल) छन्, दुई शिर (नित्य एवं कार्यरूप शब्द नै) हुन्, तथा सात हात (सात विभक्तिरूप) छन्, यो तीन ठाउँमा (हृदय, कण्ठ र शिररूपी) बाँधिएको वृषभरूपी (कामनाहरूको वर्षण गर्ने) महान् देव बराबर शब्द गर्दै मनुष्यहरूमा प्रवेश गर्दछन्।

निगद अर्थात् मन्त्रभन्दा पहिले नै प्रकट हुने भएकाले उहाँ निगदाग्रज (यहाँ 'नि' शब्दको लोप भएको छ) हुनुहुन्छ अथवा गद नाम हो श्रीवासुदेवका भाइको, उहाँ गदभन्दा पहिले जन्मेका हुनाले गदाग्रज हुनुहुन्छ।

चतुर्मूर्तिश्चतुर्बाहुश्चतुर्व्यूहश्चतुर्गतिः।
चतुरात्मा चतुर्भावश्चतुर्वेदविदेकपात् ॥९५॥

विराट्, सूत्रात्मा अव्याकृत र तुरीयरूप गरेर श्रीभगवान्का चार मूर्ति भएकाले उहाँ चतुर्मूर्ति हुनुहुन्छ। अथवा उहाँका श्वेत, रक्त, पीत र कृष्ण यी चार सगुण मूर्ति भएकाले उहाँ चतुर्मूर्ति हुनुहुन्छ। उहाँका चार भुजा भएकाले उहाँ चतुर्बाहु हुनुहुन्छ। यो नाम श्रीवासुदेवमा रुढ भएको छ।

'शरीरपुरुषश्छन्दःपुरुषो वेदपुरुषो महापुरुष' अर्थात् शरीरपुरुष, छन्दःपुरुष, वेदपुरुष र महापुरुष' (*ऐतरेय आरण्यक* ३।४।२)। *बह्वृचोपनिषद्*मा यसरी भनिएका यी चार पुरुष उहाँका व्यूह भएकाले उहाँ चतुर्व्यूह हुनुहुन्छ। अथवा वैष्णव सम्प्रदायमा वासुदेव,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सङ्कर्षण, प्रद्युम्न र अनिरुद्ध यी चार उहाँका व्यूह भनिने भएकाले उहाँ चतुर्व्यूह हुनुहुन्छ।

विधिअनुसार चल्ने चार आश्रम एवं चार वर्णहरूको गति भएकाले उहाँ चतुर्गति हुनुहुन्छ। राग, द्वेष आदिदेखि रहित भएकाले; उहाँको आत्मा, मन, चतुर भएकाले अथवा, मन, बुद्धि, अहङ्कार र चित्तनामक चार अन्त:करणले युक्त भएकाले उहाँ चतुरात्मा हुनुहुन्छ।

धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थको समुच्चय उहाँबाट हुन्छ अर्थात् उत्पन्न हुन्छ। त्यसैले उहाँ चतुर्भाव हुनुहुन्छ। चारै वेदका अर्थ यथावत् जान्ने भएकाले उहाँ चतुर्वेदवित् हुनुहुन्छ।

उहाँको एक पाउ नै (विश्वरूपले) रहेकाले उहाँ एकपात् हुनुहुन्छ– 'पादोऽस्य विश्वा भूतानि' अर्थात् सम्पूर्ण भूत (अस्तित्व) उहाँको एक पाउ हो (*पुरुषसूक्त* ३)। तथा 'विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत्' अर्थात् म आफ्नो एक अंशले नै यो सम्पूर्ण जगत्लाई व्याप्त गरेर रहेको छु (*गीता* १०।४२) भन्ने भगवद्‌वचन पनि छ।

समावर्तोऽनिवृत्तात्मा दुर्जयो दुरतिक्रमः।
दुर्लभो दुर्गमो दुर्गो दुरावासो दुरारिहा ॥९६॥

संसारचक्रका राम्रा आवर्तक (घुमाउने) भएकाले श्रीभगवान् समावर्त हुनुहुन्छ। सर्वत्र वर्तमान हुने उहाँको आत्मा (शरीर) कहिँ पनि निवृत्त नहुने भएकाले अनिवृत्तात्मा अथवा उहाँको आत्मा (मन) विषयहरूदेखि निवृत्त भएकाले उहाँ निवृत्तात्मा हुनुहुन्छ। कसैबाट नजितिने भएकाले उहाँ दुर्जय हुनुहुन्छ।

भयको हेतु हुँदा सूर्य आदिले पनि उहाँको आज्ञाको अतिक्रमण (उल्लंघन) नगर्ने भएकाले उहाँ दुरतिक्रम हुनुहुन्छ– 'उहाँको डरले अग्नि तात्दछन्, सूर्य प्रकाशित हुन्छन् र इन्द्र, वायु एवं पाचौं मृत्यु दौडन्छन्' (*कठोपनिषद्* २।३।३) तथा 'महद्भयं वज्रमुद्यतम्' अर्थात् महान् भयरूप वज्र उजाइएको (*कठोपनिषद्* २।३।२) छ। दुर्लभ भक्तिले पाइने भएकाले उहाँ दुर्लभ हुनुहुन्छ– 'जन्मान्तरसहस्रेषु तपोज्ञानसमाधिभिः। नराणां क्षीणपापानां कृष्णे भक्तिः प्रजायते' अर्थात् हजारौं जन्ममा गरिएका तप, ज्ञान एवं समाधिबाट पाप क्षीण भएकाहरूको श्रीकृष्णमा भक्ति लाग्दछ (व्यास वचन) तथा– 'भक्त्या लभ्यस्त्वनन्यया' अर्थात् म अनन्य भक्तिबाट नै प्राप्त हुन्छु (*गीता* ८।२२) भन्ने भगवद्‌वचन छ।

दु:खपूर्वक (कठिनताले) गम्य (जानिने) भएकाले उहाँ दुर्गम हुनुहुन्छ। किसिम किसिमका विघ्नहरूबाट प्रतिहत (मार खाएका) जनले दु:खपूर्वक प्राप्त गरिने भएकाले उहाँ दुर्ग हुनुहुन्छ। योगीहरूद्वारा समाधिमा दु:खपूर्वक उहाँलाई चित्तमा बसाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri Funding: M

भएकाले उहाँ दुरावास हुनुहुन्छ। दानव आदि दुरारि (दुष्ट मार्गमा हिँड्ने)हरूलाई मार्ने भएकाले उहाँ दुरारिहा हुनुहुन्छ।

शुभाङ्गो लोकसारङ्गः सुतन्तुस्तन्तुवर्धनः।
इन्द्रकर्मा महाकर्मा कृतकर्मा कृतागमः ॥९७॥

सुन्दर अङ्गहरूका हिसाबले ध्यानयोग्य भएकाले उहाँ शुभाङ्ग हुनुहुन्छ। लोकहरूको सारलाई सारङ्ग (भ्रमर) समान ग्रहण गर्ने भएकाले उहाँ लोकसारङ्ग हुनुहुन्छ– 'प्रजापतिलोकानभ्यतपत्' अर्थात् प्रजापतिले लोकहरूलाई तताए अर्थात् लोकहरूको सार निकाले (श्रुति कथन)। अथवा प्रणव लोकसार हो। प्रणवद्वारा प्रतिपत्तव्य (जान्न योग्य) भएकाले उहाँ लोकसारङ्ग हुनुहुन्छ। यहाँ 'लोकसारगम्य' हुनुपर्नेमा पृषोदरादि गणमा भएकाले 'लोकसारङ्ग' यो रूपसिद्ध छ। उहाँको तन्तु अर्थात् यो विस्तृति (जगत्) सुन्दर भएकाले उहाँ सुतन्तु हुनुहुन्छ। त्यसै तन्तुलाई बढाउने अथवा छेदन गर्ने भएकाले उहाँ तन्तुवर्धन हुनुहुन्छ। इन्द्रका कर्म जस्तै उहाँका कर्म भएकाले उहाँ इन्द्रकर्मा अर्थात् ऐश्वर्यकर्मा हुनुहुन्छ। उहाँका कर्म अर्थात् कार्य आकाश आदि पाँच भूत अर्थात् अस्तित्व महान् भएकाले उहाँ महाकर्मा हुनुहुन्छ।

कृतार्थ हुनाका कारण उहाँबाट सबै कुरा भइसकेका छन्, कुनै कुरा गर्नु छैन। त्यसैले उहाँ कृतकर्मा हुनुहुन्छ। अथवा उहाँले धर्मरूप कर्म गर्नुभएको हुनाले उहाँ कृतकर्मा हुनुहुन्छ। उहाँले वेदरूप आगम बनाउनुभएकाले उहाँ कृतागम हुनुहुन्छ– 'अस्य महतो भूतस्य नि:श्वसितमेतद् *ऋग्वेद*' अर्थात् यी महाभूतका निश्वास नै *ऋग्वेद* हो (*बृहदारण्यकोपनिषद्* २।४।१०)।

उद्भवः सुन्दरः सुन्दो रत्ननाभः सुलोचनः।
अर्को वाजसनः शृङ्गी जयन्तः सर्वविज्जयी ॥९८॥

स्वेच्छाले उत्कृष्ट भव (जन्म) लिने भएकाले अथवा सबैका कारण हुनाले उहाँको भव (जन्म) उद्गत (नभएको) हुनाले श्रीभगवान् उद्भव हुनुहुन्छ। समस्त विश्वभन्दा वढी सौभाग्यशाली भएकाले उहाँ सुन्दर हुनुहुन्छ। राम्ररी उन्दन (आर्द्रभाव) गर्ने भएकाले उहाँ सुन्द हुनुहुन्छ। यहाँ 'उन्दी क्लेदने' धातुबाट पचादिसम्बन्धी अच् प्रत्यय भएको, यो आर्द्रभावको वाचक र यसको अर्थ करुणाकर भन्ने हो तथा पृषोदरादि भएकाले 'सु'को उकारको पररूप (पछि आउने वर्ण समान) हुनगएको छ।

रत्न शब्दले शोभा लक्षित छ, उहाँको नाभि रत्न समान सुन्दर भएकाले उहाँ रत्ननाभ हुनुहुन्छ।

उहाँका लोचन अर्थात् नेत्र अथवा ज्ञान सुन्दर भएकाले उहाँ सुलोचन हुनुहुन्छ। ब्रह्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

आदि पूज्यतमहरूद्वारा पनि पूजनीय भएकाले उहाँ अर्क हुनुहुन्छ। याचकहरूलाई वाज अर्थात् अन्न दिने भएकाले उहाँ वाजसन हुनुहुन्छ। प्रलय जलमा सिंग भएको विशेषरूपको माछो हुनुभएकाले उहाँ शृङ्गी हुनुहुन्छ। यहाँ अतिशय अर्थमा मत्वर्थीय इनि प्रत्यय भएको छ।

शत्रुहरूलाई अतिशय नै जित्ने अथवा तिनलाई जित्ने हेतु भएकाले उहाँ जयन्त हुनुहुन्छ। उहाँलाई सबै विषयका ज्ञान भएकाले उहाँ सर्ववित् हुनुहुन्छ र उहाँको राग आदि आन्तरिक एवं हिरण्याक्ष आदि बाहिरी दुर्जय शत्रुहरू जित्ने स्वभाव भएकाले उहाँ जयी हुनुहुन्छ। यहाँ 'जिदृक्षि.' *पा. सू.* ३।२।१५७ द्वारा इनि प्रत्यय भएको छ। सर्ववित् पनि र जयी पनि उहाँ भएकाले उहाँको एक नाम– सर्वविज्जयी भएको छ।

सुवर्णबिन्दुरक्षोभ्यः सर्ववागीश्वरेश्वरः।
महाहृदो महागर्तो महाभूतो महानिधिः ॥९९॥

श्रीभगवान्‌का बिन्दु अर्थात् अवयव सुवर्ण समान भएकाले उहाँ सुवर्णबिन्दु हुनुहुन्छ– 'आप्रणखात् सर्व एव सुवर्ण' अर्थात् नङ्‌देखि (टुप्पीसम्म) सबैले सुवर्ण (*छान्दोग्योपनिषद्* १।६।६) अथवा सुन्दर वर्ण अर्थात् अक्षर र विन्दु जुन मन्त्रमा छ र त्यस्तो मन्त्ररूप (ॐ) नै उहाँ सुवर्णबिन्दु हुनुहुन्छ।

श्रीविष्णुसहस्रनामको आठौँ शतक सम्पन्न भयो।

राग, द्वेष आदि, शब्द आदि विषयहरू र देवशत्रुहरूद्वारा क्षोभित नहुने भएकाले उहाँ अक्षोभ्य हुनुहुन्छ।

ब्रह्मा आदि समस्त वागीश्वरहरूका पनि ईश्वर भएकाले उहाँ सर्ववागीश्वरेश्वर हुनुहुन्छ। आनन्दरूप, परमात्मारूप उहाँमा गोता लगाएर योगीहरू विश्रान्त भई सुखपूर्वक बस्दछन्, त्यसैले उहाँ महाह्रद (ठूलो तलाउ) जस्ता महाह्रद हुनुहुन्छ। उहाँको माया गर्त (खाडल) समान अति दुस्तर भएकाले उहाँ महागर्त हुनुहुन्छ – 'मम माया दुरत्यया' अर्थात् मेरो माया दुस्तर छ (*गीता* ७।१४)। अथवा निरुक्तज्ञाताहरूका अनुसार गर्त शब्द रथको पर्याय हो, अतः महारथी भएकाले उहाँ महागर्त हुनुहुन्छ। महाभारत आदिमा उहाँ महारथी भएको कुरा प्रसिद्ध नै छ। तीनै कालदेखि अनवच्छिन्न (विभागरहित) स्वरूप भएकाले उहाँ महाभूत हुनुहुन्छ। उहाँमा समस्त भूत अर्थात् अस्तित्व रहन्छन् (खानीमा जस्तो)। उहाँ महान् एवं निधि पनि भएकाले महानिधि हुनुहुन्छ।

कुमुदः कुन्दरः कुन्दः पर्जन्यः पावनोऽनिलः।
अमृताशोऽमृतवपुः सर्वज्ञः सर्वतोमुख : ॥१००॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri Funding: M

कु अर्थात् पृथिवीलाई श्रीभगवान्ले भार उतारेर मोदित पार्नुहुने भएकाले उहाँ कुमुद हुनुहुन्छ । यहाँ मुद् धातुमा णिच् प्रत्ययको अर्थको अन्तर्भाव छ । कुन्दपुष्प समान शुद्ध फल दिने अथवा लिने (कुन्दं राति– 'रा दाने' अथवा, कुन्दं लाति) भएकाले उहाँ कुन्दर हुनुहुन्छ । 'र' एवं 'ल'को एकै वृत्ति मानिन्छ । अथवा, 'हिरण्याक्षलाई मार्ने इच्छाले भगवान्ले वराहरूप धारण गरेर कु-पृथिवीलाई विदीर्ण गर्नुभएको थियो ।' अतः उहाँ कुन्दर हुनुहुन्छ । कुन्दको जस्तो सुन्दर अङ्ग भएका हुनाले उहाँ स्वच्छ, स्फटिक मणिका समान निर्मल हुनु भएकाले उहाँ कुन्द हुनुहुन्छ । अथवा महर्षि कश्यपलाई कु पृथिवी दिनुभएकाले उहाँ कुन्द हुनुहुन्छ– 'भृगुनन्दन परशुरामले समस्त पाप निवृत्तिका लागि अश्वमेध यज्ञ गर्नुभयो र त्यस महादान गरिने यज्ञमा दक्षिणारूपले उहाँले मरीचिनन्दन कश्यपलाई प्रसन्नतापूर्वक सम्पूर्ण पृथिवी दान दिनुभयो' (*हरिवंश* १।४१।१६) । अथवा कु शब्दले पृथिवीश्वर लक्षित हुन्छन् । कु पृथिवीपतिहरूलाई दलन अर्थात् खण्डन गर्ने भएकाले उहाँ कुन्द हुनुहुन्छ–'उहाँले कैयौँ पटक पृथिवीलाई क्षत्रियशून्य पार्नुभयो र कार्तवीर्यका भुजारूप वनलाई छिमल्नुभयो, उहाँ भृगुश्रेष्ठ परशुरामरूप भगवान् श्रीहरि मेरो मङ्गलको वृद्धि गर्ने हुनुहोस्' (*विष्णु धर्मो.*) ।

पर्जन्य मेघ झैँ आध्यात्मिक आदि तीनै तापहरू शान्त पार्ने भएकाले अथवा सम्पूर्ण कामनाहरूको वर्षा गर्ने भएकाले उहाँ पर्जन्य हुनुहुन्छ ।

स्मरणमात्रले पवित्र पार्ने भएकाले उहाँ पावन हुनुहुन्छ । इलति प्रेरणा गर्दछ भन्दा इल हुन्छ र इलदेखि रहित भएकाले उहाँ अनिल हुनुहुन्छ । अथवा इलति सुत्दछ भन्दा अज्ञ अर्थमा इल हुन्छ र उहाँ त्यसको विपरीत नित्यप्रबुद्ध स्वरूपका हुनुभएकाले उहाँ अनिल हुनुहुन्छ । अथवा गहन अर्थको वाचक 'निल' धातुको अन्तमा क प्रत्यय भएर निलरूप हुन्छ र उहाँ अगहन (भक्तका लागि सुलभ) हुनुभएकाले अनिल हुनुहुन्छ ।

आफ्नो आत्मानन्दरूप अमृतको भोग गर्ने भएकाले उहाँ अमृताश हुनुहुन्छ । अथवा उहाँले समुद्र मथेर निक्लेको अमृत देवताहरूलाई पिलाएर स्वयं पिउनुभएको हुनाले उहाँ अमृताश हुनुहुन्छ । अथवा उहाँको आशा इच्छा अविनाशी फलयुक्त भएकाले अमृता अर्थात् अविनाशी हुँदा उहाँ अमृताश हुनुहुन्छ । मृत अर्थात् मरणदेखि रहित उहाँको शरीर भएकाले उहाँ अमृतवपु हुनुहुन्छ । सबै कुरा जान्ने भएकाले उहाँ सर्वज्ञ हुनुहुन्छ– 'यःसर्वज्ञः सर्ववित्' अर्थात् जो सर्वज्ञ र सर्ववित् छ (*मुण्डकोपनिषद्* १।१।९) ।

'सर्वतोऽक्षिशिरोमुखम्' अर्थात् सबैतिर आँखा, शिर र मुख भएका (*गीता* १३।१३) भन्ने भगवद्वचन भएअनुसार उहाँ सर्वतोमुख हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सुलभः सुव्रतः सिद्धः शत्रुजिच्छत्रुतापनः ।
न्यग्रोधोदुम्बरोऽश्वत्थश्चाणूरान्ध्रनिषूदनः ॥१०१॥

केवल भक्तिद्वारा समर्पित पत्रपुष्पादिले पनि सुखपूर्वक प्राप्त हुने श्रीभगवान् सुलभ हुनुहुन्छ– 'एक मात्र भक्तिले नै प्राप्त हुने पुराणपुरुषको उपलब्धिमा उपयोगी हुने र विना खरिद प्राप्त हुने पत्र, पुष्प फल एवं जल आदि सधैं रहिरहेकामा पनि मुक्तिका लागि किन प्रयत्न गरिंदैन' (*महाभारत* तथा *गरुडपुराण* १।२२७।३२)। उहाँ सुन्दर व्रत गर्ने अर्थात् राम्रो भोजन गर्ने अथवा भोजन (अथवा भोग) देखि हटेका (अर्थात् अभोक्ता) भएकाले उहाँ सुव्रत हुनुहुन्छ ।

उहाँको सिद्धि (इच्छा-पूर्ति) अर्काको अधीन नभएकाले उहाँ सिद्ध हुनुहुन्छ। देवशत्रु नै उहाँका शत्रु भएकाले उहाँ ती शत्रु जित्नु हुने भएकाले शत्रुजित् हुनुहुन्छ । देवशत्रुहरूलाई तप्त पार्ने भएकाले उहाँ शत्रुतापन हुनुहुन्छ ।

न्यक् तलतिर उम्रने र सबै माथि रहने भएकाले उहाँ न्यग्रोध हुनुहुन्छ । यहाँ पृषोदरादि भएकाले 'न्यग्रोह'को 'ह' मा 'ध' आदेश भई रूपसिद्ध भएको छ । अथवा सबै भूतलाई तल पारेर आफ्नो मायालाई वरण गर्ने भएकाले वा निरोध गर्ने भएकाले उहाँ न्यग्रोध हुनुहुन्छ ।

कारणरूपले अम्बर आकाशभन्दा पनि माथि भएकाले उहाँ उदुम्बर हुनुहुन्छ। यहाँ पृषोदरादि भएकाले नै अम्बरको ठाउँमा उम्बर-उकारादेश भई रूपसिद्ध भएको छ । अथवा 'ऊर्ग्वा अन्नाद्यमुदुम्बरम्' यो श्रुतिअनुसार उदुम्बर अन्नरूप खाद्यलाई पनि भनिन्छ । खाद्यरूपले विश्वलाई पोषण गर्ने भएकाले उहाँ उदुम्बर हुनुहुन्छ । यहाँ 'न्यग्रोधः' को विसर्गको लोप हुँदा पनि गुण सन्धि हुनु आर्ष हो । 'श्व' अर्थात् भोलि पनि नरहने (उहाँको अभिव्यक्ति रूप जगत्) भएकाले उहाँ अश्वत्थ हुनुहुन्छ । यहाँ पृषोदरादि भएकाले 'अश्वस्स्थ' को श्वस्को 'स'लोप, स्थको 'स्' का ठाउँमा तकारादेश भएको हुँदा रूपसिद्ध भएको छ– 'ऊर्ध्वमूलोऽवाक्शाख एषोऽश्वत्थः सनातन' अर्थात् मास्तिर मूल भएको र तल्तिर हाँगा भएको यो सनातन अश्वत्थ वृक्ष हो (*कठोपनिषद्* २।३।१) तथा 'ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम्' अर्थात् मास्तिर मूल र तल्तिर हाँगा हुने अश्वत्थ वृक्ष अविनाशी भनिन्छ (*गीता* १५।१) ।

चाणूरनामक आंध्र जातिको वीरलाई मारेको हुनाले उहाँ चाणूरान्ध्रनिषूदन हुनुहुन्छ ।

सहस्रार्चिः सप्तजिह्वः सप्तैधाः सप्तवाहनः ।
अमूर्तिरनघोऽचिन्त्यो भयकृद् भयनाशनः ॥१०२) ।

श्रीभगवान्का सहस्र अर्थात् अनन्त अर्चि (किरण) भएकाले उहाँ सहस्रार्चि हुनुहुन्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: M

'यदि आकाशमा हजार सूर्य एकसाथ प्रकाशित भए भने ती महात्माका प्रकाश समान प्रकाश हुनसक्तछ' (*गीता* ११।१२)। उहाँका अर्थात् अग्निरूपका सात जिह्वा भएकाले उहाँ सप्तजिह्व हुनुहुन्छ– 'अग्निका काली, कराली, मनोजवा, सुलोहिता, सुधूम्रवर्णा, स्फुलिङ्गिनी र देवी विश्वरुची- यी सात चलायमान जिह्वा छन्' (*मुण्डकोपनिषद्* १।२।४)। अग्निरूप उहाँका सात एधा- दीप्ति भएकाले उहाँ सप्तैधा हुनुहुन्छ– 'सप्त ते अग्ने समिधः सप्त जिह्वाः' अर्थात् हे अग्नि ! तिम्रा सात समिध् एवं सात जिह्वा छन् (श्रुति-मन्त्रवर्ण)। सूर्यरूप उहाँका सात घोडा भएकाले उहाँ सप्तवाहन हुनुहुन्छ। अथवा सप्त नामको एकै घोडा वेदरूप उहाँको वाहन भएकाले उहाँ सप्तवाहन हुनुहुन्छ। 'एकोऽश्वो वहति सप्तनामा' अर्थात् सात नाम भएको (गायत्री, बृहती, पङ्क्ति, त्रिष्टुप्, उष्णिक्, जगती र अनुष्टुप्) एकै घोडा वहन गर्दछ (श्रुति-कथन)। घनरूप धारणमा समर्थ चराचरलाई मूर्ति भनिन्छ– 'ताभ्योऽभितप्ताभ्योमूर्तिरजायत' अर्थात् ती अभितप्तहरूबाट मूर्ति उत्पन्न भयो (श्रुति-कथन), उहाँ मूर्तिहीन भएकाले अमूर्ति हुनुहुन्छ। अथवा देहसंस्थानरूप सङ्गठित अवयव नै मूर्ति हुँदा त्यस्तो मूर्तिदेखि रहित हुनाले उहाँ अमूर्ति हुनुहुन्छ। अघ भनेको दुःख अथवा पाप उहाँमा नभएकाले उहाँ अनघ हुनुहुन्छ। प्रमाता आदिका पनि साक्षी भएकाले सबै प्रमाणका अविषय हुनाले उहाँ अचिन्त्य हुनुहुन्छ। अथवा सम्पूर्ण प्रपञ्चदेखि विलक्षण भएकाले उहाँ– 'ऊ यस्तै' भनी चिन्तन गर्न नसकिने हुनुभएकाले अचिन्त्य हुनुहुन्छ। असत् मार्गमा हिँड्नेलाई भय उब्जाउने अथवा भक्तहरूको भय कर्तन गर्ने (काट्ने) भएकाले उहाँ भयकृत् हुनुहुन्छ।

वर्णाश्रमधर्मको पालन गर्नेहरूको भय नाश गर्ने भएकाले उहाँ भयनाशन हुनुहुन्छ– 'वर्णाश्रम आचारको पालन गर्ने पुरुषद्वारा नै परम पुरुष भगवान् श्रीविष्णुको आराधना हुन्छ, उहाँलाई प्रसन्न पार्ने अर्को कुनै मार्ग छैन' (*विष्णुपुराण* ३।८।९, पराशर वचन)।

अणुर्बृहत्कृशः स्थूलो गुणभृन्निर्गुणो महान्।
अधृतः स्वधृतः स्वास्यः प्राग्वंशो वंशवर्धनः ॥१०३॥

अतिशय सूक्ष्मता युक्त भएकाले श्रीभगवान् अणु हुनुहुन्छ– 'एषोऽणुरात्मा चेतसा वेदितव्य' अर्थात् यो अणु (सूक्ष्म) आत्मा चित्तद्वारा जान्न योग्य छ' (*मुण्डकोपनिषद्* ३।१।९)।

बृहद् (बडो) र बृंहण (जगत्रूपले बढ्ने) भएकाले ब्रह्म उहाँ बृहत् हुनुहुन्छ। 'महतो महीयान्' अर्थात् महान् भन्दा पनि अत्यन्त महान् (*कठोपनिषद्* १।२।२०)। अस्थूलम अर्थात् अस्थूल छन् (*बृहदा.उ.* ३।८।८) इत्यादि श्रुतिबाट द्रव्यत्वको प्रतिषेध गरिएकाले उहाँ कृश हुनुहुन्छ। सर्वात्मक भएकाले उहाँ ब्रह्म नै उपचारबाट स्थूल भनिनुहुन्छ। सृष्टि, स्थिति र लय कर्ममा सत्त्व, रज र तम यी तीन गुणका अधिष्ठाता भएकाले उहाँ गुणभृत् हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

परमार्थिक हिसावले उहाँमा गुणहरूको अभाव भएकाले उहाँ निर्गुण हुनुहुन्छ– 'केवलो निर्गुणश्च' अर्थात् केवल र निर्गुण (*श्वेता. उ.* ६।११)। शब्दादि गुणदेखि रहित, अत्यन्त सूक्ष्म तथा नित्य, शुद्ध र सर्वगत भएकाले उहाँमा विघ्नरूप कर्मसमूह तर्कबाट पनि भन्न नसकिने हुँदा उहाँ महान् हुनुहुन्छ– 'अनङ्गोऽशब्दोऽशरीरोऽस्पर्शश्च महाञ्छुचि' अर्थात् अङ्ग, शब्द, शरीर एवं स्पर्शदेखि रहित तथा महान र शुचि छन् (*आपस्तम्ब:*)। पृथिवी आदि धारण गर्नेहरूका पनि धारण गर्ने भएकाले र कसैद्वारा पनि धारण नगरिने हुँदा उहाँ अधृत हुनुहुन्छ।

यदि त्यसो हो भने उहाँ कसद्वारा धारण गरिएको हुनुहुन्छ त भन्ने शङ्का हुँदा उहाँ स्वयं आफैंद्वारा नै धारण गरिनुहुन्छ। त्यसैले उहाँ स्वधृत हुनुहुन्छ– 'स भगव: कस्मिन् प्रतिष्ठित इति स्वे महिम्नि' अर्थात् हे भगवान्! उहाँ केमा रहनुभएको छ त ? आफ्नै महिमामा (*छान्दोग्योपनिषद्* ७।२४।१)। कमल कोशको तल्लो भागको झैं उहाँको ताम्रवर्ण मुख अत्यन्त सुन्दर भएकाले उहाँ स्वास्य हुनुहुन्छ। अथवा पुरुषार्थ उपदेश गर्न उहाँका मुखबाट वेदरूप महान् शब्द-समुह निक्लेको हुनाले उहाँ स्वास्य हुनुहुन्छ– 'अस्य महतो भूतस्य- यी महाभूतका (श्वास वेद हुन्)' (*बृहदा.उ.* २।४।१०)। वंश पछाडि भए, उहाँका प्रपञ्चरूप वंश पहिले नै भए कसैका पछि भएका होइनन्, –त्यसैले उहाँ प्राग्वंश हुनुहुन्छ। आफ्नो वंशरूप प्रपञ्चलाई बढाउने अथवा नष्ट गर्ने भएकाले उहाँ वंशवर्धन हुनुहुन्छ।

भारभृत् कथितो योगी योगीश: सर्वकामद:।
आश्रम: श्रमण: क्षाम: सुपर्णो वायुवाहन: ॥१०४॥

अनन्त आदि रूपबाट पृथिवीको भार उठाउने हुनाले श्रीभगवान् भारभृत् हुनुहुन्छ। पर रूपले वेद आदिहरूले उहाँ नै कहिएको अथवा सबै वेदहरूले उहाँ कथित भएकाले उहाँ कथित हुनुहुन्छ– 'सर्वे वेदा यत्पदमामनन्ति' अर्थात् सबै वेद पद (ब्रह्म) को प्रतिपादन गर्दछन् (*कठोपनिषद्* १।२।१५), 'वेदैश्च सर्वैरहमेव वेद्य' अर्थात् सबै वेदहरूद्वारा पनि म नै जान्न योग्य छु (*गीता* १५।१५) तथा 'हे भरत श्रेष्ठ! वेद, *रामायण*, *पुराण* तथा *महाभारत* यी सबैका आदि, मध्य र अन्तमा सर्वत्र श्रीविष्णु नै गाइनुहुन्छ। (*महा.* श्रवण. ९३) र 'सोऽध्वन: पारमाप्नोति तद्विष्णो: परमं पदम्' अर्थात् त्यसले मार्ग पार गर्दछ– त्यो नै श्रीविष्णुको परम पद हो (*कठोपनिषद्* १।३।९)। यस्तो वचन श्रुतिस्मृति आदिको छ। व्यापनशील श्रीविष्णुको मार्गको त्यो तात्त्विक परम पद के हो त ? भन्ने जिज्ञासा हुँदा त्यसलाई सम्पूर्ण इन्द्रिय आदि भन्दा पररूपबाट प्रतिपादन गरिएको छ– 'इन्द्रियेभ्य: परा ह्यर्था अर्थेभ्यश्च परं मन:। मनसस्तु परा बुद्धिर्बुद्धेरात्मा महान् पर: ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

महतः परमव्यक्तमव्यक्तात्पुरुषः परः । पुरुषान्नपरं किञ्चित् सा काष्ठा सा परा गति' अर्थात् इन्द्रियहरू भन्दा विषयहरू श्रेष्ठ छन्, विषयभन्दा मन श्रेष्ठ छ, मनभन्दा बुद्धि श्रेष्ठ छ, बुद्धिभन्दा महत्तत्त्व श्रेष्ठ छ, महत्तत्त्वभन्दा मूल प्रकृति श्रेष्ठ छ, मूल प्रकृतिभन्दा पुरुष आत्मा श्रेष्ठ छ, पुरुषभन्दा अरू केही पनि श्रेष्ठ छैन, त्यो सूक्ष्म तत्त्वको चरम सीमा हो र परम गति पनि त्यही हो (*कठोपनिषद्* १।३।१०-११) । यो कथन जसका लागि गरियो उहाँ नै कथित हुनुहुन्छ ।

योग ज्ञानलाई भनिन्छ, ज्ञानद्वारा प्राप्तव्य भएकाले उहाँ योगी हुनुहुन्छ । अथवा योग समाधिलाई भनिन्छ, उहाँले सर्वदा आफ्नो आत्मामा (स्वरूप) स्व आत्मालाई समाहित गर्नुहुने भएकाले उहाँ योगी हुनुहुन्छ ।

अन्य योगीहरू योगका अन्तराय (विघ्न) द्वारा सताइन्छन् र स्वरूपदेखि विचलित हुन्छन्, उहाँ अन्तरायदेखि रहित भएकाले योगीहरूका स्वामी योगीश हुनुहुन्छ । सर्वदा सबै कामना दिने भएकाले उहाँ सर्वकामद हुनुहुन्छ– 'फलमत उपपत्ते' अर्थात् फल उहाँबाट नै प्राप्त हुन्छन्' यो मान्नु नै उपपन्न (युक्ति सङ्गत) छ (*ब्रह्मसूत्र* ३।२।३८) अर्थात् परमात्मा सबैका साक्षी हुन् र नाना प्रकारको सृष्टि, पालन र संहार गर्दै देश एवं काल विशेषका ज्ञाता हुन् त्यसैले उनी कर्म गर्नेहरूलाई कर्मानुसार फल दिन्छन्– यो युक्ति हो भन्ने कुरा महर्षि व्यासले यस *ब्रह्मसूत्र*मा भन्नुभएको हुनुपर्दछ । संसार वनमा घुमिरहेका सबै जनाका लागि आश्रम जस्तो विश्रान्ति स्थान भएकाले उहाँ आश्रम हुनुहुन्छ । सबै अविवेकीहरूलाई सन्तप्त पार्ने भएकाले उहाँ श्रमण हुनुहुन्छ । सम्पूर्ण प्रजालाई क्षामा क्षीणा पार्ने भएकाले उहाँ क्षाम हुनुहुन्छ । यहाँ 'तत् करोति तदाचष्टे' (चुरादि गणसूत्र) द्वारा क्षाम शब्दबाट णिच् प्रत्यय पछि पचादि हुनाले अच् प्रत्यय हुँदा क्षाम शब्द सिद्ध हुन्छ । संसार वृक्षरूप उहाँका छन्दरूप सुन्दर पात भएकाले यहाँ सुपर्ण हुनुहुन्छ 'छन्दांसि यस्य पर्णानि' अर्थात् छन्द उहाँका पात हुन् (*गीता* १५।१) । उहाँका डरबाट वायुले समस्त भूतहरू (अस्तित्व) लाई वहन गर्ने भएकाले उहाँ वायुवाहन हुनुहुन्छ– 'भीषास्माद् वातः पवते' अर्थात् इनको डरले वायु चल्छन् (*तैत्तिरीयोपनिषद्* २।८) ।

धनुर्धरो धनुर्वेदो दण्डो दमयिता दमः ।
अपराजितः सर्वसहो नियन्ता नियमोऽयमः ॥१०५॥

श्रीमान् रामले महान् धनुषधारण गर्नुभएको हुनाले उहाँ धनुर्धर हुनुहुन्छ । उहाँ श्रीदशरथनन्दन धनुर्वेद जान्नु हुने भएकाले उहाँ धनुर्वेद हुनुहुन्छ । दमन गर्नेहरूमा उहाँ दमन (कर्म-दण्ड) भएकाले उहाँ दण्ड हुनुहुन्छ– 'दण्डो दमयतामस्मि' अर्थात् दमन गर्नेहरूमा म दण्ड हुँ (*गीता* १०।३८) । यम एवं नरेश आदि रूपले प्रजालाई दमन गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

भएकाले उहाँ दमयिता हुनुहुन्छ । दण्डाधिकारीको दण्ड कार्य दम भनिने र त्यो दम पनि उहाँ नै हुनुहुन्छ । शत्रुवाट पराजित नहुनुहुने भएकाले उहाँ अपराजित हुनुहुन्छ । सबै कार्यमा समर्थ भएकाले अथवा सबै शत्रु सहन गर्ने भएकाले उहाँ सर्वसह हुनुहुन्छ ।

सबैलाई आ-आफ्ना कार्यमा नियुक्त गर्नु हुने भएकाले उहाँ नियन्ता हुनुहुन्छ । उहाँका लागि कुनै नियम अर्थात् नियन्त्रण नभएकाले अर्थात् सर्वनियन्ताका कोही अर्को नियामकको अभाव हुँदा उहाँ अनियम हुनुहुन्छ । उहाँको कोही यम (मृत्यु) नभएकाले उहाँ अयम हुनुहुन्छ । अथवा योगका अङ्ग-यम एवं नियमद्वारा प्राप्तव्य भएकोले उहाँ यम र नियम हुनुहुन्छ ।

सत्त्ववान् सात्त्विकः सत्यः सत्यधर्मपरायणः ।
अभिप्रायः प्रियार्होऽर्हः प्रियकृत् प्रीतिवर्धनः ॥१०६॥

श्रीभगवान्का शूरता, वीरता आदि सत्त्व भएकाले उहाँ सत्त्ववान् हुनुहुन्छ । सत्त्वगुणमा प्रधानताले रहनुभएकाले उहाँ सात्त्विक हुनुहुन्छ । सत्हरूमा साधु भएकाले उहाँ सत्य हुनुहुन्छ । उहाँ सत्य अर्थात् यथार्थ वोल्नमा तथा विधिरूप धर्ममा नियत हुनुभएकाले सत्यधर्मपरायण हुनुहुन्छ ।

पुरुषार्थ चाहनेहरू उहाँलाई अभिप्राय अर्थात् अभिलाषा राख्दछन् अथवा प्रलय समयमा जगत् उहाँ सामु गई उहाँमा लीन हुन्छ । त्यसैले उहाँ अभिप्राय हुनुहुन्छ । प्रिय, इष्ट वस्तु निवेदन गर्न योग्य भएकाले उहाँ प्रियार्ह हुनुहुन्छ– 'सबभन्दा अधिक प्रिय तथा आफ्नो घरमा रहेको सबभन्दा मन परेको वस्तुलाई यदि कोही अक्षय गर्न चाहन्छ भने त्यसले सो वस्तु गुणवान्लाई दिनुपर्दछ' (*दक्षस्मृति* ३।३१) ।

उहाँ स्वागत, आसन, प्रशंसा, अर्घ्य, पाद्य, स्तुति एवं नमस्कार आदि पूजाका साधनद्वारा पूजनीय हुनुभएकाले अर्ह हुनुहुन्छ । केवल प्रियार्ह नै होइन, बरु स्तुति आदिद्वारा भज्नेहरूको प्रिय गर्नुहुने भएकाले उहाँ प्रियकृत् हुनुहुन्छ ।

भजन गर्नेहरूको प्रीति पनि बढाउनुहुने भएकाले उहाँ प्रीतिवर्धन हुनुहुन्छ ।

विहायसगतिर्ज्योतिः सुरुचिर्हुतभुग् विभुः ।
रविर्विरोचनः सूर्यः सविता रविलोचनः ॥१०७॥

श्रीभगवान्को गति अर्थात् आश्रय विहायस (आकाश) विष्णुपद वा आदित्यभएकाले उहाँ विष्णुपद वा आदित्यरूपले विहायसगति हुनुहुन्छ । स्वयं नै प्रकाशित हुने भएकाले उहाँ ज्योति हुनुहुन्छ– 'नारायण परो ज्योतिरात्मा' अर्थात् नारायण परम ज्योति र उहाँ आत्मा हुनुहुन्छ (*नारायणोपनिषद्* १३।१) । उहाँको रुचि (दीप्ति वा इच्छा) सुन्दर भएकाले उहाँ सुरुचि हुनुहुन्छ । समस्त देवताका उद्देश्यले प्रवृत्त भएका कर्महरूमा हवन गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. Public Domain. Digitization by eGangotri.Funding: M

आहुतिको स्वयं भोग गर्ने वा रक्षा गर्ने भएकाले उहाँ हुतभुक् हुनुहुन्छ। सर्वत्र वर्तमान भएकाले अथवा तीनै लोकका प्रभु भएकाले उहाँ विभु हुनुहुन्छ।

रस ग्रहण गर्ने भएकाले आदित्यरूप उहाँ रवि हुनुहुन्छ– 'रसानाञ्च तथादानाद् रविरित्यभिधीयते' अर्थात् रसहरू ग्रहण गर्ने हुँदा रवि भनिनुहुन्छ (*विष्णुधर्मोत्तरपुराण* १।३०।१६)। विविध प्रकारले सुशोभित भएकाले उहाँ विरोचन हुनुहुन्छ। श्रीलाई जन्म वा प्रेरणा दिने भएकाले सूर्य वा अग्निरूप उहाँ सूर्य हुनुहुन्छ। यहाँ प्रसवार्थक 'षूङ्' वा प्रेरणार्थक 'षू' धातुबाट 'राजसूय सूर्य.' *पा.सू.* ३।१।११४ द्वारा सूर्य शब्दको निपातन भएको छ। सबै जगत्‌को प्रसव (उत्पत्ति) गर्ने भएकाले उहाँ सविता हुनुहुन्छ– 'प्रजानां तु प्रसवनात् सवितेति निगद्यते' अर्थात् प्रजाको प्रसव गर्ने भएकाले उहाँ सविता भनिनुहुन्छ (*विष्णुधर्म.* १।३०।१५)।

उहाँका नेत्र रवि भएकाले उहाँ रविलोचन हुनुहुन्छ अर्थात् 'अग्निर्मूर्धा चक्षुषी चन्द्रसूर्यौ' उहाँको शिर अग्नि र नेत्र चन्द्रसूर्य हुन् (*मुण्डकोपनिषद्* २।१।४)।

अनन्तो हुतभुग् भोक्ता सुखदो नैकजोग्रजः।

अनिर्विण्णः सदामर्षी लोकाधिष्ठानमद्भुतः ॥१०८॥

श्रीभगवान् नित्य, सर्वगत एवं देशकालको परिच्छेदको अभाव भएकाले उहाँ अनन्त हुनुहुन्छ। अथवा उहाँ शेषरूप अनन्त हुनुहुन्छ। हवन गरिएकोलाई भोग गर्ने भएकाले उहाँ हुतभुक् हुनुहुन्छ। भोग्यरूपा अचेतन प्रकृतिलाई भोग गर्ने अथवा जगत्पालन गर्ने भएकाले उहाँ भोक्ता हुनुहुन्छ।

भक्तहरूलाई मोक्षरूप सुखदिने भएकाले अथवा भक्तहरूको असुखलाई दलन अर्थात् खण्डन गर्ने भएकाले उहाँ सुखद अथवा असुखद हुनुहुन्छ। धर्मरक्षाका लागि बारम्बार जन्म लिने भएकाले उहाँ नैकज हुनुहुन्छ। सबभन्दा अगाडि उत्पन्न भएकाले हिरण्यगर्भरूप उहाँ अग्रज हुनुहुन्छ– 'हिरण्यगर्भः समवर्तताग्रे' अर्थात् पहिले हिरण्यगर्भ रहेका थिए (*ऋग्वेद* १०।१२१।१)। सबै कामना प्राप्त भएकाले अप्राप्तिको हेतु नै नरहँदा उहाँलाई निर्वेद (खेद) नहुने भएकाले उहाँ अनिर्विण्ण हुनुहुन्छ।

साधुजनलाई आफ्ना सामु सहन गर्ने क्षमा गर्ने भएकाले उहाँ सदामर्षी हुनुहुन्छ। ती निराधार ब्रह्मका आश्रयले तीनै लोक रहेकाले उहाँ लोकाधिष्ठान हुनुहुन्छ। अद्भुत भएकाले उहाँ अद्भुत हुनुहुन्छ– 'धेरैलाई त सुन्नै नमिल्ने, सुनेर पनि धेरैले नबुझिने ती (ब्रह्म) का वक्ता आश्चर्यरूप छन्, तिनको प्राप्तिकर्ता पनि कुशल नै हुन्छन्, कुशल उपदेष्टाबाट उपदेश पाएर तिनलाई जान्ने पनि आश्चर्यरूप नै छन्।' (*कठोपनिषद्* १।२।७) तथा 'आश्चर्यवत् पश्यति कश्चिदेनम्' अर्थात् आश्चर्य झैं तिनलाई कसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

देख्दछ' (*गीता* २।२९)। अथवा आफ्ना स्वरूप, शक्ति, व्यापार र कार्य अद्भुत भएकाले उहाँ अद्भुत हुनुहुन्छ।

सनात्सनातनतमः कपिलः कपिरप्ययः।

स्वस्तिदः स्वस्तिकृत् स्वस्ति स्वस्तिभुक् स्वस्तिदक्षिणः ॥१०९॥

सनात् यो एक चिरकालवाची निपात हो, काल पनि परमात्माको नै कुनै एक विकल्प भएकाले श्रीभगवान् सनात् हुनुहुन्छ– 'हे द्विज ! परब्रह्मको प्रथमरूप पुरुष हो, अव्यक्त (प्रकृति) र व्यक्त (महत्तत्त्व आदि) उहाँका अन्य रूप हुन्, काल पनि उहाँको इतर रूप हो' (*विष्णुपुराण* १।२।१५)।

सबैका कारण हुँदा ब्रह्मा आदि सनातनहरूभन्दा पनि अत्यन्त सनातन भएकाले उहाँ सनातनतम हुनुहुन्छ।

वडवानलको कपिल (पिङ्गल) वर्ण हुन्छ र उहाँ वडवानलरूप हुनुभएकाले कपिल हुनुहुन्छ।

आफ्ना किरणद्वारा क अर्थात् जल पिउने भएकाले सूर्यरूप उहाँ कपि हुनुहुन्छ। अथवा वराह भगवान् कपि हुनुहुन्छ– 'कपिर्वराहः श्रेष्ठश्च' भन्ने कथन छ।

प्रलय कालमा जगत् उहाँमा अपगत (विलीन) हुने भएकाले उहाँ अप्यय हुनुहुन्छ।

श्रीविष्णुसहस्रनामको नवौं शतक सम्पन्न भयो।

भक्तहरूलाई स्वस्ति अर्थात् मङ्गल दिने भएकाले उहाँ स्वस्तिद हुनुहुन्छ। उहाँले स्वस्ति नै गर्ने भएकाले उहाँ स्वस्तिकृत् हुनुहुन्छ। स्वस्तिको नै भोग गर्ने भएकाले अथवा भक्तहरूको स्वस्ति अर्थात् मङ्गलको रक्षा गर्नुहुने भएकाले उहाँ स्वस्तिभुक् हुनुहुन्छ। उहाँको मङ्गलमय निजस्वरूप परमानन्दरूप भएकाले उहाँ स्वस्ति हुनुहुन्छ। स्वस्तिरूपले दक्ष हुने (बढ्ने) अथवा स्वस्ति दिन समर्थ भएकाले उहाँ स्वस्तिदक्षिण हुनुहुन्छ। अथवा दक्षिण शब्द शीघ्रता गर्ने अर्थमा पनि प्रयुक्त हुने भएकाले शीघ्र स्वस्ति दिन उहाँ नै समर्थ हुनाले उहाँको स्मरण मात्रले सबै सिद्धि सिद्ध हुन्छन्। उहाँ स्वस्तिदक्षिण हुनुहुन्छ। 'जसका स्मरणमात्रले पुरुष समस्त कल्याणको पात्र हुन्छ, ती अजन्मा एवं नित्य श्रीहरिका शरणमा म जान्छु' (*ब्रह्म.* ८३।१७) तथा- 'वज्र लाग्दा पर्वत सैयौं टुक्रा भए झैं श्रीकृष्णका स्मरणमात्रले नै पाप संघातरूप पञ्जर (पिँजडा) टुक्रिन्छन्।'

अरौद्रः कुण्डली चक्री विक्रम्यूर्जितशासनः।

शब्दातिगः शब्दसहः शिशिरः शर्वरीकरः ॥११०॥

कर्म, राग र कोप रौद्र हुन्, आप्तकाम भएकाले श्रीभगवान्मा राग द्वेषादि नहुँदा उहाँमा ती तिनै रौद्र नहुँदा उहाँ अरौद्र हुनुहुन्छ। शेषरूपधारी भएकाले अथवा सूर्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

मण्डल जस्तो कुण्डल धारण गरेकोले अथवा सांख्य एवं योगरूप मकराकार दुई कुण्डल उहाँका भएकाले उहाँ कुण्डली हुनुहुन्छ ।

समस्त लोकको रक्षाका लागि मन तत्त्वरूप सुदर्शनचक्र धारण गर्नुहुने भएकाले उहाँ चक्री हुनुहुन्छ। श्रीविष्णु अत्यन्त वेगले वायुलाई पनि हराउने चञ्चल चक्रस्वरूप मनलाई हातमा लिनुहुन्छ (*विष्णु पु.* १।२२।७१) । उहाँको विक्रम पादविक्षेप (पाइला) अथवा शौर्य अथवा दुवै सबैभन्दा विलक्षण भएकाले उहाँ विक्रमी हुनुहुन्छ ।

उहाँको श्रुतिस्मृतिरूप शासन अत्यन्त उत्कृष्ट भएकाले उहाँ ऊर्जितशासन हुनुहुन्छ– 'श्रुति र स्मृति मेरै आज्ञा हुन्, तिनलाई उल्लंघन गरेर रहने त्यो मेरो आज्ञाच्छेदी मेरो द्वेषी हो त्यो न मेरो भक्त हो, न वैष्णव' (भगवद्वचन)। शब्द प्रवृत्तिको हेतु- जाति आदि उहाँमा सम्भव नभएकाले शब्दद्वारा उहाँ बताइँन नसकिने भएकाले शब्दातिग हुनुहुन्छ– 'यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह अर्थात् जहाँबाट नभेटेर मनसहितकी वाणी फर्किइन्छिन् (*तैत्तिरीयोपनिषद्* २।४) तथा 'न शब्दगोचरं यस्य योगिध्येयं परं पदम्' अर्थात् जसको योगीहरूद्वारा ध्यान गरिने परम पद शब्दको विषय होइन (*विष्णुपुराण* १।१७।२२)। समस्त वेदहरूले तात्पर्यरूपमा उहाँलाई नै वर्णन गर्ने हुनाले उहाँ शब्दसह हुनुहुन्छ– 'सर्वे वेदा यत् पदमामनन्ति' अर्थात् जुन पद (ब्रह्म) को समस्त वेद वर्णन गर्दछन् (*कठोपनिषद्* १।२।१५) तथा 'वेदैश्च सर्वैरहमेव वेद्य' अर्थात् समस्त वेदद्वारा मनै जान्न योग्य छु (*गीता* १५।१५) । ताप-त्रयबाट अभितप्तहरूका लागि विश्राम स्थान भएकाले उहाँ शिशिर हुनुहुन्छ । संसारीहरूका लागि आत्मा शर्वरी (रात्रि) झैँ शर्वरी हो र ज्ञानीका लागि संसार नै शर्वरी हो, ती दुवै (ज्ञानी एवं अज्ञानी) का कर्ता भएकाले उहाँ शर्वरीकर हुनुहुन्छ 'समस्त भूतको रात्रिमा संयमी जाग्दछन् र सबभूत जाग्नेमा द्रष्टा (तत्त्वज्ञानी) मुनिको रात्रि हो' (*गीता* २।६९) ।

अक्रूरः पेशलो दक्षो दक्षिणः क्षमिणां वरः ।
विद्वत्तमो वीतभयः पुण्यश्रवणकीर्तनः ॥१११॥

क्रूरता मनको धर्म हो र क्रोधबाट जन्मिने एवं अभिनिवेशयुक्त तथा आन्तरिक सन्ताप हो, श्रीभगवान् आप्तकाम हुनुभएकाले उहाँमा कामनाहरूको अभाव हुँदा क्रोधको पनि अभाव हुने भएकाले उहाँ अक्रूर हुनुहुन्छ। कर्म, मन, वाणी र शरीरले सुन्दर हुनुभएकाले उहाँ पेशल हुनुहुन्छ। प्रवृद्ध, शक्तिमान र शीघ्रकारी यी तीन दक्ष हुन् ती उहाँमा नियत भएकाले उहाँ दक्ष हुनुहुन्छ ।

दक्षिण शब्दको अर्थ पनि दक्ष नै हो– शब्दभेद भएकाले यहाँ पुनरुक्ति दोष छैन, अथवा, 'दक्ष गतिहिंसनयो:' धातुबाट दक्षते भन्नाले जान्छ अथवा हिंसा गर्दछ भन्ने अर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

आउनाले उहाँ सवतिर जाने र सबैलाई संहार गर्ने हुनाले दक्षिण हुनुहुन्छ ।

क्षमा गर्ने योगीहरू र भार बोक्ने पृथिवी आदिमा श्रेष्ठ भएकाले उहाँ क्षमिणांवर हुनुहुन्छ– 'क्षमया पृथिवीसमः' अर्थात् श्रीराम क्षमामा पृथिवी समान हुनुहुन्छ' (*वाल्मीकि रामायण* १।१।१८) । अथवा सम्पूर्ण ब्रह्माण्ड धारण गर्दा पनि पृथिवी समान त्यस भारवाट पीडित नहुने भएकाले उहाँ पृथिवीभन्दा पनि श्रेष्ठ हुनाले क्षमिणांवर हुनुहुन्छ । अथवा क्षमी समर्थलाई भनिन्छ, उहाँ सर्वशक्तिमान हुनुभएकाले सबै कर्म गर्न समर्थ हुनुहुँदा क्षमिणांवर हुनुहुन्छ ।

उहाँलाई सबै प्रकारको निरतिशय ज्ञान (अरूलाई नभएको) सदा सबै देख्ने भएकाले उहाँ विद्वत्तम हुनुहुन्छ । सर्वेश्वर एवं नित्यमुक्त हुनुभएकाले उहाँको सांसारिक भय वीत (निवृत्त) हुँदा उहाँ वीतभय हुनुहुन्छ ।

उहाँको श्रवण एवं कीर्तन पुण्य अर्थात् पुण्यकारी भएकाले उहाँ पुण्यश्रवणकीर्तन हुनुहुन्छ– 'य इदं श्रृणुयान्नित्यं यश्चापि परिकीर्तयेत् नाशुभं प्राप्नुयात् किञ्चित् सोऽमुत्रेह च मानवः' (*विष्णुसहस्रनाम* १२२) ।

उत्तारणो दुष्कृतिहा पुण्यो दुःस्वप्ननाशनः ।
वीरहा रक्षणः सन्तो जीवनः पर्यवस्थितः ॥११२॥

श्रीभगवान्ले संसार सागरवाट पार उतार्नुहुन्छ, त्यसैले उहाँ उत्तारण हुनुहुन्छ । दृष्कृती पापनामालाई हनन गर्ने भएकाले अथवा पापकारीहरूलाई हनन गर्ने भएकाले उहाँ दृष्कृतिहा हुनुहुन्छ ।

स्मरण आदि गर्ने सबैका पुण्यकर्म सम्पन्न गर्ने भएकाले अथवा श्रुतिस्मृतिरूप वाणीबाट सबैलाई पुण्यको उपदेश दिने भएकाले उहाँ पुण्य हुनुहुन्छ । ध्यान, स्मरण, कीर्तन एवं पूजन गरिँदा भावी अनर्थसूचक दुःस्वप्न अथवा संसाररूप दुःस्वप्न नष्ट गर्ने भएकाले उहाँ दुःस्वप्ननाशन हुनुहुन्छ । मुक्ति दिएर संसारीहरूका विविध गतिलाई हनन गर्ने भएकाले उहाँ वीरहा हुनुहुन्छ । सत्त्वगुणका आश्रयबाट तिनै लोकको रक्षा गर्ने भएकाले उहाँ रक्षण हुनुहुन्छ । यहाँ नद्यादिगण भएकाले 'रक्ष' धातुबाट कर्ता अर्थमा ल्यु प्रत्यय भएको छ । सन्मार्गमा रहने सन्त हुन्, सन्तरूपले स्वयं उहाँ विद्या एवं विनयको वृद्धिका लागि विराजमान हुनुहुने भएकाले उहाँ सन्त हुनुहुन्छ । प्राणरूपबाट समस्त प्रजालाई जीवित राख्ने भएकाले उहाँ जीवन हुनुहुन्छ ।

परितः सबैतिरबाट विश्वलाई व्याप्त गरेर रहने भएकाले उहाँ पर्यवस्थित हुनुहुन्छ ।

अनन्तरूपोऽनन्तश्रीर्जितमन्युर्भयापहः ।
चतुरस्रो गभीरात्मा विदिशो व्यादिशो दिशः ॥११३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

श्रीभगवान् विश्वप्रपञ्चरूपले स्थित हुँदा अनन्तरूपको हुनुभएकाले अनन्तरूप हुनुहुन्छ । उहाँकी श्री पराशक्ति अनन्ता अपरिमिता भएकी हुनाले उहाँ अनन्तश्री हुनुहुन्छ– 'परास्य शक्तिर्विविधैव श्रूयते' अर्थात् उहाँकी पराशक्ति विविध प्रकारकी नै सुनिएकी छन् (*श्वेताश्वतरोपनिषद्* ६।८) ।

उहाँले मन्यु क्रोध जितेको हुनाले उहाँ जितमन्यु हुनुहुन्छ। पुरुषहरूका संसारजन्य भय नष्ट गर्ने हुनाले उहाँ भयापह हुनुहुन्छ। पुरुषहरूलाई कर्मानुसार फल दिने न्याययुक्त उहाँ हुनाले चतुरस्र हुनुहुन्छ। उहाँको आत्मास्वरूप वा चित्त गम्भीर परिच्छेद (परिमाण) गर्न नसकिने भएकाले उहाँ गभीरात्मा हुनुहुन्छ ।

अधिकारीहरूलाई विशेषरूपले विविध फल दिने भएकाले उहाँ विदिश हुनुहुन्छ। इन्द्र आदिलाई विविध प्रकारका आज्ञा दिने भएकाले उहाँ व्यादिश हुनुहुन्छ। वेदरूपले समस्त कर्महरूको फल दिने भएकाले उहाँ दिश हुनुहुन्छ ।

अनादिर्भूर्भुवो लक्ष्मीः सुवीरो रुचिराङ्गदः ।

जननो जनजन्मादिर्भीमो भीमपराक्रमः ॥११४॥

श्रीभगवान् सबैका कारण हुनुहुँदा उहाँको कोही आदि अर्थात् कारण नभएकाले उहाँ अनादि हुनुहुन्छ । भू आधारलाई भनिन्छ, भुवः अर्थात् समस्त भूत (अस्तित्व) को आधाररूपले प्रसिद्ध भूमिको पनि भू (आधार) उहाँ भएकाले भूर्भुवः हुनुहुन्छ । अथवा उहाँ केवल भूर्भुव मात्र होइन, लक्ष्मी अर्थात् शोभा पनि भएकाले उहाँ भूका लक्ष्मी अथवा भूर्लोकलाई भूः, भुवर्लोकलाई भुवः र आत्मविद्यालाई लक्ष्मी भनिन्छ, श्रीस्तुतिमा 'हे देवी, !आत्मविद्या तिमी नै हौ' भनिएको छ, त्यसैले उहाँ भूर्भुवःलक्ष्मी हुनुहुन्छ। अथवा भूमि एवं अन्तरिक्षका उहाँ शोभा भएकाले भूर्भुवःलक्ष्मी हुनुहुन्छ ।

उहाँको विविध ईरा अर्थात् गतिहरू शुभ भएकाले उहाँ सुवीर हुनुहुन्छ । अथवा उहाँ विविध प्रकारले सुन्दर ईरण (स्फुरण) गर्ने भएकाले उहाँ सुवीर हुनुहुन्छ। उहाँका अङ्गद (भुजवन्ध) रुचिर (कल्याणरूप) भएकाले उहाँ रुचिराङ्गद हुनुहुन्छ। जन्तुहरूलाई उत्पन्न गर्ने भएकाले उहाँ जनन हुनुहुन्छ। यहाँ 'कृतल्युटो बहुलम्' *पा.सू.* ३।३।११३ द्वारा सूत्रको 'बहुल' शब्दको उपादानका कारण प्रयोगवचन आदि शब्दहरू झैं कर्ता अर्थमा ल्युट् प्रत्यय भएको छ ।

जन्म लिने जीवको जन्म (उत्पत्ति) को आदि (मूल कारण) भएकाले उहाँ जनजन्मादि हुनुहुन्छ। भय हेतु भएकाले उहाँ भीम हुनुहुन्छ। यहाँ 'भीमादयोऽपादाने' *पा.सू.* ३।४।७४ द्वारा भीमशब्दको निपातन भएको छ। 'महद्भयं वज्रमुद्यतम्' अर्थात् महान् भयरूप वज्र उद्यत छ' (*कठोपनिषद्* २।३।२) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

अवतारहरूमा उहाँको पराक्रम असुर आदिहरूलाई भय हेतु भएकाले उहाँ भीमपराक्रम हुनुहुन्छ ।

आधारनिलयोऽधाता पुष्पहासः प्रजागरः ।

ऊर्ध्वगः सत्पथाचारः प्राणदः प्रणवः पणः ॥११५॥

पृथिवी आदि पञ्चभूत आधारहरूका पनि आधार भएकाले श्रीभगवान् आधारनिलय हुनुहुन्छ ।

स्वयंमा स्थित उहाँका अरू कोही धाता (स्रष्टा) नभएकाले उहाँ अधाता हुनुहन्छ । यहाँ 'नद्यृतश्च' *पा.सू.* ५।४।१५३ द्वारा हुने कप् प्रत्ययको 'समासान्तविधिरनित्यः' परिभाष्यबाट अभाव भएको छ । अथवा संहार समयमा सबै प्रजालाई धयन (पान) गर्ने भएकाले उहाँ धाता हुनुहुन्छ । यहाँ 'धेट् पाने' धातु हो ।

कोपिलाको हिसाबले रहेको फूलहरूको हास (फक्रनु) समान उहाँको प्रपञ्चरूपले विकास हुने भएकाले उहाँ पुष्पहास हुनुहुन्छ । नित्य प्रबुद्ध भएकाले उहाँ प्रकर्षरूपले जाग्नुहुने भएकाले उहाँ प्रजागर हुनुहुन्छ ।

सबैभन्दा माथि रहने भएकाले उहाँ ऊर्ध्वग हुनुहुन्छ । सज्जनका कर्मलाई सत्पथ भनिन्छ, उहाँले त्यसको आचरण गर्नुहुने भएकाले उहाँ सत्पथाचार हुनुहुन्छ । परीक्षित् आदि मृतहरूलाई जीवित पार्नु हुने भएकाले उहाँ प्राणद हुनुहुन्छ । परमात्मावाचक ॐकारको नाम प्रणव हो । प्रणवका साथ उहाँको अभेदको उपचार भएकाले उहाँ प्रणव हुनुहुन्छ । पण् धातुको अर्थ व्यवहार हो, व्यवहार गर्ने भएकाले उहाँ पण हुनुहुन्छ– 'सर्वाणि रूपाणि विचित्य धीरो नामानि कृत्वाभिवदन् यदास्ते' अर्थात् धीरहरू सबै रूप विचार गरेर उहाँको नामको कल्पना गर्दै बोल्दै स्थित हुन्छन् (*तै.आ.उ.* १।२।७) । अथवा सबै पुण्यकर्महरूलाई पणरूपले सङ्ग्रह गरेर अधिकारीहरूलाई तिनको फल दिने भएकाले लक्षणावृत्तिद्वारा उहाँ पण हुनुहुन्छ ।

प्रमाणं प्राणनिलयः प्राणभृत् प्राणजीवनः ।

तत्त्वं तत्त्वविदेकात्मा जन्ममृत्युजरातिगः ॥११६॥

प्रमिति अर्थात् संवित् अर्थात् स्वयं प्रमारूप भएकाले श्रीभगवान् प्रमाण हुनुहुन्छ– 'प्रज्ञानं ब्रह्म' अर्थात् प्रज्ञान ब्रह्म हो (*ऐतरेयोपनिषद्* ३।५।३) तथा 'परमार्थिक हिसावले अत्यन्त निर्मल ज्ञानरूप तर भ्रान्त दृष्टिले हेर्रिंदा पदार्थरूपले रहेको देखिने' (*विष्णुपुराण* १।२।६) ।

प्राण इन्द्रियहरू उहाँको अधीनताले जीवमा लीन हुन्छन्, अथवा देहधारण गर्ने प्राण, अपान आदि उहाँमा लीन हुन्छन् । जो प्राणित (जीवित) रहन्छ, त्यो जीव नै प्राण हो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

त्यो परमपुरुषमा लीन हुन्छ । त्यसैले परम पुरुष प्राणनिलय हुनुहुन्छ । अथवा प्राण एवं जीवलाई स्वयंमा उहाँले संहृत गर्नुहुने भएकाले उहाँ प्राणनिलय हुनुहुन्छ। अन्नरूपले प्राणहरूलाई पोषण गर्नुहुने भएकाले उहाँ प्राणभृत् हुनुहुन्छ । प्राणनामक वायुद्वारा प्राणीहरूलाई उहाँले जीवित राख्नुहुने भएकाले उहाँ प्राणजीवन हुनुहुन्छ– 'कोही पनि प्राण र अपानद्वारा होइन कि, जसमा यी दुवै आश्रित छन्, ती अन्य कुनैद्वारा जीवित रहन्छ। (*कठोपनिषद्* २।२।५)। तथ्य, अमृत, सत्य र पारमार्थिक हिसाबले सतत्त्व-यी सबै शब्द एक वास्तविक सत्स्वरूप ब्रह्मको नै वाचक हुन्, त्यसैले उहाँ तत्त्व हुनुहुन्छ ।

तत्त्व अर्थात् स्वरूपलाई यथावत् जान्ने भएकाले उहाँ तत्त्ववित् हुनुहुन्छ। उहाँ एक पनि र आत्मा पनि भएकाले एकात्मा हुनुहुन्छ– 'आत्मा वा इदमेक एवाग्र आसीत्' अर्थात् पहिले यी एक आत्मा नै थिए (*ऐतरेयोपनिषद्* १।१) तथा 'सबै विषय प्राप्त गर्ने, ग्रहण गर्ने, भक्षण गर्ने र निरन्तर वर्तमान रहने भएकाले उहाँलाई आत्मा भनिन्छ' (स्मृति कथन) ।

जन्म लिने, हुने, बढ्ने, बदलिने, क्षीण हुने र नष्ट हुने यी ६ भाव विकारलाई नाघेर जाने भएकाले उहाँ जन्ममृत्युजरातिग हुनुहुन्छ– 'न जायते म्रियते वा विपश्चित्–' अर्थात् ज्ञानस्वरूप आत्मा न जन्म लिन्छ र न मर्दछ (*कठोपनिषद्* १।२।१८) ।

भूर्भुवःस्वस्तरूस्तारः सविता प्रपितामहः ।
यज्ञो यज्ञपतिर्यज्वा यज्ञाङ्गो यज्ञवाहनः ॥११७॥

भूः, भुवः एवं स्वः नामका तीन व्याहृतिरूपका शुक्र,(सार) वेदत्रयीका हुन् भनी वेदवचन भन्दछन्, तिनीहरूद्वारा होम आदि गरेर तीनै लोकका प्रजा तर्दछन् अथवा पार हुन्छन् । त्यसैले वेदत्रयीका साररूप श्रीभगवान् हुनुभएकाले उहाँ भूर्भुवःस्वस्तरु हुनुहुन्छ– 'अग्निमा राम्ररी हवन गरिएको आहुति सूर्यमा उपस्थित हुन्छ, सूर्यबाट वर्षा हुन्छ, वर्षाबाट अन्न हुन्छ र अन्नबाट प्रजा हुन्छन्' (*मनुस्मृति* ३।७६)। अथवा 'भूर्भुवःस्व' नामको तीनलोकरूपी संसार वृक्ष– भूर्भुवःस्वस्तरू उहाँ हुनुहुन्छ। अथवा भूः, भुवः र स्वः नामका त्रिलोक वृक्ष समान व्याप्त गरेर रहनुभएकाले भूर्भुवःस्वस्तरू उहाँ हुनुहुन्छ।

संसारसागरदेखि तारने भएकाले अथवा प्रणवरूप भएकाले उहाँ तार हुनुहुन्छ। सबै लोकका जनक भएकाले उहाँ सविता हुनुहुन्छ। पितामह ब्रह्माका पनि पिता भएकाले उहाँ प्रपितामह हुनुहुन्छ। यज्ञरूप भएकाले उहाँ यज्ञ हुनुहुन्छ। यज्ञका पालक अथवा यज्ञका स्वामी भएकाले उहाँ यज्ञपति हुनुहुन्छ– 'अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च' अर्थात् म सबै यज्ञको भोक्ता र प्रभु हुँ। (*गीता* ९।२४) । यजमानरूपले रहेकाले उहाँ यज्वा हुनुहन्छ । यज्ञवराह भगवान्का अङ्ग हुन्, त्यसैले उहाँ यज्ञाङ्ग हुनुहुन्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

'उहाँ वेदरूप चरण, यूपरूप दाह्रा, क्रतुरूप हात, चितीरूप मुख, अग्निरूप जिह्वा, दर्भरूप रौँ र ब्रह्मरूप शिर भएका एवं महान् तपस्वी हुनुहुन्छ । उहाँ दिव्यरूपका एवं रात एवं दिन उहाँका नेत्र, वेदाङ्ग उहाँको कामका गहना हुन्, घृत नाक, सुवा थुतुनो र *सामवेद* उहाँका घोष हुन् । उहाँ महान्, धर्मसत्यमय र श्रीमान् हुनुहुन्छ, क्रम विक्रमरूप सत्कर्म भएका, प्रायश्चित्तरूप नङ् भएका, घोर, यज्ञपशुरूप घुँडा भएका, महान् भुजा भएका हुनुहुन्छ । उद्गाता उहाँका आन्द्रा, होम उहाँको लिङ्ग, बीज एवं औषधि महान् फल हुन्, वायु अन्तरात्मा, मन्त्रत्वचा र सोमरस रक्त हुन् र उहाँ विशेष क्रम (गति) भएका हुनुहुन्छ । वेदी उहाँको काँध, हवि गन्ध, हव्यकव्यरूप अत्यन्त वेग उहाँको छ, प्राग्वंश (यजमान आदि बस्न भनी यज्ञशालाको पूर्वतर्फ बनाइएको घर) रूप शरीर भएका, बडा तेजस्वी र नाना प्रकारका दीक्षाद्वारा पूजित उहाँ हुनुहुन्छ । उहाँ महासत्रमय, महायोगी, दक्षिणरूप हृदय भएका, उपाकर्मरूप ओठ एवं दाँत भएका र प्रवर्ग्यरूप आवर्त (रोम संस्थान) द्वारा विभूषित हुनुहुन्छ । नाना प्रकारका छन्द उहाँका आउने-जाने मार्ग र गुह्य *उपनिषद्* उहाँका आसन (बस्ने स्थान) हुन् तथा मेरु चुचुरो जस्तो अग्लो शरीर भएका उहाँ (वराह भगवान्) आफ्नी छायारूप पत्नीसहित विराजमान हुनुहुन्छ (*हरिवंश* ३।३४।३४-४१) ।

फलका हेतु भएका यज्ञहरूलाई वहन गर्ने भएकाले उहाँ यज्ञवाहन हुनुहुन्छ ।

यज्ञभृद् यज्ञकृद् यज्ञी यज्ञभुग् यज्ञसाधनः ।
यज्ञान्तकृद् यज्ञगुह्यमन्नमन्नाद एव च ॥११८॥

यज्ञ धारण गर्ने अथवा यज्ञ रक्षा गर्ने भएकाले श्रीभगवान् यज्ञभृद् हुनुहुन्छ । जगत्का आदि र अन्तमा यज्ञ गर्ने अथवा यज्ञकर्तन गर्ने भएकाले उहाँ यज्ञकृत् हुनुहुन्छ । आफ्ना आराधनात्मक यज्ञका शेषी (अर्थात् शेषको पूर्ति गर्ने) भएकाले उहाँ यज्ञी हुनुहुन्छ । यज्ञ भोग्ने अथवा यज्ञ रक्षा गर्ने भएकाले उहाँ यज्ञभुक् हुनुहुन्छ । यज्ञ उहाँको प्राप्तिको साधन भएकाले उहाँ यज्ञसाधन हुनुहुन्छ । यज्ञको अन्त फलप्राप्ति गराउने भएकाले उहाँ यज्ञान्तकृत् हुनुहुन्छ । अथवा वैष्णव ऋक् उच्चारण गर्दै पूर्णाहुति गरेर यज्ञ समाप्ति गर्दछन् । त्यसैले उहाँ यज्ञान्तकृत् हुनुहुन्छ ।

यज्ञमा ज्ञान यज्ञ अथवा फल कामनारहित (कुनै यज्ञ पनि) यज्ञगुह्य हुन्छ, त्यस्तो यज्ञसित उहाँको नै अभेद सम्बन्ध भएकाले ब्रह्मरूप उहाँ यज्ञगुह्य हुनुहुन्छ । भूतद्वारा खाइने अथवा भूतहरूलाई खाने भएकाले उहाँ अन्न हुनुहुन्छ । अन्न खाने भएकाले उहाँ अन्नाद हुनुहुन्छ । सम्पूर्ण जगत् अन्न आदि रूपले भोक्ता भोग्य रूप नै हो अर्थात् यो कुरा देखाउन एवकारको र सबै नामको वृत्ति समुच्चित गरेर एक परमपुरुषमा नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्रदर्शित गर्न च शब्दको प्रयोग गरिएको छ ।

आत्मयोनिः स्वयंजातो वैखानः सामगायनः ।

देवकीनन्दनः स्रष्टा क्षितीशः पापनाशनः ॥११९॥

आत्मा नै योनि अर्थात् उपादान कारण भएकाले श्रीभगवान् एवं आत्मामा अभेद सम्बन्ध हुँदा अरू कोही उहाँको कारण नहुनाले उहाँ आत्मयोनि हुनुहुन्छ । स्वयंको निमित्त कारण पनि उहाँ नै हुनुभएको कुरा दर्शाउन उहाँलाई स्वयंजात भनिएको छ– 'प्रकृतिश्च प्रतिज्ञादृष्टान्तानुपरोधात्' अर्थात् प्रकृति (उपादान कारण) र निमित्त कारण पनि- यसोभन्दा प्रतिज्ञा एवं दृष्टान्तको उपरोध नहुने भएकाले ब्रह्म नै हुन् (*ब्रह्मसूत्र* १।४।२३) । यस सूत्रमा श्रीहरिको निमित्त एवं उपादान कारणत्व स्थापित गरिएको छ ।

विशेषरूपले खन्ने भएकाले उहाँ वैखान हुनुहुन्छ– वराह भगवान्ले पृथिवीलाई विशेषरूपले खनेर पातालवासी हिरण्याक्षलाई मार्नुभएको कथा पुराणप्रसिद्ध छ ।

सामगान गर्ने भएकाले उहाँ सामगायन हुनुहुन्छ । देवकीका पुत्र भएकाले उहाँ देवकीनन्दन हुनुहुन्छ– 'लोकमा भएका शुभ्र ज्योतिहरू (ग्रह नक्षत्रादि), तीनै लोक, लोकपाल, वेदत्रयी, तीन अग्निहरू, पाँच आहुतिहरू तथा समस्त देवगण देवकीपुत्र नै हुन्' (*महाभारत*, अनु. १५८।३१) । सबै लोकका सृष्टिकर्ता भएकाले उहाँ स्रष्टा हुनुहुन्छ। क्षिति भूमिका ईश अर्थात् स्वामीभएकाले दशरथपुत्र उहाँ राम क्षितीश हुनुहुन्छ। कीर्तन, पूजन, ध्यान एवं स्मरण गर्दा सम्पूर्ण पापराशिको नाश गर्ने भएकाले उहाँ पापनाशन हुनुहुन्छ। पुरुषको जो पाप एक पक्षसम्म उपवास गर्दा नाश हुन्छ; त्यो शय प्राणायाम गर्दा नाश हुन्छ, एक हजार प्राणायाम गर्दा जो पाप नाश हुन्छ– त्यो पाप श्रीहरिको क्षण मात्र ध्यान गर्दा नष्ट हुन्छ' (*वृद्धशातातप*) ।

शङ्खभृन्नन्दकी चक्री शार्ङ्गधन्वा गदाधरः

रथाङ्गपाणिरक्षोभ्यः सर्वप्रहरणायुधः ॥सर्वप्रहरणायुधः ॐ नमः ॥१२०॥

भूत आदि (तामस) अहङ्काररूप पाञ्चजन्यनामक शङ्खधारण गर्ने भएकाले श्रीभगवान् शङ्खभृत् हुनुहुन्छ । विद्यामय नन्दकनामक खड्ग उहाँको भएकाले उहाँ नन्दकी हुनुहुन्छ । मनस्तत्त्वरूप सुदर्शननामचक्र उहाँको भएकाले अथवा संसारचक्र उहाँका आज्ञाले चल्ने भएकाले उहाँ चक्री हुनुहुन्छ । इन्द्रियादि (राजस) अहङ्काररूप शार्ङ्गनामक धनुष उहाँको भएकाले उहाँ शार्ङ्गधन्वा हुनुहुन्छ । यहाँ 'धनुषश्च' *पा.सू.* ५।४।१३२ द्वारा समासान्त अनङ्प्रत्यय भएको छ ।

वुद्धितत्त्वात्मिका कौमोदकीनामक गदा धारण गर्ने भएकाले उहाँ गदाधर हुनुहुन्छ । उहाँका हातमा रथाङ्ग-चक्र भएकाले उहाँ रथाङ्गपाणि हुनुहुन्छ। यी सबै शस्त्रका कारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

उहाँलाई क्षोभित गर्न नसकिने भएकाले उहाँ अक्षोभ्य हुनुहुन्छ ।

उहाँका केवल यत्ति नै आयुध हुन् भन्ने नियम छैन, बरु प्रहार गरिने सबै कुरा उहाँका आयुध हुन्, अत: उहाँ सर्वप्रहरणायुध हुनुहुन्छ। आयुधका रूपमा प्रसिद्ध नभएका औंला, नङ् जस्ता कुरा पनि नृसिंहावतारमा उहाँका आयुध भएका छन् । अन्तमा, सत्यसङ्कल्परूपले उहाँको सर्वेश्वरता दर्शाउन उहाँलाई सर्व-प्रहरणायुध भनिएको छ– 'एष सर्वेश्वर' अर्थात् उहाँ सर्वेश्वर हुनुहुन्छ (*माण्डूक्योपनिषद्* ६)। दुई पटक बोल्नाले समाप्ति देखाइएको छ । अन्तको ॐ कार मङ्गलाचरणका लागि हो– 'ओंकार र अथ यी दुई शब्द पहिले ब्रह्मको कण्ठभेदन गरेर निक्लेका थिए। त्यसैले यी दुवै माङ्गलिक हुन्।' (*बृ. ना.* १।५१।१० । अन्तमा 'नम:' भनेर परिचर्या (पूजा) गरिएको छ– 'भूयिष्ठां ते नम उक्तिं विधेम' अर्थात् हामी हजुरलाई बारम्बार नमस्कार गर्दछौं । (*ईशावास्योपनिषद्* १८) तथा 'त्यही लग्न, त्यही नक्षत्र र त्यही पुण्यदिन धन्य छ र इन्द्रियहरूको सफलता पनि त्यसै वेला प्राप्त हुन्छ, जहाँ श्रीहरिको पूर्वनमस्कार हुन्छ।' यहाँ पूर्व भन्नाले अन्तको पनि उपलक्षण हुन्छ किनभने शिष्टपुरुषद्वारा अन्तमा पनि नमस्कार गरिन्छ । नमस्कारको फल त पहिले पनि दर्शाइयो– 'एकोऽपि कृष्णस्य कृत: प्रणामो दशाश्वमेधावभृथेन तुल्य: । दशाश्वमेधी पुनरेति जन्म कृष्णप्रणामी न पुनर्भवाय ।' यसको अर्थ पृष्ठ ८ मा दिइएको छ– (*महाभारत,* शान्ति ४७९१) तथा- 'अतसीपुष्पसङ्काशं पीतवाससमच्युतम् । ये नमस्यन्ति गोविन्दं न तेषां विद्यते भयम्– अर्थ माथि पृष्ठ ८ मा दिइएको छ। (*महाभारत,* शान्ति ४७९०)। तथा 'लोकत्रयाधिपतिमप्रतिमप्रभावमीषत् प्रणम्य शिरसा प्रभविष्णुमीशम् । जन्मान्तरप्रलयकल्पसहस्रजातमाशु प्रशान्तिमुपयाति नरस्य पापम्' अर्थात् तीनै लोकका अधिपति, अतुलित प्रभाव, सृष्टिकर्ता ईश्वरलाई शिर निहुराएर थोरै पनि प्रमाण गर्नाले जन्मान्तर, प्रलय र हजारौं कल्पमा गरिएका मनुष्यका सम्पूर्ण पाप तुरुन्त नष्ट हुन्छन्' (कथन छ) ।

श्रीविष्णुसहस्रनामको दशौं शतक समाप्त भयो ।

इतीदं कीर्तनीयस्य केशवस्य महात्मन: ।
नाम्नां सहस्रं दिव्यानामशेषेण प्रकीर्तितम् ॥१२१॥

'इतीदं' भन्नाले हजार नाम- न कम न वेशी- भनिएको दर्शाइन्छ र दिव्य अर्थात् अप्राकृत हजार नामको मुख्यरूपले कीर्तन भयो भन्दा यो सङ्ख्या प्रकारान्तरवाट पनि पूरा हुनसक्थ्यो भनी देखाइयो । आरम्भमा 'किं जपन्मुच्यते जन्तु' अर्थात् कसको जप गर्नाले जीव मुक्त हुन्छ' यस वाक्यमा 'जप' शब्द लिइएकाले 'कीर्तयेत्-कीर्तन गरोस्' यो पदवाट पनि उच्च, उपांशु र मानसरूप तीन प्रकारको जप नै लक्षित हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

य इदं शृणुयान्नित्यं यश्चापि परिकीर्तयेत् ।
नाशुभं प्राप्नुयात् किञ्चित् सोऽमुत्रेह च मानव : ॥१२२॥

जसले यो सहस्र नाम सुन्दछ र जसले सर्वत: कीर्तन पनि गर्दछ– त्यस मानवले कुनै अशुभ भेट्नु पर्दैन यहाँ र उहाँ परलोकमा पनि । यो अर्थ स्पष्ट नै छ । परलोक पुगेका ययाति, नहुष आदि झैं उहाँ पनि अशुभ प्राप्ति गर्दैन भन्ने देखाउन अमुत्र शब्दको प्रयोग गरिएको छ ।

वेदान्तगो ब्राह्मणः स्यात् क्षत्रियो विजयी भवेत् ।
वैश्यो धनसमृद्धः स्याच्छूद्र सुखमवाप्नुयात् ॥१२३॥

वेदान्तहरू अर्थात् *उपनिषद्*हरूको अर्थ अर्थात् ब्रह्मलाई जो जान्दछ त्यो वेदान्तग हो । 'किं जपन् मुच्यते जन्तुर्जन्मसंसारबन्धनात्' (*विष्णुसहस्रनाम* ३) । यो कथनअनुसार जपरूप कर्म साक्षात् मोक्षको हेतु बन्दैन, ज्ञानबाट नै मोक्ष हुन्छ भन्ने कुरा दर्शाउन 'वेदान्तगो ब्राह्मण:स्यात्, अर्थात् ब्राह्मण वेदान्तको ज्ञाता हुन्छ भनी भनियो । अन्त:करणको शुद्धिद्वारा नै कर्म त मोक्षको हेतु बन्न जान्छ ।

'कषायपक्तिः कर्माणि ज्ञानं तु परमा गतिः । कषाये कर्मभिः पक्वे ततो ज्ञानं प्रवर्तते' अर्थात् वासनाहरूलाई पकाउनु नै कर्म हो र ज्ञान परमगति हो, कर्मद्वारा वासनाहरू जीर्ण पारिएपछि अनि ज्ञान हुन्छ । 'नित्यं ज्ञानं समासाद्य नरो बन्धात् प्रमुच्यते-नित्य ज्ञान प्राप्त गरेर मनुष्य बन्धनमुक्त हुन्छ ।

'धर्मात् सुखं च ज्ञानं च ज्ञानान्मोक्षोऽधिगम्यते' अर्थात् धर्मबाट सुख एवं ज्ञान हुन्छ र ज्ञानबाट मोक्ष प्राप्त हुन्छ ।' 'योगिन: कर्म कुर्वन्ति संगं त्यक्त्वात्मशुद्धये अर्थात् आसक्ति त्यागेर आत्म-शुद्धिका लागि योगीहरू कर्म गर्दछन् (*गीता*, ५।११) 'कर्मणा बध्यते जन्तुर्विद्ययैव विमुच्यते तस्मात् कर्म न कुर्वन्ति यतय: पारदर्शिन: ' अर्थात् जीव कर्मबाट बाँधिन्छ र विद्याबाट मुक्त हुन्छ, त्यसैले पारदर्शी यतिहरू कर्म गर्दैनन् (*ब्रह्म.* १२९।७) । 'यथोक्तान्यपि कर्माणि परिहाय द्विजोत्तम: । आत्मज्ञाने शमे च स्याद् वेदाभ्यासे च यत्नवान्' अर्थात् विहित कर्म त्यागेर आत्मज्ञान, शम एवं वेदाभ्यासमा श्रेष्ठ ब्राह्मणले यत्नवान् हुनु उचित छ । (*मनुस्मृति* १२।९२) । 'तपसा कल्मषं हन्ति विद्ययामृतमश्नुते' अर्थात् तपद्वारा पाप नाश हुन्छ र विद्याबाट अमृत प्राप्त हुन्छ ।

'ज्ञानमुत्पद्यते पुंसां क्षयात्पापस्य कर्मण: । यथादर्शतलप्रख्ये पश्यत्यात्मानमात्मा' अर्थात् पाप कर्म क्षय हुँदा पुरुषले ज्ञान पाउँदछ, तव स्वच्छ ऐनामा प्रतिविम्व झैं आफ्नो आत्मामा आत्मालाई देख्दछ (*गरुडपुराण* १।२३७६) ।

यी कथन स्मृतिहरूका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

'तमेतं वेदानुवचनेन ब्राह्मणा विविदिषन्ति यज्ञेन दानेन तपसानाशकेन' अर्थात् यस आत्मालाई ब्राह्मणहरू वेदानुवचनबाट तथा निष्काम भावले आचरण गरिएका यज्ञ, दान एवं तपबाट जान्ने इच्छा गर्दछन् (*बृहदा. उ.* ४।४।२२)। 'येन केन च यजेतापि वा दर्विहोमेनानुपहतमना एव भवति' अर्थात् जुनसुकै पनि वस्तुबाट अथवा दर्विहोमबाट यजन गरे पनि यसबाट मन नै शुद्ध हुन्छ। इत्यादि श्रुतिबाट कर्मद्वारा अन्तःकरण शुद्धिको कुरा सिद्ध हुन्छ।

मोक्षचाहिँ ज्ञानबाट नै हुन्छ–

'ज्ञानादेव तु कैवल्यं प्राप्यते तेन मुच्यते' अर्थात् ज्ञानबाट नै कैवल्य प्राप्त हुन्छ र त्यसबाट मुक्त हुन्छ।

ब्रह्मविदाप्नोति परम्' अर्थात् ब्रह्मलाई जान्नेले परमपद पाउँछ (*तैत्तिरीयोपनिषद्* २।१)। 'तरति शोकमात्मवित्' अर्थात् आत्मज्ञानी शोकदेखि तर्दछ (*छान्दो. उ.* ७।१।३)। ब्रह्मवेद ब्रह्मैव भवति' अर्थात् ब्रह्म जान्ने ब्रह्म नै हुन्छ। (*मुण्डकोपनिषद्* ३।२।९)। 'ब्रह्मैव सन् ब्रह्माप्येति' अर्थात् ब्रह्म नै भएर ब्रह्म नै हुन्छ (*बृहदा. उ.* ४।४।६)। 'तमेव विदित्वातिमृत्युमेति नान्यः पन्था विदतेऽयनाय' अर्थात् उसलाई जानेर नै मृत्युलाई पार गर्दछ, मोक्षका लागि अर्को मार्ग छैन (*श्वेताश्वतरोपनिषद्* ६।१५)। 'आनन्दं ब्रह्मणो विद्वान् न बिभेति कदाचन अर्थात् ब्रह्मानन्दलाई जान्ने कहिल्यै डराउँदैन। (*तैत्तिरीयोपनिषद्*, २।४)। 'इह चेदवेदीदथ सत्यमस्ति न चेदिहावेदीन्महती विनष्टिः' अर्थात् यस मनुष्य शरीरमा रहँदै यदि उसलाई जानियो भने ठीक र यदि जानिएन भने ठूलो हानी हुन्छ (*कै. उ.* २।५)

'यदा चर्मवदाकाशं वेष्टमिष्यन्ति मानवाः। तदा देवमविज्ञाय दुःखस्यान्तो भविष्यति' अर्थात् जब मनुष्यले आकाशलाई चर्म झैं बेह्रे भने तब परमात्मालाई नजान्दा पनि दुःखको अन्त होला' (*श्वेताश्वतरोपनिषद्* ६।२०)। 'न कर्मणा न प्रजया धनेन त्यागेनैके अमृतत्त्वमानशु' अर्थात् कैयौँले त्यागद्वारा नै अमृतत्त्व पाए; कर्म, प्रजा वा धनद्वारा होइन (*कै. उ.* १।३)। 'वेदान्तविज्ञानसुनिश्चितार्थाः संन्यासयोगाद्यतयः शुद्धसत्त्वाः। ते ब्रह्मलोके तु परान्तकाले परामृताः परिमुच्यन्ति सर्वे' अर्थात् वेदान्त-विज्ञानद्वारा परमार्थको निश्चय गरेका र संन्यासयोगद्वारा शुद्धचित्त भएका ती सबै यतिहरू प्रलयका वेला ब्रह्मलोकमा परमअमृत भएर मुक्त हुन्छन् (*कै. उ.* १।४)।

यी कथन श्रुतिहरूका हुन्।

'शूद्रःसुखमवाप्नुयात्' अर्थात् शूद्र सुख प्राप्त गर्न सक्तछ तर श्रवणमात्रले नै। जप यज्ञले होइन 'तस्माच्छूद्रो यज्ञेऽनवक्लृप्त' अर्थात् अतः शूद्रको यज्ञमा अधिकार छैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(*तैत्तिरीय: संहिता* ७।१।१।६) श्रुति छ र 'श्रावयेच्चतुरो वर्णान् कृत्वा ब्राह्मणमग्रत' अर्थात् ब्राह्मणलाई अगाडि राखेर चारै वर्णलाई श्रवण गराऊन् (*महाभारत,* शान्ति. ३२७।४९)। स्मृति हुनाले शूद्रलाई सुन्ने आज्ञा दिइएको छ– 'सुगतिमियाच्छ्रवणाच्च शूद्रयोनि' अर्थात् शूद्रयोनिलाई श्रवणले नै शुभगति प्राप्त हुन्छ' (*हरिवंश* कथन) छ। अत: जो शूद्र श्रवण गर्दछ, त्यसले सुख पाउँदछ। यसरी यस (शूद्र पद) को व्यवधानयुक्त (१२२ श्लोकको) श्रृणुयात् (श्रवण गरोस्) पदसित सम्बन्ध छ र त्रैवर्णिकहरूको कीर्तयेत् (कीर्तन गरोस्) पदसित सम्बन्ध छ।

सामान्य अर्थ:- यो *विष्णुसहस्रनाम*को श्रवण, पठन र कीर्तन गर्नाले ब्राह्मण वेदान्त पारगामी हुन्छ, क्षत्रियले युद्धमा विजय पाउँदछ, वैश्य धनले सम्पन्न हुन्छ तथा शूद्रले सुख पाउँदछ ॥१२३॥

धर्मार्थी प्राप्नुयाद् धर्ममर्थार्थी चार्थमाप्नुयात्।
कामानवाप्नुयात् कामी प्रजार्थी प्राप्नुयात् प्रजाम् ॥१२४॥

सामान्य अर्थ :- आत्मासहितको मनद्वारा अधिष्ठित चक्षु आदिको आ-आफ्ना विषयहरूका अनुरूप प्रवृत्तिलाई काम भनिन्छ। उत्पन्न हुने प्रजा हुन्– सन्तति। धर्म चाहनेले धर्म, अर्थ चाहनेले अर्थ, काम चाहनेले काम र प्रजा चाहनेले प्रजा पाउँदछ ॥१२४॥

भक्तिमान् यः सदोत्थाय शुचिस्तद्गतमानसः।
सहस्रं वासुदेवस्य नाम्नामेतत् प्रकीर्तयेत् ॥१२५॥
यशः प्राप्नोति विपुलं ज्ञातिप्राधान्यमेव च।
अचलां श्रियमाप्नोति श्रेयः प्राप्नोत्यनुत्तमम् ॥१२६॥
नभयं क्वचिदाप्नोति वीर्यं तेजश्च विन्दति।
भवत्यरोगो द्युतिमान् बलरूपगुणान्वितः ॥१२७॥

जो भक्तिमान् पुरुष सदा प्रात: काल उठेर स्नान गरी पवित्र भई मनमा श्रीविष्णुको ध्यान गर्दै यो वासुदेव-सहस्रनामको पाठ राम्ररी गर्दछ, त्यसले ठूलो यश, जातिमा महत्त्व, अचल सम्पत्ति र अति उत्तम कल्याण पाउँदछ तथा त्यसलाई कहिँ डर हुँदैन, त्यसले वीर्य एवं तेज पाउँदछ र त्यो आरोग्यवान्, कान्तिमय, बलवान्, रूपवान् एवं सर्वगुण सम्पन्न हुन्छ ॥१२५-१२७॥

रोगार्तो मुच्यते रोगाद् बद्धो मुच्येत बन्धनात्।
भयान्मुच्येत भीतस्तु मुच्येतापन्न आपदः ॥१२८॥
दुर्गण्यतितरत्याशु पुरुषः पुरुषोत्तमम्।
स्तुवन्नामसहस्रेण नित्यं भक्तिसमन्वितः ॥१२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

वासुदेवाश्रयो मर्त्यो वासुदेव-परायणः ।
सर्वपाप विशुद्धात्मा याति ब्रह्म सनातनम् ॥१३०॥
न वासुदेवभक्तानामशुभं विद्यते क्वचित् ।
जन्ममृत्युजराव्याधिभयं नैवोपजायते ॥१३१॥

रोगातुरले रोगबाट, बाँधिएकाले बन्धनबाट, भयभीतले र आपतमा परेकाले आपतबाट मुक्ति पाउँदछ । जो पुरुष भक्ति सम्पन्न भएर यस *विष्णुसहस्रनाम*द्वारा पुरुषोत्तम भगवान्‌को प्रतिदिन स्तुति गर्दछ, त्यसले शीघ्र नै सबै सङ्कटहरूबाट पार पाउँदछ । जो मनुष्य वासुदेवको आश्रित र उहाँको परायण छ, त्यो समस्त पापहरूबाट छुटकारा पाएर विशुद्ध अन्त:करण भएको भई सनातन परब्रह्म प्राप्त गर्दछ । श्रीवासुदेवका भक्तको कहिँ र कहिल्यै पनि अशुभ हुँदैन तथा तिनलाई जन्म, मृत्यु, जरा र व्याधिको पनि डर हुँदैन ॥१२८-१३१॥ भक्तिमान इत्यादि श्लोकबाट भक्तियुक्त पवित्र सदा नै उद्योगशील समाहित चित्त श्रद्धालु एवं विशिष्ट अधिकारी पुरुषका लागि विशेष फलको निर्देश गरिएको छ ।

इमं स्तवमधीयानः श्रद्धाभक्तिसमन्वितः ।
युज्येतात्मसुखक्षान्तिश्रीधृतिस्मृतिकीर्तिभिः ॥१३२॥

जसले श्रद्धापूर्वक भक्तिभावद्वारा यस विष्णुसहस्रनामको पाठ गर्दछ, त्यसले आत्मसुख, क्षमा, लक्ष्मी, धैर्य, स्मृति एवं कीर्ति पाउँदछ ॥१३२॥ आस्तिकतायुक्त बुद्धिको नाम श्रद्धा हो, भजनु वा तत्पर हुनु भक्ति हो, आत्माको सुखलाई आत्मसुख भनिन्छ, ती भक्त आत्मसुख र क्षान्ति आदि गुणहरूद्वारा सम्पन्न हुन्छन् ।

न क्रोधो न च मात्सर्यं न लोभो नाशुभा मतिः
भवन्ति कृतपुण्यानां भक्तानां पुरुषोत्तमे ॥१३३॥

श्रीपुरुषोत्तमका पुण्यात्मा भक्तहरूलाई कुनै दिन पनि क्रोध, ईर्ष्या, लोभ र अशुभ बुद्धि आउँदैन ।

'न क्रोधो न लोभो नाशुभा मतिः, यी तीन पदमा नकार अनुवन्धदेखि रहित नकारसित समास छ; अर्थात् क्रोध आदि हुदैनन् र मात्सर्य (ईर्ष्या अर्थात् अर्काका गुणमा दोषदृष्टि) पनि हुँदैन ।

द्यौः सचन्द्रार्कनक्षत्रा खं दिशो भूर्महोदधि : ।
वासुदेवस्य वीर्येण विधृतानि महात्मनः ॥१३४॥
ससुरासुरगन्धर्वं सयक्षोरगराक्षसम् ।
जगद्वशे वर्ततेदं कृष्णस्य सचराचरम् ॥१३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

इन्द्रियाणि मनो बुद्धिः सत्त्वं तेजो बलं धृतिः ।
वासुदेवात्मकान्याहुः क्षेत्रं क्षेत्रज्ञ एव च ॥१३६॥
सर्वागमानामाचारः प्रथमं परिकल्पते ।
आचारप्रभवो धर्मो धर्मस्य प्रभुरच्युतः ॥१३७॥
ऋषयः पितरो देवा महाभूतानि धातवः ।
जङ्गमाजङ्गमं चेदं जगन्नारायणोद्भवम् ॥१३८॥
योगो ज्ञानं तथा सांख्यं विद्याः शिल्पादि कर्म च ।
वेदाः शास्त्राणि विज्ञानमेतत् सर्वं जनार्दनात् ॥१३९॥
एको विष्णुर्महद्भूतं पृथग्भूतान्यनेकशः ।
त्रींल्लोकान्व्याप्य भूतात्मा भुङ्क्ते विश्वभुगव्ययः ॥१४०॥

स्वर्ग, सूर्य, चन्द्र तथा नक्षत्रसहित आकाश, दश दिशा, पृथिवी र महासागर– यी सबै महात्मा श्रीवासुदेवका प्रभावले धारण गरिएका छन् । देवता, दैत्य, गन्धर्व, यक्ष सर्प एवं राक्षससहित यो स्थावर-जङ्गमरूप सम्पूर्ण जगत् श्रीकृष्णका अधिनमा रहेको छ । इन्द्रियहरू, मन, बुद्धि, सत्त्व, तेज, बल, धैर्य, क्षेत्र (शरीर), क्षेत्रज्ञ (आत्मा) यी सबै नै श्रीवासुदेवका रूप हुन् भनिन्छन् । सबै शास्त्रहरूमा आचार पहिलो मानिन्छ । आचारबाट धर्मको उत्पत्ति हुन्छ र धर्मका स्वामी श्रीअच्युत हुनुहुन्छ । ऋषि, पितृहरू, देवगण, महाभूत, धातुहरू र स्थावरजङ्गमरूप सम्पूर्ण जगत् सबै श्रीनारायणबाट नै उत्पन्न भएका हुन् । योग, ज्ञान, सांख्य, विद्याहरू, शिल्प आदि कर्म, वेदहरू, शास्त्रहरू र विज्ञान यी सबै श्रीजनार्दनबाट उत्पन्न भएका हुन् । एक मात्र श्रीविष्णु नै महत्स्वरूप हुनुहुन्छ र अनेकरूपमा विभक्त भएर तीनै लोकलाई व्याप्त गरी विश्वभोक्ता, अविनाशी एवं भूतात्मा उहाँले नै सबैको भोग गर्नुहुन्छ । १३४-१४०॥

यी 'द्यौःसचन्द्रार्कनक्षत्रा' आदि श्लोकहरूद्वारा स्तुतियोग्य श्रीवासुदेवको माहात्म्यको वर्णन गर्दै के देखाइएको छ भने उपर्युक्त फल प्राप्ति बताइएको यथार्थ कथन नै हो, अर्थवाद होइन, 'सर्वागमानामाचारः ...' यस अवान्तर वाक्यले के देखाएको छ भने सबै धर्मको अधिकार आचारवानलाई नै छ ।

इमं स्तवं भगवतो विष्णोर्व्यासेन कीर्तितम् ।
पठेद्य इच्छेत् पुरुषः श्रेयः प्राप्तुं सुखानि च ॥१४१

जो पुरुष परम श्रेय र सुख पाउन चाहन्छ, त्यसले श्रीव्यासले भनेको यो श्रीविष्णुसहस्रनाम स्तोत्र पाठ गरोस् ।

'इमं स्तवम्' इत्यादिले के देखाइएको छ भने यस स्तोत्रलाई सहस्रशाखाहरूका ज्ञाता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सर्वज्ञ, साक्षात् नारायण, भगवान् कृष्णद्वैपायनले नै बनाउनुभएको हो, त्यसैले सबै कामना भएकाहरूले सबै प्रकारका फल प्राप्त गर्न यसलाई सादर पढ्नुपर्दछ ।

विश्वेश्वरमजं देवं जगतः प्रभवाप्ययम् ।
भजन्ति ये पुष्कराक्षं न ते यान्ति पराभवम् ॥१४२॥

विश्वेश्वर, अजन्मा, जगत्को उत्पत्ति स्थिति, एवं लयका स्थान, देवदेव श्रीपुण्डरीकाक्षलाई भज्नेहरूको कदापि पराभव हुँदैन । 'विश्वेश्वरम्' इत्यादिबाट के देखाइएको छ भने ती स्तुतिकर्ता श्रीविश्वेश्वरका उपासनाबाट नै धन्य अर्थात् कृतार्थ- अर्थात् कृतकृत्य हुन्छन्– 'प्रमादात् कुर्वतां कर्म प्रच्यवेताध्वरेषु यत् । स्मरणादेव तद्विष्णोः सम्पूर्ण स्यादिति श्रुतिः ॥' आदरेण यथा स्तौति धनवन्तं धनेच्छया । तथा चेद् विश्वकर्तारं को न मुच्येत बन्धनात्' अर्थात् यज्ञादि कर्म गर्नेहरूको यज्ञमा जो कर्म प्रमादवश भ्रष्ट हुन्छ, त्यो श्रीविष्णुको स्मरणमात्रबाट पूर्ण हुन्छ । यस्तो श्रुति- वचन छ । जसरी मनुष्य धनको इच्छाले धनवानको आदरपूर्वक स्तुति गर्दछ, त्यसैगरी यदि विश्वकर्ताको स्तुति गऱ्यो भने बन्धनबाट को मुक्त हुँदैन र ?' (*गरुडपुराण* २३०।५०) व्यास वचन छ ।

ॐ तत्सदिति श्रीमहाभारते शतसाहस्र्यां संहितायां वैयासिक्यामानुशासनिके पर्वणि भीष्मयुधिष्ठिरसंवादे श्रीविष्णोर्दिव्यसहस्रनामस्तोत्रम् ।

श्रीशङ्कराचार्यकृत भाष्य आधारित नेपाली अर्थसहित श्रीविष्णुसहस्रनामस्तोत्र समाप्त ।

* * *

ॐनारायण । रमानाथ । माधव । भक्तवत्सल ।
इन्दिरा–बदरीनाथौ पितरौ मे समुद्धर ।
ताभ्यां ते देहि सान्निध्यं पराभक्तिञ्च मे हरे ।
राधारमण इत्यर्थं प्रार्थयामि दयानिधे ।

(हे नारायण ! मेरा आमाबा- इन्दिरादेवी तथा बदरीनाथ आचार्यलाई उद्धार गर, ती दुवैलाई आफ्ना नजिक राख र मलाई तिम्रो पराभक्ति देऊ- यस निम्ति हे दया सागर ! म राधारमण प्रार्थना गर्दछु ।)

* * *

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

२

पुरुषसूक्त

(पुरुषसूक्त अत्यन्त महत्त्वपूर्ण वैदिक सूक्त हो । ऋग्वेदको दशौं मण्डलको ९० औं र शुक्लयजुर्वेद वाजसनेय संहिताको ३१ अध्यायमा यो सूक्त रहेको छ । यसका नारायण ऋषि, पुरुष देवता र अन्तिम मन्त्र त्रिष्टुप एवं अन्य अनुष्टुप् छन्द छन् तथा मोक्षमा विनियोग हुन्छ । महर्षि शौनकरचित प्राचीन भाष्य र आचार्य उवट, सायण एवं महीधररचित भाष्यहरू यसका चर्चित छन् । यहाँ सायणको संस्कृत भाष्य र उवट एवं महीधरका आधारमा नेपाली भावार्थ प्रस्तुत छन् ।)

ॐ सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् ।
स भूमिँ सर्वतः स्पृत्वाऽत्यतिष्ठद्दशाङ्गुलम् ॥१॥

–सर्वप्राणिसमष्टिरूप: ब्रह्माण्डदेह: विराडाख्य: 'अव्यक्तमहदादिविलक्षणश्चेतनो य: पुरुष:' । (ब्रह्मसूत्र १।४।१ व्याख्या) 'पुरुषान्नपरं किञ्चित्' (कठोपनिषद् १।३।११), सोऽयं सहस्रशीर्षा- सहस्रशब्दस्य उपलक्षणत्वात्- अनन्तैः शिरोभि:युक्त:- यानि सर्वप्राणिनां शिरांसि तानि सर्वाणि तद्देहान्तपातित्वात् तदीयानि एव इति सहस्रशीर्षत्वं, एवं सहस्राक्षित्वं सहस्रपादत्वं च, स पुरुष: भूमिं ब्रह्माण्डगोलकरूपां विश्वत: सर्वत: वृत्वा परिवेष्ट्य दशाङ्गुलं दशाङ्गुलपरिमितं देशं अति अतिष्ठत् अतिक्रम्य व्यवस्थित:, दशाङ्गुलं इति उपलक्षणं, -ब्रह्माण्डात् बहि: अपि सर्वत: व्याप्य अवस्थित: इत्यर्थ: । स्पृत्वा-व्याप्य ।

भावार्थ :– असङ्ख्य शिर (सर्वावयवयुक्त), असङ्ख्य आँखा (समस्त चेतनायुक्त), असङ्ख्य पाउ (सम्पूर्ण कर्मेन्द्रिययुक्त) भएका, सबै प्राणीसमूहका समष्टिरूप, समग्र ब्रह्माण्डको शरीर भएका, विज्ञानमय, प्राणीहरूको अन्तर्ज्योतिस्वरूप, विराट् नामले प्रख्यात परमेश्वर भूमि भनिएको भूतत्त्व ब्रह्माण्डलाई सबैतिरबाट व्याप्त गर्दै दश अङ्गुल रूप भुवः तत्त्वलाई एवं तदुपरान्तलाई पनि नाघेर रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ॐ पुरुष एवेदꣳ सर्वं यद्भूतं यच्च भाव्यम् ।
उतामृतत्वस्येशानो यदन्नेनातिरोहति ॥२॥

–यत् इदं वर्तमानं जगत् तत्सर्वं पुरुषः एव, यत् च भूतं अतीतं जगत्, यत् च भाव्यं भविष्यत् जगत् तत् अपि पुरुषः एव,- यथा अस्मिन् कल्पे वर्तमानाः प्राणिदेहा सर्वेऽपि विराट्पुरुषस्य अवयवाः, तथैव अतीत- आगामिनोः अपि कल्पयोः द्रष्टव्यं इति अभिप्रायः, उत अपि च अमृतत्वस्य देवत्वस्य अयं ईशानः स्वामी, यत् यस्मात् कारणात् अन्नेन प्राणिनां भौम्येन अन्नेन निमित्तभूतेन अतिरोहति स्वकीयां कारणावस्थां अतिक्रम्य परिदृश्यमानां जगत्-अवस्थां प्राप्नोति, तस्मात् प्राणिनां कर्मफलभोगाय जगदवस्था स्वीकारात् न इदं तस्य वस्तुत्वं इत्यर्थः ।

भावार्थ :- त्रिकालव्यापी सबै यो भुवन ती पुरुष नै हुन्, अझ उनी दृश्यमान जगत् रूपमा हविद्वारा उत्पन्न हुने तथा अमृतत्वरूप अर्थात् मोक्षका स्वामी पनि हुन् ।

ॐ एतावानस्य महिमातो ज्यायाँश्च पूरुषः ।
पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि ॥३॥

– अतीत- अनागत-वर्तमानरूपं जगत् यावत् अस्ति, एतावान् सर्वोऽपि अस्य पुरुषस्य महिमा- स्वकीयसामर्थ्यविशेषः, न तु तस्य वास्तवस्वरूपं, वास्तवस्तु पुरुषः अतः महिम्नः अपि ज्यायान् अतिशयेन अधिकः, एतत् च उभयं स्पष्टीक्रियते-अस्य पुरुषस्य विश्वा सर्वाणि भूतानि कालत्रयवर्तीनि प्राणिजातानि पादः, चतुर्थः अंशः, अस्य पुरुषस्य अवशिष्टं त्रिपात्स्वरूपं अमृतं विनाशरहितं सत् दिवि द्योतनात्मके स्वप्रकाशस्वरूपे वि अवतिष्ठते इति शेषः, यद्यपि 'सत्यं ज्ञानमनंतं ब्रह्म ।' (तैत्तिरीय आरण्यकः ८।१, तै. उपनिषद् २।१) इत्याम्नातस्य परब्रह्मणः इयत्ताभावात् पादचतुष्टयं निरूपयितुमशक्यं, तथापि जगदिदं ब्रह्मस्वरूपापेक्षया अल्पं इति विवक्षितत्वात् पादत्वोपन्यासः ।

भावार्थ :– यी परमेश्वरको यस्तो विभूतिगत महिमा छ, यहाँ भन्दा पनि महानतम पुरुष छन्, समस्त भुवन यिनको पाउको चतुर्थांश मात्र हो, यिनका तीन पाउचाहिँ अमृतत्वरूप स्वः हुन् ।

ॐ त्रिपादूर्ध्व उदैत्पुरुषः पादोऽस्येहाभवत्पुनः ।
ततो विष्वङ् व्यक्रामत्साशनानशने अभि ॥४॥

– योऽयं त्रिपात्पुरुषः संसाररहितः ब्रह्मस्वरूपः, सोऽयं ऊर्ध्वः उत् ऐत्- अस्मात् अज्ञानकार्यात् संसारात् वहिभूतः अत्रत्यैःगुणदोषैः अस्पृष्टः उत्कर्षेण स्थितवान्, तस्य अस्य सोऽयं पादः लेशः सोऽयंइह मायायां पुनः अभवत्– सृष्टिसंहाराभ्यां पुनः पुनः आगच्छति, अस्य सर्वस्य जगतः परमात्मलेशत्वं भगवता अपि उक्तं- 'विष्टभ्याहमिदं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

कृत्स्नमेकांशेन स्थितो जगत् ।' (श्रीमद्भगवद्गीता १०।४२), ततः मायायां आगत्य अनन्तरं विष्वङ् देवमनुष्यतिर्यगादिरूपेण विविधःसन् वि अक्रामत् व्याप्तवान्, किं कृत्वा-साशनानशने अभिलक्ष्य,- साशनं भोजनादिव्यवहारोपेतं चेतनं प्राणिजातं, अनशनं तत्रहितं अचेतनं गिरिनद्यादिकं, तत् उभयं यथा स्यात् तथा स्वयमेव विविधः भूत्वा व्याप्तवान् इत्यर्थः ।

भावार्थ :- ब्रह्मरूप, त्रिपाद परमेश्वर सांसारिक गुणदोषद्वारा अस्पृश्य रहेर संसारमाथि विराजमान छन्, पुन: तिनको एक पाउ यहाँ व्याप्त भएर रहेकै छ। त्यसपछि देवगण एवं अन्य प्राणीहरूलाई विशिष्टताका साथ व्याप्त गर्दछन् अनि स्वर्ग एवं मोक्षरूप भएर रहेका छन् ।

ॐ ततो विराडजायत विराजो अधि पूरुषः ।
स जातो अत्यरिच्यत पश्चाद्भूमिमथो पुरः ॥५॥

– 'विष्वङ् व्यक्रामत्' इति प्रपंच्यते- ततः आदिपुरुषात् विराट् ब्रह्माण्डदेहः अजायत उत्पन्नः,– विविधानि वस्तूनि राजन्ते अत्र इति विराट्, विराजः अधि विराट्-देहस्य उपरि तं एव देहं अधिकरणं कृत्वा पुरुषः तद्देहाभिमानी कश्चित् पुमान् अजायत,- सोऽयं सर्ववेदान्तवेद्यः परमात्मा स्वयमेव स्वकीयमायया विराट्देहं ब्रह्माण्डरूपं सृष्ट्वा तत्र जीवरूपेण प्रविश्य ब्रह्माण्डाभिमानी देवतात्मा जीवः अभवत्,– 'स वा एष भूतानीन्द्रियाणि विराजं देवताःकोशांश्च सृष्ट्वा प्रविश्यामूढो मूढ इव व्यवहरन्नास्ते माययैव ।' नृसिंहतापनीय उपनिषद् २।१।९, स जातः विराट् पुरुषः अति अरिच्यत अतिरिक्तः अभूत्,– विराट् व्यतिरिक्तः देवतिर्यक्- मनुष्यादिरूपः अभूत्, पश्चात् देवादि जीवभावात् ऊर्ध्वं भूमिं ससर्ज इतिशेषः, अथो भूमिसृष्टेः अनन्तरं तेषां जीवानां पुरः ससर्ज,– पूर्यन्ते सप्तभिः धातुभिः इति पुरः शरीराणि ।

भावार्थ :- ती पुरुषबाट विराट्-प्रधान तेज-ब्रह्माण्ड नै शरीर भएका जन्मिए, त्यस ब्रह्माण्डदेहमा जीवरूपले प्रवेश गरी ब्रह्माण्डदेहका देवतात्मा क्षेत्रज्ञ पुरुष अधि पुरुष भएर रहे अर्थात् सम्पूर्ण ज्ञानद्वारा जान्न योग्य परमेश्वरले आफ्नो मायाद्वारा ब्रह्माण्डरूप विराट् शरीरको सृष्टि गरे, त्यस शरीरमा जीवरूपले स्वयं प्रवेश गरे। अनि ती उत्पन्न विराट् पुरुष नै देव, मनुष्य एवं अन्य प्राणी बनेर त्यसपछि तिनले भूमिको एवं जीवका शरीरको सृष्टि गरे ।

ॐ तस्माद्यज्ञात्सर्वहुतः संभृतं पृषदाज्यम् ।
पशूँस्ताँश्चक्रे वायव्यानारण्या ग्राम्याश्च ये ॥६॥

– सर्वहुतः सर्वात्मकः पुरुषः यस्मिन् यज्ञे हूयते सोऽयं सर्वहुत् तादृशात् मानसात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

यज्ञात् पृषत् आज्यं दधिमिश्रं आज्यं संभृतं संपादितं,- दधि च आज्यं च इत्येवं-आदिभोग्यजातं सर्वं संपादितं इत्यर्थः, तथा वायव्यान् वायुदेवताकान् लोकप्रसिद्धान् आरण्यान् पशून् चक्रे उत्पादितवान्,-आरण्याः हरिणादयः, तथा ये च ग्राम्याः गवाश्वादयः, तान् अपि चक्रे,- पशूनां अन्तरिक्षद्वारा वायुदेवत्यत्वं समाम्नायते- 'वायवः स्थेत्याह वायुर्वा अन्तरिक्षस्याध्यक्षाः, अन्तरिक्षदेवत्याः खलु वै पशवः, वायव एवैनान्परिदधाति ।' तै. ब्रा. ३।२।१।३

भावार्थः– ती सर्वहुत यज्ञबाट दधिघृतादि भोज्य पदार्थ भए, उनले अन्तरिक्षमा रहने पशुरूप देवता एवं दृश्य जगत्को सृष्टि गरे ।

ॐ तस्माद्यज्ञात्सर्वहुतः ऋचः सामानि जज्ञिरे ।
छन्दाँ᳕सि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत ॥७॥

– सर्वहुतः तस्मात् पूर्वोक्तात् यज्ञात् ऋचः सामानि जज्ञिरे उत्पन्नाः, तस्मात् यज्ञात् छन्दांसि गायत्र्यादीनि जज्ञिरे, तस्मात् यजुः अपि अजायत उत्पन्नः ।

भावार्थ :- ती सर्वहुत यज्ञबाट ऋक्, साम र यजुर्वेद उत्पन्न भए र तीबाट गायत्री आदि छन्द उत्पन्न भए । आत्मज्ञानद्वारा सबै वस्तुज्ञान हुन्छ ।

ॐ तस्मादश्वा अजायन्त ये के चोभयादतः । गावो
ह जज्ञिरे तस्मात्तस्माज्जाता अजावयः ॥८॥

– तस्मात् पूर्वोक्तात् यज्ञात् अश्वाः अजायन्त, तथा ये के च अश्वव्यतिरिक्ताः गर्दभाः अश्वतराश्च उभयादतः ऊर्ध्व-अधोभागयोः उभयोः दन्तयुक्ताः सन्ति, तेऽपि अजायन्त, तथा तस्मात् यज्ञात् गावश्च जज्ञिरे, किञ्च तस्मात् यज्ञात् अजावयश्च जाताः ।

भावार्थ :-तिनबाट घोडा, दुवैतिर दाँत हुने पशु तथा गाई उत्पन्न भए, तिनबाट भेडा-बाखा पनि उत्पन्न भए ।

ॐ तं यज्ञं बर्हिषि प्रौक्षन्पुरुषं जातमग्रतः ।
तेन देवा अयजन्त साध्या ऋषयश्च ये ॥९॥

– यज्ञं यज्ञसाधनभूतं तं पुरुषं पशुत्वभावनया यूपे बद्धं बर्हिषि मानसे यज्ञे प्रऔक्षन् प्रोक्षितवन्तः, कीदृशं– अग्रतः सर्वसृष्टेः पूर्वं पुरुषं जातं पुरुषत्वेन उत्पन्नं– एतत् च प्राक् एव 'ततोविराडजायत विराजो अधिपुरुषः' इति उक्तं– तेन पुरुषरूपेण पशुना देवाः अयजन्त– मानसयागं निष्पादितवन्तः इत्यर्थः, के ते देवाः– साध्याः सृष्टिसाधनयोग्याः प्रजापतिप्रभृतयः तदनुकूलाः ऋषयः मन्त्रद्रष्टारश्च ये सन्ति, ते सर्वेऽपि अयजन्त इत्यर्थ : ।

भावार्थ :- ती प्रथम उत्पन्न यज्ञसाधनरूप पुरुषलाई मानस यज्ञमा प्रोक्षणद्वारा संस्कार गरेर देवगण साध्यगण एवं ऋषिगणले उनीद्वारा नै मानस यज्ञ सम्पादन गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ॐ यत्पुरुषं व्यदधुः कतिधा व्यकल्पयन् ।

मुखं किमस्यासीत् किं बाहू किमूरू पादा उच्येते ॥१०॥

– प्रश्नोत्तररूपेण ब्राह्मणादिसृष्टिं वक्तुं ब्रह्मवादिनां प्रश्नाः उच्यन्ते– प्रजापतेः प्राणरूपाः देवाः यत् यदा पुरुषं विराट्रूपं वि-अदधुः सङ्कल्पेन उत्पादितवन्तः, तदानीं कतिधा कतिभिः प्रकारैः वि अकल्पयन् विविधं कल्पितवन्तः, अस्य पुरुषस्य मुखं किं आसीत्, कौ बाहू अभूतां, कौ ऊरू, कौ च पादौ उच्येते,– प्रथमं सामान्यरूपः प्रश्नः, पश्चात् 'मुखं किं' इत्यादिना विशेषविषयाः प्रश्नाः ।

भावार्थ :- जब यी पुरुषलाई वर्णन गरियो, कति प्रकारको कल्पना गरियो, यिनको मुख, हात, ऊरू र पाउ के भनिन्छन् ?

ॐ ब्राह्मणोऽस्य मुखमासीद्बाहू राजन्यः कृतः ।

ऊरू तदस्य यद्वैश्यः पद्भ्याँ शूद्रो अजायत ॥११॥

– अस्य प्रजापतेः ब्राह्मणः ब्राह्मणत्वजातिविशिष्टः पुरुषः मुखं आसीत् मुखात् उत्पन्नः, योऽयं राजन्यः क्षत्रियत्वजातिमान्पुरुषः स बाहू कृत :- बाहुत्वेन निष्पादित :-बाहुभ्यां उत्पादितः, तत् तदानीं अस्य प्रजापतेः यत् उरू तत्रूपः वैश्यः संपन्न :– ऊरूभ्यां उत्पन्नः, तथा अस्य पद्भ्यां पादाभ्यां शूद्रः शूद्रत्वजातिमान् पुरुषः अजायत ।

भावार्थ :- यिनको मुख ब्राह्मण, वाहुद्वय क्षत्रिय, वैश्य ऊरू र पाउचाहिँ शूद्रको रूपमा भए ।

ॐ चन्द्रमा मनसो जातश्चक्षोः सूर्यो अजायत ।

श्रोत्राद्वायुश्च प्राणश्च मुखादग्निरजायत ॥१२॥

– प्रजापतेः मनसः सकाशात् चन्द्रमाः जातः, चक्षोश्च चक्षुषः सूर्यः अपि अजायत, वायुः तथा प्राणश्च श्रोत्रात् उत्पन्नौ, मुखात् अग्निः अजायत ।

भावार्थ :- परमेश्वरको मन चन्द्रमा, आँखा सूर्य, वायु र प्राणचाहिँ कान तथा मुख अग्निस्वरूप हुन् ।

ॐ नाभ्या आसीदन्तरिक्षँ शीर्ष्णोद्यौः समवर्तत ।

पद्भ्यां भूमिर्दिशः श्रोत्रात्तथा लोकाँ अकल्पयन् ॥१३॥

– देवाः प्रजापतेः नाभि– आदिभ्यः अन्तरिक्षादीन् लोकान् अकल्पयन् उत्पादितवन्तः, एतदेव दर्शयति– नाभ्याः प्रजापतेः नाभेः अन्तरिक्षं आसीत्, शीर्ष्णः शिरसःद्यौः सं अवर्तत उत्पन्ना, अस्य पद्भ्यां पादाभ्यां भूमिः उत्पन्ना, अस्य श्रोत्रात् दिशः उत्पन्नाः ।

भावार्थ :- परमेश्वरको नाभि अन्तरिक्ष, शिर द्यौलोक, पाउ पृथ्वी, कान दिशाहरू तथा समस्त लोकहरूलाई कल्पना गरिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ॐ यत्पुरुषेण हविषा देवा यज्ञमतन्वत ।
वसन्तोऽस्यासीदाज्यं ग्रीष्म इध्मः शरद्धविः ॥१४॥

– *यत् यदा पूर्वोक्त क्रमेण एव शरीरेषु उत्पन्नेषु सत्सु देवाः उत्तरसृष्टिसिद्ध्यर्थं बाह्यद्रव्यस्य अनुत्पन्नत्वेन हविरन्तरासंभवात् पुरुषस्वरूपं एव मनसा हविष्ट्वेन सङ्कल्प्य पुरुषेण पुरुषाख्येन हविषा मानसं यज्ञं अतन्वत अनु-अतिष्ठन्, तदानीं अस्य यज्ञस्य वसन्तः ऋतुः एव आज्यं आसीत् अभूत्, तं एव आज्यत्वेन सङ्कल्पितवन्तः इत्यर्थः, एवं ग्रीष्म, इध्मः आसीत्, तथा शरत् हविः आसीत् – तां एव पुराडाशादिहष्ट्विेन सङ्कल्पितवन्तः इत्यर्थः,– पूर्वं पुरुषस्य हविः सामान्यरूपत्वेन सङ्कल्पः, अनन्तरं वसन्तादीनां आज्यादिविशेषरूपत्वेन सङ्कल्पः इति द्रष्टव्यम् ।*

भावार्थ :- जुन देवत्वरूप योगीहरूले हविरूप पुरुषद्वारा आत्मयज्ञ विस्तार गरे, त्यसमा समय चक्र - वसन्त (सत्त्व) घृत, ग्रीष्म (राजस्) इन्धन, शरत् (तामस) हवि रूपमा हवन गरिएको हुन्छ ।

ॐ सप्तास्यासन्परिधयस्त्रिः सप्त समिधःकृताः ।
देवा यद्यज्ञं तन्वाना अबध्नन्पुरुषं पशुम् ॥१५॥

– *अस्य सांकल्पिकयज्ञस्य गायत्र्यादीनि सप्त छन्दांसि परिधयः आसन्,– ऐष्टिकस्याहवनीयस्य त्रयः परिधयः उत्तरवेदिकाः त्रय, आदित्यश्च सप्तमः परिधिप्रतिनिधिरूपः, अतः एव आम्नायते, 'न पुरस्तात् परिदध्यादित्यादित्यो ह्येवोद्यन्पुरस्ताद्रक्षांस्यपहन्तीति, ततः एते आदित्यसहिताः सप्त परिधयः अत्र सप्तच्छन्दोरूपाः, तथा समिधः त्रिसप्त त्रिगुणीकृतसप्तसंख्याकाः एकविंशतिःकृताः, द्वादश मासाः पञ्चर्तवः त्रयः इमे लोकाः असौ आदित्यः एकविंशः।' तैत्तिरीय संहिता ५।१।१०।३ इति श्रुताःपदार्थाः एकविंशतिदारुयुक्तेंधनत्वेन भाविताः, यत् यः पुरुषः वैराजः अस्ति, तं पुरुषं देवाः प्रजापतिप्राणेन्द्रियरूपाः यज्ञं तन्वानाः मानसं यज्ञं तन्वानाः कुर्वाणाः पशुं अबध्नन् विराट्पुरुषं एव पशुत्वेन भावितवन्तः,– एतत् एव अभिप्रेत्य पूर्वत्र 'यत्पुरुषेण हविषा' इति उक्तम् ।*

भावार्थ :- प्राणेन्द्रियरूप देवता प्रजापतिले जब मानस यज्ञ विस्तार गरेका थिए, त्यस वेला विराट् पुरुषलाई नै पशु माने, गायत्री आदि सात छन्द अथवा पृथ्वी, जल, तेज, वायु एवं आकाश तथा मन एवं बुद्धि त्यस यज्ञका सात सीमाना थिए, पाँच महाभूत, पाँच तन्मात्रा, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय तथा मन समेत २१ समिधा त्यस यज्ञमा थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ॐ यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् ।
ते ह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः ॥१६॥

– पूर्वं प्रपञ्चेन उक्तं अर्थं संक्षिप्य अत्र दर्शयति– देवाः प्रजापतिप्राणरूपाः यज्ञेन यथोक्तेन मानसेन सङ्कल्पेन यज्ञं यथोक्तयज्ञस्वरूपं प्रजापतिं अयजन्त पूजितवन्तः, तस्मात् पूजनात् तानि प्रसिद्धानि धर्माणि जगत्‌रूपविकाराणां धारकाणि प्रथमानि मुख्यानि आसन्, एतावता सृष्टिप्रतिपादकसूक्तभागार्थः संगृहीतः, अथोपासनतत्फलानुवादकभागार्थः संगृह्यते– यत्र यस्मिन् विराट्प्राप्तिरूपे नाके पूर्वे साध्याः पुरातनाः विराडुपास्तिसाधकाः देवाः सन्ति तिष्ठन्ति, तन्नाकं विराट्प्राप्तिरूपं स्वर्गं ते महिमानः तदुपासकाः महात्मानः सचन्त सं अवयन्ति प्राप्नुवन्ति ।

भावार्थ :- दिव्यजन– प्राणरूप प्रजापतिले अथवा इन्द्रादि देवताले मानस सङ्कल्प यज्ञद्वारा यज्ञ वा ज्ञानरूप वासुदेवको यजन गर्दछन्, ती दिव्यजन श्रेष्ठ धर्मका कारण धन्य-धन्य भएर, पहिलेदेखि नै देदीप्यमान साध्यहरूले निवास गरेको स्वर्ग प्राप्त गर्दछन्, त्यसै गरी तेजस्वी योगीहरू पनि समाधिद्वारा ज्ञानस्वरूप नारायणको यजन गर्दछन्, त्यस श्रेष्ठ धर्मका कारण ती योगी सनकादिको स्थानमा जान्छन्, जन्म-जन्मान्तरको प्रयत्नबाट शुद्ध भएर ज्ञानस्वरूप नारायणमा प्रविष्ट हुन्छन्, मोक्ष प्राप्त गर्दछन् ।

हरिः ॐ तत्सत् ।

* * *

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

३

श्रीसूक्त

(ऋग्वेदको परिशिष्टमा खिलसूक्तहरू भनिने केही सूक्त छन् । श्रीसूक्त ती मध्येको एक हो । श्रीसूक्तको १५ ऋचासम्म मैक्समूलरका अनुसार डा. हालद्वारा उपलब्ध प्राचीन भाष्य भेटिएकाले त्यस प्राचीन भाष्यका साथ भावार्थ र त्यसपछिका ऋचाहरूमा प्राचीन भाष्य प्राप्त नभएकाले भावार्थ मात्र प्रस्तुत छ । मैक्समूलरद्वारा नै सम्पादित ती पछिल्ला ऋचाहरूमा प्रशस्त पाठान्तर र व्याकरणसम्बन्धी त्रुटि पनि देखाइएको छ ।)

ॐ हिरण्यवर्णां हरिणीं सुवर्णरजतस्रजाम् ।
चन्द्रां हिरण्मयीं लक्ष्मीं जातवेदो म आवह ॥१॥

– हे जातवेदः! जानाति वेदं जातप्रज्ञ वा जाते जाते विद्यते इति वा, हे अग्ने, त्वं हिरण्यवर्णां– हिरण्यस्य सुवर्णस्य वर्णः कांतिः तद्वत् वर्णःयस्याः तां हरिणीं हरितवर्णां हरिणीरूपधरां वा - श्रीः धृत्वा हरिणीरूपं अरण्ये संचचार ह' इति देवी पुराणात् च- सुवर्णरजतस्रजां सुवर्णस्य रजतस्य च पुष्पाणि सुवर्णानि रजतानि तेषां स्रक् माला यस्याः तां- स्रक्साहचर्यात् पुष्पाणीत्यवगम्यते- पुष्पसादृश्यात् पुष्पे फले लुक्- आपं चैव हलन्तानामित्याप्- वा सुवर्णरजतविकृतशृङ्खलां- सुष्ठु वर्णो यस्य तत् सुवर्णं यद्रजतं तत्पुष्पस्रजां- तद्विकृतशृङ्खलां वा चन्द्रां चन्द्रवत्प्रकाशमानां तद्रूपेण अवस्थितां वा हिरण्मयीं हिरण्यरूपां हिरण्य विग्रहां वा लक्ष्मीं लक्षणवतीं- 'लक्ष्मीर्लाभाद्वा लक्षणाद्वा ।' निरु. ४।१०, एवं रूपां श्रियं मे मह्यं मदर्थं आ वह आह्वय, अग्निर्वै देवानां होतेति श्रुतेः ।

हे जातवेदा ! अस्तित्वमात्रका ज्ञाता वा हरेक वस्तुमा विद्यमान रहेका अग्निदेव, सुन जस्तो वर्ण भएकी, हरियो वर्णकी अथवा हरिणीको रूप धारण गर्ने, सुन एवं चाँदीको फूल भएको माला पहिरेकी, चन्द्रमा झैं प्रकाशमान वा आह्लादकारिणी वा चन्द्ररूपा, सुवर्णको मूर्ति हुने र शुभ लक्षणयुक्ता परम पुरुषकी अभिव्यक्तिरूपा तथा सबैकी आश्रयणीया श्रीदेवीलाई तिमी मेरा लागि आह्वान गर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ॐ तां म आवह जातवेदो लक्ष्मीमनप-गामिनीम्

यस्यां हिरण्यं विंदेयं गामश्वं पुरुषानहम् ॥२॥

– हे जातवेदः, अग्ने, त्वं अनपगामिनीं अपगमनरहितां अनपायिनीं तां वक्ष्यमाणालक्षणां लक्ष्मीं मे मह्यं आ वह, यस्यां श्रीदेव्यां आवाहितायां सत्यां हिरण्यं सुवर्णं गां धेनुं अश्वं वाजिनं पुरुषान् पुत्रपौत्रमित्रदासभूतान् अहं विंदेयं प्राप्नुयां ।

हे जातवेदा ! नराम्रो बाटो नहिड्ने, लक्ष्मीदेवीलाई तिमी मेरा लागि आह्वान गर, ती श्रीदेवी प्राप्त भएपछि मैले सुन, गाई, घोडा र पुत्र पौत्रादि पाउने छु ।

ॐ अश्वपूर्वां रथमध्यां हस्तिनादप्रबोधिनीं ।

श्रियं देवीमुप ह्वये श्रीर्मा देवी जुषताम् ॥३॥

- अश्वपूर्वां- अश्वाःपूर्वे पुरोगाः यस्याः तां- अथवा अश्वपूर्णां अश्वैः पूर्णां परिपूर्णां इति केचित् रथमध्यां-रथाः मध्ये यस्याः तां- हस्तिनादप्रबोधिनीं गजानां नादेन बृंहितेन प्रबोधिनीं प्रकर्षेण ज्ञापयित्रीं देवीं देवनशीलां द्योतनशीलां वा श्रियं श्रयणीयां सेनारूपां वा उप ह्वये समीपं प्रत्याह्वये, एताहृशी देवी श्रीः मा मां जुषतां सेवताम् ।

घोडा अगाडि भएकी, बीचमा रथ भएकी, हात्तीका शब्दद्वारा जानिने, दिव्या तथा आश्रययोग्या अथवा सेनारूपिणी श्रीदेवीलाई नजीकै बोलाउँदछु, यिनले मलाई अपनाऊन् ।

ॐ कांसोस्मितां हिरण्यप्राकारामार्द्रां ज्वलंतीं तृप्तां तर्पयंतीम् ।

पद्मेस्थितां पद्मवर्णां तामिहोप ह्वये श्रियम् ॥४॥

कां वाङ्मनसयोः अगोचरां दुर्निरूपस्वरूपां ब्रह्मरूपां वा 'को ह वै नाम प्रजापतिः' इति श्रुत्यंतरात्, कः इति ब्रह्मणः नाम इति पुराणाच्च, सोस्मितां आ इषत् आ समंतात् उद्गतं यत् स्मितं हास्यं-तद्युक्तां-उपांत्यलोपश्छांदसः-हिरण्यप्राकारां-हिरण्यस्य सुवर्णस्य प्राकारः आकरणं यस्याः तां- हिरण्यप्रकृष्ट : आकार : आकृतिः यस्याः तां वा आर्द्रां क्लिन्नां-क्षीरोदधेः उत्पन्नत्वात्-रुद्ररूपां वा- रुद्रशब्दोऽत्र आमूर्धन्यस्वरादिः- आर्द्रया रुद्रः इत्यादौ तथा दर्शनात्, अन्यद्बाहुलकं- ज्वलंतीं प्रकाशमानां तृप्तां प्रीतां अपि च तर्पयंतीं भक्तान् मनोरथैः इति शेषः, पद्मेस्थितां कमले निषण्णां आसीनां पद्मवर्णां कमलवर्णां तां इति प्रसिद्धां श्रियं इह उप ह्वये समीपं प्रत्याह्वये ।

वचन र मनभन्दा पर रहेकी, ब्रह्मरूपा मुसुमुसु हाँस्ने, सुवर्णको आकृति भएकी, स्निग्धा अथवा रुद्ररूपा, झल्झलाउँदी, सन्तुष्ट भएर भक्तजनलाई अभीष्ट प्रदान गर्ने, कमलमा आसन गर्ने, कमलजस्ती ती प्रसिद्ध श्रीदेवीलाई म समीपमा आउन आह्वान गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ॐ चन्द्रां प्रभासां यशसा ज्वलंतीं श्रियं लोके देवजुष्टामुदाराम् ।
तां पद्मिनीमीं शरणं प्रपद्येऽलक्ष्मीर्मे नश्यतां त्वां वृणोमि ॥५॥ ।१॥ वर्गः

-चन्द्रां चन्द्रवत्प्रकाशमानां प्रभासां-प्रकृष्टा भाः 'कांतिः यस्याः तां- यशसा कीर्त्या ज्वलंतीं प्रकाशमानां लोके स्वर्लोके देवजुष्टां देवैः इंद्राद्यैः जुष्टां सेवितां प्रीतां वा उदारां वदान्यां प्रगल्भां वा पद्मिनीं पद्मलतारूपां पद्माकारां वा- ई इति निपातोऽनर्थकः निरु. ११९- ईकाररवाच्यां वा तां श्रियं लोके इहलोके शरणं रक्षित्रीं प्रपद्ये प्रपन्नः अस्मि, अहं इति शेषः, अतः हे श्री, मे मम अलक्ष्मीः अश्रीः नश्यतां नाशं प्राप्नोतु, एकादृशीं त्वां वृणोमि- अंतर्भावितण्यर्थात्-वृणे शरणत्वेन स्वीकुर्वे ।

चन्द्रमा झैं आह्लादिनी कान्तियुक्ता, उत्तम चमक भएकी, कीर्तिद्वारा स्वर्ग र भूलोकमा प्रसिद्ध, इन्द्रादि देवताद्वारा राम्ररी सेवा गरिएकी वा प्रसन्न पारिएकी, उदारता भएकी, कमल जस्ती, ईकार मन्त्रद्वारा पूजिता ती श्रीदेवीको शरणमा म जान्छु, हे श्रीदेवी ! मेरो अशुभ लक्षण नाश होस्, हे श्री शुभलक्षणा ! तिमीलाई म शरणदात्रीका रूपमा वरण गर्दछु ।

ॐ आदित्यवर्णे तपसोऽधि जातो वनस्पतिस्तव वृक्षोऽथ बिल्वः ।
तस्य फलानि तपसा नुदंतु या अंतरा याश्च बाह्या अलक्ष्मीः ॥६॥

वृक्षोऽथेति अतः परमपि पूर्वरूपं बाहुलकात्, आदित्यवर्णे- आदित्यस्य सूर्यस्य वर्णः इव वर्णः यस्याः तस्याः संबोधनं हे श्रीः तव तपसः नियमात् हेतोः वनस्पतिः 'अपुष्पाः फलवंतो ये ते वनस्पतयः स्मृताः ।' मनुस्मृतिः १।४७- बिल्वः बिल्वनामकः वृक्षः द्रुमः अधिजातः प्रादुर्भूतः त्वत्करात् इति शेषः, कात्यायनः, 'बिल्वः लक्ष्म्याः करेऽभवदिति वामनपुराणात्', अथ इति अनंतरं तस्य बिल्वस्य फलानि पक्वानि शलाटुकानि तपसा त्वत्तपसा त्वदनुग्रहेण इत्यर्थः- अंतरा : अंतरिंद्रियसंबंधिन्यः याश्च बाह्याः बहिरिंद्रिय संबंधिन्यः ताः अलक्ष्मीः अश्रियः नुदंतु अपनुदंतु निवारयंतु इत्यर्थः ।

आदित्यको झैं तेजोमय रूप भएकी हे श्रीदेवी ! तिम्रो तपको नियमका कारण तिम्रा हातबाट बिल्व वृक्ष प्रादुर्भाव भयो, अनि तिम्रा अनुग्रहबाट त्यस बिल्वको फलहरू पनि फले, ती फलहरूले ज्ञानेन्द्रिय तथा कर्मेन्द्रियसम्बन्धी हाम्रा सबै अशुभ कुरा निवारण गरून् ।

ॐ उपैतु मां देवसखः कीर्तिश्च मणिना सह ।
प्रादुर्भूतोऽस्मि राष्ट्रेऽस्मिन्कीर्तिमृद्धिं ददातु मे ॥७॥

- हे श्रीः, देवसखः- देवः महादेवः तस्य सखा कुवेरः- कीर्तिश्च कीर्त्यभिमानिनी दक्षकन्या देवता कुवेर कोशशाला वा सा च मणिना चिंतामणिना मणिभद्रेण कोषाध्यक्षेण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

वा सह सार्धं उपैतु उपगच्छतु, अहं अस्मिन् राष्ट्रे जनपदे प्रादुर्भूत: अस्मि, उत्पन्न: अस्मि, संगत्य कीर्ति: यश: कोशं वा ऋद्धिं सर्ववस्तुसमृद्धिं मे मह्यं ददातु यच्छतु ।

हे श्रीदेवी ! चिन्तामणिसहित भई महादेव सखा धनपति कुबेर तथा कीर्तिदेवी मिलेर सँगसँगै मलाई प्राप्त हुन् र कीर्ति तथा सबै चाहना-योग्य वस्तु प्रदान गरी समृद्ध पारून् ।

ॐ क्षुत्पिपासामलां ज्येष्ठामलक्ष्मीं नाशयाम्यहम् ।
अभूतिमसमृद्धिं च सर्वां निर्णुद मे गृहात् ॥८॥

क्षुत्पिपासामलां अनशनतृष्णामलिनात्मिकां ज्येष्ठां वृद्धां श्रीप्रागुत्पन्नां अलक्ष्मीं अश्रियं अहं नाशयामि नाशं प्रापयामि, हे श्री:, त्वं अभूतिं असम्पत्तिं तथा सर्वां असमृद्धिं अनभिवृद्धिं मे मम गृहात् गेहात् निर्णुद निवारय ।

भोक र प्यासले मलिन हुने बूढी अलक्ष्मी कुलक्षणालाई म नाश गर्दछु, हे श्रीदेवी ! सम्पत्तिहीनता र सबै प्रकारका अलच्छिना असमृद्धिलाई तिमी मेरा घरबाट निकाल ।

ॐ गंधद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् ।
ईश्वरीं सर्वभूतानां तामिहोप ह्वये श्रियम् ॥९॥

–गंध: घ्राणग्राह्य: गुण: द्वारं लक्षणं यस्या: तां- दुरधर्षां केनापि धर्षितुं अशक्यां- नित्यं निरंतरं सस्यादिभि: पुष्टां समृद्धां- करीष: शुष्कगोमयादि: तद्वतीं- गवाश्वादिवहुपशुसमृद्धां इति यावत्- सर्वभूतानां सर्वप्राणिनां ईश्वरीं अधिष्ठात्रीं आधारभूतां वा तां भूरूपां श्रियं इह लोके उप ह्वये समीपं प्रत्याह्वये ।

सुगन्धलक्षणा, कसैद्वारा पनि नदब्ने, बालीनालीद्वारा सँधै समृद्ध रहेकी, धेरै गाई आदिद्वारा सम्पन्नता भएकी, सबै प्राणीकी अधिष्ठात्री वा आधारभूत भएर रहेकी भूमिरूपा श्रीदेवीलाई म यस ठाउँमा सान्निध्य पाउन आह्वान गर्दछु ।

ॐ मनस: काममाकूतिं वाच: सत्यमशीमहि ।
पशूनां रूपमन्नस्य मयि श्री:श्रयतां यश: ॥१०॥२॥

–हे श्री:, मनस: कामं मनोऽभिलाषं आकूतिं सङ्कल्पं च वाच: वागिंद्रियस्य सत्यं याथार्थ्यं पशूनां गोमहिष्यादीनां रूपं क्षीरादि, अन्नस्य-अत्तीति अन्नं- तस्य अदनीयस्य यवव्रीह्यादे: रूपं भक्षादि चतुर्विधं च अशीमहि लभेमहि, श्री: संपत्ति: यश: कीर्तिश्च मयि श्रयतां आश्रयताम् ।

हे श्रीदेवी ! मनको अभिलाषा एवं सङ्कल्प, वाणीको यथार्थता, पशुजन्य पदार्थ र धान्यादि-अन्नको चार किसिमका भक्षणीय वस्तु तिम्रा अनुग्रहबाट म पाउँ, ममा श्रीसम्पत्ति र यश कीर्ति आश्रित होऊन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ॐ कर्दमेन प्रजाभूता मयि संभव कर्दम ।

श्रियं वासय मे कुले मातरं पद्ममालिनीम् ॥११॥

–कर्दमेन कर्दमाख्येन पुत्रेण प्रकृष्टा जा अपत्यं यस्याः सा सुपुत्रेत्यर्थः जामपत्य मिति यास्कवचनात्, निरु. ३।६, भूता अभवत्, अतः हे कर्दम, श्रीपुत्र, त्वं मयि मदीयगृहे संभव संवस, पद्ममालिनीं कमलमालाधारिणीं मातरं तव जननीं श्रियं मे मम कुले वंशे वासय निवासय ।

हे श्रीदेवी ! कर्दम नामक पुत्रद्वारा तिमी सुपुत्रा छौ, हे कर्दम ! श्रीका पुत्र, तिमी मेरो घरमा वास गर र कमलको माला पहिरने तिम्री आमा श्रीदेवीलाई मेरो वंशमा बास गराऊ ।

ॐ आपः सृजंतु स्निग्धानि चिक्लीत वस मे गृहे ।

नि च देवीं मातरं श्रियं वासय मे कुले ॥१२॥

– आपः जलाभिमानिन्यः देवताः स्निग्धानि स्नेहयुक्तानि कार्याणि सृजंतु उत्पादयंतु- अपां स्नेहगुणवत्त्वात् इति भावः, हे चिक्लीताख्य, श्रीपुत्र, मे मम गृहे गेहे वस निवस, च अपि च देवीं मातरं श्रियं मे मम कुले वंशे नि वासय संवासय ।

जलकी अधिष्ठात्री देवीले स्नेहयुक्त कार्य उत्पन्न गरून्, हे चिक्लीत ! यसनामका श्रीदेवी पुत्र, तिमी मेरो घरमा बास गर र अनि मेरा वंशमा तिम्री आमा श्रीदेवीलाई बास गराऊ ।

ॐ आर्द्रां पुष्करिणीं पुष्टिं पिंगलां पद्ममालिनीम् ।

चन्द्रां हिरण्मयीं लक्ष्मीं जातवेदो म आ वह ॥१३॥

आर्द्रां आर्द्रांगां पुष्करिणीं अभिषेकोद्युक्तां दिग्गजशुंडयेति भावः- पुष्करशब्दो गजशुंडाग्रवाचकः- पद्ममालिनीं पद्मवतीं पद्मलतारूपां वा पुष्टिं पुष्ट्याभिमानिनीं पुष्टिरूपां वा-पुष्टिरूपेण संस्थिता इति मार्क्कण्डेयवचनात्-पिंगलां पिंगलवर्णां- पद्ममालिनीमित्यादि सिद्धं अन्यत् ।

स्निग्ध अङ्ग भएकी, दिग्गजहरूको सूँडको अग्रभागद्वारा अभिषेक हुन तयार, *(पुष्कर शब्दले हात्तीको सूँडको अग्रभाग भन्ने बुझाउँदछ–)* कमलको माला पहिरेकी, कमललता रूपिणी, पुष्टिरूपले रहेकी, पहेँलो वर्णकी, प्रसन्नता कारिणी वा चन्द्ररूपा, हिरण्मयी लक्ष्मीदेवीलाई हे जातवेदा अग्नि ! मेरा लागि आह्वान गर, पुकार ।

ॐ आर्द्रां यःकरिणीं यष्टिं सुवर्णां हेममालिनीम् ।

सूर्यां हिरण्मयीं लक्ष्मीं जातवेदो म आ वह ॥१४॥

– आर्द्रां आर्द्रांगां यःकरिणीं यष्टिं यष्टिकरां वेत्रहस्तां-टिलोपश्छांदस :- तद्वतीं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

दण्डकारिणीं वा दंडकरां वा यष्टिं दंडरूपां सुवर्णां शोभनवर्णां हेममालिनीं हेमविकृतमणिशृंखलादिमालावतीं सूर्यां सूर्यवत् प्रकाशमानां तद्रूपां वा सिद्धं अन्यत् ।

स्निग्धा वा रुद्ररूपिणी, वेतको छडी हातमा लिएकी अथवा दण्डरूपा, सुवर्णमयी वा अति सुन्दर, मणिमाणिक्यको माला पहिरेकी, सूर्यझैं तेजोमयी वा सूर्यरूपा तथा हिरण्मयी लक्ष्मीलाई हे जातवेदा अग्नि । मेरा लागि पुकार ।

ॐ तां म आ वह जातवेदो लक्ष्मीमनपगामिनीम् ।
यस्यां हिरण्यं प्रभूतं गावो दास्योऽश्वान्विंदेयं पुरुषानहम् ॥१५॥३॥

- प्रभूतं भूयिष्ठं, गावः गाः, दास्यः परिचारिकाः, उभयत्र शस्- इयं ऋक् द्वितीयमा ऋचा व्याख्याता, अर्थे इयान् विशेषः, इति श्रीसूक्तभाष्यं समाप्तम् ।

हे जातवेदा ! कुबाटोमा नलाग्ने ती लक्ष्मीलाई तिमी मेरा लागि बोलाऊ, ती लक्ष्मीको प्राप्तिमा म प्रशस्त हिरण्य, गाई घोडा, परिचारक, परिचारिका पाउनेछु ।

यःशुचिः प्रयतो भूत्वा जुहुयादाज्यमन्वहम् ।
श्रियः (सूक्तं वा) पंचदशर्चं च श्रीकामः सततं जपेत् ॥१६॥

जसले शुद्ध र प्रयत्नशील भएर प्रतिदिन होम गर्दछ र पन्ध्र ऋचाको श्रीसूक्त सधैं जप्दछ, त्यसले श्रीदेवीबाट अभीष्ट प्राप्त गर्दछ ।

पद्मानने पद्मऊरु पद्माक्षि पद्मसंभवे ।
तन्मे भजसि पद्माक्षि येन सौख्यं लभाम्यहम् ॥१७॥

कमल जस्तो मुहार भएकी, कमलको झैं अङ्ग भएकी, कमल जस्तै आँखा भएकी, कमलबाट प्रादुर्भाव भएकी हे कमलनयनी । मेरो हेरचाह गर, जसबाट म सुख पाऊँ ।

अश्वदायी गोदायी धनदायी महाधने ।
धनं मे जुषतां देवि सर्वकामांश्च देहि मे ॥१८॥

धेरै धन भएकी हे देवी ! घोडा, गाई र धन प्रदान गर्ने प्रयत्नमा मलाई धन तथा सम्पूर्ण मेरा चाहनाहरू देऊ ।

पुत्रपौत्रधनं धान्यं हस्त्यश्वादिगवे रथम् ।
प्रजानां भवसि माता आयुष्मंतं करोतु मे ॥१९॥

पुत्र, पौत्र, धन, धान्य, हात्ती, घोडा, गाई एवं रथको तिमी सम्पादन गर्ने भएकीले मलाई दीर्घायु अथवा अन्न, शक्ति वा तेजोयुक्त पार ।

धनमग्निर्धनं वायुर्धनं सूर्यो धनं वसु : ।
धनमिंद्रो बृहस्पतिर्वरुणं धनमश्विना ॥२०॥४॥

अग्नि, वायु, सूर्य, वसु, इन्द्र बृहस्पति, वरुण र अश्विनीकुमार युगल देव पनि धन हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

वैनतेय सोमं पिब सोमं पिबतु वृत्रहा ।
सोमं धनस्य सोमिनो मह्यं ददातु सोमिनः ॥२१॥

हे गरुड ! हे वृत्रहंता इन्द्र, सोमपान गर, सोमरूप धनहुने सोमधारीहरूले मलाई सोमरूप कल्याण प्रदान गरून् ।

न क्रोधो न च मात्सर्यं न लोभो नाशुभा मतिः ।
भवंति कृतपुण्यानां भक्तानां श्रीसूक्तं जपेत् ॥२२॥

श्रीसूक्त जप गर्ने पुण्यकर्मा भक्तहरूको क्रोध, डाहा, लोभ एवं कुबुद्धि हुँदैन ।

सरसिजनिलये सरोजहस्ते धवलतरां शुभगंधमाल्यशोभे ।
भगवति हरिवल्लभे मनोज्ञे त्रिभुवनभूतिकरि प्रसीद मह्यम् ॥२३॥

कमल बासस्थान भएकी, कमल हातमा लिएकी, अत्यन्त गोरी, उत्तम गन्ध भएको मालाद्वारा सुशोभित भएकी, ऐश्वर्यवती, हरिकी प्रिया, मनको विषय जान्ने, तीनै लोकको कल्याण गर्ने हे देवी ! मेरो कल्याणका लागि प्रसन्न होऊ ।

विष्णुपत्नीं क्षमां देवीं माधवीं माधवप्रियाम् ।
विष्णोः प्रियसखीं देवीं नमाम्यच्युतवल्लभाम् ॥२४॥

सर्वव्यापक परमेश्वरकी पत्नी, क्षमास्वरूपा, दिव्या, माधवी माधवकी प्रिया, श्रीविष्णुकी प्रियासखी, अच्युतकी प्रिया श्रीदेवीलाई म नमस्कार गर्दछु ।

ॐ महालक्ष्मी च विद्महे विष्णुपत्नी च धीमहि ।
तन्नो लक्ष्मीः प्रचोदयात् ॥२५॥

महालक्ष्मीलाई जानौं वा प्राप्त गरौं र विष्णुपत्नीलाई ध्यान गरौं वा उनका निमित्तको यज्ञकर्म गरौं र हामीलाई ती लक्ष्मीले कर्तव्य पथमा लगाऊन् ।

पद्मानने पद्मिनि पद्मपत्रे पद्मप्रिये पद्मदलायताक्षि ।
विश्वप्रिये विश्वमनोनुकूले त्वत्पादपद्मं हृदि संनिधत्स्व ॥२६॥

कमलमुखी, कमलयुक्ता, कमलको पत्र भएकी, कमल मन पराउने, कमलको पुष्प जस्तो नेत्र भएकी, विश्वले रुचाइएकी र विश्वकै मानसिकताको अनुकूल हुने हे देवी ! तिम्रो कमल रूप पाउ मेरो हृदयमा पूरै राख ।

आनंदः कर्दमः श्रीतश्चिक्लीत इव विश्रुतः ।
ऋषयः श्रियपुत्राश्च श्रीर्देवीर्देवताः श्रिया ॥२७॥

आनन्द, कर्दम, श्रीत, चिक्लीत झैं प्रसिद्ध छन् ऋषिगण, श्रीदेवीका पुत्रहरू, स्वयं श्रीदेवी र श्रीदेवीद्वारा देवगण प्रकृष्ट छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

श्रीवर्चस्वमायुष्यमारोग्यमाविधात्पवमानं महीयते ।
धान्यं धनं पशुं बहुपुत्रलाभं शतसंवत्सरं दीर्घमायुः ॥२८॥

सौभाग्य, तेज, आयु, आरोग्य, पवित्र, गरिमा प्राप्त हुन्छ, धान्य, धन, पशु, धेरै पुत्र लाभ र शय वर्षको दीर्घायु श्रीदेवीबाट प्राप्त हुन्छन् ।

ऋणरोगादि दारिद्र्यं पापक्षुदपमृत्यवः ।
भयःशोकमनस्तापा नश्यंतु मम सर्वदा ॥२९॥५॥

मेरो ऋण, रोगादि, दरिद्रता, पाप, भोक र अपमृत्यु, भय, शोक, मनका ताप सर्वदा नष्ट होऊन् ।

* * *

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

४

नारदभक्तिसूत्र

(श्रीरामायण रचना गर्न महर्षि वाल्मीकिलाई र श्रीमद्भागवत रचना गर्न महर्षि व्यासलाई उत्प्रेरित गर्ने, दैवी प्रवृत्तिका प्रेरक एवं परम भक्त देवर्षि नारदको रचना)

१. **अथातो भक्तिं व्याख्यास्यामः ।**
यसपछि अब हामी भक्तिबारे व्याख्या गर्नेछौँ ।

२. **सा त्वस्मिन् परमप्रेमरूपा ।**
भक्ति भन्नु परमेश्वरप्रति परम प्रेम हो ।

३. **अमृतस्वरूपा च ।**
भक्ति अमृतस्वरूपा छिन् ।

४. **यल्लब्ध्वा पुमान् सिद्धो भवति अमृतो भवति तृप्तो भवति ।**
यस्तो भक्तिलाई पाएर मानिस सिद्ध हुन्छ, अमृत हुन्छ र तृप्त हुन्छ ।

५. **यत्प्राप्य न किञ्चिद्वाञ्छति न शोचति न द्वेष्टि न रमते नोत्साही भवति ।**
परम प्रेमरूपा एवं अमृतस्वरूपा भक्तिलाई पाएपछि मानिस अरू केही चाहँदैन, शोक गर्दैन, द्वेष गर्दैन, (विषयभोगमा) रमाउँदैन र तिनको प्राप्तिका लागि उत्साही पनि हुँदैन ।

६. **यज्ज्ञात्वा मत्तो भवति स्तब्धो भवति आत्मारामो भवति ।**
भक्तिलाई जानेपछि व्यक्ति मस्त हुन्छ, शान्त हुन्छ, आत्मामा नै रमाउने हुन्छ ।

७. **सा न कामयमाना निरोधरूपत्वात् ।**
निरोधरूपा त्यागमयी भएकाले ती भक्ति कामनारहित हुन्छिन् ।

८. **निरोधस्तु लोकवेदव्यापारन्यास : ।**
निरोध भनेको लौकिक एवं वैदिक समस्त कर्मको त्याग हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

९. **तस्मिन्ननन्यता तद्विरोधिषूदासीनता च ।**
परमेश्वरमा अनन्यभाव एवं त्यसको विपरीत विषयमा उदासीन रहनुलाई निरोध भनिन्छ ।

१०. **अन्याश्रयाणां त्यागोऽनन्यता ।**
परमेश्वरबाहेक अन्य आश्रय त्याग्नु अनन्यता हो ।

११. **लोके वेदेषु तदनुकूलाचरणं तद्विरोधिषूदासीनता ।**
लौकिक एवं वैदिक कर्ममा परमेश्वरको अनुकूल कार्य गर्नु र त्यसको विपरीत विषयमा उदासीन हुनु पनि अनन्यता हो ।

१२. **भवतु निश्चयदाढ्र्यादूर्ध्वं शास्त्ररक्षणम् ।**
भक्तिको दृढ-निश्चय गरेपछि पनि शास्त्रको रक्षा गर्नुपर्छ ।

१३. **अन्यथा पातित्याशङ्कया ।**
नत्र पतित हुने आशङ्का हुन्छ ।

१४. **लोकोऽपि तावदेव किंतु भोजनादिव्यापारस्त्वाशरीरधारणावधि ।**
लौकिक कर्म तबसम्म गर्नुपर्छ तर भोजन आदि कुरा त शरीर रहेसम्म नै चलिरहन्छन् ।

१५. **तल्लक्षणानि वाच्यन्ते नानामतभेदात् ।**
अब विविध मतअनुसार भक्तिका लक्षण बताइन्छ ।

१६. **पूजादिष्वनुराग इति पाराशर्यः ।**
पराशरपुत्र व्यासका अनुसार परमेश्वरको पूजा आदिमा अनुराग हुनु भक्ति हो ।

१७. **कथादिष्विति गर्ग : ।**
गर्गऋषिका अनुसार परमेश्वरको कथामा अनुराग हुनु भक्ति हो ।

१८. **आत्मरत्यविरोधेनेति शाण्डिल्यः ।**
शाण्डिल्य ऋषिको मतमा आत्मस्वरूपमा मग्न रहने कार्यको विपरीत नरहने अनुराग भक्ति हो ।

१९. **नारदस्तु तदर्पिताखिलाचारता तद्विस्मरणे परमव्याकुलतेति ।**
नारदको विचारमा चाहिँ सबै कर्म परमेश्वरमा अर्पित गर्नु र परमेश्वरको अलिकति पनि स्मरण छुट्दा परम व्याकुल हुनु नै भक्ति हो ।

२०. **अस्त्येवमेवम् ।**
हो पनि यस्तै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

२१. **यथा व्रजगोपिकानाम् ।**
जस्तो वज्रगोपीहरूको भक्ति ।

२२. **तत्रापि न माहात्म्यज्ञानविस्मृत्यपवादः ।**
गोपीहरूको प्रेममा पनि श्रीकृष्णको माहात्म्यज्ञानको अभाव थिएन ।

२३. **तद्विहीनं जाराणामिव ।**
भगवान्को माहात्म्यज्ञान बिनाको प्रेम जारप्रति गरेको प्रेम जस्तो हुन्छ ।

२४. **नास्त्येव तस्मिंस्तत्सुखसुखित्वम् ।**
त्यस्तो प्रेममा (जारको प्रेममा) प्रियको सुखबाट सुखी हुने कुरा हुँदैन ।

२५. **सा तु कर्मज्ञानयोगेभ्योऽप्यधिकतरा ।**
परमेश्वरमा परमप्रेमरूपा भक्ति त कर्म, ज्ञान एवं योगभन्दा पनि श्रेष्ठ छन् ।

२६. **फलरूपत्वात् ।**
साधनहरूको स्वयं फलरूपा भएकीले भक्ति श्रेष्ठ हुन् ।

२७. **ईश्वरस्याप्यभिमानद्वेषित्वाद्दैन्यप्रियत्वाच्च ।**
परमेश्वरलाई अभिमान मन पर्दैन र दीनता प्यारो लाग्दछ ।

२८. **तस्या ज्ञानमेव साधनमित्येके ।**
कसैकसैका विचारमा भक्तिको साधन ज्ञान नै हो ।

२९. **अन्योन्याश्रयत्वमित्यन्ये ।**
अर्का थरीका मतमा भक्ति र ज्ञान एक अर्कामा आश्रित छन् ।

३०. **स्वयं फलरूपतेति ब्रह्मकुमारा : ।**
ब्रह्मपुत्र सनत्कुमारको विचारमा भक्ति स्वयं फलरूपा हुन् अर्थात् भक्ति साधन र साध्य दुवै हुन् ।

३१. **राजगृहभोजनादिषु तथैव दृष्टत्वात् ।**
राजप्रासाद र भोजनहरूमा यस्तै देखिन्छ ।

३२. **न तेन राजपरितोषः क्षुधाशान्तिर्वा ।**
जस्तै राजदरवार, भोजन आदिबारे जानेर मात्र न राजा खुशी हुन्छन् न भोक नै मेटिन्छ । शब्द-ज्ञानले मात्र केही हुने होइन ।

३३. **तस्मात्सैव ग्राह्या मुमुक्षुभिः ।**
त्यसैले मुक्तिको इच्छा गर्नेहरूले भक्तिलाई नै ग्रहण गर्नुपर्दछ ।

३४. **तस्या : साधनानि गायन्त्याचार्याः ।**
आचार्यहरू ती भक्तिका साधनहरू बताउँदछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

३५. **तत्तु विषयत्यागात् संगत्यागाच्च ।**
विषयवासना एवं आसक्तिको त्याग भक्तिको साधन हो ।

३६. **अव्यावृतभजनात् ।**
भक्ति अखण्ड भजनबाट सम्पन्न हुन्छ ।

३७. **लोकेऽपि भगवद्गुणश्रवणकीर्त्तनात् ।**
समाजमा पनि भगवान्‌का गुणहरूको श्रवण एवं कीर्तनबाट भक्ति सम्पन्न हुन्छ ।

३८. **मुख्यतस्तु महत्कृपयैव भगवत्कृपालेशाद्वा ।**
मुख्यचाहिँ महापुरुषहरूको कृपा अथवा भगवान्‌को कृपाको लेशबाट नै भक्तिसाधन सम्पन्न हुन्छ ।

३९. **महत्संगस्तु दुर्लभोऽगम्योऽमोघश्च ।**
महापुरुषहरूको सङ्गत भने दुर्लभ, अगम्य एवं अमोघ छ ।

४०. **लभ्यतेऽपि तत्कृपयैव ।**
भगवान्‌को कृपाले नै महापुरुषहरूको त्यस्तो सङ्गत पनि पाइन्छ ।

४१. **तस्मिंस्तज्जनेभेदाभावात् ।**
किनभने भगवान् र उनका भक्तमा भेद छैन ।

४२. **तदेव साध्यतां तदेव साध्यताम् ।**
महापुरुषहरूको सङ्गतको नै साधना गर, त्यसैको नै साधना गर ।

४३. **दुःसङ्गः सर्वथैव त्याज्यः ।**
दुःसङ्गलाई बिल्कुलै नै छोड्नुपर्दछ ।

४४. **कामक्रोधमोहस्मृतिभ्रंशबुद्धिनाशसर्वनाशकारणत्वात् ।**
किनभने दुःसङ्ग नै काम, क्रोध, मोह, स्मृतिविभ्रम, बुद्धिनाश एवं सर्वनाशको कारण हो ।

४५. **तरङ्गायिता अपीमे सङ्गात्समुद्रायन्ति ।**
यी काम क्रोधादि पहिले पानीका ससाना तरङ्ग जस्ता भएर आए पनि पछि गएर दुःसङ्गका कारणबाट विशाल समुद्र झैं बन्दछन् ।

४६. **कस्तरति कस्तरति मायाम्, यः संगांस्त्यजति, यो महानुभावं सेवते, निर्ममो भवति ।**
मायालाई को तर्दछ ? को तर्द छ ? जो आसक्ति छोड्दछ, जो महानुभावको सेवा गर्दछ र ममतारहित हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding:

४७. **यो विविक्तस्थानं सेवते, यो लोकबन्धमुन्मूलयति, निस्त्रैगुण्यो भवति, योगक्षेमं त्यजति ।**

जो निर्जन स्थानमा रहन्छ, जो लौकिक बन्धन छाड्दछ। जो सत्त्व, रज, तम, यी तीनै गुणलाई पार गर्दछ र जो योगक्षेमलाई त्याग्दछ, त्यो मायालाई तर्दछ ।

४८. **यः कर्मफलं त्यजति कर्माणि संन्यस्यति ततो निर्द्वन्द्वो भवति ।**

जो कर्मफल त्याग्छ, जो कर्महरू पनि त्याग्छ अनि सब त्यागेर जाडो-गर्मी, सुख-दु:ख इत्यादि द्वन्द्ववाट मुक्त हुन्छ, त्यो मायालाई तर्दछ ।

४९. **वेदानपि संन्यस्यति केवलमविच्छिन्नानुरागं लभते ।**

वेदहरूलाई पनि त्याग गर्ने र केवल अखण्ड असीम भगवत्प्रेम प्राप्त गर्नेले मायावाट छुट्कारा पाउँदछ ।

५०. **स तरति स तरति स लोकांस्तारयति ।**

त्यो तर्दछ, त्यो तर्दछ, आफू मात्र होइन त्यसले अरूलाई पनि तार्दछ ।

५१. **अनिर्वचनीयं प्रेमस्वरूपम् ।**

परमेश्वरप्रतिको प्रेमको स्वरूप अनिर्वचनीय अर्थात् वताउन नसकिने छ ।

५२. **मूकास्वादनवत् ।**

लाटाले पाएको स्वाद जस्तो ।

५३. **प्रकाशते क्वापि पात्रे ।**

कुनै कुनै योग्य पात्रमा मात्र यस्तो परम प्रेम प्रकट हुन्छ।

५४. **गुणरहितं कामनारहितं प्रतिक्षणवर्धमानमविच्छिन्नं सूक्ष्मतरमनुभवरूपम् ।**

यो परम प्रेम गुणरहित, कामनारहित, प्रतिक्षण वढ्ने, अविच्छिन्न, सूक्ष्मतर र केवल अनुभव मात्र गर्न सकिने हुन्छ ।

५५. **तत्प्राप्य तदेवावलोकयति तदेव शृणोति तदेव भाषयति तदेव चिन्तयति ।**

यस्तो परम प्रेम पाएर प्रेमीले आफ्नो प्रियतमलाई नै देख्दछ, त्यसैलाई सुन्दछ, उसकै वर्णन गर्दछ र उसकै चिन्तन गर्दछ ।

५६. **गौणी त्रिधा, गुणभेदादार्तादिभेदाद्वा ।**

गुणभेद अर्थात् सात्त्विकी, राजसी र तामसी अथवा आर्तआदि भेदवाट 'अर्थात् आर्त, जिज्ञासु र अर्थार्थी' गरी गौणी भक्ति तीन प्रकारका छन् ।

५७. **उत्तरस्मादुत्तरस्मात्पूर्वपूर्वा श्रेयाय भवति ।**

पछिपछिका भन्दा पहिलापहिला प्रकारको भक्ति वढी कल्याणकारी हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

५८. **अन्यस्मात् सौलभ्यं भक्तौ ।**
अरू सब (अर्थात् ज्ञान, कर्म, योग इत्यादि) भन्दा भक्ति सुलभ छ ।

५९. **प्रमाणान्तरस्यानपेक्षत्वात् स्वयं प्रमाणत्वात् ।**
किनभने भक्ति स्वयं प्रमाणरूप छन् र भक्तिका लागि अरू प्रमाणको आवश्यकता छैन ।

६०. **शान्तिरूपात्परमानन्दरूपाच्च ।**
शान्तिरूप एवं परमानन्दरूप भएबाट भक्ति स्वयं नै प्रमाण हो ।

६१. **लोकहानौ चिन्ता न कार्या निवेदितात्मलोकवेदत्वात् ।**
भगवान्का भक्तले लोकहानिको चिन्ता नगर्नु, किनभने भक्तले स्वयंलाई र लौकिक, वैदिक समस्त कर्मलाई समेत भगवान्मा अर्पण गरिसकेको हुन्छ ।

६२. **न तदसिद्धौ लोकव्यवहारो हेयः किन्तु फलत्यागस्तत्साधनं च कार्यमेव ।**
भक्तिमा सिद्धि नमिलेसम्म लोकव्यवहारलाई हेलाँ गर्नु हुँदैन, तर निष्काम भएर, फल त्यागेर भक्तिको साधना गर्नुपर्दछ ।

६३. **स्त्रीधननास्तिकवैरिचरित्रं न श्रवणीयम् ।**
स्त्री, धन, नास्तिक एवं वैरीको चरित्र सुन्नु हुँदैन ।

६४. **अभिमानदम्भादिकं त्याज्यम् ।**
अभिमान, दम्भ आदिको त्याग गर्नुपर्दछ ।

६५. **तदर्पिताखिलाचारः सन् कामक्रोधाभिमानादिकं तस्मिन्नेव करणीयम् ।**
भक्तले सबै आचार परमेश्वरमा अर्पण गरिसकेको हुनाले काम, क्रोध, अभिमान आदि पनि भक्तले उनै परमेश्वरमा नै अर्पण गर्नुपर्दछ ।

६६. **त्रिरूपभङ्गपूर्वकं नित्यदासनित्य कान्ताभजनात्मकं वा प्रेमैव कार्यं प्रेमैव कार्यम् ।**
त्रिरूप-स्वामी, सेवक एवं सेवा तीन रूपलाई मेटाएर नित्य दासभक्तिले वा नित्य कान्ताभक्तिले प्रेम नै गर्नुपर्दछ, प्रेम नै गर्नुपर्दछ ।

६७. **भक्ता एकान्तिनो मुख्याः ।**
एकान्तभक्त अर्थात् अनन्यभक्त नै श्रेष्ठ हुन् ।

६८. **कण्ठावरोधरोमाञ्चाश्रुभिः परस्परं लपमानाः पावयन्ति कुलानि पृथिवीं च ।**
कण्ठावरोध, रोमाञ्च एवं अश्रुयुक्त भएर आपसमा कुरा गर्दै ती अनन्यभक्तहरूले आफ्ना कुल र पृथिवीलाई पवित्र पार्दछन् ।

६९. **तीर्थीकुर्वन्ति तीर्थानि सुकर्मीकुर्वन्ति कर्माणि सच्छास्त्रीकुर्वन्ति शास्त्राणि ।**
त्यस्ता भक्तले तीर्थलाई सुतीर्थ, कर्मलाई सुकर्म र शास्त्रलाई सत्शास्त्र बनाउँदछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

७०. **तन्मयाः ।**

किनभने ती भक्तहरू परमेश्वरमय छन् ।

७१. **मोदन्ते पितरो नृत्यन्ति देवताः सनाथा चेयं भूर्भवति ।**

ती भक्तका कारण पितृ प्रसन्न हुन्छन्, देवता नाच्दछन् र यी पृथिवी सनाथ हुन्छिन् ।

७२. **नास्ति तेषु जातिविद्यारूपकुलधनक्रियादिभेद : ।**

ती भक्तहरूमा जाति, विद्या, रूप, कुल, धन एवं क्रियाको भेद हुँदैन ।

७३. **यतस्तदीयाः ।**

किनभने भक्तहरू सबै परमेश्वरकै हुन् ।

७४. **वादो नावलम्ब्यः ।**

भक्तले वाद-विवाद गर्नुहुँदैन ।

७५. **बाहुल्यावकाशादनियतत्वाच्च ।**

वादविवाद बढ्दै जाने हुन्छ र त्यहाँ अनिश्चितता पनि हुन्छ ।

७६. **भक्तिशास्त्राणि मननीयानि तदुद्बोधककर्माण्यपि करणीयानि ।**

भक्तिसम्बन्धी शास्त्रको मनन गर्दैरहनुपर्दछ र भक्तिको वृद्धि हुने कर्म पनि गर्नुपर्दछ ।

७७. **सुखदुःखेच्छालाभादित्यक्ते काले प्रतीक्ष्यमाणे क्षणार्द्धमपि व्यर्थं न नेयम् ।**

सुख, दुःख, इच्छा, लाभ आदि पूरै त्यक्त हुने समयको प्रतीक्षामा आधा क्षण पनि भजनविना व्यर्थ नजाओस् ।

७८. **अहिंसासत्यशौचदयास्तिक्यादिचारित्र्याणि परिपालनीयानि ।**

अहिंसा, सत्य, शौच, दया, आस्तिकता आदि सदाचारहरूलाई पूर्णतः पालन गर्नुपर्दछ ।

७९. **सर्वदा सर्वभावेन निश्चिन्तितैर्भगवानेव भजनीयः ।**

सर्वभावबाट निश्चिन्त भएर सधैं केवल भगवान्कै भजन गर्नुपर्दछ ।

८०. **स कीर्त्यमानः शीघ्रमेवाविर्भवति अनुभावयति च भक्तान् ।**

उहाँ (श्रीभगवान्), भजन गर्दा शीघ्र प्रकट हुनुहुन्छ र भक्तलाई आफ्नो अनुभव गराउनुहुन्छ ।

८१. **त्रिसत्यस्य भक्तिरेव गरीयसि भक्तिरेव गरीयसि ।**

त्रिसत्यरूप भगवान्को भक्ति नै श्रेष्ठ छ ।

८२. **गुणमाहात्म्यासक्तिरूपासक्तिपूजासक्तिस्मणासक्तिदास्यासक्तिसख्यासक्तिकान्ता-सक्तिवात्सल्या सक्तयात्मनिवेदनासक्तितन्मयतासक्ति परमविरहासक्तिरूपा**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

एकधाप्येकादशधा भवति ।

त्यो परम श्रेष्ठ प्रेमरूपा भक्ति एकै प्रकारको भए पनि १. गुणमाहात्म्यासक्त, २. रूपासक्ति, ३. पूजासक्ति, ४. स्मराणासक्ति, ५. दास्यासक्ति, ६. सख्यासक्ति, ७. कान्तासक्ति, ८. वात्सल्यासक्ति, ९. आत्मनिवेदनासक्ति, १०. तन्मयासक्ति तथा ११. परमविरहासक्तिरूपले एघार प्रकारको हुन्छ ।

८३. **इत्येवं वदन्ति जनजल्पनिर्भया एकमताः कुमारव्यासशुकशाण्डिल्य-गर्गविष्णुकौण्डिन्यशेषोद्धवारुणिबलिहनुमद्विभीषणादयो भक्त्याचार्याः ।**

सनत्कुमार, वेदव्यास, शुकदेव, शाण्डिल्यगर्ग, विष्णु कौण्डिण्य, शेष, उद्धव, आरुणि, बलि, हनूमान्, विभीषण आदि भक्तितत्त्वका आचार्यहरू मान्छेका भनाईबाट निर्भय भई एकमत भएर भक्ति नै श्रेष्ठतम हुन् भन्दछन् ।

८४. **इ इदं नारदप्रोक्तं शिवानुशासनं विश्वसिति श्रद्धते, स भक्तिमान् भवति, स प्रेष्ठं लभते स प्रेष्ठं लभते । इति ।**

नारदबाट उत्तम ढङ्गले भनिएको र शिवको अनुशासनको यस भक्ति-तत्वमा जो विश्वास एवं श्रद्धा गर्दछ, त्यो भक्तिमान हुन्छ तथा त्यसले प्रियतमलाई पाउँदछ, प्रियतमलाई अवश्य पाउँदछ ।

हरिःॐ तत्सत् ।

* * *

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

५

शाण्डिल्यभक्तिसूत्र

(स्वप्नेश्वरको भाष्य एवं नारायण तीर्थको भक्ति चन्द्रिकामा मुख्यत: यो भावार्थ आधारित छ। भावार्थपछि श्रुति, स्मृति र अन्य शास्त्रीय वचनका सन्दर्भ-सङ्केतद्वारा यथामति अर्थ स्पष्ट पार्ने प्रयत्न गरिएको छ।)

प्रथमाध्याय : प्रथमाह्निकम्

१. **अथातो भक्तिजिज्ञासा।**

अब यहाँदेखि भक्तिबारे जिज्ञासा गरौँ।

२. **सा परानुरक्तिरीश्वरे।**

श्रीभगवान्मा (ब्रह्ममा)अनन्य अनुराग पराभक्ति हो। अनुरागको अर्थ यसरी गरिएको छ :- 'सुखानुशयी राग : (*पातञ्जलयोगसूत्र,* २।७) अर्थात् सुखभोगपछि त्यसको चाहना राग (अनुराग) हो।

३. **तत्संस्थस्यामृतत्वोपदेशात्।**

श्रीभगवान्मा (ब्रह्ममा) अनन्य अनुराग हुँदा अमृतत्त्व अर्थात् भगवत्प्राप्ति हुन्छ भनी बताइएको छ। जस्तै:- 'ब्रह्मसंस्थोऽमृतत्वमेति।' (*छान्दोग्योऽपनिषद्,* २।२३।१) अर्थात् ब्रह्मा राम्ररी स्थित अर्थात् अनुरागयुक्त भएर रहेकाले अमृतत्त्व प्राप्त गर्दछ।

४. **ज्ञानमिति चेन्न द्विषतोऽपि ज्ञानस्य तदसंस्थितेः।**

श्रीभगवान्सित द्वेष राख्नेहरूको ज्ञान भक्ति बेगरको ज्ञान हुँदा भगवन्निष्ठ अनुराग नभएको त्यस्तो ज्ञानलाई अनन्य अनुराग मानिदैन। भगवन्निष्ठ अनुराग अर्थात् पराभक्तिको प्राप्ति चाहिँ मुक्ति हो। त्यसैले यसो भनिएको हो :- 'तन्निष्ठस्य मोक्षोऽपदेशात्' (*ब्रह्मसूत्र,* १।१।७) अर्थात् ब्रह्ममा राम्ररी स्थित रहेकालाई नै मोक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(मुक्ति) मिल्दछ ।

५. **तयोपक्षयाच्च ।**

भक्तिद्वारा ज्ञान पनि ओझेलमा पर्दछ । त्यसैले त भनिएको :-

'पुरुष: स पर: पार्थ भक्तया लभ्यस्त्वनन्यया' (*श्रीमद्भगवद्गीता,* ८।२२) अर्थात् हे पार्थ ! ती परम पुरुष (श्रीभगवान्) अनन्य भक्तिद्वारा मात्र प्राप्य छन् ।

६. **द्वेषप्रतिपक्षभावाद्रसशब्दाच्च रागः ।**

रागशब्द बनेको छ– द्वेषको उल्टो भावबाट र रसशब्दबाट । रसको अर्थ श्रुतिबाट यसरी भएको छ:- 'रसो वै स: । रसं ह्येवायं लब्ध्वानन्दी भवति' (*तैत्तिरीयोऽपनिषद्* २।७) अर्थात् त्यो जीव रस हो र रस (पराभक्ति) पाएर नै आनन्दवान् हुन्छ ।

७. **न क्रियाकृत्यनपेक्षणाज्ज्ञानवत् ।**

ज्ञानले झैँ भक्तिले पनि नित्य नैमित्तिक कर्मको अपेक्षा नगरेको हुनाले भक्ति क्रिया होइन, अहैतुकी (अनिवार्य कारण नहुने) भएकाले ज्ञान झैँ भक्ति प्रयत्नसाध्य मात्र पनि होइन ।

८. **अत एव फलानन्त्यम् ।**

त्यसैले भक्तिबाट प्राप्त हुने नि:श्रेयस् फल अनन्त छ, अक्षय छ । तर 'तद्यथेह कर्मजितोलोक:क्षीयते एवमेवामुत्र पुण्यजितोलोक: क्षीयते अर्थात्' (*छान्दोग्योऽपनिषद्,* ८।१।६) लौकिक एवं वैदिक कर्मको फलको क्षय हुन्छ ।

९. **तद्वतः प्रपत्तिशब्दाच्च न ज्ञानमितरप्रपत्तिवत् ।**

ज्ञानवान्को ज्ञान भक्तिबाट खुल्दछ, श्रीभगवान्मा शरणागत नभई अरू प्राप्ति झैँ, पराभक्ति प्राप्त हुँदैन । हेरौं :-

'बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।' (*गीता* ७।१९) अर्थात् धेरै जन्महरू पछि ज्ञानवान् ममा (श्रीभगवान्मा) शरणागत हुन्छ । ज्ञानीले पराभक्ति पाउँदछ ।

प्रथमाध्याय : द्वितीयाह्निकम्

१०. **सा मुख्येतरापेक्षितत्वात् ।**

गौणी भक्ति, ज्ञान एवं योग आदि पराभक्तिमा आश्रित रहेकाले श्रीभगवान्मा अनन्य अनुरागरूपा पराभक्ति नै मुख्य हुन् । कुनै पनि तुलनाले गर्ने अपेक्षाभन्दा परमा-विशालतमा-पूर्णा अमृतरूपा, विज्ञानमयी शाश्वत चैतन्य एवं आत्मानन्दरूपा छन् भक्ति । ज्ञान एवं कर्मयोगनिष्ठ श्रद्धालुले कृति (इन्द्रिय संयम एवं चित्तको एकाग्रता) द्वारा मुख्यत: भगवत्कृपाबाट नै उहाँ भूमाको भाव-भक्ति-प्राप्त गर्दछ । साम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding:

श्रुतिको यो कथन छ :– 'यो वै भूमा तत्सुखम्' (*छान्दोग्योऽपनिषद्*, ७।२३।१) अर्थात् परम विशालता नै आनन्द हो ।

११. प्रकरणात् ।

यस प्रकरणबाट के बुझिन्छ भने पराभक्ति आत्मानन्द फल भएकी छन् । ती स्वयं आनन्दरूपा, स्वयं फलरूपा (अन्तिम प्राप्य, साधन होइन) हुन् । (स्वप्नेश्वर-भाष्यमा 'प्रकरणाच्च' भन्ने सूत्र छ ।)

१२. दर्शनफलमिति चेन्न तेन व्यवधानात् ।

भक्तिबाट भगवान्को दर्शनफल मात्र पाइने होइन, त्यसले-दर्शनफलले-व्यवधान भेद (श्रीभगवान् एवं भक्तका बीच छेकवार रहेको कुरा) दर्शाउँछ, अनन्य भक्तिबाट श्रीभगवान् एवं उहाँका भक्तका बीचमा भेद रहँदैन, भक्त भगवद्मय हुन्छ ।

१३. दृष्टत्वाच्च ।

ज्ञानद्वारा भगवद्दर्शन भए पनि आत्माराम-आत्मानन्दरूप हुन ज्ञानले मात्र पुग्दैन, ज्ञानले भक्तिमा निर्भर हुनैपर्दछ ।

१४. अत एव तद्भावाद्वल्लवीनाम् ।

भक्ति निरपेक्षा, अहैतुकी एवं अनन्तफलयुक्ता भएकीले ज्ञान आदि भक्तिका अनिवार्य अङ्ग होइनन् । त्यसैले सबैका अन्तर्यामी श्रीभगवान्प्रतिको अनन्य प्रेमभावमात्रबाट गोपीप्रभृतिलाई भगवद्प्राप्तिरूप आत्मारामको अवस्था प्राप्त भयो ।

१५. भक्त्या जानातीति चेन्नभिज्ञप्त्या साहाय्यात् ।

पराभक्ति प्राप्त हुनुअघि ज्ञानद्वारा श्रीभगवान्मा अनन्य अनुरागरूपा (प्रेमरूपा) आत्मारामको अनुभूति नहुने भएकाले भक्तिद्वारा ज्ञान प्राप्त हुन्छ भन्ने कुरा होइन । (भक्ति चन्द्रिकामा 'अभिज्ञप्त्या' भन्ने शब्दको सट्टा 'अभिज्ञया' भन्ने शब्द छ ।)

१६. प्रागुक्तं च । यो कुरा पहिले पनि भनिएकै छ ।

ज्ञानीले पराभक्ति पाउँदछ र, यो बाहेक आश्रय-योग्य अर्को बाटो छैन भनिएको छः– 'नान्यः पन्था विद्यतेऽयनाय' (*शुक्लयजुर्वेद*, ३१।१८) । त्यस्तै, 'ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति । समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम्' (*गीता*, १८।५४) अर्थात् ज्ञानद्वारा ब्रह्मभावमा पुगेको आत्माराम-स्वयं प्रसन्न-व्यक्ति केही शोच गर्दैन र केही चाहँदैन, अस्तित्वका सबै वस्तुमा समभाव राख्नेले मेरो पराभक्ति प्राप्त गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

१७. एतेन विकल्पोऽपि प्रत्युक्त :।

यसबाट, कि भक्ति कि ज्ञान भन्ने विकल्पको पनि जबाफ भयो। आत्मानन्द– आत्माराम हुन् पराभक्तिको अनिवार्यता स्पष्ट छ।

१८. देवभक्तिरितरस्मिन् साहचर्यात्।

गुरुको भक्ति एवं हनूमान् आदि पार्षद्हरूमा भक्ति आदि पराभक्ति (श्रीभगवान्प्रतिको अनन्य भक्ति) को प्रतियोगी होइन, सहचारी मात्र हुन्। यो कुरा यसरी भनिएको छ– 'यस्य देवे पराभक्तिर्यथा देवे तथा गुरौ। तस्यैते कथिता ह्यर्था: प्रकाशन्ते महात्मन :' *(श्वेताश्वतरोऽपनिषद्,* ६।३३) अर्थात् श्रीभगवानमा परा भक्ति भए जस्तै गुरु एवं अरू देवहरूमा पनि भक्ति राख्नेलाई यी ज्ञानका कुरा खुल्दछन्।

१९. भक्ति: प्रमेया श्रुतिभ्य:। श्रुतिहरूद्वारा भक्तिका विधाहरूको विवेचना हुन्छ।

साधन भक्तिबारे श्रुति :-

'य: पूर्व्याय वेधसे नवीयसे सुमज्जानये विष्णवे ददाशति। यो जातमस्य महतोमहि ब्रवत् सेदु श्रवोभिर्युज्यं चिदभ्यसत्' (ऋग्वेद, १।१५६।२)। –य: मर्त्य: पूर्व्याय पूर्वकालीनाय नित्याय वेधसे विविधजगत्कर्त्रे नवीयसे नित्यनूतनाय अत्यन्तरमणीयाय स्तुत्याय सुमत् जानये स्वयमेव उत्पन्नाय– 'सुमत् स्वयमित्यर्थ:, निरुक्त, ६।२२, अथवा सुतरां मादयतीति सुमत्– तादृशी जाया यस्य स:- तस्मै सर्वजगन्मादनशीलश्रीपतये (वहुव्रीहौ 'जायाया निङ्' पाणिनिसूत्र, ५।४।१३४, निङादेश: समासान्त:, वलिलोप:) विष्णवे ददाशति हविरादिकं ददाति, किञ्च अस्य विष्णो: महत: महानुभावस्य महि महत् जातं जन्मोत्पत्तिं हिरण्यगर्भादिरूपं जन्म ब्रवत् ब्रूयात् (ब्रवीते: लेटि अडागम:) सङ्कीर्तयेत्, सेदु (उ अप्यर्थे) सोऽपि दाता स्तोता च श्रवोभि: अन्नै: कीर्तिभि:वा युक्त: सन् युज्यं चित् सर्वै: गन्तव्यं एव तत्पदं अभि असत् आभिमुख्येन गच्छति प्राप्नोति।

भावार्थ: जो मनुष्य नित्य, जगत्कर्ता, नवीन, श्रीपति श्रीविष्णुलाई हवि अर्पण गर्दछन् र इनको जन्मोत्पत्तिको कीर्तन गर्दछन्, ती व्यक्ति नै कीर्तिमान् भएर इनको सायुज्य प्राप्त गर्दछन्।

त्यसैगरी– 'तमु स्तोतार: पूर्व्यं यथाविद ऋतस्य गर्भं जनुषा पिपर्तन। आस्य जानन्तो नाम चिद्विवक्तन महस्ते विष्णो सुमतिं भजामहे।' (ऋग्वेद, १।१५६।३। हे स्तोतार :, तं उ तं एव विष्णुं पूर्व्यं पूर्वार्हं अनादिसंसिद्धं ऋतस्य यज्ञस्य गर्भं गर्भभूतं यज्ञात्मना उत्पन्नं– 'यज्ञो वै विष्णु :' (शतपथब्राह्मण,)। १।१।२।१३)– विष्णुं यथा विद जानीथ तथा जनुषा जन्मना स्वत: एव न केनचित् वरलाभादिना- पिपर्तन स्तोत्रादिना प्रीणयत- यावत् अस्य महात्म्यं जानीथ तावत्- (विदे:लटि मध्यमाबहुवचनं), किञ्च अस्य विष्णो:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

नाम चित् सर्वैः नमनीयं अभिधानं सार्वात्म्यप्रतिपादकं 'विष्णुः' इति एतन्नाम जानन्तः पुरुषार्थप्रदं इति अधिगच्छन्तः आ समन्तात् विवक्तन वदत सङ्कीर्तयत (वचेः लेटिच्छान्दसः शपश्लुः, बहुलं छन्दसीति अभ्यासस्य इत्वं, तनादेशः), अथ प्रत्यक्षं- हे विष्णो, सर्वात्मक, देव, महः महतः ते सुमतिं सुष्टुतिं भजामहे सेवामहे वयम् ।

भावार्थः– हे स्तोताहो ! प्राचीन, यज्ञगर्भ श्रीविष्णुबारे जाने जति स्तुति स्वतः- निष्कामभावले- गरेर उनलाई रिझाऊ, उनको सर्वात्मयामी नाम जानेर कीर्तन गर, अब प्रत्यक्ष-हे सर्वात्मा विष्णु ! हामी यजमान महान् तिम्रो स्तुति गर्दछौं ।

श्रवण एवं कीर्तनबारे श्रुति :-

'वि चक्रमे पृथिवीमेष एतां क्षेत्राय विष्णुर्मनुषे दशस्यन् । ध्रुवासो अस्य कीरयो जनास उरुक्षितिं सुजनिमा चकार' *(ऋग्वेद. ७।१००।४)।- एषः देवः विष्णुः पृथिवीं पृथिव्यादीन् इमान् त्रीन् लोकान् क्षेत्राय निवासार्थं मनुषे स्तुवते देवगणाय दशस्यन् असुरेभ्यः अपहृत्य प्र दास्यन् वि चक्रमे विक्रान्तवान्, अस्य च विष्णोः कीरयः स्तोतारः जनासः ध्रुवासः भवन्ति,- ऐहिकामुष्मिकयोः लाभेन स्थिराः भवन्तीत्यर्थः, सुजनिमा-शोभनानि जनिमानि कीर्तनस्मरणादिना सुखहेतु भूतानि जन्मानि यस्य-तादृशः विष्णुः उरुक्षितिं विस्तीर्णनिवासं चकार स्तोतृभ्यः करोति ।* **भावार्थ :-** श्रीविष्णुदेवले असुरहरूबाट खोसेर आफ्ना भक्त देवगणलाई निवासस्थान प्रदान गर्न तीनै लोकलाई पादविक्षेप गरे, श्रीविष्णुका स्तोता इहलोक एवं परलोकको अभीष्ट पाएर निश्चल हुन्छन्, भक्तलाई सुख प्रदान गर्ने सुजन्मा श्रीविष्णुले स्तोताका लागि विशाल निवास स्थान बनाएका छन् ।

पाद सेवनबारे श्रुतिः–

'यस्य त्री पूर्णा मधुना पदान्यक्षीयमाणा स्वधया मदन्ति । य उ त्रिधातु पृथिवीमुत द्यामेको दाधार भुवनानि विश्वा ।' *(ऋग्वेद, १।१५४।४) ।*

यस्य विष्णोः मधुना दिव्येन अमृतेन पूर्णा त्री त्रीणि पदानि अक्षीयमाणा अक्षीयमाणानि स्वधया अन्नेन अभीष्टेन वा मदन्ति तदाश्रितजनान् मादयन्ति, यः उ एव पृथिवीं द्यां उत अन्तरिक्षं च विश्वा भुवनानि त्रिधातु- त्रयाणां धातूनां समाहार :- त्रिधातु-पृथिवी, अप्, तेजोरूपधातुत्रयविशिष्टं यथा भवति तथा दाधार समाधृतवान् उत्पादितवान् (तुजादित्वात् अभ्यासस्य दीर्घत्वं) अथवा त्रिधातु कालत्रयं गुणत्रयं वा दाधार इत्यन्वयः ।

भावार्थः– श्रीविष्णुका अमृतपूर्ण, क्षीणतारहित तीन चरणले भक्तहरूलाई अभीष्ट प्रदान गरेर प्रसन्न पार्दछन्, श्रीविष्णुले एक्लै तीनै लोकलाई त्रिकाल अथवा त्रिगुणरूपले धारण गर्दछन् ।

पूजन एवं परिचरणबारे श्रुतिः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

'नू मर्तो दयते सनिष्यन् यो विष्णवे उरुगायाय दाशत् प्र यः सत्राचा मनसा यजात एतावन्तं नर्यमाविवासात्' *(ऋग्वेद, ७।१००।१)* ।

-स मर्तः सनिष्यन् धनं इच्छन् नु क्षिप्रं दयते धनं आदत्ते- (दयतिः आङ्पूर्वार्थे द्रष्टव्यः), यः मनुष्य उरुगायाय बहुभिः कीर्तनीयाय विष्णवे दाशत् हवींषि दद्यात्, यश्च सत्राचा सह-अञ्चता मनसा मननेन स्तोत्रेण प्र यजाते प्रपूजयेत्, एतावन्तं एतावत्परिमाणं महान्तं नर्यं नरेभ्यःहितं विष्णुं आविवासात् नमस्कारादिभिः परिचरेत्- स मर्तः दयते इत्यन्वयः, वा- सनिष्यन् इति सनतेः लाभार्थस्य लृटि रूपं- स मर्तः सनिष्यन् धनादीनि लप्स्यमानः भवन् एव हविरादिकं नु क्षिप्रं एव दयते विष्णवे ददातीति योज्यम् ।

भावार्थः धेरैका प्रशंसनीय श्रीविष्णुलाई हव्य चढाउने, मन लगाएर गरिने मानसिक स्तुतिद्वारा श्रीविष्णुको अर्चना गर्ने र यस्ता मानव-हितकारी श्रीविष्णुलाई नमस्कार आदिद्वारा सेवा गर्ने मनुष्यले अभीष्ट फल शीघ्र पाउँदछ ।

दास्यभावबारे श्रुतिः-

'त्रिर्देवः पृथिवीमेष एतां वि चक्रमे शतर्चसं महित्त्वा । प्रविष्णुरस्तु तवसस्तवीयान् त्वेषं ह्यस्य स्थविरस्य नाम । (ऋग्वेद, ७।१००।३) ।

-एषः देवः दानादिगुणयुक्तः विष्णुः शतर्चसं- शतसंख्यानि अर्चींषि यस्याः- एतां पृथिवीं- उपलक्षणमेतत्- पृथिव्यादीन् त्रीन् लोकान् महित्त्वा महत्त्वेन त्रिः विचक्रमे त्रिभिः पादैः विक्रान्तवान्, तवसः तवस्विनः वृद्धात् अपि तवीयान् तपस्वितरः विष्णुः प्र अस्तु अस्माकं प्रभवतु, अस्य स्थविरस्य वृद्धस्य विष्णोः नाम नामकं रूपं विष्णुः इति एतत् नाम एव वा त्वेषं हि यस्मात् दीप्तं तस्मात् कारणात् स विष्णुः प्रभवतु इत्यर्थः ।

भावार्थ :- श्रीविष्णुले सैयौं ज्योतियुक्त त्रिलोकलाई महत्ताका साथ तीन पाउले नाघे । शक्तिशालीमध्येका अति शक्तिशाली श्रीविष्णु हाम्रा स्वामी हऊन्, पूर्णरूप श्रीविष्णुदेवको नाम नै प्रदीप्त छ, ती हाम्रा सबथोक होऊन् ।

चरणोदक ग्रहण एवं सखिभावबारे श्रुति :-

'तदस्य प्रियमभि पाथो अश्यां नरो यत्र देवयवो मदन्ति/उरुक्रमस्य स हि बन्धुरित्था विष्णोःपदे परमे मध्व उत्सः' *(ऋग्वेद. १।१५४।५)* ।

-अस्य महतः विष्णोः प्रियं पाथः- 'अन्तरिक्षनामैतत्, निरुक्त, ६।७' अविनश्वरं ब्रह्मलोकं अश्यां व्याप्नुयां, यत्र स्थाने देवयवः देवं विष्णुं आत्मनः इच्छन्तः यज्ञदानादिभिः प्राप्तुं इच्छन्तः नरः मनुष्याः मदन्ति तृप्तिं अनुभवन्ति- तत् अश्यां इत्यन्वयः, उरुक्रमस्य अत्यधिकं सर्वं जगत् आक्रममाणस्य तत् तदात्मना अतः एव विष्णोःव्यापकस्य परमेश्वरस्य परमे उत्कृष्टे निरतिशये केवलसुखात्मके पदे स्थाने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

चरणे वा मध्वः मधुरस्य उत्सः निष्यन्दः वर्तते- तत् अश्यां, यत्र क्षुत्तृष्णाजरामरणपुनरावृत्त्यादिभयं नास्ति, सङ्कल्पमात्रेण अमृतकुल्यादिभोगाः प्राप्यन्ते- तादृशं इत्यर्थः, ततः अधिकं नास्ति इति आह- इत्था इत्थं उक्तप्रकारेण स हि बन्धुः स खलु सर्वेषां सुकृतिनां बन्धुभूतः हितकरः, तस्य पदं प्राप्तवतां न पुनरावृत्तेः, न च पुनरावर्तते इति श्रुतेः तस्य बन्धुत्वं हि शब्दः सर्वश्रुतिस्मृतिपुराणादिप्रसिद्धिद्योतनार्थः ।

भावार्थः श्रीविष्णुसित सायुज्य मोक्ष चाहनेहरू- भक्तहरू यी महान् श्रीविष्णुको प्रिय अविनाशी लोक– पाएर आनन्दित हुन्छन्, श्रीविष्णु सबैका बन्धु हुन्, उनको पाउमा- परम पदमा- अमृतको झरना छ । (म त्यो चरणोदक पाऊँ) ।

सामान्य सेवाबारे श्रुति :-

'प्र विष्णवे शूषमेतु मन्म गिरिक्षित उरुगायाय वृष्णे । य इदं दीर्घं प्रयतं सधस्थमेको विममे त्रिभिरित्पदेभिः' (ऋग्वेद, १।१५४।३) ।

– *विष्णवे शूषं अस्मत्कृत्यादिजन्यं बलं महत्त्वं मन्म मननं स्तोत्रं मननीयं शूषं बलं वा विष्णुं एतु प्राप्नोतु (कर्मणः संप्रदानत्वात् चतुर्थी), कीट्टशाय- गिरिक्षिते वाचि वा गिरिवत् उन्नतप्रदेशे वा तिष्ठते उरुगायाय बहुभिः गीयमानाय वृष्णे वर्षित्रे कामानां, कोऽस्य विशेषः- यः विष्णुः इदं प्रसिद्धं दृश्यमानं दीर्घं अतिविस्तृतं प्रयतं नियतं सधस्थं सहस्थानं लोकत्रयं एकः इत् एव अद्वितीयः सन् त्रिभिः पदेभिः पादैः विममे विशेषेण निर्मितवान् ।*

भावार्थः– मन्त्रस्तुतिमा रहने, धेरैका स्तुत्य, अभीष्ट दाता श्रीविष्णुका लागि हाम्रा हार्दिक स्तुति पुगून्, श्रीविष्णुले एक्लै तीन पाइलाद्वारा यो समग्र विस्तृत विश्वलाई नापे र विशेषरूपले निर्माण गरे ।

आत्मविवदेनबारे श्रुति :-

'यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्च प्रहिणोति तस्मै । तं ह देवमात्मबुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये' (*श्वेताश्वतरोऽपनिषद्* , ६।१८) ।

भावार्थ :– पहिले ब्रह्मालाई सृष्टि गरेर उनलाई वेदार्थ ज्ञान दिने तथा आत्मज्ञान प्रदाता श्रीभगवान्मा मुक्ति चाहने म शरणागत हुन्छु । (*स्वप्नेश्वर-भाष्यमा* १९, २० र २१ सूत्रहरू छैनन् ।) माथिको संस्कृत भाष्य सायणको भाष्यबाट लिइएको हो ।

२०. **पुराणेतिहासाभ्याञ्चेति ।**

पुराण- *श्रीमद्भागवत् महापुराण, विष्णुपुराण* आदि, इतिहास-महाभारत आदि तथा ('च' शब्दको प्रयोग भएकाले) अन्य आगम, स्मृतिहरू समेतका शास्त्रहरूले भक्तिका विधाहरूबारे विवेचना गरेका छन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

'श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् । अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ।' (*श्रीमद्भागवत,* ७।५।२३) । **भावार्थः–** श्रीविष्णुको नाम श्रवण, कीर्तन, स्मरण, पाउको सेवा, पूजा, वन्दना, दास्य, सखिभाव एवं आत्मनिवेदन यी नौ साधन भक्ति हुन् । अनि,

'तस्मादेकेन मनसा भगवान्सात्वतां पतिः। श्रोतव्यः कीर्तितव्यश्च ध्येयः पूज्यश्च सर्वदा' (*श्रीमद्भागवत,* १।२।१४) । **भावार्थः** त्यसैले एक मन भएर श्रीभगवान्को कथाश्रवण, नामकीर्तन, स्वरूपको ध्यान, तथा श्रीविग्रहको पूजा सधैँ गर्नुपर्दछ । *श्रीमद्भगवद्गीता* सर्वोपरि रहेको तथ्य यसरी स्पष्ट हुन्छ :– '*गीता* सुगीता कर्तव्या किमन्यैःशास्त्रविस्तरैः । या स्वयं पद्मनाभस्य मुखपद्माद् विनिःसृता ।' तथा- '*सर्वोपनिषदो* गावो दोग्धा गोपालनन्दनः । पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत्' (*गीतामाहात्म्यम्*) ।

यस सम्बन्धमा समस्त भक्तिसाहित्य नै मार्गदर्शक छ ।

२१. **पृथुध्रुवप्रह्लादाम्बरीषशुकसनकनारदभजनाचाराच्च ।**

पृथु, ध्रुव, प्रह्लाद, अम्वरीष, शुक, सनक र नारदहरू जस्ता भक्तहरूका भजनकर्मका उदाहरणद्वारा पनि भक्तिका विभिन्न विधाको विश्लेषण हुन्छ ।

२२. **योगस्तूभयार्थमपेक्षणात् प्रयाजवत् ।**

ज्ञान एवं भक्ति दुवैका लागि योग अनिवार्य अङ्ग होइन । तर, प्रासङ्गिक आराधना र योग सहयोगी हुन्छन्– जस्तै वाजपेय यज्ञमा प्रयाज । चित्तवृत्तिलाई समाहित गर्न (मन संगाल्न) योगबाट सहायता लिई युक्तात्मा हुनुपर्दछ ।

२३. **गौण्या तु समाधिसिद्धिः ।**

गौणी भक्ति (भजन, कीर्तन, ध्यान आदि) द्वारा समाधिसिद्धि हुने भएकाले भगवद्मय हुन सहयोग मिल्दछ । जस्तै– 'तस्य वाचकः प्रणवः । तज्जपस्तदर्थभावनम्' (*पातञ्जल योगसूत्र,* १।२७,२८) समाधिसिद्धिका लागि ॐ को जप एवं त्यसको अर्थरूप श्रीभगवान्को भावलाई मात्र बराबर चिन्तन गर्नुपर्दछ। योगको यो ईश्वर प्रणिधान पराभक्तिको सहयोगी-गौणी भक्ति हो ।

२४. **हेया रागत्वादिति चेन्नोत्तमास्पदत्वात् सङ्गवत् ।**

सङ्ग त्याज्य भए पनि उत्तम स्थानको संगत-सत्सङ्ग- उत्तम भए जस्तै राग (आसक्ति) हेय (हेला गरिनुपर्ने) भए तापनि श्रीभगवान्प्रतिको अनुराग उत्तम हुन्छ, वरेण्य हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

२५. **तदेव कर्मिज्ञानियोगिभ्य आधिक्यशब्दात् ।**
कर्म, ज्ञान एवं योगका उपासकभन्दा भक्तहरू प्रति अधिक शब्द प्रयोग भएकाले भक्ति आदरणीय छिन् ।

२६. **प्रश्ननिरूपणाभ्यामाधिक्यसिद्धेः ।**
युक्तियुक्त प्रश्नोत्तरद्वारा भक्तिको श्रेष्ठता सिद्ध छ । जस्तैः- सामवेदीय तवल्कार शाखाअन्तर्गतको *छान्दोग्योऽपनिषद्*को सातौँ अध्यायका सवै खण्डहरूमा रहेका प्रश्नोत्तरहरूले आधिक्य वताएका छन् । उदाहरणरूपमा प्रस्तुत छ– देवर्षि नारदको प्रश्न- 'श्रुतं ह्येव मे भगवद्दृशेभ्यस्तरति शोकमात्मवित्' (*छा.उ.* ७।१।३) हजुरहरू जस्तावाट मैले सुनेको कुरा– आत्मज्ञानी भक्तले शोक पार गर्दछ– ठीक हो ? सनत्कुमारको उत्तर छ– ठीक हो– 'स वा एष एवं पश्यन्नेवं मन्वान एवं विजानन्नात्मरतिरात्मक्रीड आत्ममिथुन आत्मानन्दः स स्वराड् भवति ।' यस्तो पूर्ण आत्मा देख्दै, मनन गर्दै, विशेषरूपले जान्दै, आत्मामा नै रमाउने, खेल्ने, आत्मामा नै द्वन्द्वसुख लिने भक्त आत्माराम भएर स्वयं प्रकाशित हुन्छ (*छा.उ.* ७२५।३) । साथै, *छान्दोग्योऽपनिषद्*को तेस्रो अध्यायको चौधौँ खण्ड- शाण्डिल्यविद्या- मननीय छ । यस सन्दर्भमा *श्रीमद्भगवद्गीता*को १२ अध्याय सम्पूर्ण नै गहिरिएर अध्ययन गर्नु आवश्यक छ ।

२७. **नैव श्रद्धा तु साधारण्यात् ।**
ज्ञान, योग, कर्म र भक्ति-सवैमा श्रद्धा साझा रहेकाले श्रद्धा नै मात्र पनि भक्ति होइन । श्रद्धाका साथ भक्ति हुन्छ र त्यस्तै श्रद्धाका साथ ज्ञानप्राप्ति हुन्छ । श्रद्धाका साथ योग एवं कर्म गरिन्छन् ।

२८. **तस्यां तत्त्वे चानवस्थानात् ।**
श्रद्धामा मुख्यतत्त्वको अपेक्षा रहेकाले पनि श्रद्धा स्वयंमा मुख्य तत्त्व होइन ।

२९. **ब्रह्मकाण्डं तु भक्तौ तस्यानुज्ञानाय सामान्यात् ।**
भगवत्कृपावाट ज्ञानवान्ले पराभक्ति पाउँदछ । ज्ञानका लागि आवश्यक पूर्वाधारको रूपमा ब्रह्मकाण्ड (ब्रह्मजिज्ञासा) रहेको छ । भक्तिमा पनि ब्रह्मकाण्ड सामान्यतया ग्राह्य छ । तर, ब्रह्म जिज्ञासा नै पनि भक्तिको अनिवार्य तत्त्व होइन । भक्ति निमित्त ब्रह्म जिज्ञासाको श्रवण, मनन एवं निदिध्यासन (निरन्तर चिन्तन) गर्नु उपयोगी हुन्छ ।

ब्रह्म जिज्ञासाका साथै ***श्रीमद्भगवद्गीता*मा विशेषतः द्वादश अध्यायमा** वर्णित धर्म, विशिष्ट धर्म तथा सामान्य धर्मको पालना गर्नुपर्दछ । सामान्य धर्म हो :–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

'अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः । दानं दमो दया क्षान्तिः सर्वेषां धर्मसाधनम् । अहिंसा- सबैप्रति कल्याण, सत्य, अरूको हक नलिनु, पवित्रता, इन्द्रियनिग्रह, दान, संयम दया एवं शान्तिको भाव- यी सबैका धर्म-साधन हुन् ।' (*याज्ञवल्क्यस्मृति,* १।१२२) ।

त्यस्तै :- इन्द्रियाणां निरोधेन रागद्वेषक्षयेण च । अहिंसया च भूतानाममृतत्वाय कल्पते । -इन्द्रिय वश पारेर, रागद्वेष नाश गरेर र सबै प्राणीप्रति अहिंसक भएर अमृतत्त्व (पराभक्ति) प्राप्तिको पात्र होइन्छ ।' (*मनुस्मृति,* ६।६०) ।

द्वितीयाध्याय : प्रथमाह्निकम्

३०. **बुद्धिहेतुप्रवृत्तिराविशुद्धेरवघातवत् ।**

ब्रह्म प्रतिपादन गर्ने बुद्धिका कारक ब्रह्म जिज्ञासा, सामान्य एवं विशिष्ट धर्मको पालन तथा ध्यान, भजन, कीर्तन आदि कर्मको अनुष्ठान, भक्तिमा निखार नआउञ्जेल, चामल सफा नभएसम्म ढिकी चलाइरहनुपरे झैं, गरिरहनुपर्दछ । **'आवृत्तिरसकृदुपदेशात्'** *(ब्रह्मसूत्र ४।१।१)* (श्रुतिमा यस निम्ति अनेक बार उपदेश गरिएको हुनाले उपासनालाई बराबर अभ्यास गर्नुपर्दछ ।)

३१. **तदङ्गानाञ्च ।**

ज्ञान, कर्म र योगादिका सँगसँगै तिनका अङ्गहरू– शान्ति, बाह्य इन्द्रियहरूको शमन, दान्ति (आन्तरिक तृष्णादमन), सबै चाहनाहरूबाट निर्मुक्ति एवं सुख-दुःख आदि द्वन्द्वहरूको सहन, जस्ता अङ्गहरूको पनि बराबर अभ्यास गर्नुपर्दछ । ...'शान्तो दान्त उपरतिस्तितिक्षुः समाहितो भूत्वात्मन्येवात्मानं पश्यति' '*वृहदारण्यकोपनिषद् ४।४।२३* (त्यस्तो पुरुष बाह्य इन्द्रिय व्यापारबाट हटेको, अन्तःकरणको तृष्णाबाट छुटेको, सम्पूर्ण चाहनाहरूबाट निर्मुक्त, सुखदुःखादि द्वन्द्व सहन गर्ने र एकाग्रताले रहने भएर कार्यकारण संघातरूप आफूमा नै अन्तर्वर्ती चेतनलाई देख्दछ ।)

३२. **तामैश्वर्यपदां काश्यपः परत्वात् ।**

ब्रह्म प्रतिपादन गर्ने र ऐश्वर्ययुक्ता निःश्रेयस् रूप फल दिने ती बुद्धिचाहिँ जीव र आत्माभन्दा फरक हुनाले भक्तिभन्दा फरक छन् भन्ने मत महर्षि कश्यपको छ । (स्वप्नेश्वरको भाष्यमा 'तामैश्वर्यपरां काश्यपः ।' भन्ने पाठ छ ।)

३३. **आत्मैकपदां बादरायणः ।**

महर्षि व्यासका विचारमा ती बुद्धिसित (ज्ञानयोगसित) आत्मनिष्ठ भक्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

एकरूपता छ ।

३४. **उभयपदां शाण्डिल्यः शब्दोपपत्तिभ्याम् ।**

शाण्डिल्यचाहिँ एकत्व एवं पृथकत्वका दुवै पदहरूलाई शब्द एवं युक्तिहरूले एकै निष्कर्षमा पुऱ्याउँछन् भनी ठहराउँदछन् ।

(स्वप्नेश्वरको भाष्यमा 'उभयपदां शाण्डिल्यः परत्वात्, भन्ने पाठ छ) भक्तिमा दर्शनशास्त्रहरूको समन्वय देखिन्छ निष्कर्षमा । 'ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते । एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम्' *(श्रीमदभगवद्गीता,* ९।१५।) 'पिवन्ति नामाविषमसंख्या ताः कुमारकाः । एकस्तु पिवते देवः स्वच्छन्देन वशानुगः' *(श्रीरामानुजाचार्यः मन्त्रिकोपनिषद् : ६)*

३५. **वैषम्यादसिद्धमिति चेन्न प्रत्यभिज्ञानवदवैशिष्ट्यात् ।**

वैषम्य (विषयनिरूपणमा अन्तर्विरोध) भएकाले अर्थात् अद्वैत, द्वैत, आदि वादहरूद्वारा यकिन गर्न नसकिएकाले विषयवस्तु प्रमाणित हुँदैन भन्न मिल्दैन, किनभने– विशिष्टता, खास फरक नदेखिँदा र त्यो त्यही नै हो भने जानकारी भएपछि शब्दहरूको अन्तर्विरोधको तात्विक अर्थ रहँदैन ।

(स्वप्नेश्वरको भाष्यमा 'वैषम्यादसिद्ध मिति चेन्नाभिज्ञानपद वैशिष्यात् ।' भन्ने पाठ छ ।) 'त्यो (पहिले वेग्लै स्वभाव एवं गुणको) त्यही (अहिले बदलिएको स्वभाव एवं गुण भएको) व्यक्ति हो' भनेर उसलाई चिनिएपछि अव स्वभाव एवं गुणको फरकलाई देखाएर शब्दद्वारा भेद गर्नु उचित छैन । त्यसैले-

सोहं दासोहमिति वा बुद्धिर्यस्य दृढामला ।
कर्मभिर्न स वध्येत अकर्तृत्वाच्च देववत् ।

३६. **न च क्लिष्टःपरः स्यादनन्तरं विशेषात् ।**

आफ्नै सृष्टिका उपाधिद्वारा परिभाषित भई श्रीभगवान् पनि जीवको एकात्म अथवा अन्तर्यामी भएकाले क्लेशयुक्त हुनुहुन्छ कि भन्ने कुरा ठीक होइन । उपाधिद्वारा उहाँमा आरोपित क्लेश नै वास्तविक छैन । नित्य, सर्वज्ञ तथा कर्मफलद्वारा न बाँधिने र कर्मफलमा स्पृहा नहुने भगवान्को विशेषता भएकाले उहाँमा क्लेश रहँदैन ।

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते । *(श्रीमदभगवद्गीता (४।१४)*

३७. **ऐश्वर्य तथेति चेन्न स्वभाव्यात् ।**

श्रीभगवान्लाई ऐश्वर्यद्वारा पनि परिभाषित गर्न सकिदैन, किनभने ऐश्वर्य वेग्लै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

नभएर श्रीभगवान्का पराशक्ति र स्वाभाविकी शक्ति – आगाको पोल्ने शक्ति जस्तै उहाँकै भाव हुन् । एकै हुन् ।

'परास्य शक्तिर्विविधैव श्रूयते स्वाभाविकी ज्ञानबल क्रिया च' *(श्वेताश्वतर. ६/८)* (भगवान्को ज्ञान-क्रिया एवं बलक्रिया सर्वोत्कृष्ट शक्ति स्वभावसिद्ध एवं अनेक प्रकारको सुनिन्छ । 'एकमेवाद्वितीयम्' *छान्दोग्योपनिषद् ६।२।१* (एक नै छ; दुई होइन) ।

३८. **अप्रतिषिद्धं परमैश्वर्यं तद्भावाच्च नैवमितरेषाम् ।**

श्रीभगवान्को नै भाव भएकाले उहाँका परम ऐश्वर्यमा भूत, भविष्य र वर्तमान तीनै कालमा बाधा पुग्दैन, तर अरूका ऐश्वर्य बारेमा भने त्यसो होइन ।

'... परं ज्योतिरूप संपद्य स्वेन रुपेणाभिनिष्पद्यते' *छान्दोग्य ८।३।४* (परम ज्योति भएर- आत्मस्थितिमा पुगेर आफ्ना रूपले सम्पन्न हुन्छ) । उहाँ त्रिकाल सत्य हुनुहुन्छ ।

३९. **सर्वानृते किमिति चेन्नैवं बुद्ध्यानन्त्यात् ।**

सबै जीव मुक्त भएका अवस्थामा श्रीभगवान्को ऐश्वर्यलाई प्रयोजन एवं स्वभाव जस्ता उपाधिद्वारा परिभाषित गर्न नसकिने भएकाले त्यस वेला ऐश्वर्यको अस्तित्व रहँदैन भनी भन्न पनि- जीवका बुद्धिहरू अनन्त भएकाले मिल्दैन ।

४०. **प्रकृत्यन्तरालादवैकार्यं चित्सत्त्वेनानुवर्तनात् ।**

श्रीभगवान्की जड एवं विकारशील स्वाभाविकी शक्ति तथा श्रीभगवान्का बीचको अन्तरालका कारण श्रीभगवान्मा विकार आउँदैन, किनभने चेतनत्वको स्वत:स्फुरणले प्रकृतिका कार्यलाई पछ्याएको हुन्छ। घडा बनाउने कुमाले र डण्डालाई उदाहरण दिन सकिन्छ ।

(स्वप्नेश्वरको भाष्यमा 'अनुवर्तनात्' को सट्टा 'अनुवर्तमानात्' भन्ने शब्द छ ।)

४१. **तत्प्रतिष्ठा गृहपीठवत् ।**

श्रीभगवान्मा विकार रहनु भनेको घरमा मानिस बस्दछ भने जस्तो हो । शाब्दिक अर्थमा घरमा कोही बसेको हुँदैन, आसनमा बसेको हुन्छ । सबै कुरा श्रीभगवान्मा आश्रित छन् भन्ने अर्थमा यो कुरा शाब्दिक मात्र छ ।

४२. **मिथोऽपेक्षणादुभयम् ।**

श्रीभगवान् एवं माया दुवै कारण हुन्। चेतन एवं अचेतनले आफ्ना ज्ञान एवं आफ्ना सामर्थ्यको प्रचलन निम्ति परस्परमा अपेक्षा गरेको हुन्छ ।

४३. **चेत्याचितोर्न तृतीयम् ।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

चेत्या (माया) र चित् (श्रीभगवान्)का बीच तेस्रो कुरा छैन ।

४४. **युक्तौ च सम्परायात् ।**

श्रीभगवान् एवं माया अर्थात् पुरुष एवं प्रकृति-अनादि एवं अनन्य छन् । प्रकृति पुरुषकी भाव वा अभिव्यक्ति हुन् ।

'प्रकृतिं पुरुषञ्चैव विद्ध्यनादी उभावपि' *(श्रीमद्भगवद्गीता १३।१९)* (प्रकृति एवं पुरुष दुवैलाई अनादि बुझे) ।

४५. **शक्तित्वान्नानृतं चेत्यम् ।**

ज्ञेय अर्थात् भगवान्की शक्ति भएकीले माया (प्रकृति) मिथ्या होइनन् । (स्वप्नेश्वरको भाष्यमा **'चेत्यम्'** को सट्टा **'वेद्यम्'** भन्ने शब्द छ ।) मायाको निवृत्तिका लागि श्रुतिको कथन छ– **भूयश्चान्ते विश्वमाया निवृत्तिः'** *श्वेताश्वतर.(१।१०)*

(वरावर तत्वभाववाट अन्तमा आत्मज्ञान हुनासाथ समस्त प्रपञ्चरूप मायाको निवृत्ति हुन्छ) ।

४६. **तत्परिशुद्धिस्तु गम्या लोकवल्लिङ्गेभ्यः ।**

भक्तिलाई परिपाक अवस्था कस्तो छ भनी जान्नका लागि सांसारिक अनुरागलाई सङ्केतद्वारा जानिए झैँ नै जानिने हो भनी अनुमान गरिन्छ ।

४७. **सम्मानबहुमानप्रीतिविरहेतरविचिकित्सामहिमख्यातितदर्थप्राणस्थानतदीयतासर्वंतद्भावा प्रातिकूल्यादीनि च स्मरणेभ्यो बाहुल्यात् ।** भक्ति-परिपाकको सङ्केतहरूवारे भक्ति साहित्यमा उल्लेख पाइन्छ । ती सङ्केत, भक्तका यी चेष्टाहरू हुन्– १. सम्मान, २. बहुमान, ३. प्रीति, ४. विरह, ५. अरू कुनै कुराप्रति अनिच्छा, ६. महिमाको कथन, उनका लागि जीवन दिने, ८. उनका लागि सवैमा उनकै भावना, ९. उनीप्रति कदापि प्रतिकूल नहुनु आदि ।

४८. **द्वेषादयस्तु नैवम् ।**

द्वेष, भय, छल जस्ता कुरा कदापि भक्तिबोधक हुँदैनन् ।

'न क्रोधो न च मात्सर्यं न लोभो नाशुभा मतिः ।

भवन्ति कृतपुण्यानां भक्तानां पुरुषोत्तमे' *श्रीविष्णुसहस्रनाम माहात्म्य, १३३*

४९. **तद्वाक्यशेषात् प्रादुर्भाविष्वपि सा ।**

यसबारेको वाक्य शेष रहेकाले– पूर्ण ब्रह्म श्रीभगवान्को पराभक्ति श्रीभगवान्का अवतारहरूको पनि पराभक्ति हुन्छ । अवतारहरू पूर्ण ब्रह्म नै हुन् ।

'ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवाव शिष्यते ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

(त्यो परब्रह्म पूर्ण छ, यो कार्य ब्रह्म पनि पूर्ण छ, किनभने– (पूर्ण) कार्यात्मक ब्रह्म पूर्णात् (कारणात्मक ब्रह्म)बाट प्रकट हुन्छ, त्यसैले कार्यात्मक ब्रह्मको पूर्णत्व लिएर शुद्ध ब्रह्म नै शेष रहन्छ)।

५०. **जन्मकर्मविदश्चाजन्मने शब्दात्।**

भगवान्का अवतार (जन्म, कर्म) जान्ने भक्तजनहरू अवश्य पनि जन्म नलिने हुन्छन् भन्ने कुरा भक्तिसम्बन्धी शास्त्रबाट बुझिन्छ।

(स्वप्नेश्वरको भाष्यमा *'अजन्मने शब्दात्'* को सट्टा *'अजन्मशब्दात्'* भन्ने छ।)

'जन्मकर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः। त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन' *श्रीमद्भगवद्गीता* ४।९ अर्थात् (हे अर्जुन। तत्वज्ञानका साथ मेरा दिव्य जन्म-अवतार एवं कर्महरूलाई जान्ने व्यक्ति शरीर छोडेपछि फेरि जन्मदैन, मलाई पाउँछ।

५१. **तच्च दिव्यं स्वशक्तिमात्रोद्भवात्।** श्रीभगवान् आफ्नै शक्तिद्वारा नै अवतार लिनुहुने भएकाले उहाँका जन्मकर्म दिव्य छन्।

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन्। प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया' *(श्रीमद्भगवदगीता* ४।६) अजन्मा, अविनाशी तथा सबै अस्तित्वको ईश्वर-नियन्ता- हुँदाहुँदै पनि आफ्नै प्रकृतिमा अधिष्ठित भएर आफ्नो योगमायाद्वारा प्रकट हुन्छु।'

५२. **मुख्यं तस्य हि कारुण्यम्।**

भगवान्को अवतारका मुख्य कारण, भक्तप्रतिको उहाँको करुणामयता तथा लीला हो।

'लोकवत्तु लीलाकैवल्यम्' *(ब्रह्मसूत्र* २।१।३३) श्रीभगवान्को अवतरण केवल लीला मात्र हो।

यद्यपि–

चिन्मयस्याद्वितीयस्य निष्कलस्याशरीरिणः। उपासकानां कार्यार्थं ब्रह्मणो रूपकल्पना'॥ (*रामपूर्वतापनी* १।१।७) अर्थात् चिन्मय, अद्वितीय, निष्कल, अशरीरी ब्रह्मको रूप-कल्पना उपासकहरूका लागि हो।

५३ **प्राणित्वान्न विभूतिषु।**

राजा आदि विभूतिहरूमा- **'नराणां च नराधिपः'** *(श्रीमद्भगवद्गीता १०।२७)* भनिए तापनि प्राणी भएका कारण तिनको भक्ति गर्दा मुक्ति मिल्दैन।

५४. **द्यूतराजसेवयोः प्रतिषेधाच्च।** 'द्यूतं छलयतामस्मि' *(श्रीमद्भगवद्गीता,* १०।३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

भनिए तापनि जुवाको खेलमा लट्ठ हुनु, व्यक्तिगत स्वार्थका लागि राजसेवा गर्नु जस्ता लौकिक व्यवहार भगवद्प्राप्तिमा सहयोगी नहुने भएकाले निषेधित पनि छन् ।

५५. **वासुदेवेऽपीति चेन्नाकारमात्रत्वात् ।**

वासुदेवमा पनि वृष्णीनां वासुदेवोऽस्मि' *(श्रीमद्भगवद्गीता १०।३७)* उहाँको मानुष शरीरभित्र जीव-प्राण रहेकाले उहाँप्रतिको भक्ति पनि पराभक्ति होइनन कि भन्नु हुँदैन, कारण वासुदेवको मानुष शरीर परब्रह्मको आकृति मात्र हो।

यदोर्वंशं नरः श्रुत्वा सर्वपापैः प्रमुच्यते ।

यत्रावतीर्णं विष्ण्वाख्यं परं ब्रह्म नराकृतिः ॥ *श्रीमद्भागवत* ९।२३।१९ । मानुष आकृतिमा विष्णुरूप परब्रह्म जहाँ अवतरित हुनुभयो, त्यो यदुवंशबारे श्रवण गर्ने मनुष्य सबै पापबाट मुक्त हुन्छ । **'अब जानन्ति मां मूढां मानुषीं तनुमाश्रितम्,** *(श्रीमदभगवदगीता)* ९।११ अर्थात् म मानुष शरीरमा रहेको छु भनी मलाई मूर्खहरूले अवज्ञा गर्दछन् ।

'एषोन्तरादित्ये हिरण्मयः, पुण्डरीकाक्षः' (*छान्दोग्य.*, १।६।६,७) । मन निर्मल भएकाले देखिने आदित्यमण्डलका बीचमा रहेका यी हिरण्मय पुरुष पुण्डरीकाक्ष हुन्, श्रीवासुदेव ।

५६. **प्रत्यभिज्ञानाच्च ।**

वासुदेवका विषयमा शास्त्रहरूले यो कुरा सम्झाएका पनि छन् ।

५७. **वृष्णिषु श्रैष्ठ्येन तत् ।**

'आदित्यानां अहं विष्णुः' *(श्रीमद्भगवद्गीता १०।२१)* भने झैं वृष्णीहरूमा श्रेष्ठ भएकाले वासुदेवको दृष्टान्त दिइएको मात्र हो ।

५८. **एवं प्रसिद्धेषु ।**

वासुदेव जस्तै ब्रह्मरूपले प्रसिद्ध वराह, नृसिंह, शिव, रामादिमा रहेकी पराभक्ति पनि मुक्तिरूपा हुन् ।

द्वितीयाध्यायः द्वितीयाह्निकम्

५९. **भक्त्या भजनोपसंहाराद् गौण्या परायै तद्धेतुत्वात् ।**

भजन, कीर्तन आदिद्वारा भक्तिबाधक तत्त्व हटी अन्तमा पराभक्तिको प्रतीति हुन्छ, किनभने गौणी भक्तिका भजन आदि हेतु हुन् ।

६०. **रागार्थप्रकीर्तिसाहचर्याच्चेतरेषाम् ।**

कीर्तन आदि पराभक्तिकै सहचारी भएकाले कीर्तन आदिद्वारा श्रीभगवान्प्रतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

अनुराग-पराभक्तिको प्राप्तिमा सहयोग मिल्दछ ।

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परपस्परम् ।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥
तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥

–श्रीमद्भगवद्गीता १०।९,१०

६१. **अन्तराले तु शेषाः स्युरुपास्त्यादौ च काण्डत्वात् ।**

एउटै फल-पराभक्तिको सक्दो साधक भएकाले मुक्ति चाहेर अथवा निष्कामरूपमा गरिने यज्ञादि कर्ममा पनि शेष-गौणी भक्तिहरू गरिएका हुन्छन् ।

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ॥
शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।
संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ॥

–श्रीमद्भगवद्गीता ९।२७,२८

६२. **ताभ्यः पावित्र्यमुपक्रमात् ।**

गौणी भक्तिहरूको उपक्रमबाट नै पवित्रता अर्थात् पापक्षय हुन्छ ।

६३. **तासु प्रधानयोगात् फलाधिक्यमेके ।**

ती गौणी भक्तिहरूमा श्रीभगवान्प्रतिको अनुराग- रूपा पराभक्तिको योग भएपछि अधिक फल कैवल्य प्राप्त हुन्छ, अन्यथा पापनिवृत्ति मात्र हुन्छ– कोही यसो भन्दछन् ।

६४. **नाम्नेति जैमिनिः संभवात् ।**

महर्षि जैमिनिको मतमा विधिपूर्वक नाम-जपबाट अधिक फल कैवल्यको प्राप्ति हुन्छ ।

६५. **अत्राङ्गप्रयोगाणां यथाकालसंभवो गृहादिवत् ।**

श्रवण, कीर्तन आदि गौणी भक्ति हरू सबै एकत्र प्रयोग नभए पनि घरका सरसामान मौका-मौकामा जोडे झैं थप गरिएका ती गौणी भक्तिहरू अभीष्टफल– परा भक्तिका निमित्त सहयोगी हुन्छन् । (भक्ति चन्द्रिकामा 'अप्रयोगाणां' शब्दको सट्टा 'अत्राङ्ग प्रयोगाणां' भन्ने छ ।)

६६. **ईश्वरतुष्टेरेकोऽपि बली ।**

श्रीभगवान्‌को अनुग्रह पराभक्ति प्राप्तिका लागि अनिवार्य छ। त्यस निमित्त भजन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

आदि ९ प्रकारका साधन भक्तिमध्ये कुनै एकको पनि अभ्यासले निमित्त कारण हुन पाएमा त्यो अभ्यास बली अथवा अभीष्ट फलदायी भयो ।

स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ।

(यसको सानो अनुष्ठानले पनि ठूलो डरबाट जोगाउँदछ ।)

(*श्रीमद्भगवद्गीता* २।४)

चेतसा सर्वकर्माणि मयि संन्यस्य मत्परः ।

बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव ।

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ।

(मनद्वारा सबै कर्म ममा अर्पेर ममा भर परेर र बुद्धियोगको सहायताद्वारा ममा चित्त लगाउनू, सधैं ममा मन लगाएकाले मेरो कृपाबाट तिमी तर्नेछौ ।) - *श्रीमद्भगवद्गीता १८।५७,५८)* ६७ **अबन्धोऽर्पणस्य मुखम् ।**

अबन्ध भनेको शुभाशुभ कर्महरूलाई श्रीभगवान्मा अर्पण गरेर ती कर्मका फल (कर्मबन्धन) को अभाव हुनु हो । सम्पूर्ण क्लेश हटाउने भगवान् प्राप्तिरूप त्यस्तो अबन्ध नै ब्रह्मार्पणद्वार-कैवल्य हो ।

ब्रह्मार्पणं ब्रह्महविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।

ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना । -*श्रीमद्भगवद्गीता ४।२४*

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मवन्धनैः ।

संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ॥ -*श्रीमद्भगवद्गीता ९।२८।*

ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः ।

अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥

तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।

भवामि न चिरात्पार्थ मय्यावेशितचेतसाम् ॥ -*श्रीमद्भगवद्गीता १२।६,७*

६८. **ध्याननियमस्तु दृष्टसौकर्यात् ।**

यसरी ध्यान गर्नुपर्दछ भन्ने नियम छैन ('तु' नकारार्थ), जसलाई जुन रूपको ध्यान गर्दा आनन्द आउँदछ, त्यसले त्यही रूपको ध्यान गर्नुपर्दछ ।

'यथाभिमतध्यानाद्वा' (रुचिअनुसार ध्यान गर्दा मन सँगालिन्छ) ।

-*पातञ्जल योगसूत्र १।३९*

समे शुचौ शर्करावह्निवालुकाविवर्जिते शब्दजलाश्रयादिभिः । मनोऽनुकूले न तु चक्षुपीडने गुहानियतवाताश्रयणे प्रयोजयेत् ।' (सम्मो, शुद्ध, गेगर, आगो र वालुवा नभएको, खैलाबैला हुने पँधेराहरू नभएको, मन लाग्दो, आँखामा पीडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

नहुने एवं आँधी नआउने गुफामा ध्यान गर्नु) -*श्वेताश्वतरोपनिषद्* २।१० यहाँ *श्रीमद्भागवत गीता,* ६/७-१८ सान्दर्भिक छ ।

६९. **तद्यजिः पूजायामितरेषां नैवम् ।**

श्रीभगवान्का यजन-पूजनबाहेकका अन्य यजनमा कैवल्यद्वार रहँदैन ।

भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् । - *श्रीमद्भगवद्गीता* ९।२५

७०. **पादोदकं तु पाद्यमव्याप्तेः ।**

सर्वव्यापक श्रीविष्णु भगवान्को चरणोदकबाहेक अव्यापक अरूका पाद्यले कल्याण गर्दैन ।

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते ।
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥ -*श्रीमद्भगवद्गीता* १४।२६॥

अव्यभिचारी (अरूतिर नलागेको) भक्तियोगद्वारा मेरो सेवा गर्नेले प्रकृतिका यी गुणहरूलाई नाघेर ब्रह्मानन्द प्राप्त गर्दछ ।

७१. **स्वयमप्यर्पितं ग्राह्यमविशेषात् ।**

श्रीभगवान्मा अर्पित नैवेद्य आदि प्रसादरूपमा भगवद्भक्तहरूमा वितरण गर्नुपर्दछ, समानरूपमा स्वयंले पनि ग्रहण गर्नुहुन्छ । स्वयं पनि उहाँमा अर्पित भएकाले स्वयंलाई प्रसाद रूपमा ग्रहण गर्नुपर्दछ ।

(स्वप्नेश्वरको भाष्यमा 'स्वयमप्यर्पितं' को सट्टा 'स्वयमर्पितं' छ ।)

७२ **निमित्तगुणाव्यपेक्षणादपराधेषु व्यवस्था ।**

शास्त्रविहित कर्म नगरेर अथवा शास्त्रनिषिद्ध कर्म गरेर भएका अपराधहरूबारे व्यवस्था गरिएका प्रायश्चित्तहरू गर्नुपर्दछ ।

७३. **पत्रादेर्दानमन्यथा हि वैशिष्टयम् ।**

"पत्रं पुष्पं फलं तोयं' (*श्रीमद्भगवद्गीता* ९।२६) दानको विशिष्टता नसकेको अवस्थामा छ, सक्ने अवस्थामा सकेको कुरा अर्पण गर्नुपर्दछ र भगवद्मय भावले अर्पण गर्नुपर्दछ ।

७४. **सुकृतजत्वात् परहेतुभावाच्च क्रियासु श्रेयस्यः ।**

उत्तम रीतिबाट कर्तव्य पालन गरिएको हुनाले तथा भक्तिका हेतुभाव (सहयोगी कारण) भएकाले ती श्रवण, कीर्तन आदि भक्तिहरू आ-आफ्ना कर्तव्यहरूमा श्रेष्ठ छन् ।

(स्वप्नेश्वरको भाष्यमा 'श्रेयस्यः' को अघि 'ताः' शब्द छ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

७५. **गौणत्रैविध्यमितरेण स्तुत्यर्थसाहचर्यम् ।**
आपद्ग्रस्त भएकाले वनेका भक्त, केकसो रहेछ भनी जान्न चाहेर वनेका भक्त, आफ्नो मतलव साध्य गर्न वनेका भक्त यी तीन प्रकारका भक्तभन्दा इतर अर्का थरी ज्ञानी भक्त विशिष्ट छन् किनभने ज्ञानीको भक्तिसित पराभक्तिको साहचर्य छ ।
(स्वप्नेश्वरको भाष्यमा 'गौणं' भनेर पद छुट्याइएको छ ।)

७६. **वहिरन्तस्थमुभयमवेष्टिसववत् ।**
राजसूय यज्ञअन्तर्गत रहेर पनि अवेष्टिले स्वतन्त्र फल दिन सके झैं र वाजपेय यज्ञको अङ्ग भएर वृहस्पति सव पनि प्रधान भए झैं कीर्तन आदिले बाह्य पाप नाश गर्ने एवं परा भक्तिका अङ्गरूपले रहने दुवै कार्य गर्दछन् ।

७७. **स्मृतिकीर्त्योः कथादेश्चार्त्तौ प्रायश्चित्तभावात् ।**
श्रीभगवान्को स्मरण, कीर्तन एवं कथाश्रवण अदिवाट आपत्मा परेकाहरूको लागि प्रायश्चित्तविधान गरिएको छ ।

७८. **भूयसामननुष्ठितिरिति चेदाप्रयाणमुपसंहारान्महत्स्वपि ।**
ठूला पापहरूको प्रायश्चित्त ठूलो दुःखले गर्नुपर्ने अनुष्ठान होला र नामकीर्तनका सरल क्रियाले ससाना पापहरूको मात्र प्रायश्चित्त होला कि भनी सम्झनु पर्दैन, मरणपर्यन्त सधैं निरन्तर नामकीर्तनको अनुष्ठानद्वारा प्रायश्चित्त कर्म सम्पादन गर्नुपर्ने शास्त्रीय व्यवस्था रहेकाले ठूल्ठूला पापहरूमा पनि नामकीर्तनको अनुष्ठानबाट प्रायश्चित्त हुन्छ ।
सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ।
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ॥ (मेरो निरन्तर कीर्तन गर्ने, दृढव्रती भएर मलाई प्राप्त गर्न यत्न गर्ने, भक्तिसहित नमस्कार गर्नेहरू नित्ययुक्त भएर मलाई उपासना गर्दछन् ।)– *श्रीमद्भगवतगीता ।९।१४।*
तस्मादहर्निशं विष्णुं संस्मरन् पुरुषो मुने ।
न याति नरकं शुद्धः संक्षीणाखिलकल्मषः ॥
(हे मुनिवर, त्यसैले रातोदिन श्रीविष्णुलाई संस्मरण गर्ने पुरुष, सवै पाप छुटेको एवं शुद्ध हुन्छ र नरक जाँदैन ।) *–श्रीविष्णुपुराण (२।६।९)*

७९. **लध्वपि भक्त्यधिकारे महत्क्षेपकमपरसर्वहानात् ।**
सरलरूपले गर्न सकिने भए पनि भक्तिरूप साधनले सवै प्रकारका पापको जरो नै उखेल्दछ, किनभने श्रीभगवान्मा शरणापन्न भएकाहरूले काम्यकर्मको त्याग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

गरेका हुनाले ती भक्त पापभागी हुँदैनन् र तिनका लागि अन्य प्रायश्चित्तहरूको आवश्यकता पर्दैन ।

(स्वप्नेश्वरको भाष्यमा 'भक्त्यधिकारे' को सट्टा 'भक्ताधिकारे' छ ।)

८०. **तत्स्थानत्वादनन्यधर्मः खले वालीवत् ।**

प्रायश्चित्तका ठाउँमा अनन्यधर्म-श्रवण कीर्तन आदिको विधान दाईं गर्दाको मियो जस्तो हो, केन्द्रबिन्दु हो ।

८१. **आनिन्द्ययोन्यधिक्रियते पारम्पर्यात् सामान्यवत् ।**

स्त्री शूद्रादि योनिका कीर्तन एवं नामस्मरण आदि गर्ने भक्तहरू- वेदको ज्ञान नपाए पनि स्मृतिशास्त्र तथा गुरुपरम्पराबाट ज्ञान पाई पराभक्तिका अधिकारी हुन्छन् । उनीहरूले पनि अरू सरह अहिंसादि धर्मको आचरण गर्नुपर्दछ ।

८२. **अतो ह्यविपक्वभावानामपि तल्लोके ।**

अतः भजन कीर्तनमा सबैको अधिकार रहेको हुनाले ज्ञान एवं योगको समुचित पृष्ठभूमि नभएका कारण भक्तिको निखार नभए पनि ती भक्तले अन्ततः भगवत्प्राप्ति गर्दछन् ।

८३. **क्रमैकगत्युपपत्तेस्तु ।**

भक्तिमा निखार आइनसकेका भए पनि श्रीभगवान्प्रति अनुराग गर्नेहरू क्रमशः श्रीभगवान्को प्राप्ति गर्दछन् भन्ने कुरा युक्तिसङ्गत नै हुन्छ । एकगतिः- भगवत्प्राप्तिः, उपपत्तिः- युक्तिः, तु शङ्कानिवारणार्थे प्रयुक्तः ।

८४. **उत्क्रान्तिस्मृतिवाक्यशेषाच्च ।**

क्रमशः उत्तरोत्तर गति हुने कुराको वाक्यशेष रहेबाट-आर्त, जिज्ञासु र अर्थार्थी हुँदै ज्ञानी भएपछि पराभक्तिद्वारा अन्तमा भक्त भगवद्मय हुन्छन् । 'तयोर्ध्वमायन्नमृतत्वमेति' अर्थात् त्यसद्वारा माथितिर उत्क्रमण गर्ने जीव अमृतत्वतर्फ जान्छ । *(कठोपनिषद् २।३।१६)*

८५. **महापातकिनां त्वार्तौ ।**

महापातकीहरू पनि पश्चात्तापबाट आर्तभाव लिई भक्त हुन सक्दछन् ।

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥
क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ॥

(धेरै दुराचार गरेकाले पनि मेरै मात्र भजन गर्दछ भने त्यसले बहुतै राम्रो निश्चय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

गरेको हुनाले त्यो साधु भएको मान्नुपर्दछ । चाँडै त्यो धर्मात्मा हुन्छ र स्थायी शान्ति प्राप्त गर्दछ । हे कौन्तेय ! पक्का बुझ– मेरो भक्त नष्ट हुँदैन ।) *श्रीमद्भगवद्गीता (९।३०,३१)*

'यमेवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा विवृणुते तनुं स्वाम्' अर्थात् यसले जुन प्रकारले भगवान्को वरण गर्दछ, त्यसलाई उहाँ भगवान्ले आफ्नो भनेर छान्नुहुन्छ ।) *कठोपनिषद् (१।२।२३)*

८६. **सैकान्तभावो गीतार्थप्रत्यभिज्ञानात् ।**

*गीता*को अर्थ अथवा मोक्षधर्मको निक्यौंलबाट के बुझिन्छ भने– एकान्त भावमा अनन्य भावमा- नै पराभक्तिको उदय हुन्छ ।

'ब्रह्मसंस्थोऽमृतत्वमेति' अर्थात् ब्रह्ममा राम्रैगरी स्थित भएकाले अमृतत्व प्राप्ति गर्दछ । *(छान्दोग्योपनिषद् २।२३।१)*

आप्रयाणात् तत्रापि हि दृष्टम्' अर्थात् मरणपर्यन्त नै उपासना गर्नुपर्ने देखिएको छ । *(ब्रह्मसूत्र ४।१।१२)*

८७. **परां कृत्वैव सर्वेषां तथा ह्याह ।**

ज्ञानपर्यन्तका सबै प्रकारका धर्महरू सम्पन्न भएपछि तथा श्रीभगवान्प्रति परम अनुरागरूपा पराभक्तिको सुशोभन उदय भएपछि मात्र भगवत्प्राप्ति हुन्छ– यो कुरा किटान गरेर भनिएको छ ।

*श्वेताश्वतरोपनिषद्*मा भनिएको छ–

सर्वाजीवे सर्वसंस्थे बृहन्ते अस्मिन् हंसो भ्राम्यते ब्रह्मचक्रे । पृथगात्मानं प्रेरितारं च मत्वा जुष्टस्ततः स तेनामृतत्वमेति ।' *१।६*

.... अत्रान्तरं ब्रह्मविदो विदित्वा लीना ब्रह्मणि तत्परा योनिमुक्ताः *।१।७*

'क्षरं प्रधानममृताक्षरं हरः क्षरात्मानावीशते देव एकः । तस्याभिध्यानाद् योजनातत्त्वभावाद् भूयश्चान्ते विश्वमायानिवृत्तिः *१।१०*

(सबैको जीवनाधार, सबैको एकमात्र आश्रय, महान् ब्रह्मरूप चक्रमा जीव आफूलाई प्रेरक ईश्वरसित अलग ठानेर घुम्दछ, ईश्वरद्वारा स्वीकृत भएपछि भने अमृतत्व पाउँदछ *(१।६)* यस ईश्वरमा प्रवेशद्वार पाएर ब्रह्मवेत्ताहरू ब्रह्ममा लीन भई पराभक्ति पाई जन्ममृत्यबाट छुटकारा पाउँदछन् । *(१।७,१०।)*

त्यस्तै :-

वेदान्तविज्ञानसुनिश्चितार्थाः ।

संन्यासयोगाद् यतयः शुद्धसत्वाः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ते ब्रह्मलोकेषु परान्तकाले ।
परामृताः परिमुच्यन्ति सर्वे ॥
(वेदान्त विज्ञानवाट तत्त्व बुझेका, समस्त कर्मफलत्यागरूप योगद्वारा शुद्ध चित्त भएका ती सबै भक्त अन्तकालमा अमृतत्व पाएर मुक्त हुन्छन्) *मुण्डकोपनिषद् ३।२।६*
'कर्माणि विज्ञानमयश्च आत्मा परेऽव्यये सर्व एकीभवन्ति' अर्थात् कर्म, विज्ञान र आत्मा सबै अव्यय-श्रीभगवान्मा एकाकार हुन्छन् *(मुण्डकोपनिषद्-३।२।७)*
'सर्वं खल्विदं ब्रह्म ।'*(छान्दोग्योपनिषद्-३।१४।१)* ।

तृतीयोध्यायः प्रथमाह्निकम्

८८. **भजनीयेनाद्वितीयमिदं कृत्स्नस्य तत्स्वरूपत्वात् ।**
सम्पूर्ण पदार्थहरू भगवत्स्वरूप नै भएकाले सेव्य, सेवक र सेवा-साधन (गुरु, मन्त्र आदि रूप) र यो वस्तुजगत् भजनीय श्रीभगवान्सित अभिन्न छ ।
ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् ।
तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् ॥ *-ईशावास्योपनिषद्, १*
(पृथिवीमा भएका सबै नाशवान् वस्तुलाई ईश्वरले व्याप्त गरेका छन्, त्यसैले कर्मफल त्यागेर भोग गर, अरूको धनमा लोभ नगर ।)
... 'योऽन्यां देवतामुपास्तेऽन्योऽसावन्योऽहमस्मीति न स वेद' *(बृहदारण्यकोपनिषद् १।४।१०)* अर्थात् जो अरू देवताको उपासना गर्दछ र यो अर्को हो, म अर्कै हुँ भन्दछ, त्यसले जानेन ।)
सर्वं तं परादाद्योऽन्यत्रात्मनः सर्वं वेद (बृ. ४।५।७)
(आत्मातत्त्वबाहेकको दृष्टिले हेर्नेलाई सबैले फ्याँकिदिन्छन् ।)
'तत्त्वमसि' *-छान्दोग्योऽपनिषद्* ६।८।७
अहं ब्रह्मास्मि ।*-बृहदा० ऽपनिषद्* १।४।१०
प्रज्ञानं ब्रह्म ।*-ऐतरेयोपनिषद्* ३।१।३
'अयमात्मा ब्रह्म'*-माण्डूक्योपनिषद्* २
श्रीमद्भगवद्गीतामा भनिएको छ–
तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥५।१७
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥ ७।१९
ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ॥
भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ।
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ॥
सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः ।
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम् ॥१८।५४-५६
मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ॥
सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥१८।६५, ६६

८९. **तच्छक्तिर्माया जडसामान्यात् ।**

श्रीभगवान्की शक्तिरूपा माया प्रकृति हुन् र सबै अस्तित्वकी (दृश्य जगत्) साझा कारण हुन् ।

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया -*गीता* ७।१४

यी गुणयुक्ता, पार पाउन धेरै मुस्किल पर्ने मेरी दिव्य माया हुन् ।

देवात्मशक्तिं स्वगुणैर्निगूढाम्-*श्वेताश्वतरोपनिषद्* १।३

९०. **व्यापकत्वाद् व्याप्तानाम् ।**

सर्वव्यापक श्रीभगवान्बाट व्याप्य अस्तित्व जगत्को सर्जन भएको छ ।

९१. **न प्राणबुद्धिभ्योऽसंभवात् ।**

अदृष्टद्वारा जीव एवं ज्ञान आदिलाई उत्पन्न गर्ने कुरा हुनसक्तैन । असत्बाट सत् उत्पन्न हुँदैन ।

९२. **निर्मायोच्चावचं श्रुतीश्च निर्मिमीते पितृवत् ।**

यो दृश्य जगत्को निर्माण गरेर पिताले पुत्रका लागि झैं प्राणीहरूको हितका लागि श्रीभगवान्ले वेद एवं पुराण आदिको रचना गर्नुभयो ।

धाता यथापूर्वमकल्पयत् । -ऋग्वेद१०।१९०।३

अस्य महतो भूतस्य निश्वसितमेतद्यदृग्वेदो यजुर्वेदसामवेदोऽथर्ववेदइतिहासः पुराणंविद्याउपनिषदः ।' -*बृहदारण्यकोपनिषद्* २।४।१०

९३. **मिश्रोपदेशान्नेति चेन्न स्वल्पत्वात् ।**

प्रवृत्तिमार्गका वेद आदिको रचनाद्वारा मिश्रित फल प्राप्तिको उपदेश भएकाले पिताले पुत्रको हित गरे झैं सबैको हित भएन कि भन्ने कुरा ठीक होइन, कारण–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ती दोष धेरै कम छन् तर त्यस उपदेशबाट ठूलो लाभ हुन्छ ।

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः ।
यज्ञदानतपः कर्म न त्याज्यमिति चापरे ॥
एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च ।
कर्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ॥ -*श्रीमद्भगवद्गीता* १८।३,६।

९४. **फलमस्मादिति बादरायणो दृष्टत्वात् ।**

महर्षि व्यासका विचारमा श्रीभगवान्को प्रसन्नता एवं अप्रसन्नताबाट लोकमा देखिए जस्तै शुभाशुभ फल प्राप्त हुन्छन् ।

'फलमत उपपत्तेः' (*ब्रह्मसूत्र* ३।२।३८) अर्थात् श्रीभगवान्बाट नै कर्मफल प्राप्त हुने कुरा युक्तिसङ्गत छ ।

पुण्यःपुण्येन कर्मणा भवति पापःपापेन । -*बृहदारण्यकोपनिषद्* ३।२।१३

९५. **व्युत्क्रमादप्ययस्तथा हि दृष्टम् ।**

अन्त्यमा कार्य कारणमा मिल्न जाने कुरा लोकमा देखिएको छ, विपरीत क्रमबाट दृश्यजगत् श्रीभगवान्मा लय हुन्छ, माटोमा घडा जस्तै ।

तृतीयाध्यायः द्वितीयाह्निकम्

९६. **तदैक्यं नानात्वैकत्वमुपाधियोगहानादादित्यवत् ।**

भजनीय श्रीभगवान् एवं भक्त एकै हुन्, पृथक्पन देखिएको माया-उपाधिका कारणले मात्र हो । उपाधि नरहँदा भेद हटेर एकत्वमा प्राप्त हुन्छ । जलघडा नरहँदा प्रतिविम्ब नरही सूर्य मात्र रहे झैं ।

९७. **पृथगिति चेन्न परेणासम्बन्धात् प्रकाशानाम् ।**

श्रीभगवान्भन्दा बेग्लै जीवको अस्तित्व छैन, प्रकाश तत्त्व-चेतनहरूको जडसित एकरूपता हुँदैन ।

९८. **न विकारिणस्तु जीवाः करणविकारात् ।**

दृष्टिमा विकार भएकाले विकार देखियो भन्दैमा प्रकाशमान चेतन जीवलाई 'विकारयुक्त' भन्न मिल्दैन ।

स्वप्नेश्वरको भाष्यमा 'करणविकारात्'को सट्टा 'कारणविकारात्' छ ।

'ब्रह्मविद् ब्रह्मैव भवति ।' -*मुण्डकोपनिषद्* ३।२।९

९९. **अनन्यभक्त्या तद्बुद्धिलयादनन्त्यम् ।**

अनन्य भक्तिद्वारा जीवको बुद्धि अन्तःकरणको (अज्ञानको पूरै) नाश भएपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

भगवत्प्राप्तिरूप ब्रह्मानन्द मिल्दछ ।
(स्वप्नेश्वरको भाष्यमा 'अनन्यभक्त्या तद्बुद्धिर्बुद्धिलयादनन्त्यम्' छ ।)
मय्यर्पित मनोबुद्धिर्मामिवैष्यस्यसंशयम् ॥-*गीता* ८।७
तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥
तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥-*गीता* १०।११,१०

१००. **आयुश्चिरमितरेषां तु हानिरनास्पदत्वात् ।**
विकारयुक्त अन्तःकरणको अत्यन्त लय भएपछि अरू सबै कुराको (शुभाशुभकर्मफलको) भोग स्थानको अभावमा समाप्ति हुने भएकाले जीवन रहिरहेकै अवस्थामा पनि मुक्ति मिल्दछ, जीवन्मुक्ति हुन्छ ।

१०१. **संसृतिरेषामभक्तिः स्यान्नाज्ञानात् करणत्वासिद्धेः ।**
सांसारिकता अभक्तिका कारणले हो, अज्ञानबाट पनि होइन, किनभने अज्ञानलाई भक्तिद्वारा हटाउन सकिन्छ नै ।
(स्वप्नेश्वरको भाष्यमा 'संसृतिरेषामभक्तिः स्यान्नाज्ञानात्' छ ।)

१०२. **त्रीण्येषां नेत्राणि शब्दलिङ्गाक्षभेदाद्रुद्रवत् ।** महादेवका तीन नेत्र समान भक्तका पनि तीन नेत्र हुनुपर्दछ– शब्द (भक्ति साहित्यको अध्ययन), लिङ्ग (विवेकपूर्वक गरिने अनुमान) र अक्ष (प्रत्यक्ष दर्शन) ।

१०३. **आविस्तिरोभावाविकाराः स्युः क्रियाफलसंयोगात् ।**
अस्तित्व नै प्रकट हुन्छ, लुप्त हुन्छ र विकारयुक्त हुन्छ, क्रियाफलको संयोगबाट । असत्बाट सत् हुने होइन । परमेश्वरको अनुग्रहबाट पराभक्तिद्वारा क्रियाफलको (कर्मफलको) अत्यन्त नाश भई सच्चिदानन्दरूप भगवत्प्राप्ति हुन्छ ।
नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोन्तस्त्वनयोस्तत्वदर्शिभिः॥ -*श्रीमद्भगद्गीता* २।१६

श्रीकृष्णार्पणमस्तु । हरिः ॐ तत्सत् ।

* * *

२६३०१
२५३०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: N

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand